मेरो आकाङ्क्षा

समृद्ध नेपाल, सुखी नेपाली



मेरो आकाङ्क्षाः समृद्ध नेपाल, सुखी नेपाली

केपी शर्मा ओलीका मुख्य सम्बोधनहरू
(भाग २)

आभारः
यस पुस्तक प्रकाशनमा संलग्न सबैमा

कभर/स्केचः
महेन्द्र श्रेष्ठ

ले-आउटः
किरण माली

मुद्रण व्यवस्थापनः
एमएस माउस, पुतलीसडक

प्रकाशकः
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं, नेपाल

विषय–सूची

- **केपी शर्मा ओली** : एक लोकतान्त्रिक योद्धा ४

भाग-१ विकास र समृद्धि

- नेपाल समृद्ध बन्नैपर्छ १४
- मानव मस्तिस्कका अनगिन्ति सम्भावना हुन्छन् ४१
- क्रान्तिकारी आदर्श ओइलाएर जानेछैनन् ५१
- विकास ज्ञान र नवप्रवर्तनमा आधारित हुनुपर्छ ६६
- मार्क्सवादको सिर्जनात्मक प्रयोगले समाजवादतर्फ डोऱ्याउछ ७९
- बेल्ट एण्ड रोड : समृद्धिका लागि अद्वितीय अवसर ९१

भाग-२ शान्ति र लोकतन्त्र

- समाजवादको विकल्प पूँजिवाद हुनै सक्दैन १०२
- राष्ट्रसङ्घले सदस्य राष्ट्रको विविधता प्रतिबिम्बित गर्नुपर्छ १२७
- नेपाल : शान्तिप्रक्रियाको उत्कृष्ट उदाहरण १४५
- शान्तिप्रतिको हाम्रो दृष्टिकोण एसियाली दर्शनबाट निर्देशित १५४
- हामी विनाशको खतराका द्रष्टा भएर रहन सक्दैनौँ १७४

भाग-३ संविधान र संविधानवाद

- संविधानले मुलुकको 'भिजन' लाई आत्मसात गरेको छ १८८
- समृद्धिप्रतिको प्रतिवद्धता ओठेभक्ती होइन २०८

भाग-४ परराष्ट्र सम्बन्ध

- असल छिमेकीपनका लागि सामञ्जस्यपूर्ण सहअस्तित्व २२३
- नेपालले चीनविरोधी गतिविधि सहने छैन २४१
- कसैसँग छैन शत्रुता, सबैसँग मित्रता २५२
- पारस्परिक सहयोगबाट सार्क क्षेत्रमा समृद्धि २६९

केपी शर्मा ओली
एक लोकतान्त्रिक योद्धा

'अवश्य, नेपाल समृद्ध हुनसक्छ र यो समृद्ध हुनैपर्छ । हामीसँग जनताको भरपर्दो विश्वास छ । हामीसँग ज्ञान, क्षमता, इमान्दारिता र नैतिकता छ । हामी मनोवैज्ञानिक रूपमा सबल छौँ र चुनौतीहरूलाई परास्त गर्दै अगाडि बढ्न सफल हुने आत्मविश्वासका साथ क्रियाशील छौँ । हामीमा कुनै हीनताबोध छैन । 'समृद्ध नेपाल, सुखी नेपाली' को यात्रा अगाडि बढेको छ । यो यात्रा कुनै पनि स्थितिमा अपरास्त छ । त्यसैले यो यात्रा अगाडि बढ्छ, बढिरहन्छ ।'

वि.सं. २०७४ फागुन ३ गते प्रधानमन्त्री केपी शर्मा ओलीले दोश्रो कार्यकालको लागि सपथ ग्रहण गर्नुभयो। नेपालको सबैभन्दा ठूलो पार्टी, नेपाल कम्युनिष्ट पार्टीका वर्तमान अध्यक्षसमेत रहनु भएका प्रधानमन्त्री ओली दशकौँदेखि लोकतन्त्र,शान्ति र मानवअधिकारका एक अग्रणी योद्धाका रूपमा रहनुभएको छ । प्रजातन्त्र र जनताका अधिकारका लागि समर्पित उहाँको जीवन सङ्घर्ष, समर्पण र त्यागले भरिएको छ । अदम्य साहस र गौरवपूर्ण जीवनका साथ प्रधानमन्त्री ओलीले राष्ट्र र जनताको हितलाई आफ्नो राजनीतिक र सामाजिक गतिविधिको केन्द्रमा राख्दै आउनु भएको छ ।

देशभित्रको चुनौतीपूर्ण परिस्थिति र प्रतिकूल बाह्य वातावरणका माझ संविधान निर्माण गर्न सजिलो थिएन । तर वहाँकै कुशल र दृढ नेतृत्वले गर्दा संविधान लेखन प्रक्रिया विफल तुल्याउने प्रयासहरूलाई दृढतापूर्वक प्रतिकार गर्दै नेपाली जनताको पक्षमा लोकतान्त्रिक संविधान जारी भयो । संविधान जारी भएपश्चात वि.सं. २०७२ असोज २५ गते पहिलो पटक उहाँ प्रधानमन्त्री हुनुभयो ।

उहाँ वि.सं. २०७० मंसिरमा झापाबाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभयो । तत्पश्चात वहाँ संसदीय दलको नेतामा निर्वाचित हुनुभयो। देशभित्रको चुनौतीपूर्ण परिस्थिति र प्रतिकूल बाह्य वातावरणका माझ संविधान निर्माण गर्न सजिलो थिएन । तर वहाँकै कुशल र दृढ नेतृत्वले गर्दा संविधान लेखन प्रक्रिया विफल तुल्याउने प्रयासहरूलाई दृढतापूर्वक प्रतिकार गर्दै नेपाली जनताको पक्षमा लोकतान्त्रिक संविधान जारी भयो । संविधान जारी भएपश्चात वि.सं. २०७२ असोज २५ गते पहिलो पटक उहाँ प्रधानमन्त्री हुनुभयो । पहिलो कार्यकालको अवधिमा संविधान कार्यान्वयन लगायत देश र जनताको दिगो विकास र समृद्धि सुनिश्चित गर्नका लागि आर्थिक रूपान्तरणको जग बसाल्न उहाँले महत्वपूर्ण योगदान दिनुभयो ।

शान्ति प्रक्रियाको प्रारम्भदेखि यसको सफलतापूर्वक टुङ्गो लाग्दासम्म नै प्रधानमन्त्री ओलीको भूमिका महत्वपूर्ण रह्यो । उहाँ, शान्तिप्रक्रिया र लोकतान्त्रिक रूपान्तरणको कोसेढुङ्गा मानिने, २०६२ सालमा भएको संसदीय दलहरूको गठबन्धन र तत्कालीन बिद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी) वीचभएको १२ बुँदे सम्झौताका एक प्रणेता हुनुहुन्छ । सशस्त्र द्वन्द्वको अन्त्य गरी देशमा शान्ति प्रक्रिया शुरु गर्ने यहीमात्रै

आफ्ना लोकतान्त्रिक राजनीतिक गतिविधिका कारण उहाँ पक्राउ पर्नुभयो र ४ वर्षको एकान्त कारावाससहित निरन्तर १४ वर्षसम्म जेलमा पर्नुभयो । यसले उहाँको राजनीतिक आस्थालाई निस्तेज पार्न सकेन, बरु उहाँलाई राजनीतिक स्वतन्त्रता र अधिनायकवादबाट मुक्तिको खोजीमा अझ बलियो र दृढ तुल्यायो ।

एक विकल्प बाँकी रहेको कुरामा उहाँ विश्वस्त हुनुहन्थ्यो । उहाँले दुवै पक्षलाई यो चरणसम्म ल्याउन निरन्तर प्रयास गर्नुभयो ।

वि. सं. २००८ साल फागुन ११ गते तेह्रथुममा जन्मनुभएका ओलीले २०२२ साल मै आफ्नो राजनीतिक जीवन शुरु गर्नुभएको थियो । उहाँले २०२६ फागुनमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । पार्टीको सक्रिय सदस्यको रूपमा देशलाई निरंकुश राजतन्त्र र पञ्चायती शासनको पञ्जाबाट मुक्त पारी प्रजातन्त्र पुनर्स्थापना गर्ने दिशामा उहाँका प्रयासहरू निर्देशित थिए । आफ्ना लोकतान्त्रिक राजनीतिक गतिविधिका कारण उहाँ पक्राउ पर्नुभयो र ४ वर्षको एकान्त कारावाससहित निरन्तर १४ वर्षसम्म जेलमा पर्नुभयो । यसले उहाँको राजनीतिक आस्थालाई निस्तेज पार्न सकेन, बरु उहाँलाई राजनीतिक स्वतन्त्रता र अधिनायकवादबाट मुक्तिको खोजीमा अझ बलियो र दृढ तुल्यायो । स्वयं अन्याय, अत्याचार, दमन, यातना र मानवअधिकार हननका कारण पीडित रहनुभएका प्रधानमन्त्री ओली लोकतन्त्र र मानवअधिकारका दरिला योद्धा हुनुहुन्छ । २०४४ सालमा जेल मुक्त भएपश्चात उहाँलाई तत्कालिन नेकपा (माले) ले केन्द्रीय समिति सदस्यको जिम्मेवारी दियो । उहाँ वि.सं. २०४६ मा लुम्बिनी अञ्चल इन्चार्ज रहनुभयो ।

एक सक्षम सङ्गठक, कुशलवक्ता र समर्पित नेताको छवि निर्माण गर्नुभएका प्रधानमन्त्री ओलीले विभिन्न समयावधिमा पार्टी स्थायी कमिटी सदस्यलगायत विदेश, सूचना, संसदीय र पार्टी स्कूललगायतका विभागहरूमा प्रमुखको हैसियतमा रही नेतृत्व गर्नुभएको छ ।

नेपालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात २०४८ मा भएको पहिलो संसदीय निर्वाचनमा उहाँ संसदको तल्लो सदन, प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो । त्यसैगरी उहाँ उक्त पदमा वि.सं. २०५१ र २०५१ सालमा पुनः निर्वाचित हुनुभयो । वि.सं. २०५१ सालमा नेपालमा प्रथम पटक जननिर्वाचित कम्युनिष्ट पार्टीले नेतृत्व गरेको सरकार गठन भयो, त्यस सरकारमा उहाँले गृहमन्त्रीको पद सम्हाल्नुभएको थियो र सफल गृहमन्त्रीको रूपमा स्थापित हुनुभयो । त्यसैगरी उहाँले २०६३ सालमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीको रूपमा काम गर्नुभयो र अत्यन्त जटिल बनेको भुटानी शरणार्थी समस्या समाधान गर्ने जस्ता महत्वपूर्ण कामहरू गर्नुभयो । पदमा रहँदा उहाँले विधिको शासन, लोकतन्त्र र मानवअधिकारलाई सुदृढ पार्ने कामको नेतृत्व गर्नुभयो ।

एक सक्षम सङ्गठक, कुशलवक्ता र समर्पित नेताको छवि निर्माण गर्नुभएका प्रधानमन्त्री ओलीले विभिन्न समयावधिमा पार्टी स्थायी कमिटी सदस्यलगायत विदेश, सूचना, संसदीय र पार्टी स्कूललगायतका विभागहरूमा प्रमुखको हैसियतमा रही नेतृत्व गर्नुभएको छ । वि.सं. २०५१ देखि २०५४ सम्म संसदीय विभाग प्रमुख रहँदा उहाँले पार्टीको आन्तरिक प्रजातान्त्रिक अभ्यासमा टेवा पुऱ्याउनुका साथै राष्ट्रियस्तरका प्रजातान्त्रिक सङ्घर्षमा नेतृत्वदायी भूमिका निभाउनुभएको थियो ।

आफ्नो नेतृत्वमा उहाँले आफ्नो पार्टी र वामपन्थी तालमेललाई वि.सं. २०७४ मा भएको स्थानीय तह र संसदीय निर्वाचनमा विजयी बनाउनु भयो । बाम तालमेलमा रहेका दुई पार्टीहरु नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लाई एकीकरण गर्ने कार्यमा उहाँले नेतृत्व गर्नुभयो ।

राजाको प्रत्यक्ष शासनलाई समाप्त गरी नेपाललाई लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गर्न सञ्चालित वि.सं. २०६२/६३ को जनआन्दोलनमा जटिल स्वास्थ्य स्थितिका बावजूद उहाँले महत्वपूर्ण भूमिका निभाउनुभयो ।

वि.सं. २०७१ साल साउनमा नवौँ राष्ट्रिय महाधिवेशनले ओलीलाई पार्टी अध्यक्ष पदमा निर्वाचित गऱ्यो । आफ्नो नेतृत्वमा उहाँले आफ्नो पार्टी र वामपन्थी तालमेललाई वि.सं. २०७४ मा भएको स्थानीय तह र संसदीय निर्वाचनमा विजयी बनाउनु भयो । बाम तालमेलमा रहेका दुई पार्टीहरु नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लाई एकीकरण गर्ने कार्यमा उहाँले नेतृत्व गर्नुभयो ।

आफ्नो मातृभाषा नेपालीमा उहाँ पोख्त हुनुहुन्छ । अङ्ग्रेजी, हिन्दी, मैथिली, भोजपुरीलगायतका भाषामा पनि उहाँ धाराप्रवाह बोल्ने र लेख्ने क्षमता राख्नुहुन्छ ।

उहाँ दर्शनशास्त्र, राजनीति, साहित्य, कला र संस्कृतिसम्बन्धी पुस्तक पढ्न रूचाउनुहुन्छ । उहाँ टेबुल टेनिसलगायतका खेलहरू खेल्न रुचाउनुहुन्छ ।

जनता गरीबी, विभेद र असमानता जस्ता समस्याबाट मुक्त भई सुखी र समृद्ध जीवनयापन गर्न सक्षम हुने विश्वासका साथ उहाँ नेपाली राजनीतिको केन्द्रमा रहेर क्रियाशील हुनुहुन्छ । आफ्नो यही क्रियाशीलताका क्रममा उहाँले नयाँ नेपालको निर्माणमा नेपाली जनतालाई अग्रगामी कदम चाल्न आह्वान गर्दै आउनुभएको छ ।

'समृद्ध नेपाल, सुखी नेपाली' का परिकल्पनाकार ओलीले यस पुस्तकमा विभिन्न मुद्दाहरूमा आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको छ । जनता गरीबी, विभेद र असमानता जस्ता समस्याबाट मुक्त भई सुखी र समृद्ध जीवनयापन गर्न सक्षम हुने विश्वासका साथ उहाँ नेपाली राजनीतिको केन्द्रमा रहेर क्रियाशील हुनुहुन्छ । आफ्नो यही क्रियाशीलताका क्रममा उहाँले नयाँ नेपालको निर्माणमा नेपाली जनतालाई अग्रगामी कदम चाल्न आह्वान गर्दै आउनुभएको छ ।

प्रधानमन्त्री ओली प्रश्न गर्नुहुन्छ - 'के नेपाल समृद्ध होला ?' अनि उहाँ आफैँ जवाफ दिनुहुन्छ - 'अवश्य, नेपाल समृद्ध हुनसक्छ र यो समृद्ध हुनैपर्छ । हामीसँग जनताको भरपर्दो विश्वास छ । हामीसँग ज्ञान, क्षमता, इमान्दारिता र नैतिकता छ । हामी मनोवैज्ञानिक रूपमा सबल छौँ र चुनौतीहरूलाई परास्त गर्दै अगाडि बढ्न सफल हुने आत्मविश्वासका साथ क्रियाशील छौँ । हामीमा कुनै हीनताबोध छैन । 'समृद्ध नेपाल, सुखी नेपाली' को यात्रा अगाडि बढेको छ । यो यात्रा कुनै पनि स्थितिमा अपरास्त छ । त्यसैले यो यात्रा अगाडि बढ्छ, बढिरहन्छ ।'

यो पुस्तक प्रधानमन्त्री ओलीका चुनिएका अभिव्यक्तिहरूको संग्रह हो । संग्रहित विचारहरु मध्ये केही मूल अङ्ग्रेजी भाषाबाट नेपालीमा रुपान्तरण गरिएको छ । उहाँका अभिव्यक्तिहरू वर्तमान समयलाई सम्बोधन गर्ने सन्दर्भमा हस्तक्षेपकारी रहेका छन् । 'समृद्ध नेपाल, सुखी नेपाली'को विचार–प्रवाहमा यस पुस्तकको भूमिका सार्थक रहने विश्वास हामीले लिएका छौँ ।

यस पुस्तकमा समृद्ध नेपाल निर्माणका उहाँका सपनाहरू सङ्गृहीत छन् । आशा, सङ्घर्ष र समृद्धिका सपनाको बीजारोपण गर्ने, हुर्काउने र बिस्तार गर्ने उहाँका विचारहरूलाई पुस्तकमा संयोजन गरिएको छ । नेता ओली वर्तमानमा बाँच्न रुचाउनु हुन्छ र आजको यथार्थलाई सम्बोधन गर्ने क्रममा अग्रगामी परिवर्तनका विचारहरूलाई मार्गदर्शनका रूपमा प्रस्तुत गर्नुहुन्छ ।

वि.सं. २०७४ चैत्रदेखि वि.सं. २०७५ पुससम्ममा प्रधानमन्त्री केपी ओलीले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरूमा प्रस्तुत गर्नुभएका विचारहरूलाई सामान्य सम्पादनसहित यस पुस्तकमा समेटिएको छ । यो पुस्तक प्रधानमन्त्री ओलीका चुनिएका अभिव्यक्तिहरूको संग्रह हो । संग्रहित विचारहरु मध्ये केही मूल अङ्ग्रेजी भाषाबाट नेपालीमा रुपान्तरण गरिएको छ । उहाँका अभिव्यक्तिहरू वर्तमान समयलाई सम्बोधन गर्ने सन्दर्भमा हस्तक्षेपकारी रहेका छन् । 'समृद्ध नेपाल, सुखी नेपाली'को विचार-प्रवाहमा यस पुस्तकको भूमिका सार्थक रहने विश्वास हामीले लिएका छौँ ।

●

INAUGURATION
PROGRAM

भाग–१

विकास र समृद्धि



नेपाल समृद्ध बन्नैपर्छ

म तपाईंहरूलाई आत्मविश्वासका साथ भन्न चाहन्छु – पाँच वर्षपछि नयाँ निर्वाचनमा तपाईंहरूका अगाडि आइपुग्दा हाम्रा काम र उपलब्धिहरूले तपाईंहरूलाई आफ्नो अमूल्य मत सही ठाउँमा परेको रहेछ भन्ने विश्वास दिलाउने छन् । पाँच वर्षभित्रैमा देशको मुहार स्पष्ट अनुभूत हुने गरी बदलिने छ, सकारात्मक दिशामा । यसमा आश्वस्त हुन र नयाँ सरकारका काममा आवश्यक सुझाव, चासो र सहयोग पुर्‍याउनु हुन अनुरोध गर्दछु ।

नयाँ वर्षको पहिलो बिहानी, प्रकृतिको यस अनुपम सिर्जना राराको आँगनमा उभिएर यहाँहरुलाई सम्बोधन गर्न पाउँदा निकै खुशी लागेको छ । रारा आफैँमा प्रतीक हो - हाम्रो प्राकृतिक सौन्दर्य र वैभवको, हाम्रो सम्भावना र भविष्यको । अपरिमित प्राकृतिक र सांस्कृतिक सम्पदा, अनेकौँ सामाजिक र जैविक विविधता र जीवन्त एवं स्वाभिमानी जनता - समृद्धिका लागि आवश्यक सबै कुरा हामीसँग छन् । तर अर्को पृथक परिदृश्य पनि

सन्दर्भ : नयाँ बर्षको सम्बोधन, रारा, कर्णाली प्रदेश (वैशाख १, २०७५)

नयाँ वर्षको आरम्भ कर्णाली प्रदेशबाट हुनुको एउटा अर्थ, हामी आज कहाँ उभिएका छौं, हाम्रो यात्रा कुन हो र हाम्रो गन्तव्य कहाँ हो भन्ने संकल्पलाई स्पष्ट पार्न पनि हो । 'समृद्ध नेपाल र सुखी नेपाली' को हाम्रो संकल्पलाई कर्णालीसँगै सिङ्गो नेपालको समृद्धिले मात्रै सार्थक तुल्याउन सक्छ ।

मेरा आँखामा नाचिरहेको छ - नानीहरुका लागि गतिला विद्यालय र त्यहाँसम्म पुग्न भरपर्दा बाटा र पुल छैनन् । सुत्केरी व्यथाले च्यापेका आमाहरूलाई बचाउन हामीसँग पर्याप्त मानवीय र भौतिक संसाधन छैनन् । कर्णालीलगायत नदी अविरल बगिरहेका छन् - तर गाउँबस्ती अँध्यारै र खेतबारी बाँझै छन् । अनि गर्भभित्र अपार सम्भावना बोकेर पनि मानव सूचकाङ्ककको पुछारमा रहेको यो कर्णाली प्रदेश ठूलो सामाजिक आर्थिक रूपान्तरणको पर्खाइमा छ ।

नयाँ वर्षको आरम्भ कर्णाली प्रदेशबाट हुनुको एउटा अर्थ, हामी आज कहाँ उभिएका छौं, हाम्रो यात्रा कुन हो र हाम्रो गन्तव्य कहाँ हो भन्ने संकल्पलाई स्पष्ट पार्न पनि हो । "समृद्ध नेपाल र सुखी नेपाली' को हाम्रो संकल्पलाई कर्णालीसँगै सिङ्गो नेपालको समृद्धिले मात्रै सार्थक तुल्याउन सक्छ ।

दोश्रो कार्यकाल प्रधानमन्त्रीका रूपमा यहाँहरू समक्ष उभिन पाउँदा म असाध्यै गौरवान्वित छु । जिम्मेवारीवोधले उत्तिकै गम्भीर पनि भएको छु । तेह्रथुम जिल्लाको एउटा निम्नमध्यम परिवारमा जन्मेर, जीवनका अनेकौँ मोड पार गरेर यस बिन्दुसम्म आइपुगेको आफ्नो जीवन-यात्रालाई मैले परिवर्तनका संवाहक जनताको अदम्य इच्छाशक्तिको परिणाम ठानेको छु । एउटा सामान्य नागरिकलाई मुलुकको कार्यकारी प्रमुख बनाउनसक्ने

एउटा सामान्य नागरिकलाई मुलुकको कार्यकारी प्रमुख बनाउनसक्ने लोकतान्त्रिक प्रणालीको सामर्थ्यका रूपमा मानेको छु । यसलाई मैले जस्तासुकै प्रतिकूलताको सामना गरेर आफ्नो स्वाभिमान र स्वाधीनता कायम राख्न सफल हाम्रो राष्ट्रको विवेकपूर्ण फैसलाको रूपमा बुझेको छु ।

लोकतान्त्रिक प्रणालीको सामर्थ्यका रूपमा मानेको छु । यसलाई मैले जस्तासुकै प्रतिकूलताको सामना गरेर आफ्नो स्वाभिमान र स्वाधीनता कायम राख्न सफल हाम्रो राष्ट्रको विवेकपूर्ण फैसलाको रूपमा बुझेको छु । यसैले म, सार्वभौमसत्ता सम्पन्न नेपाली जनता, सधैँ स्वतन्त्र नेपाल राष्ट्रको माटो एवं लोकतन्त्रप्रति आफ्नो उच्च सम्मान र अविचलित प्रतिबद्धता पुनः प्रकट गर्न चाहन्छु । आदरणीय अग्रजहरू र प्रातःस्मरणीय शहीदहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

अन्योल र अनिश्चयका बीचमा, हिंसा र अस्थिरताका प्रयासलाई छिचोल्दै २०७४ मङ्सिरमा सम्पन्न निर्वाचनमा यहाँहरूले हाम्रो पार्टी र वामपन्थी-लोकतान्त्रिक चुनावी तालमेलका पक्षमा अपूर्व विश्वास प्रकट गर्नुभएको छ । यस विश्वासलाई मैले हाम्रो आगामी यात्राको मार्गदर्शन र अग्रगतिका लागि ऊर्जाको रूपमा लिएको छु । यसका लागि म सम्पूर्ण मतदाताहरूप्रति आभार प्रकट गर्दछु । मलाई प्रधानमन्त्रीका रूपमा प्रस्तावित गर्ने हाम्रो पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र), विश्वासको मत दिने सबै दल र सांसदहरू तथा बधाई एवं शुभकामना व्यक्त गर्ने स्वदेशी-विदेशी मित्रहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

गतः निर्वाचनमा कतै कठ्यांग्रिँदो चिसो सहँदै त कतै हिंसाको सामना गर्दै, कतै काखमा नानीहरू च्याप्दै त कतै लौरो टेक्दै, अनि कतै

तपाईंहरूले मतपेटिकामा खसाउनु भएको मतपत्र सामान्य कागजमात्र थिएन, त्यो निर्वाचन नयाँ युगको प्रवेशद्वार थियो र तपाईंहरूले खसाउनु भएको मत त्यही प्रवेशद्वारको ताला खोल्ने साँचो थियो ।

स्ट्रेचरमा बोकिँदै त कतै आफन्तको वियोगलाई समेत आफूभित्रै दबाउँदै यहाँहरूले गर्नुभएको मतदान अहिले पनि मेरो आँखामा जीवन्त छ । यसरी तपाईंहरूले मतपेटिकामा खसाउनु भएको मतपत्र सामान्य कागजमात्र थिएन, त्यो निर्वाचन नयाँ युगको प्रवेशद्वार थियो र तपाईंहरूले खसाउनु भएको मत त्यही प्रवेशद्वारको ताला खोल्ने साँचो थियो ।

- यस्तो युग, जहाँ स्वाधीन देशका सार्वभौम नागरिकबीच कुनै विभेद र असमानता हुने छैन ।
- यस्तो युग, जहाँ सामाजिक न्याय र लोकतन्त्र हुने छ ।
- यस्तो युग, जहाँ सबैलाई बराबरी सम्मान र सुरक्षा, बराबरी अधिकार र अवसर प्राप्त हुने छ ।
- यस्तो युग, जहाँ सुशासन र समृद्धि हुने छ ।
- यस्तो युग, जहाँ जनताको जीवन सुखी र राष्ट्रको अवस्था समृद्ध हुने छ ।

निर्वाचनमार्फत् प्रकट जनचाहनालाई शिरमा राख्दै म सङ्कल्प गर्दछु - यहाँहरूका अपेक्षालाई कुनै पनि हालतमा विफल हुन दिइने छैन ।

२०७४ साल, उथलपुथल र घटनापूर्ण सालको रूपमा रह्यो । २०७४ साल महत्वपूर्ण राजनीतिक उपलब्धिको साल रह्यो । २०७४ सालमै

के नेपाल बन्छ ? के यो सरकारले हाम्रा सपना पूरा गर्छ ? यस्ता प्रश्नहरूमा मैले पटक–पटक भन्दै आएको छु – नेपाल बन्छ, बनाउनैपर्छ । हो, हरेक चीजको आयु र अवधिको सीमा हुन्छ । मान्छेको ज्ञान र सामर्थ्यको पनि सीमा हुन्छ ।

राजनीतिक संक्रमणकालको अन्त्य भयो र जनपक्षीय, लोकतान्त्रिक, देशभक्त, अग्रगामी तथा विकासप्रेमी सरकार मुलुकले पायो । तीनै तहको निर्वाचन सम्पन्न भएसँगै संविधान सफल कार्यान्वयनको बाटोमा अघि बढ्यो । देशमा स्थायित्वको नयाँ चरण आरम्भ भयो । निर्वाचन हुन नदिने, संविधान कार्यान्वयनमा व्यवधान खडा गर्ने र मुलुकमा अन्त्यहीन अस्थिरता सिर्जना गर्ने प्रयास विफल भयो । निर्वाचनको सफलतासँगै हाम्रो देश नेपाल, लोकतान्त्रिक अभ्यासमा नयाँ मानक स्थापित गर्न सफल भएको छ । इतिहासले हामीलाई आर्थिक विकास र समृद्धिका लागि अभूतपूर्व अवसर प्रदान गरेको छ । हाम्रा अगाडि समस्या थिए । समाधान गर्नुपर्ने दायित्व थियो । अहिले जनताले तिनै समस्या सम्बोधन गर्ने अस्तियारी हामीलाई दिएका छन् । विगतमा जनताको चाहना र संसदको अंकगणितको बीचमा रहेको खाडल यसपटक पुरिएको छ । समृद्धिको आधारशीला खडा गर्ने यस युगीन दायित्व सुम्पनु हुने यहाँहरूप्रति पुनः एकपटक कृतज्ञता जाहेर गर्दछु ।

के नेपाल बन्छ ? के यो सरकारले हाम्रा सपना पूरा गर्छ ? यस्ता प्रश्नहरूमा मैले पटक-पटक भन्दै आएको छु - नेपाल बन्छ, बनाउनैपर्छ । हो, हरेक चीजको आयु र अवधिको सीमा हुन्छ । मान्छेको ज्ञान र सामर्थ्यको पनि सीमा हुन्छ । तर इमानको कुनै सीमा हुन्न, निष्ठाको

त्यतिबेला हामीले रोपेका विरुवा हुर्काउने, देखेका सपनालाई मूर्तरूप दिने र परिकल्पनालाई व्यवहारमा लागू गर्ने समय पुनः हाम्रा सामु आएको छ । हामी एकताबद्ध भएका छौं । जनताको भरपर्दो साथ छ ।

कुनै निर्धारित आयु छैन । इमान र निष्ठाका साथ काम गर्न कसैलाई कुनै अतिरिक्त प्रशिक्षणको खाँचो पनि पर्दैन ।

झण्डै तीन वर्षअघि प्रधानमन्त्रीका रूपमा व्यवस्थापिका-संसदलाई अन्तिम सम्बोधन गरिरहँदा मैले भनेको थिएँ - 'यो समयको अन्त्य होइन, प्रक्रिया चालू छ र हामी यहीँ छौं !' त्यतिबेला हामीले रोपेका विरुवा हुर्काउने, देखेका सपनालाई मूर्तरूप दिने र परिकल्पनालाई व्यवहारमा लागू गर्ने समय पुनः हाम्रा सामु आएको छ । हामी एकताबद्ध भएका छौं । जनताको भरपर्दो साथ छ । संघ, प्रदेश र स्थानीय तहसम्मै जनताको विश्वास प्राप्त प्रतिनिधिहरू नयाँ ऊर्जाका साथ काम गर्न तत्पर हुनुहुन्छ । नेपाललाई सहयोग गर्न चाहने अन्तर्राष्ट्रिय मित्रहरू पर्खाइमा छन् । हामी, विना कुनै बहाना र विलम्ब तीव्र बेगमा अगाडि बढ्ने छौं ।

राष्ट्र निर्माणका लागि बलियो आत्मविश्वास चाहिन्छ । भविष्य उज्ज्वल छ भन्ने दृढ विश्वास विना, आफ्नो देश आफैं बनाउनसक्छौं भन्ने उच्च मनोबलविना र जस्तासुकै अवरोधका पहाड पनि नाघ्न सकिन्छ भन्ने अदम्य साहसविना राष्ट्रले सफलता हासिल गर्न सक्दैन । मनोवैज्ञानिक रूपमै कमजोर बनेको राष्ट्रले चुनौती सामना गर्न सक्दैन । हामीभित्रै लघुताभास हुर्काउने, आफ्नै सामर्थ्यप्रति अविश्वास जगाइदिने र

विश्वव्यापी औपनिवेशिक साम्राज्यका बीच पनि नेपाल सधैँभरि स्वतन्त्र रहेको थियो । विगतमा हामीले गरेका संघर्ष एवं प्राप्त गरेका राजनीतिक उपलब्धिले पनि विश्वकै ध्यान आकर्षित गरेको छ । यस्तो गौरवपूर्ण इतिहास बोकेको राष्ट्र कसरी पछाडि परिरहन मिल्छ ?

भविष्यप्रति निराशा पैदा गर्ने प्रयासहरू यदाकदा हुने गरेका छन् । तसर्थ, हाम्रो सर्वोपरि प्रयास राष्ट्रमा भरपर्दो आत्मविश्वास जगाउने कुरामा केन्द्रित हुने छ ।

नेपाल संसारकै प्राचीनतम राष्ट्रमध्ये एक हो । हाम्रै भूमिमा जन्मेका गौतम बुद्धले हजारौं वर्ष पहिले नै विश्वमा शान्ति, करुणा र अहिंसाको शाश्वत सन्देश छरेका थिए । सयौं वर्षअगाडि नै सभ्यता, संस्कृति र कलामा नेपालको प्रसिद्धि फैलिइसकेको थियो । काठमाडौँ उपत्यका भारत र चीनबीचको व्यापारिक केन्द्र र सांस्कृतिक सेतु थियो । विश्वव्यापी औपनिवेशिक साम्राज्यका बीच पनि नेपाल सधैँभरि स्वतन्त्र रहेको थियो । विगतमा हामीले गरेका संघर्ष एवं प्राप्त गरेका राजनीतिक उपलब्धिले पनि विश्वकै ध्यान आकर्षित गरेको छ । यस्तो गौरवपूर्ण इतिहास बोकेको राष्ट्र कसरी पछाडि परिरहन मिल्छ ?

नेपालको भविष्य सुदृढ र उज्वल छ । नेपाललाई पछाडि पार्ने सामन्तवाद अब इतिहास भइसकेको छ । पराधीन बनाउने सोचहरू कमजोर भएका छन् । विभाजित गर्ने शक्तिहरू किनारा लागेका छन् । राजनीतिलाई सत्तारोहण र जिम्मेवारीलाई निजी या सङ्कीर्ण समूहगत स्वार्थपूर्तिको भन्याङ ठान्ने चिन्तन पराजित भएको छ ।

युग बदलिएको छ, तदनुरुप हाम्रो जिम्मेवारी पनि बदलिएको छ । निरङ्कुशतन्त्र र अधिनायकवाद विरुद्ध अब्बल साबित हाम्रा पौरखहरू अब गरिबी, वेरोजगारी, पछ्यौटेपन, विभेद र अविकासका विरुद्ध केन्द्रित हुनेछन् ।

अब विकास या समृद्धिको विषय कुनै अमूर्त वैचारिक मन्थन या सुदूर भविष्यको काल्पनिक कथा रहेन । किनभने युग बदलिएको छ, तदनुरुप हाम्रो जिम्मेवारी पनि बदलिएको छ । निरङ्कुशतन्त्र र अधिनायकवाद विरुद्ध अब्बल साबित हाम्रा पौरखहरू अब गरिबी, वेरोजगारी, पछ्यौटेपन, विभेद र अविकासका विरुद्ध केन्द्रित हुनेछन् ।

सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रियहित र स्वाभिमानको रक्षा एवं सम्बर्द्धन सरकारको सर्वोपरि कर्त्तव्य हुने छ । राष्ट्रियहितलाई केन्द्रबिन्दुमा राखेर हाम्रा छिमेकीहरू, सबै मित्र राष्ट्रहरु र अन्तर्राष्ट्रिय समुदायसँग घनिष्ट सम्बन्ध विकास गरिनेछ । सार्वभौमिक समानता, अहस्तक्षेप र पारस्परिक हित, आपसी सम्मान र विश्वास हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धका आधार हुने छन् । देशप्रेम र न्यायोचित राष्ट्रियहितलाई खोक्रो राष्ट्रवाद ठान्ने हीनग्रन्थी कसैले पाल्न हुँदैन भन्ने म ठान्दछु । राष्ट्रहरू बीचको सम्बन्धलाई आकार, जनसङ्ख्या र अर्थतन्त्र सानो या ठूलो हुने कुराले होइन, सार्वभौम समानताको विषयले तय गर्छ । सरकारले राष्ट्रियतालाई सुदृढ गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा, स्वाभिमान र पहिचानलाई उँचो बनाउने छ ।

लोकतन्त्र, शासन प्रणालीको मात्रै नाम होइन । लोकतन्त्र प्राप्तिका लागि अनेकौं दशक बलिदानी आन्दोलनमा होमिएका हाम्रा लागि लोकतन्त्र

लोकतन्त्र, शासन प्रणालीको मात्रै नाम होइन । लोकतन्त्र प्राप्तिका लागि अनेकौं दशक बलिदानी आन्दोलनमा होमिएका हाम्रा लागि लोकतन्त्र जीवनपद्धति हो, जीवनमूल्य समेत हो ।

जीवनपद्धति हो, जीवनमूल्य समेत हो । पाँच दशकभन्दा बढी लोकतन्त्र प्राप्तिको आन्दोलनमा खर्चेको आफ्नो ऊर्जाशील समय र डेढ दशकको मेरो कारावासबारे म यहाँ चर्चा गर्न चाहन्न । तर दुनियाँमा लोकतन्त्रका मूल्य-मान्यता स्थापित नहुँदै हाम्रा पुर्खाले अङ्गीकार गरेको आफ्ना प्रतिनिधि छान्ने र उनीहरूमार्फत शासनसत्ता सञ्चालन गर्ने अद्वितीय विधिको भने यहाँ स्मरण गर्न चाहन्छु । लोकतन्त्र हामी नेपालीका लागि कसैले सापटीमा दिएको विधि नभएर जीवनपद्धति नै रहेको प्रसंगमा मैले अक्सर शाक्य गणतन्त्र र लिगलिगकोटको दौडबाट राजा छान्ने उदाहरण दिने गरेको छु । पहलकदमी र प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्नेलाई नेता छान्ने सांगठनिक विधि म अध्यक्ष रहेको पार्टीले सैद्धान्तिक र व्यावहारिक दुबै हिसावले अपनाउँदै आएको जगजाहेरै छ ।

यस सरकारका कामहरू लोकतन्त्र, मानवअधिकार र खुल्ला समाजको अवधारणाबाट निर्देशित हुनेछन् । सरकारका कार्यक्रमहरू, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई जरैसम्म सुदृढ गर्ने दिशामा परिलक्षित हुनेछ । प्रदेश र स्थानीय तहहरूलाई सक्षम, सुदुढ र आत्मनिर्भर बनाउन विशेष भूमिका खेलिनेछ । सहकारिता, समन्वय र एकताको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सर्वाङ्गीण विकास गरिनेछ । राज्यका नीति निर्माणमा जनताको भूमिका अझ प्रभावकारी होस्, कानूनी हिसाबले

हामीले चाहेको लोकतन्त्र, 'दल खोल्ने, चुनावमा भाग लिने र बोल्ने–लेख्ने अधिकार भएको लोकतन्त्रमात्रै हैन, समग्र (कम्प्रिहेन्सिभ) लोकतन्त्र हो । आर्थिक अधिकार र सामाजिक न्यायविनाको लोकतन्त्र, औपचारिक र अधुरो हुन्छ ।

मात्र होइन, राज्य यथार्थमै जनताप्रति उत्तरदायी, जनताबाट सञ्चालित र जनताको सेवामा समर्पित होस् भन्ने कुरा सुनिश्चित गरिने छ ।

मैले पटक-पटक भन्दै आएको छु - हामीले चाहेको लोकतन्त्र, 'दल खोल्ने, चुनावमा भाग लिने र बोल्ने-लेख्ने अधिकार भएको लोकतन्त्रमात्रै हैन, समग्र (कम्प्रिहेन्सिभ) लोकतन्त्र हो । आर्थिक अधिकार र सामाजिक न्यायविनाको लोकतन्त्र, औपचारिक र अधुरो हुन्छ । तसर्थ संविधानले प्रत्याभूत गरेका सामाजिक न्यायका प्रवन्धहरूको कार्यान्वयनका लागि निर्धारित समयभित्रै आवश्यक कानूनी, संरचनागत र साधनश्रोतको व्यवस्था गर्नुपर्छ र गरिने छ । धनी र गरीबबीच रहेको खाडल बढाउँदै जाने होइन, घटाउनुपर्छ । तसर्थ, समन्यायिक विकासलाई मार्गदर्शक नीतिका रूपमा अवलम्बन गरिने छ । हाम्रो संविधानले निर्देश गरेको 'समाजवाद उन्मुख राज्य' निर्माणका लागि सामाजिक उत्पीडन र आर्थिक शोषणका कारण समाप्त पार्ने दिशातर्फ हाम्रा कार्यक्रमहरू परिलक्षित हुनेछन् । निरपेक्ष गरीबी, निरक्षरता, आधारभूत स्वास्थ्य सेवा, यातायात, विद्युत, खानेपानीजस्ता न्यूनतम सुविधाबाट वञ्चित रहनुपर्ने बाध्यता र पूर्ण बेरोजगारी अब हाम्रा कामका मुख्य निशाना हुनेछन् । निश्चित समयावधिभित्र सबै नागरिकलाई यस्तो अवस्थाबाट मुक्त गर्न सशक्त राष्ट्रिय अभियान सञ्चालन गरिने छ । सबै बालबालिकालाई

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक सामाजिक बनोट हाम्रो विशेषतामात्रै होइन, सामाजिक सम्पदासमेत हो । विविधता, बहुलता, सामाजिक सद्भाव र सांस्कृतिक सहचार्य हाम्रो समाजको विशेष पहिचान हो । यसैमाथि अडेको छ हाम्रो बलियो राष्ट्रिय एकता ।

शिक्षाको अधिकार सुनिश्चित गर्न आजैबाट हामी सबैले सहजकर्ताको भूमिकामा विद्यार्थी भर्ना अभियान शुरु गर्नुपर्छ ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक सामाजिक बनोट हाम्रो विशेषतामात्रै होइन, सामाजिक सम्पदासमेत हो । विविधता, बहुलता, सामाजिक सद्भाव र सांस्कृतिक सहचार्य हाम्रो समाजको विशेष पहिचान हो । यसैमाथि अडेको छ हाम्रो बलियो राष्ट्रिय एकता । तर यसलाई खल्बल्याउने, गरीबी, बेरोजगारी र अविकासजस्ता मुख्य मुद्दाबाट ध्यान बर्गेल्ने र त्यस अप्रिय परिस्थितिलाई दुरुपयोग गर्दै सामुदायिक सद्भावका ठाउँमा अविश्वास, सामाजिक द्वेष र घृणा फैलाउने प्रयास पनि यदाकदा देखापर्ने गरेका छन् । यस्तो कुरा नेपाल र नेपालीलाई स्वीकार्य हुनेछैन । सामाजिक सद्भावमाथि आधारित बलियो राष्ट्रियएकता निर्माण र शान्ति सुव्यवस्था कायम गर्नका लागि सरकार दृढ सङ्कल्पित रूपमा प्रस्तुत हुने छ ।

निर्भयतापूर्वक बाँच्न र पेशा व्यवसाय गर्न पाउनु नागरिकको संविधानप्रदत्त मौलिक हक हो । जनतामा निहित सार्वभौमसत्ता प्रत्याभूत भएको, संविधानले सबै खाले अधिकार संस्थागत गरिसकेको र आफूले चाहेको परिवर्तन जनताको अभिमत, कानूनी र शान्तिपूर्ण बाटोबाट प्राप्त गर्न सकिने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि हिंसाको पैरवी गर्नु,

भ्रष्टाचारले समाजलाई बर्बाद बनाउँछ । वर्तमान सरकार भ्रष्टाचारविरुद्ध निर्मम र सम्झौताहीन ढंगले प्रस्तुत हुने छ । यसका लागि आवश्यक कानूनी र संरचनागत सुधार गरिने छ । कुनै बहानाबाजी स्वीकार्य हुने छैन । कतैबाट पनि भ्रष्टहरूलाई संरक्षण गर्न दिइने छैन ।

आफ्ना आपराधिक या स्वार्थप्रेरित गतिविधिलाई राजनीतिक आवरण दिनु र जनताको जीवनलाई त्रसित पार्ने एवं मुलुकको व्यावसायिक वातावरणलाई दुष्प्रभावित पार्ने कार्य अब स्वीकार्य हुन सक्दैन ।

भ्रष्टाचारले समाजलाई बर्बाद बनाउँछ । वर्तमान सरकार भ्रष्टाचारविरुद्ध निर्मम र सम्झौताहीन ढंगले प्रस्तुत हुने छ । यसका लागि आवश्यक कानूनी र संरचनागत सुधार गरिने छ । कुनै बहानाबाजी स्वीकार्य हुने छैन । कतैबाट पनि भ्रष्टहरूलाई संरक्षण गर्न दिइने छैन । भ्रष्टाचार कुनै परियोजना, सार्वजनिक खरिद प्रक्रिया या सेवाग्राहीसँग लिइने रकमको अपचलनमात्रै होइन । त्यसरी भएको आर्थिक क्षति त कुनै हिसाबले पूर्ति पनि हुन सक्ला तर भ्रष्टाचारले सिर्जना गर्ने सामाजिक मूल्यहरूको क्षयीकरण, लोकतन्त्रप्रति अविश्वास र व्यक्ति एवं संस्थाको नैतिक चरित्रमा ल्याउने स्खलनको भने कुनै क्षतिपूर्ति सम्भव छैन ।

अबको हाम्रो सर्वोपरि राष्ट्रिय अभिभारा, सङ्कल्प र कामको केन्द्रबिन्दु आर्थिक समृद्धि हो । विगतका गुमाइएका मूल्यवान समयको समेत शोधभर्ना गर्न आर्थिक विकासको गतिलाई असाधारण तीव्रता दिइने छ । हामीले सन् २०२२ सम्ममा नेपाललाई अति अल्पविकसित अवस्थाबाट स्तरोन्नति गर्नु छ र सन् २०३० सम्ममा दिगो विकास लक्ष्यका १७ लक्ष्य तथा १ सय ६९ सहायक लक्ष्यका प्रतिबद्धतालाई पूरा गर्नु छ । कतिपयलाई

विगतका गुमाइएका मूल्यवान समयको समेत शोधभर्ना गर्न आर्थिक विकासको गतिलाई असाधारण तीव्रता दिइने छ । हामीले सन् २०२२ सम्ममा नेपाललाई अति अल्पविकसित अवस्थाबाट स्तरोन्नति गर्नु छ र सन् २०३० सम्ममा दिगो विकास लक्ष्यका १७ लक्ष्य तथा १ सय ६९ सहायक लक्ष्यका प्रतिबद्धतालाई पूरा गर्नु छ ।

यो उद्घोष महत्वाकाङ्क्षी लाग्नसक्छ । तर उच्च आकाङ्क्षा नलिईकन, त्यसका लागि जोखिम नमोलीकन र त्यसनिम्ति नयाँ नीति, संरचना र शैलीको अबलम्बन नगरीकन कुनै पनि राष्ट्रले फड्को मार्न सक्दैन ।

यसलाई हामीले 'समृद्ध नेपाल र सुखी नेपाली' नारामा अभिव्यक्त गरेका छौं । सरकार विकासका गतिलाई योजनाबद्ध ढंगले अघि बढाउन प्रतिबद्ध छ । त्यसका निम्ति देशभित्रको प्राकृतिक र मानवश्रोत, पूँजी र सीप परिचालन गर्न सबै सामर्थ्यका साथ सरकार केन्द्रित हुनेछ । सरकार, निजी क्षेत्रलाई साथमै लिएर अघि बढ्छ । श्रोतको अधिकतम परिचालनको लागि सहकारीको महत्वलाई सरकारले बुझेको छ । यस प्रसंगमा हामी एक्लै काफी छौं भन्दैनौं, छिमेकी तथा अन्तर्राष्ट्रिय मित्रहरू, वैदेशिक लगानीकर्ताहरू तथा वित्तीय संस्थाहरूसँग हातेमालो गरिनेछ ।

त्यसैले म यहींबाट आह्वान गर्दछु - स्वदेशी तथा विदेशी लगानीकर्ताहरू:

- ढुक्कसँग लगानी गर्नुहोस् । पारदर्शी कर, श्रमिकहरूको हित र वातावरणीय पक्षप्रति संवेदनशील हुँदै समृद्ध नेपाल निर्माणको महाअभियानमा योगदानको लागि सरिक बन्नुहोस् । तपाईंको लगानी र मुनाफाको सुरक्षाप्रति सरकार सजग छ,

राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण अङ्गका रूपमा निजी क्षेत्रलाई सहभागी बनाउँदै लगानीमैत्री वातावरण, अनुकूल श्रमसम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गरिनेछ ।

- विकासको गतिलाई योजनाबद्ध ढंगले अघि बढाउन सरकार प्रतिबद्ध छ । त्यसका निम्ति देशभित्रको प्राकृतिक र मानवश्रोत, पूँजी र सीपलाई विकास गर्न सबै सामर्थ्यका साथ सरकार केन्द्रित हुनेछ,
- राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण अङ्गका रूपमा निजी क्षेत्रलाई सहभागी बनाउँदै लगानीमैत्री वातावरण, अनुकूल श्रमसम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गरिनेछ,
- अबका सहकारीहरूले उत्पादनको ढाँचा र उत्पादन सम्बन्धहरूको परिवर्तन र आधुनिकीकरणको बाहकको रूपमा भूमिका खेल्नुपर्नेछ । तसर्थ, सहकारीहरू समाजवादउन्मुख अर्थतन्त्रका महत्वपूर्ण आधार हुने छन्,
- सार्वजनिक-निजी साझेदारीलाई महत्वका साथ अघि बढाइने छ,
- अनावश्यक कानूनी र प्रशासनिक झन्झट अब तपाईंहरूले सामना गर्नुपर्ने छैन । कुनै अतिरिक्त सेवा-सुविधा र कमिशन दिन नसकेका कारण लगानीको अवसर प्राप्त नहुने या लगानी फिर्ता लैजाने जस्ता विगतका बाध्यता सामना गर्नुपर्ने छैन,
- आन्तरिक र बाह्य लगानीमा सन्तुलनको नीतिसहित लगानीको सुरक्षा, लगानीमैत्री वातावरण निर्माण तथा मुनाफाको

हामीसँग साधनश्रोतको अभाव छ । मैले भन्दै आएको छु – पैसा भएर, धन भएर कसैले विकास गरेको हैन । विकास गरेरमात्र देशहरू धनी भएका छन् ।

व्यवस्थापनलगायतमा प्रचलित व्यवस्थाहरूलाई सहज र छरितो बनाइने छ,

- औद्योगिक विकासका लागि आवश्यक विशेष आर्थिक क्षेत्र र विशेष औद्योगिक क्षेत्र निर्माणमा हाम्रो जोड रहने छ ।

कतिपयलाई लाग्छ - उपरोक्त लक्ष्य हासिल गर्न हामीसँग साधनश्रोतको अभाव छ । मैले भन्दै आएको छु - पैसा भएर, धन भएर कसैले विकास गरेको हैन । विकास गरेरमात्र देशहरू धनी भएका छन् । यति उर्बर जमीन र यतिविघ्न जैविक विविधता भएको मुलुक, माटोमुनि खनिज र माटोमाथि जीवन र जडीबुटीले भरिएको देश, जलश्रोत र नवीकरणीय ऊर्जाका दृष्टिले अपार सम्भावना भएको राष्ट्र, सांस्कृतिक वैभवयुक्त हाम्रो मातृभूमि विकास नहुनुपर्ने कारण छैन । श्रोतको अभाव छ भन्नेहरूलाई तथ्य आफैँले जवाफ दिइरहेको छ भन्ने म ठान्दछु । १६ वर्षदेखि ५९ वर्षसम्मको क्रियाशील श्रमशक्तिको बाहुल्य भएका हामी संसाधनविहीन हुन सक्छौं र ? हो, आजसम्म व्यवस्थापकीय मामिलामा समस्या छन् । दृष्टिकोणमा कमजोरी छन् । आत्मविश्वासमा कमी छ । अलिकति बेथिति छ । तर यी कुनै पनि समस्या असाध्य छैनन् । विधिको शासन अब कडाइका साथ लागू हुन्छ । लोकतन्त्रको आवरणमा हुने अराजकता र 'साहेब'को छायाँमा लुकेर शासनसत्तामा हैकम जमाउन खोज्ने नक्कली शासकहरूको रजगज अन्त्य हुन्छ । अब 'लाइन' मा

नियन्त्रण तथा सन्तुलनका मान्यताहरूलाई मूर्तरुप दिन शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका, कानूनी राज र कानूनका नजरमा सबै बराबर छन् भन्ने मान्यता स्थापित गरिनेछ ।

उभिने हरेक व्यक्तिले 'मेरो पालो पक्कै आउँछ' भन्ने विश्वास जगाउने गरी यो सरकारले लोकतान्त्रिक प्रणालीप्रति जनताको विश्वास जगाउन हदैसम्मको प्रयास गर्छ ।

नियन्त्रण तथा सन्तुलनका मान्यताहरूलाई मूर्तरुप दिन शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका, कानूनी राज र कानूनका नजरमा सबै बराबर छन् भन्ने मान्यता स्थापित गरिनेछ । मर्यादित संस्था र निकायहरूमा देखिएको विचलन र मर्यादामा आएको न्यूनता एवं इमानमा जनताले औंला ठड्याउने स्थिति उपयुक्त हैन । यस्ता संस्थाहरूको गरिमा अभिवृद्धिमा सरकारले ध्यान दिन्छ ।

आर्थिक रूपमा परनिर्भर हुनुपर्दा कसरी राष्ट्रिय स्वाभिमानमा आँच पुग्दोरहेछ र राष्ट्रियता नै जोखिममा पर्दोरहेछ भन्ने पाठ इतिहासले हामीलाई कहिल्यै नबिर्सने गरी सिकाएको छ । त्यसैले योजनाबद्ध आर्थिक विकास, पारस्परिक अन्तरनिर्भरता र व्यापारको विविधीकरण मार्फत् मुलुकलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन सरकार केन्द्रित हुने छ । सामन्ती शोषणका सबै अवशेषको अन्त्य, उत्पादक शक्ति, उत्पादकत्व एवं उत्पादनमा वृद्धि, सामाजिक न्याय एवं न्यायोचित वितरणसहितको आर्थिक समृद्धि, गरीबी, बेरोजगारी, असमानता एवं

दुई तिहाइ जनताको जीवन ज्यूँने आधारको रूपमा रहेको कृषि अझै पनि निर्वाहमुखी, अव्यावसायिक, परम्परागत तथा अनुत्पादक रहनुलाई मैले ठूलो चुनौतीका रूपमा लिएको छु ।

परनिर्भरताको अन्त्य र समाजवादउन्मुख राष्ट्रिय औद्योगिक आर्थिक क्रान्तिका नीतिले हामीलाई मार्गदर्शन गर्ने छन् ।

सारमा राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा राष्ट्रिय एकता, शान्ति तथा स्थायित्व र विकास तथा समृद्धिलाई हामीले आफ्नो कामका आधारको रूपमा अपनाउनु पर्छ ।

दुई तिहाइ जनताको जीवन ज्यूँने आधारको रूपमा रहेको कृषि अझै पनि निर्वाहमुखी, अव्यावसायिक, परम्परागत तथा अनुत्पादक रहनुलाई मैले ठूलो चुनौतीका रूपमा लिएको छु । यसै त टुक्रिएको जमीन, आधुनिकीकरण एवं उत्पादन र उत्पादकत्वको वृद्धिमा समस्याको रूपमा छँदैछ, त्यसमाथि बजार प्रबन्धमा समस्या, उर्बर जमीनको अतिक्रमण र जलवायु परिवर्तन आदिका प्रभावले कृषि क्षेत्रको सङ्कट बढाइदिएको छ ।

- कृषिप्रधान देशबाट, कृषि सवल देशमा परिवर्तन गर्ने,
- कृषिमा निर्भर दुई तिहाइ जनसंख्यालाई पाँच बर्षभित्र २५ प्रतिशतमा सीमित गर्ने,
- कृषि उत्पादकत्व ५ वर्षभित्र ४ गुना वृद्धि गर्ने,

कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्दै कृषिलाई सम्मानित पेशा र किसानहरूलाई सम्मानित नागरिकका रूपमा अगाडि बढाउने कार्यक्रमहरूबारे सरकारको नीति तथा कार्यक्रममा विस्तृत रुपमा चर्चा गरिने छ ।

- राष्ट्रिय अर्थतन्त्रमा रहेको कृषिको हालको योगदान एक तिहाइबाट झारेर २० देखि २५ प्रतिशतमा सीमित गर्ने गरी हाम्रा कामहरू अघि बढाइने छ ।

कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्दै कृषिलाई सम्मानित पेशा र किसानहरूलाई सम्मानित नागरिकका रूपमा अगाडि बढाउने कार्यक्रमहरूबारे सरकारको नीति तथा कार्यक्रममा विस्तृत रुपमा चर्चा गरिने छ ।

यस्तै, आगामी नीति कार्यक्रममा जलश्रोत तथा ऊर्जाको विकास, रेल तथा जलमार्गसहितको आधुनिक यातायात र पूर्वाधारको विकासको विस्तृत खाका प्रस्तुत गरिनेछ ।

आज हामी कर्णाली प्रदेशको लागि पर्यटन वर्षको शुभारम्भ केही समयपछि नै गर्दैछौं । पर्यटन उद्योग एउटा प्रदेशको मात्र नभई हाम्रो विकास र समृद्धिको मुख्य आधार पनि हो । पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण, नेपालका पर्यटकीय सम्पदा र गन्तव्यहरूको प्रचार-

पर्यटन उद्योग एउटा प्रदेशको मात्र नभई हाम्रो विकास र समृद्धिको मुख्य आधार पनि हो । पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण, नेपालका पर्यटकीय सम्पदा र गन्तव्यहरूको प्रचार–प्रसार, बजार प्रवर्द्धन र पर्यटकीय सम्पदाको संरक्षण र सौन्दर्यमा विशेष ध्यान दिइने छ ।

प्रसार, बजार प्रवर्द्धन र पर्यटकीय सम्पदाको संरक्षण र सौन्दर्यमा विशेष ध्यान दिइने छ ।

शिक्षालाई मुलुकको आर्थिक विकास र समृद्धिसँग आबद्ध गर्दै यसका लागि आवश्यक दक्ष जनशक्ति निर्माण गर्न तथा युवाहरूलाई आत्मनिर्भर तथा प्रतिस्पर्धी क्षमतायुक्त बनाउन पुनर्संरचना गरिने छ । मैले पद बहाल गरेकै क्षण सबै पालिका तहमा एक/एक वटा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण केन्द्रको स्थापना गर्ने निर्णय गरिसकेको छु । हाम्रो शिक्षालाई काम र रोजगारीसँग आबद्ध गर्न प्राविधिक र साधारण शिक्षामा 'सत्तरी-तीस'को अनुपातमा व्यवस्थित गर्ने नीति हामीले लिनेछौं ।

जतिबेला बाँकी दुनियाँ अन्धकारमा थियो, अक्षर हुन्छ भन्ने जान्दैन थियो, त्यतिबेला पनि हाम्रा पुर्खा जीवजन्तु, वनस्पति, प्रकृति, भूगोल र खगोलको अध्ययन गर्थे । कला, संस्कृति र साहित्यको सिर्जना गर्थे । ज्ञानको उत्पादन, संग्रह र विस्तार गर्थे । ती ज्ञानी, ती ध्यानी, ती विद्वान ऋषि र मुनिका सन्तान आज निरक्षर र अनपढ हुने, स्कूल जान नपाउने ? विद्यालय भन्ने शब्द, भाव र व्यवहारको सिर्जना जहाँ भयो, तिनका सन्तान विद्यालयमा जान नपाउने ? अब यो चल्न सक्दैन । म कवि महानन्द सापकोटालाई स्मरण गर्छु :

शिक्षालाई प्रतिस्पर्धी, गुणस्तरीय र जीवनपयोगी एवं समाज उपयोगी बनाइने छ । यस्तो शिक्षाप्राप्त गर्ने व्यक्तिले आफ्नो जीवन सहज र सरल हुने अवस्था सिर्जना गरिने छ । त्यस्तो व्यक्ति समाजका लागि गुणवान र उपयोगी हुनेछ । त्यसैले त्यस्तो शिक्षा सुलभ र सबैको पहुँचभित्र हुनुपर्छ ।

"विधिको यदि त्यही विधान छ भने
अब त्यो विधिको पनि आयु पुग्यो ।

म पुनः एकपटक जोड दिन चाहन्छु - अब हाम्रा बालबालिका स्कूल जान्छन् । अबदेखि कुनै पनि बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहने र आर्थिक अभावका कारण बीचैमा पढाइ छाड्नु पर्ने वाध्यताको अन्त्य हुन्छ । शिक्षालाई प्रतिस्पर्धी, गुणस्तरीय र जीवनपयोगी एवं समाज उपयोगी बनाइने छ । यस्तो शिक्षाप्राप्त गर्ने व्यक्तिले आफ्नो जीवन सहज र सरल हुने अवस्था सिर्जना गरिने छ । त्यस्तो व्यक्ति समाजका लागि गुणवान र उपयोगी हुनेछ । त्यसैले त्यस्तो शिक्षा सुलभ र सबैको पहुँचभित्र हुनुपर्छ । शिक्षा, विकासको लागि हो, विकासको लागि कस्ता र कति जनशक्ति चाहिने हो, त्यसको योजनाबद्ध मानवश्रोतको प्रवन्ध व्यवस्थित रुपमा गरिने छ ।

समयले देशको विकासको लागि माग गरेको जनशक्ति उपलव्ध गराउनु शिक्षाको उद्देश्य हो । निकट भविष्यमा शिक्षासम्बन्धी विस्तृत विवरण र कार्यक्रम तयार गरी सोही बमोजिमको शिक्षा नीति लागू गरिने छ ।

प्रदूषण र दूषित खाद्यका कारण अहिले संक्रामक सरुवा रोगबाट मात्रै हैन, नसर्ने रोगको महामारीबाट समेत जनता पीडित छन् । उनीहरूको

प्रदूषण र दूषित खाद्यका कारण अहिले संक्रामक सरुवा रोगबाट मात्रै हैन, नसर्ने रोगको महामारीबाट समेत जनता पीडित छन् । उनीहरूको स्वास्थ्यका बारेमा चासो राख्नु राज्यको दायित्व हो । स्वास्थ्य भनेको अस्पताल र ट्याब्लेटमात्रै हैन, स्वच्छ हावापानी, स्वच्छ वातावरण, स्वच्छ खानपान, उचित आनिबानी र दिनचर्या पनि हो ।

स्वास्थ्यका बारेमा चासो राख्नु राज्यको दायित्व हो । स्वास्थ्य भनेको अस्पताल र ट्याब्लेटमात्रै हैन, स्वच्छ हावापानी, स्वच्छ वातावरण, स्वच्छ खानपान, उचित आनिबानी र दिनचर्या पनि हो ।

एकचोटि सोचौं - हिऊँ पग्लिएर हामीकहाँ ओखतीको जरा पस्वाल्दै पानी बग्छ । औषधि पस्वाल्दै पस्वाल्दै बगेको पानी स्वनिजसँग मिसिँदै मिनरल पानी हुँदै आउँछ । हाम्रो हावा र पानी यसरी औषधीय छ । जहाँको खानेकुरा स्वस्थकर र पवित्र छ, जहाँ प्रदूषण छैन, त्यहाँको मानिस आज रोगी ? जुन देशमा जडीबुटी छ, ढुंगा शिलाजित हुन्छ, माटो सिम्रिक हुन्छ, जुन देशमा उम्रिने झार यार्सागुम्बा, पाँच औंले, सञ्जीवनी हुन्छ, त्यस देशमा औषधिको अभावमा मान्छे मर्ने ? यो कसरी हुन्छ ? अब यो स्थितिको अन्त्य गर्नैपर्छ ।

तसर्थ, स्वास्थ्यको सन्दर्भमा नेपाललाई केही वर्षभित्र अर्गानिक नेपाल बनाइने छ ।

- नेपालको हावा- सही अर्थमा प्राण वायु
- नेपालको पानी - जीवन जल ।
- हाम्रो नीति उपचार केन्द्रित हैन - आरोग्यता केन्द्रित ।

गरीबीको रेखामुनि रहेका जनता, बालबालिका र ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइने छ । स्वास्थ्य शिक्षालाई नाफा कमाउने माध्यम बनाउन निरुत्साहित गरिनेछ ।

मौलिक अधिकारका रूपमा प्रत्याभूत आधारभूत स्वास्थ्यमा लगानी वृद्धि गरिने छ । स्थानीय सरकार र समुदायसँग मिलेर प्रत्येक गाउँपालिका र नगरपालिकामा कम्तीमा यो अधिकारको व्यावहारिक कार्यान्वयन गरिने छ । सबै नागरिकलाई अनिवार्य स्वास्थ्य वीमामा आबद्ध गरिनेछ ।

गरीबीको रेखामुनि रहेका जनता, बालबालिका र ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइने छ । स्वास्थ्य शिक्षालाई नाफा कमाउने माध्यम बनाउन निरुत्साहित गरिनेछ ।

भूकम्पपीडित, बाढी र पहिरो प्रभावित तथा घरबारविहीनहरूको पीडाको बारेमा म जानकार छु । तसर्थ, उनीहरूको आवासको हक सुनिश्चित गर्दै क्षतिग्रस्त भौतिक संरचना पुनर्निर्माणलाई तीव्रता दिइनेछ ।

कर्णाली प्रदेशको यो सुन्दर स्थानबाट सम्बोधन गरिरहँदा प्रथा र प्रचलनका नाममा हुने गरेका महिलाविरुद्धका केही घटनाहरू म स्मरण गरिरहेको छु । जेसुकै तर्क वा कारणबाट होस्, अब महिलाविरुद्ध हुने सबै किसिमका हिंसा र विभेदको प्रभावकारी ढंगले अन्त्य गरिने छ ।

- बालविवाह, बहुविवाहलाई पूर्णतः निषेध गरिने छ ।
- जातीय भेदभाव तथा छुवाछूत पूर्ण रुपमा उन्मूलन गरिनेछ ।

**हामीलाई थाहा छ – समाजमा दृष्टान्त कायम गर्ने माथिबाटै हो ।
नैतिक स्वच्छता कायम गर्न सरकारले आफैँबाट शुरु गर्ने छ ।
प्रधानमन्त्रीका रुपमा मैले यसको अगुवाइ गर्ने छु ।**

- कर्णालीलगायतका दुर्गम प्रदेशका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउन राज्यबाट विशेष कार्यक्रम लागू गरिनेछ ।
- तराई-मधेशमा व्याप्त गरीबी, अभाव र अविकासको समस्यालाई सम्बोधन गरिनेछ ।

हामीलाई थाहा छ - समाजमा दृष्टान्त कायम गर्ने माथिबाटै हो । नैतिक स्वच्छता कायम गर्न सरकारले आफैँबाट शुरु गर्ने छ । प्रधानमन्त्रीका रुपमा मैले यसको अगुवाइ गर्ने छु । म हाम्रा सबै मन्त्रीहरू, सांसदहरू र राष्ट्रसेवकहरूलाई आह्वान गर्छु - हामीले प्रकृतिको सुन्दर वरदानका रुपमा यो जीवन प्राप्त गरेका छौं । संयोगवश नेपालमा जन्मिन पाएका छौं र यसको राजनीतिक र प्रशासनिक क्षेत्रको नेतृत्वदायी स्थानमा आइपुग्न पाएका छौं । विरलै मान्छेलाई प्राप्त हुने यो अवसरको अधिकतम सदुपयोग गरौं । कुनै महत्वपूर्ण नीति तर्जुमा गरिरहेको बेला या कुनै निर्णय गर्न लागिरहेको बेला हामीले गाउँमा तर्तरी पसिना बगाइरहेका जनताको पीडालाई हेक्का राखौं, विदेशमा कष्टसाध्य परिश्रम गरिरहेका दाजुभाइ, दिदीबहिनीहरूको आँखामा झल्किरहेका आशालाई याद गरौं- गलत निर्णय गर्न हात काँप्ने छन् । क्षणिक स्वार्थका लागि गरिने भ्रष्टाचार र अनियमिता पछि खेप्नुपर्ने कानूनी र नैतिक दण्डका तुलनामा त्यसबाट अर्जित सुखसुविधाहरू क्षणिक हुन्छन् भन्ने कुरालाई सधैँभरि मनन गरौं ।

नयाँ इतिहास निर्माणको यस ऐतिहासिक बिन्दुको नेतृत्व गर्ने अवसर तपाईंहरूको अपार माया पाएर व्यक्तिगत रूपमा म, हाम्रो सरकार र वामपन्थी गठबन्धनलाई प्राप्त भएको छ । तीव्र रूपमा परिवर्तन भइरहेको विश्व, हाम्रै भूराजनीति र समग्र परिवेशले हामीलाई स्थायित्व र समृद्धिका दिशामा बेगका साथ अगाडि बढ्न आह्वान गरिरहेका छन् ।

अनेकौं आरोह-अवरोह, सफलता-विफलता र एकता-विभाजनका श्रृङ्खला पार गर्दै नेपाली राजनीति आज यस महत्वपूर्ण बिन्दुमा आइपुगेको छ । सामन्ती राज्यप्रणाली, निरंकुश शासन व्यवस्था, द्वन्द्व, अस्थिरता, संक्रमणकाल र भ्रष्टाचारलगायत अनेकौ कारक तत्वहरूले गर्दा मुलुकले आजसम्म विभिन्न पीडा भोग्न बाध्य भयो । अब इतिहासको पाना बदल्ने बेला भएको छ । संयोगवश, नयाँ इतिहास निर्माणको यस ऐतिहासिक बिन्दुको नेतृत्व गर्ने अवसर तपाईंहरूको अपार माया पाएर व्यक्तिगत रूपमा म, हाम्रो सरकार र वामपन्थी गठबन्धनलाई प्राप्त भएको छ । तीव्र रूपमा परिवर्तन भइरहेको विश्व, हाम्रै भूराजनीति र समग्र परिवेशले हामीलाई स्थायित्व र समृद्धिका दिशामा बेगका साथ अगाडि बढ्न आह्वान गरिरहेका छन् ।

निर्वाचनमा प्रतिस्पर्धा लोकतान्त्रिक प्रणालीको अपरिहार्य विशेषता हो । यस्तो प्रतिस्पर्धा राज्यसञ्चालनका लागि जनताबाट वैध आदेश प्राप्त गर्नका लागि हो । एकचोटि त्यस्तो जनादेश प्राप्त भएसँगै निर्वाचनकालीन प्रतिस्पर्धाको ठाउँ निर्माणमा सहकार्यले लिन्छ, लिनुपर्छ । निर्वाचनमा प्राप्त बहुमत दम्भ र वर्चस्वका लागि होइन । त्यसरी नै, प्रतिपक्षीको स्थान पनि अन्त्यहीन विरोध, असहयोग या कटुताका लागि होइन । म विनम्रताका साथ मुलुकमा क्रियाशील सबै राजनीतिक दलहरूलाई

निर्वाचनमा प्रतिस्पर्धा लोकतान्त्रिक प्रणालीको अपरिहार्य विशेषता हो । यस्तो प्रतिस्पर्धा राज्यसञ्चालनका लागि जनताबाट वैध आदेश प्राप्त गर्नका लागि हो । एकचोटि त्यस्तो जनादेश प्राप्त भएसँगै निर्वाचनकालीन प्रतिस्पर्धाको ठाउँ निर्माणमा सहकार्यले लिन्छ, लिनुपर्छ । निर्वाचनमा प्राप्त बहुमत दम्भ र वर्चस्वका लागि होइन ।

लोकतन्त्रको संस्थागत विकास, राष्ट्रियहित र समृद्धिका वृहत्तर विषयहरूमा समझदारीका साथ अगाडि बढ्न आह्वान गर्दछु ।

म तपाईँहरूलाई आत्मविश्वासका साथ भन्न चाहन्छु - पाँच वर्षपछि नयाँ निर्वाचनमा तपाईँहरूका अगाडि आइपुग्दा हाम्रा काम र उपलब्धिहरूले तपाईँहरूलाई आफ्नो अमूल्य मत सही ठाउँमा परेको रहेछ भन्ने विश्वास दिलाउने छन् । पाँच वर्षभित्रैमा देशको मुहार स्पष्ट अनुभूत हुने गरी बदलिने छ, सकारात्मक दिशामा । यसमा आश्वस्त हुन र नयाँ सरकारका काममा आवश्यक सुझाव, चासो र सहयोग पुऱ्याउनु हुन अनुरोध गर्दछु ।

●

मानव मस्तिष्कका अनगिन्ती सम्भावना हुन्छन्

उनीहरूले कल्पना गरे । सोचको विकास गरे । चिन्तन गरे र आविष्कार गरे । उनीहरूको ज्ञानले समयको परीक्षण पार गरेको छ । हाम्रो क्षेत्रले त्यस्ता धेरै प्रतिभाहरूलाई जन्माएको छ जसले मानवसभ्यतालाई प्रेरित गरे र अन्धकारबाट उज्यालोतर्फको मानवताको विकासक्रमलाई डोऱ्याए ।

मलाई मानार्थ विद्यावारिधि प्रदान गर्नुभएकोमा विश्वविद्यालयलाई धन्यवाद व्यक्त गर्दै म आफ्नो भनाई शुरू गर्न चाहन्छु । म यो सम्मानलाई गहिरो कृतज्ञताका साथ ग्रहण गर्दछु ।

कृषि शिक्षा, अनुसन्धान र अन्वेषणमा क्रान्तिको शुरुआत गर्ने एवं विशिष्टताको केन्द्रको रूपमा भारतीय कृषिशिक्षामा पुनर्जागरण कालको नेतृत्व गर्ने यस विश्वविद्यालयको सभामा निमन्त्रणा गर्नुभएकोमा म प्राध्यापक ए. के. मिश्रप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यहाँहरूका

सन्दर्भ : गोविन्द बल्लभ विश्वविद्यालय, पन्तनगर, भारतमा सम्बोधन (चैत २५, २०७४)

विश्वविद्यालय, पन्ना

हामीले त्यस्तो संसार निर्माण गर्नसक्छौँ जहाँ धनी र गरीब दुवै स्वस्थ जिन्दागी बिताउन सक्छन् र अझ राम्रो गर्न सक्छन् । हामीले कुनैपनि कारण कुनै किसिमको महामारीले मानव सम्भाव्यतालाई पराजित गर्ने वातावरण दिनुहुँदैन ।

साथमा आँफूलाई पाउँदा र विद्वत्वर्ग, कृषिवैज्ञानिक, प्राध्यापक एवं विद्यार्थीहरूको यस सम्मिलनलाई सम्बोधन गरिरहँदा म अत्यन्त प्रभावित भएको छु ।

म यहाँहरूसँग बोलिरहँदा एउटा कथाबाट शुरूआत गर्न चाहन्छु । यो तीनबर्षे एक बालकको कथा हो । ऊ क ख ग भन्दै नेपाली वर्णमाला सिक्न शुरू गर्दै थियो र उत्सुकताका साथ आफ्नो वरिपरिको संसारको अर्थ खोज्दै थियो । यही उत्सुकताका साथ उसले आफ्नी आमालाई देखेजतिका प्रत्येक नयाँ चीजका बारे प्रश्न सोध्ने गर्थ्यो । कहिले जवाफ पाउँथ्यो, कहिले पाउँदैनथ्यो । नयँ कुरा सिक्ने चाहनाको प्रत्युत्तरमा उसले कहिलेकाहीँ आमाका कथा र लोकभाका सुन्ने गर्थ्यो । आमा उसको लागि प्रेरणा थिइन् ।

परन्तु त्यस बालकको जिन्दगीमा नसोचेको घट्ना आइलाग्यो । भाग्यले नराम्रो पीडा दियो । सानै छँदा उसले आफ्नी आमा गुमाउनु पर्‍यो । बालकले पाउनुपर्ने माया र प्रेरणाको अन्त्य गर्दै बिफरको महामारीले उनको ज्यान लियो ।

त्यसबेला बालकले यो घटनाको अर्थ त्यति बुझेको थिएन । ऊ सानै र अबोध थियो जसलाई मृत्युको कारण थाहा हुँदैनथ्यो । उसले यही सुन्यो कि मृत्यु भगवानको इच्छा थियो, जसको छनौटमा उसकी आमालाई

मेरो दृढ विश्वास छ – शिक्षाले नै मानव पीडाको अन्त्य गर्न सहयोग गर्छ र रूपान्तरणको माध्यमको रूपमा कार्य गर्छ । शिक्षा, जसले मस्तिष्कमा जानकारीमात्र नभरेर विवेकको समेत निर्माण गर्छ र अन्वेषणलाई प्रेरित गर्छ ।

टिपेर लग्यो । बालकलाई भनियो कि रोगको कारण नराम्रो श्राप थियो र यसको उपचार मानव क्षमताले नभ्याउने थियो ।

तर किन ? थप प्रश्न बालकको दिमागमा रहिरह्यो ।

घटनाको छ दशकपछि सोही बालक आज परिपक्व मानिसमा रूपान्तरण भएको छ र नेपालको प्रधानमन्त्रीको रूपमा तपाईंहरूका अगाडि उभिएको छ । उसले भन्दै छ - मानवीय दुःखका अन्त्यका तरिकाहरू छन् । जनताको जीवन थप राम्रो, स्वस्थ र सम्पन्न बनाउने उपायहरू छन् । महामारीले कोमल स्नेह र न्यानोपन चाहिने अवस्थाका बालकका आमाहरूलाई अल्पायुमा नलैजाओस् भन्नका लागि कठिन संघर्ष गर्नुपर्ने हुनसक्छ, तर म दृढ विश्वासका साथ भन्नसक्छु - हामीले त्यस्तो संसार निर्माण गर्नसक्छौँ जहाँ धनी र गरीब दुवै स्वस्थ जिन्दागी बिताउन सक्छन् र अझ राम्रो गर्न सक्छन् । हामीले कुनैपनि कारण कुनै किसिमको महामारीले मानव सम्भाव्यतालाई पराजित गर्ने वातावरण दिनुहुँदैन । मलाई लाग्छ - मेरी आमा जीवित हुनुभएको भए आजको विकासक्रम देखेर खुशीले गद्‌गद् हुनुहुन्थ्यो होला ।

मेरो दृढ विश्वास छ - शिक्षाले नै मानव पीडाको अन्त्य गर्न सहयोग गर्छ र रूपान्तरणको माध्यमको रूपमा कार्य गर्छ ।

नयाँ सम्भावनाहरूलाई हुर्काउने र संभार गर्ने एवम् समृद्धिको नाउ खियाउने प्रकृतिको क्षमता पनि उत्तिकै सम्पन्न छ । शिक्षित मस्तिष्क त्यो शक्ति हो जसले प्रकृतिको यही सम्भावनालाई खुल्ला गरिदिन्छ र प्राकृतिक प्रचुरताको उपयोग गर्ने क्षमता प्रदान गर्छ ।

शिक्षा, जसले मस्तिष्कमा जानकारीमात्र नभरेर विवेकको समेत निर्माण गर्छ र अन्वेषणलाई प्रेरित गर्छ ।

शिक्षा, जसले आत्मालाई जगाउँछ, विद्वतालाई साक्षातकार गराउँछ र मानव मस्तिष्कलाई आकार प्रदान गराउँछ ।

मानव मस्तिष्कका अनगिन्ती सम्भावना हुन्छन् । मानव मस्तिष्क त्यो भाग हो जहाँ असीमित कल्पना, अन्वेषण र आविष्कारका सम्भावनाको बासस्थान हुन्छ । शिक्षा त्यो साँचो हो जसले मानव मस्तिष्कका सम्भावनाहरूलाई पूर्णरूपमा उजागर गर्छ र प्रतिभाका नयाँ परिदृश्यलाई खुल्ला गर्छ ।

नयाँ सम्भावनाहरूलाई हुर्काउने र संभार गर्ने एवम् समृद्धिको नाउ खियाउने प्रकृतिको क्षमता पनि उत्तिकै सम्पन्न छ । शिक्षित मस्तिष्क त्यो शक्ति हो जसले प्रकृतिको यही सम्भावनालाई खुल्ला गरिदिन्छ र प्राकृतिक प्रचुरताको उपयोग गर्ने क्षमता प्रदान गर्छ ।

प्रत्येक व्यक्तिसँग विशिष्ट चाहना र सामर्थ्य हुन्छ । ऊसँग अनुपम योग्यता र क्षमता हुन्छ । उसलाई सीप विकास गर्ने र सोको उच्चतम उपयोग गर्नसक्ने उपयुक्त अवसर प्रदान गर्ने दायित्व राज्यमाथि हुन्छ । मानव संसाधनको उपलब्धताको लेखाजोखा गर्नु र मानिसका प्रतिभाको उपयोग गर्नु सरकारको जिम्मेवारी हो ।

प्रत्येक व्यक्तिसँग विशिष्ट चाहना र सामर्थ्य हुन्छ । ऊसँग अनुपम योग्यता र क्षमता हुन्छ । उसलाई सीप विकास गर्ने र सोको उच्चतम उपयोग गर्नसक्ने उपयुक्त अवसर प्रदान गर्ने दायित्व राज्यमाथि हुन्छ ।

आफूसँग भएको ज्ञान समाज र समग्र राष्ट्रको हितमा प्रयोग गर्नु व्यक्तिको पनि कर्तव्य हुनजान्छ । कुनै शंका छैन - शिक्षाले व्यक्तिलाई थप असल बनाउँछ । तथापि, यसको दायरा त्यसैमा सीमित रहँदैन । शिक्षा राष्ट्रनिर्माणको प्रमुख आधार हो ।

हाम्रा पुर्खाहरूसँग रहेको ज्ञान र विवेकको धरोहर विशाल छ । हाम्रा पुर्खाहरू शिक्षा र अन्वेषणका अग्रणी थिए । उनीहरू कला, संस्कृति र साहित्यका मुख्य व्यक्तित्व थिए । उनीहरूको मिहिनेत र समर्पणबाट नै हाम्रो सभ्यताको दरिलो आधारस्तम्भ तयार भएको छ - जुन प्रेरणादायी आविष्कार, सृजनात्मक तीक्ष्णता र अन्वेषण क्षमताले ओतप्रोत छ । हाम्रै क्षेत्र हो जसले विद्वान् ऋषिमुनि, साधुसन्त, महान् दार्शनिक एवम् सत्यको खोजीकर्तालाई जन्माएको छ, जसले मानवसभ्यताको ज्योतिलाई एसियाबाट बाँकी संसारमा फैलाएका थिए ।

हाम्रा पुर्खाले संसारलाई वेद, उपनिषद्, योग, आयुर्वेद, ब्याकरण र भाषाविज्ञानको गहन ज्ञान प्रदान गरेका छन् । उनीहरूले संसारलाई गणित र बीजगणितको उपहार दिएका छन् । मानवसंसारलाई अहिंसाको अनन्त पाठ पढाएका छन् । हाम्रा पुर्खाहरूले अन्वेषण गर्न बाँकी रहेका ज्ञानका क्षेत्र वा शाखा शायदै कुनै होलान् । शाब्दिक रूपमै भन्ने हो भने, उनीहरूले मानवोपयोगिता जाँच गर्न विरूवाका प्रत्येक पातको परीक्षण र प्रयोग गरेका छन् । हामी त केबल हाम्रा पुर्खाहरूले विभिन्न क्षेत्रमा गरेका अनुसन्धान र अन्वेषणको विरासतलाई अघि बढाइरहेका छौं ।

आज हामी बाँच्ने संसार थप उत्तम छ तर यसबाट हामी अतिसन्तुष्टिमै भुलिरहनु हुँदैन । संसारले आफ्ना सम्भावनालाई उजागर गर्न र मानव तीक्ष्णताका सम्भावनाको उपयोग गर्न थप धेरै काम बाँकी छ । धेरै रोगहरूको उपचार पहिल्याउन बाँकी छ । बाधाहरू पार गर्न बाँकी छ । र, फेरि पनि काम गर्न बाँकी छ ।

उनीहरूले कल्पना गरे । सोचको विकास गरे । चिन्तन गरे र आविष्कार गरे । उनीहरूको ज्ञानले समयको परीक्षण पार गरेको छ । हाम्रो क्षेत्रले त्यस्ता धेरै प्रतिभाहरूलाई जन्माएको छ जसले मानवसभ्यतालाई प्रेरित गरे र अन्धकारबाट उज्यालोतर्फको मानवताको विकासक्रमलाई डोऱ्याए ।

ज्ञान र अन्वेषणको विकासक्रमको सिलसिलामा हाम्रा पुर्खाहरूको नाम उज्वल छ । ज्ञानको त्यस चिरागलाई उच्च राख्ने र प्रकाश फैलाउने जिम्मेवारी अब हाम्रो हो । ज्ञानको धरोहर जीवित राख्ने र अघि बढ्ने एवम् हाम्रा पुर्खाहरूबाट प्राप्त अनुवंशिक स्मृतिको अन्वेषण र विकास गर्ने जिम्मेवारी हाम्रो हो ।

हाम्रो समयमा प्रविधिको परिवर्तन र विकासमा भएको धरातलीय रूपान्तरण हाम्रो संसारले देख्वेको छ । औद्योगिक विकासमा अचम्मलाग्दो फड्को मारिएको छ । गरीबीको अवस्था उल्लेख्य रूपमा घटेको छ । मानव विकासका सूचाकांक सुधारिएका छन् । सरूवा रोग र महामारीबाट हुने मृत्यु घटेको छ । विद्यालय भर्ना बढेको छ । हाम्रा अगाडि अवसरहरू प्रशस्त छन् ।

तथापि चुनौती धेरै छन् । आज हामी बाँच्ने संसार थप उत्तम छ तर यसबाट हामी अतिसन्तुष्टिमै भुलिरहनु हुँदैन । संसारले आफ्ना सम्भावनालाई उजागर गर्न र मानव तीक्ष्णताका सम्भावनाको उपयोग

शिक्षाजस्तै, कृषि हाम्रो अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा रहेको छ । यो क्षेत्र आम्दानी र रोजगारीको मुख्य श्रोत हो । हाम्रो क्षेत्रका अन्य भागमा जस्तै नेपालमा खाद्यान्न र पोषण सुरक्षाको प्रत्याभूतिमा यसले आधारभूत भूमिका खेल्छ ।

गर्न थप धेरै काम बाँकी छ । धेरै रोगहरूको उपचार पहिल्याउन बाँकी छ । बाधाहरू पार गर्न बाँकी छ । र, फेरि पनि काम गर्न बाँकी छ ।

विकासको फल सबैमा बाँडियोस्, विकासका जरा दिगो र समावेशी होऊन् र पूर्वाधारमा गरिने लगानीद्वारा विकासका अवरोधहरु हटुन् भन्ने प्रत्याभूति गर्ने जिम्मेवारी हामीमा छ ।

जब हामी यी मुद्दाहरूलाई सम्बोधन गर्ने प्राथमिकतामा ध्यान केन्द्रित गर्छौं, तव प्राविधिक शिक्षामा लगानी गर्ने प्रयासलाई दुई गुना बढाउनुपर्ने हुन्छ । हाम्रा शैक्षिक संस्थाहरूले बढीभन्दा बढी अन्वेषक, अविष्कारक एवम् उद्यमी उत्पादन गर्ने केन्द्रका रूपमा जिम्मेवारी निभाउनु पर्छ ।

शिक्षाजस्तै, कृषि हाम्रो अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा रहेको छ । यो क्षेत्र आम्दानी र रोजगारीको मुख्य श्रोत हो । हाम्रो क्षेत्रका अन्य भागमा जस्तै नेपालमा खाद्यान्न र पोषण सुरक्षाको प्रत्याभूतिमा यसले आधारभूत भूमिका खेल्छ । हाम्रो करिब ६५% जनसंख्या कृषिमा निर्भर छ र कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान ३३% छ । दिगो एवम् उच्च प्रतिफलयुक्त कृषि राष्ट्रिय विकास कार्यसूचीको प्राथमिकतामा छ ।

प्रविधिमा भएको प्रगतिको उपयोग साथसाथै परम्परागत ज्ञान र अनुवंशिक श्रोतसाधनको उच्चतम प्रयोगद्वारा नेपालको कृषि क्षेत्रलाई रूपान्तरण

नेपाल र भारतबीचको नजिकको सहकार्यले बजारको विस्तारद्वारा कृषि क्षेत्रको विकासमा मद्दत पुग्नसक्छ । उन्नत बीउ, सिँचाइ, माटो विकास, यान्त्रिकीकरण र कृषिबाली विविधीकरणजस्ता क्षेत्रमा हामी सँगै काम गर्नसक्छौँ ।

गर्न नेपाल सरकार कटिबद्ध छ । जीवन्त, कुशल र प्रभावकारी राष्ट्रिय कृषि अनुसन्धानद्वारा निर्देशित विज्ञानमा आधारित कृषि क्षेत्रको वृद्धिका लागि कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि शिक्षा र प्राविधिक सहयोग अत्यावश्यक हुन्छ ।

अनुवंशिक स्मृतिको संरक्षण गर्दै प्रविधि विकासको उपयोगद्वारा यो उद्देश्य प्राप्तिमा गोविन्द वल्लभ विश्वविद्यालयजस्ता शिक्षण संस्थाहरूले योगदान गर्न सक्छन् । जुनसुकै चीज फरक मानिसका लागि फरक देखिन्छ । अनुवंशिक स्मृतिको महत्व मूल्य वा गुणका आधारमा वस्तुको पहिचान गर्नसक्ने व्यक्तिको क्षमतामा निर्भर गर्दछ । सरल उदाहरणका रूपमा रूखको जरालाई लिनुहोस् । केहीले यसलाई मूल्यहीन, सामान्य जराका रूपमा हेर्नसक्छन् तर अन्यले यसलाई फरक तरिकाले महत्वपूर्ण चिकित्सकीय मूल्यसहितको वस्तुको रूपमा हेर्नेछन् । त्यही कारणले अनुवंशिक स्मृति सृजनशीलता र अन्वेषणको केन्द्रमा रहेको हुन्छ ।

नेपाल र भारतबीचको नजिकको सहकार्यले बजारको विस्तारद्वारा कृषि क्षेत्रको विकासमा मद्दत पुग्नसक्छ । उन्नत बीउ, सिँचाइ, माटो विकास, यान्त्रिकीकरण र कृषिबाली विविधीकरणजस्ता क्षेत्रमा हामी सँगै काम गर्नसक्छौँ ।

प्राधानमन्त्रीका रूपमा थप जिम्मेवारीकासाथ नेपालमा स्थायित्वको नयाँ युगको नेतृत्व गर्ने अवसर र प्रतिबद्धता ममा छ । यो जिम्मेवारी,

प्राधानमन्त्रीका रूपमा थप जिम्मेवारीकासाथ नेपालमा स्थायित्वको नयाँ युगको नेतृत्व गर्ने अवसर र प्रतिबद्धता ममा छ । यो जिम्मेवारी, जसले आर्थिक रूपान्तरणलाई केन्द्रमा राख्छ र मानव मस्तिष्क एवम् प्राकृतिक साधनश्रोतयुक्त अवस्थाबाट सृजित सम्भावनालाई उजागर गर्छ ।

जसले आर्थिक रूपान्तरणलाई केन्द्रमा राख्छ र मानव मस्तिष्क एवम् प्राकृतिक साधनश्रोतयुक्त अवस्थाबाट सृजित सम्भावनालाई उजागर गर्छ । त्यसकारण, हामी बीचका साझा मुद्दामा अध्ययन र अनुसन्धानका लागि गोविन्द बल्लभ पन्त कृषि तथा प्रविधि विश्वविद्यालय र नेपालका विश्वविद्यालयहरूका बीचमा थप सहकार्य प्रवर्द्धन गर्नुपर्ने आवश्यक्तामा म जोड दिन्छु । मलाई आशा छ - हामीले यसलाई हाम्रा दुई मित्रवत मुलुकका बीच हुने उन्नतस्तरको सहयोगमा पूरा गर्नसक्छौँ र हामी एक अर्काको उन्नतिबाट फाइदा लिनसक्छौँ ।

●

क्रान्तिकारी आदर्श ओइलाएर जाने छैनन्

आज विश्व परिवर्तन गर्न सक्ने विचार विगतको विश्व परिवर्तन गर्ने विचारभन्दा धेरै फरक हुँदैन । यो त रूपान्तरण, समायोजन र पुनर्संमायोजनको निरन्तर प्रक्रिया हो । समाजवादका हाम्रा अनुपम र विशिष्ट प्रतिमानहरू त्यही प्रकृतिका सिर्जनात्मक परिवर्तन र समायोजनका दृष्टान्त हुन् ।

आजको मेरो प्रवचनमा सुशासन र समृद्धिका लागि राजनीतिक दलले महत्वपूर्ण भूमिका खेल्नुपर्ने चारवटा मुख्यमुख्य विषयहरू समेट्नेछु । ती हुन् - नवीन र सिर्जनात्मक विचार प्रतिपादन गर्न पार्टी स्कूलको भूमिका, असल शासन र समृद्धि प्रत्याभूत गर्न राजनीतिक दलले लिनुपर्ने नेतृत्वदायी पहलकदमी, क्रान्तिको अगुवाइ एवम् समृद्धिको अगुवाइ गर्ने क्रममा हाम्रा आफ्नै अनुभव तथा विश्वसन्दर्भमा आजको साम्यवादी आन्दोलन । अन्त्यमा, नेपाल- चीन मैत्री तथा सहयोगात्मक सम्बन्धका आधार भूत स्तम्भका बारेमा पनि छोटो मन्तव्य राख्नेछु ।

सन्दर्भ : चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय पार्टी स्कूल, बेइजिङमा सम्बोधन (असार ७, २०७५)

Party in Prosperity
018.06.21
校（国家行政学院）
PS（CAG）
卡·普·夏尔马·奥利
K.P.Sharma Oli
何毅亭
He Yiting

समाजवादको निर्माण आफसेआफ हुने होइन । खासमा यसका लागि सुनियोजित, सुसंगठित र सुसंकल्पित अभियानको आवश्यकता पर्दछ । र, यो उद्देश्य प्राप्तिका लागि उपयुक्त दार्शनिक दृष्टिकोणका साथै एकचित्तको संकल्प पनि चाहिन्छ । त्यसैले पार्टी स्कूलको अहम् भूमिका रहन्छ ।

१. पार्टी स्कूल : नवीन विचारको केन्द्र

साम्यवादी आन्दोलनमा पार्टी स्कूलको विशेष महत्व हुन्छ । यो त्यस्तो केन्द्र हो जहाँ नवीन र सिर्जनात्मक विचारको अङ्कुरण हुन्छ । नयाँ पुस्ताका कार्यकर्ताको अभिमुखीकरण एवम् विचारधारात्मक सचेतना र सामूहिक विवेकको अन्तरघुलनबाट नवीन सहक्रियाको उत्पत्तिजस्ता काम पनि त्यहीँ हुने गर्दछन् । समाजवादको निर्माण आफसेआफ हुने होइन । खासमा यसका लागि सुनियोजित, सुसंगठित र सुसंकल्पित अभियानको आवश्यकता पर्दछ । र, यो उद्देश्य प्राप्तिका लागि उपयुक्त दार्शनिक दृष्टिकोणका साथै एकचित्तको संकल्प पनि चाहिन्छ । त्यसैले पार्टी स्कूलको अहम् भूमिका रहन्छ ।

चीनको उदीयमान नेतृत्ववर्गलाई दिग्दर्शन गर्ने भूमिका कुशलतापूर्वक निर्वाह गरेकामा चिनियाँ कम्युनिष्ट पार्टीको पार्टी स्कूलको म सराहना गर्न चाहन्छु । नवीन विचारको बीजारोपण तथा नीतिगत सुझावको उद्बोधन गर्न पुऱ्याएको योगदानका लागि पार्टी स्कूल धन्यवादको भागी छ । आफ्ना नौ करोड सदस्यहरू सबै विचारधारात्मक र सांगठनिक रूपले बलिया भएकाले नै चिनियाँ कम्युनिष्ट पार्टी दरिलो हुनसकेको हो ।

म विश्वस्त छु - नवीन विचारधाराको अङ्कुरण गराउन एवम् कार्यकर्ताका नयाँनयाँ समूहहरूमा समुचित प्रशिक्षणका माध्यमबाट सुस्पष्ट समाजवादी

आजसम्म राजनीतिक दलको इतिहास भनेकै खासमा संघर्ष र क्रान्तिको इतिहास हो । ती सबै संघर्षको उद्देश्य भने एउटै थियो, असल शासन र समृद्धिका प्रति जनताको चिरकालदेखिको आकांक्षालाई फलिभूत पार्नु ।

दृष्टिकोणको अनुशीलन गराई भविष्यमा उत्पन्न हुनसक्ने चुनौतीहरूको सामना गर्नसक्ने गरी सुसज्जित गर्न पार्टी स्कूलले थप फड्को मार्ने छ ।

२. राजनीतिक दल : असल शासन र समृद्धि प्रवर्द्धनका मूल तत्व

अठारौँ र उन्नाइसौँ शताब्दीका सामन्तवादविरोधी प्रजातान्त्रिक क्रान्तिसँगै राजनीतिक दलहरूको उदय भएको हो ।

यसक्रममा राजनीतिक दलहरूले तय गर्नुपरेको यात्रा सहज थिएन । राजनीतिक स्वतन्त्रता हासिल गर्न विभिन्न स्वरूपका निरंकुश सत्ताका विरुद्ध तिनले लामो संघर्ष गर्नुपऱ्यो । त्यसकारण आजसम्म राजनीतिक दलको इतिहास भनेकै खासमा संघर्ष र क्रान्तिको इतिहास हो । ती सबै संघर्षको उद्देश्य भने एउटै थियो, असल शासन र समृद्धिका प्रति जनताको चिरकालदेखिको आकांक्षालाई फलिभूत पार्नु ।

सरकार आफैँमा साध्य होइन । साम्यवादी, समाजवादी वा जुनसुकै स्वरूपका वामपन्थी वा काम गरेर खाने वर्गका हामी प्रतिनिधिका लागि सरकार केवल जनताको सेवा गर्ने, जनहितका लागि समाजको रूपान्तरण गर्ने तथा जनतामाझ असल शासन उपलब्ध गराउने एउटा साधनमात्र हो ।

विकास, समृद्धि तथा असल शासनको साँचो राजनीतिक दलले नै लिएका हुन्छन् । अग्रपंक्तिका खेलाडी राजनीतिक दल नै हुन् ।

विकास, समृद्धि तथा असल शासनको साँचो राजनीतिक दलले नै लिएका हुन्छन् । अग्रपंक्तिका खेलाडी राजनीतिक दल नै हुन् । तिनीहरू मुलुकको वर्तमान राजनीतिक यात्रालाई हाँक्ने काम मात्र होइन, भविष्यको दिशानिर्देश पनि गर्ने गर्दछन् ।

तिनीहरू मुलुकको वर्तमान राजनीतिक यात्रालाई हाँक्ने काम मात्र होइन, भविष्यको दिशानिर्देश पनि गर्ने गर्दछन् ।

राजनीतिक दल, असल शासन र समृद्धिबीचको गतिशीलता र अन्तरसम्बन्ध बुझ्न चीनभन्दा अझ बढी सटीक अर्को दृष्टान्त हुनसक्दैन । मुलुकको विकास परिदृश्यको रूपान्तरणमा चिनियाँ कम्युनिष्ट पार्टीको भविष्यदृष्टि र नेतृत्वदायी भूमिकाको अहम् महत्व रहेको छ ।

विगत वर्षहरूमा चीनले हासिल गरेको अभूतपूर्व आर्थिक वृद्धि र विकासको गति देख्दा हामी अति प्रसन्न छौँ । राष्ट्रपति सी जिनपिङको नेतृत्वमा चिनियाँ विशेषतासहितको समाजवादको संरचनाभित्र चीनले गरिरहेको प्रगतिको हामीले नजिकबाट साक्षात्कार गरिरहेका छौँ । म यस कुरामा विश्वस्त छु - यहाँहरूका दुइटा शताब्दी लक्ष्यले चिनियाँ पुनर्जागरणको स्वप्न हासिल गर्न बलियो जग बसाल्ने छन् । अनि, तपाईँहरूको त्यो सपना पूरा भएपछि विश्वभरिकै समाजवादी आन्दोलनमा ठूलो प्रभाव पर्नेछ ।

कमरेड सी जिनपिङले 'बाघ' र 'झिँगा'विरुद्ध लड्ने आफ्नो अविचलित दृढसंकल्पलाई पुनःपुष्टि गर्दै पार्टीको शुद्धताउपर दिनुभएको प्रबल जोड एवम् पार्टीको कार्यकर्ता पंक्तिलाई इमानदारीका साथ जनताको सेवा गर्न दिनुभएको कडा निर्देशनले असल शासनका लागि चिनियाँ कम्युनिष्ट पार्टीको प्रस्ट दृष्टिकोण झल्काउँछ ।

क्रान्तिको नेतृत्व गरेरमात्र होइन समृद्धि हासिल गर्ने जनताको चिरकालदेखिको सपना पूर्ण गरेर चिनियाँ कम्युनिष्ट पार्टीले इतिहास रचेको छ । संसारभरि जहाँसुकैका काम गरी खाने वर्गका लागि यो सर्वथा प्रेरणादायी कुरा हो ।

चिनियाँ दृढसंकल्प वास्तवमै प्रेरणादायी छ । साम्यवादी दलले क्रान्तिसम्म गर्नसक्छन् तर विकास गर्न सक्दैनन् भनेर बुर्जुवा शक्तिहरूले प्रचार गर्ने गरेका छन् । त्यस प्रचारलाई चिनियाँहरूले झूटो साबित गरिदिएका छन् ।

क्रान्तिको नेतृत्व गरेरमात्र होइन समृद्धि हासिल गर्ने जनताको चिरकालदेखिको सपना पूर्ण गरेर चिनियाँ कम्युनिष्ट पार्टीले इतिहास रचेको छ । संसारभरि जहाँसुकैका काम गरी खाने वर्गका लागि यो सर्वथा प्रेरणादायी कुरा हो ।

३. नेपाली साम्यवादी आन्दोलन : क्रन्ति तथा समृद्धिको अगुवाइ

नेपाली जनताको राजनीतिक संघर्ष र आन्दोलनको लामो गौरवशाली परम्परा रहिआएको छ । शुरुशुरुका दिनमा ती संघर्षहरू मुलुकको एकीकरणका लागि तथा बेलायती साम्राज्यवादी आक्रमणविरुद्ध देशभक्तिपूर्ण आन्दोलनका रूपमा देखापरे । प्रस्टरूपमा राजनीतिक मार्ग लिनुअघि ती आन्दोलनहरू अनुदारवादी परम्परा, अन्धविश्वास र भेदभावविरुद्ध सामाजिक सुधार र मानवतावादी संघर्षका स्वरूपमा देखापरे । समयक्रममा, संघर्षका ती स्वरूपहरू बिस्तारै एकतन्त्रीय राणाशासनविरुद्ध प्रजातान्त्रिक आन्दोलनका रूपमा एकै ठाउँमा आइपुगे । ती सबै भँगालाहरूको विरासतबाट नेपालको साम्यवादी आन्दोलन जन्मिएको हो ।

सन् १९८० को दशकबाट भने नेपालको समाजवादी आन्दोलनको विशिष्ट मार्गबारे गम्भीर विचारधारात्मक छलफल शुरु भयो । फलस्वरूप, हामीले कमरेड मदन भण्डारीको नेतृत्वमा नेपाली क्रान्तिको आफ्नै विशिष्ट एवम् सिर्जनात्मक बाटो प्रतिपादन गर्‌यौं ।

गरिखाने वर्गको प्रतिनिधिका रूपमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना सन् १९४९ मा भएको हो । त्यसका निम्नानुसारका प्रस्ट उद्देश्य थिए : मार्क्सवाद - लेनिनवादले देखाएको बाटोअनुरूप सामन्तवाद उन्मूलन गरी जनवाद स्थापना गर्ने, राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्ने, साम्राज्यवादी तथा प्रभुत्ववादी हस्तक्षेपको विरोध गर्ने र समानतामूलक, न्यायपूर्ण एवं समृद्ध समाजवादी समाजको स्थापना गर्ने ।

नेपालको सत्तरी वर्ष लामो साम्यवादी आन्दोलनले धेरै आरोह-अवरोह ब्यहोरेको छ । राणाशासन फ्याँक्न नेपाल कम्युनिष्ट पार्टीले महत्वपूर्ण भूमिका खेलेको थियो । सन् १९५० को दशकमा यस पार्टीले किसान आन्दोलनको नेतृत्व, विदेशी हस्तक्षेपको विरोध एवं जनअधिकारका लागि संघर्ष पनि गऱ्यो । सन् १९६० को दशकमा भने पार्टीले विभाजन र विघटनका पीडादायी श्रृंखलाहरू ब्यहोर्नु पऱ्यो । सन् १९७० को दशकको शुरुआतमा उठेको झापा विद्रोहले राजतन्त्रका विरुद्ध साहसिक आन्दोलनको शंखघोष गरेर नयाँ विचारको जगमा कम्युनिष्ट पार्टीको निर्माण र एकीकरणको अभियान शुरु गऱ्यो । सन् १९८० को दशकबाट भने नेपालको समाजवादी आन्दोलनको विशिष्ट मार्गबारे गम्भीर विचारधारात्मक छलफल शुरु भयो । फलस्वरूप, हामीले कमरेड मदन भण्डारीको नेतृत्वमा नेपाली क्रान्तिको आफ्नै विशिष्ट एवम् सिर्जनात्मक बाटो प्रतिपादन गर्‌यौं ।

जनताको बहुदलीय जनवादको विचारधाराले नेपाली साम्यवादी आन्दोलनलाई लोकप्रिय बनाउन प्रचुर योगदान गर्‌यो । यसको श्रेय निश्चित रूपले जननेता मदन भण्डारीद्वारा प्रवर्तित विचारधारालाई नै जान्छ ।

हामीले नेपालमा जनताको बहुदलीय जनवाद प्रतिपादन गर्ने बेला अन्तर्राष्ट्रिय साम्यवादी आन्दोलन भने ठूलो उथलपुथलमा फसेको थियो । सशस्त्र संघर्षको बाटोमा लागेका साम्यवादी दलहरू व्यापक क्षतिको सामना गर्दै पछि हट्दै थिए । साम्यवादी आन्दोलनले प्रस्टरूपमा नयाँ प्रश्न र चुनौतीको सामना गरिरहेको थियो । तर मार्क्सवादबाट किञ्चित्मात्र पनि विचलित हुनु वा मार्क्सवादको परित्याग गर्नु ती प्रश्नको सही जवाफ हुने थिएन । न त शास्त्रीय पुस्तकहरूको रूढिवादी पाठले नै नयाँ युगका ती समस्या र सवालको समाधान गर्न सघाउँथ्यो । तसर्थ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै हामीले नेपाली समाजका विशिष्ट चरित्रउपर ध्यान केन्द्रित गरेर तदनुरूप मार्क्सवादको नौलो अभ्यास गर्‍यौं ।

यस्तो अभ्यासले नेपाली समाजमा असाधारण छाप छाड्न थाल्यो । नेपालमा साम्यवादी आन्दोलन झन्झन् लोकप्रिय हुँदै गयो । सन् १९९४-१९९५ को आम निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीले सबैभन्दा ठूलो दलका रूपमा उदाएर छोटो समयकै लागि भएपनि सर्वथा सफल र प्रगतिशील सरकार चलाउनसक्यो । जनताको बहुदलीय जनवादको विचारधाराले नेपाली साम्यवादी आन्दोलनलाई लोकप्रिय बनाउन प्रचुर योगदान गर्‍यो । यसको श्रेय निश्चित रूपले जननेता मदन भण्डारीद्वारा प्रवर्तित विचारधारालाई नै जान्छ ।

राजनीतिक स्थिरता र आर्थिक समृद्धिका लागि सरकार सञ्चालन गर्न हामीले जनादेश पाएका छौँ । तसर्थ, आर्थिक विकासको प्रयासमार्फत 'समृद्ध नेपाल–सुखी नेपाली' को आदर्श प्राप्तिका लागि अहिले सरकारले आफ्ना सम्पूर्ण ध्यान केन्द्रित गरेको छ ।

अहिले, संघीय संसदका साथै सातमध्ये छ वटा प्रदेश तथा अधिकांश स्थानीय तहमा नेपाल कम्युनिष्ट पार्टीको पुगनपुग दुई तिहाइ बहुमत छ । ५३ प्रतिशतभन्दा बढी जनमत प्राप्त गरेर नेकपा एक शक्तिशाली राजनीतिक आधारशिला भएको दलका रूपमा स्थापित भएको छ । राजनीतिक स्थिरता र आर्थिक समृद्धिका लागि सरकार सञ्चालन गर्न हामीले जनादेश पाएका छौँ । तसर्थ, आर्थिक विकासको प्रयासमार्फत 'समृद्ध नेपाल-सुखी नेपाली' को आदर्श प्राप्तिका लागि अहिले सरकारले आफ्ना सम्पूर्ण ध्यान केन्द्रित गरेको छ ।

हाम्रो गन्तव्य स्पष्ट छ - नेपाली विशिष्टतासहितको समाजवाद निर्माण गर्ने । हाम्रा प्राथमिकताहरू पनि प्रस्ट छन् - राष्ट्रियताको प्रवर्द्धन, प्रजातन्त्रको संस्थागत विकास, सामाजिक सामञ्जस्यताको आधारशिलामा राष्ट्रिय एकताको सबलीकरण, सबै प्रकारका भेदभाव, असमानता र दमनको समूल नाश गरी सामाजिक न्याय एवम् समानताको प्राप्ति, तथा शीघ्रातिशीघ्र आर्थिक विकास तथा समृद्धि । जवाफदेहिता, पारदर्शिता, स्वच्छता र भ्रष्टाचार निर्मूलनजस्ता सुशासनका प्रमुख आधारहरूमा हामीले विशेष जोड दिँदै आएका छौँ ।

हाम्रा नीति तथा कार्यक्रम समाजवादको आधारशिला खडा गर्ने दिशाउपर उन्मुख छन् । प्रजातान्त्रिक प्रतिस्पर्धाको शान्तिपूर्ण माध्यमबाट जनसरकारको स्थापना गर्ने हाम्रो दीर्घदृष्टि हो । हाम्रा दुई देशका आ-आफ्नै वस्तुगत परिस्थिति भएकाले समाजवाद अनुसरण गर्ने हाम्रा आ-

आजको विश्वमा अन्तर्मुखी प्रवृत्ति झाँगिदै जाँदैछ । सिद्धान्त तथा विचारधाराका आधारभूत लक्ष्यलाई पहिचानको राजनीतिले क्षयीकरण गर्दो छ । जातीय र सांस्कृतिक मुद्दाले महत्व पाई वर्गसंघर्षको चरित्र र मर्ममाथि नै प्रहार हुन थालेको छ ।

आफ्नै तरिका छन् भन्ने मलाई लाग्दछ । अपितु, हाम्रा लक्ष्य, उद्देश्य तथा रणनीतिमा धेरै समानताहरू पनि छन् । विकासका आकांक्षाहरू हाम्रा समान सोचबाट निसृत भएका हुन् । अझ महत्वपूर्ण कुरा त के हो भने वञ्चित, शोषित-पीडित र विपन्न जनतालाई माथि उकास्ने कुरामा हामी एउटै साझा भावनाबाट उत्प्रेरित छौँ ।

४. विश्व सन्दर्भमा साम्यवादी आन्दोलनको अवस्था

समकालीन विश्व रङ्गमञ्च द्वन्द्व, अन्तरविरोध र विरोधाभासले रङ्गिएको छ । साथै, आजको विश्वमा अन्तर्मुखी प्रवृत्ति झाँगिदै जाँदैछ । सिद्धान्त तथा विचारधाराका आधारभूत लक्ष्यलाई पहिचानको राजनीतिले क्षयीकरण गर्दो छ । जातीय र सांस्कृतिक मुद्दाले महत्व पाई वर्गसंघर्षको चरित्र र मर्ममाथि नै प्रहार हुन थालेको छ ।

यो विश्वव्यापी यथार्थका माझ, संसारभरिका साम्यवादी र समाजवादी आन्दोलन विविध स्वरूप र संरचनाका माध्यमबाट विकसित हुँदै जाँदैछन् । ती सबै आन्दोलन क्रान्तिको एउटै चरणमा छैनन् । कसैले समाजवादी क्रान्ति सम्पन्न गरिसकेका छन् भने कतिपयले राजनीतिक उपलब्धि हासिल गरे पनि आर्थिक लक्ष्य प्राप्त गरिसकिसकेका छैनन् । कतिपयचाहिँ समाजवादको सपना पूरा गर्न जनपरिचालन गर्ने चरणमा छन् ।

अध्यक्ष माओले भनेझैँ शत्रुले परास्त गर्न नसकेका सहयोद्धाहरू विलास, अकर्मण्यता, भ्रष्ट आचरण तथा आत्मश्लाघाजस्ता मीठा गोलीले ढल्न सक्छन् । म विश्वस्त छु – नेपाली तथा चिनियाँ दुवै देशका समाजवादी प्रारूपले यस कुरालाई बुझेका छन् ।

तसर्थ, क्रान्तिको चरण र स्वरूपअनुरूप नै राजनीतिक दलको भूमिका पनि रूपान्तरण हुँदै जान्छ भन्ने कुरा स्पष्ट छ । साथै, मुलुकको राजनीतिक यथार्थबाट विच्छेद भएर कुनै पनि राजनीतिक दलले समाजवादी लक्ष्य हासिल गर्न सक्दैन भन्ने कुरा बुझ्न जरुरी छ ।

त्यसो हुँदा, नेपालमा हामीले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थाको विकल्प अङ्गीकार गरेका हौँ । हामीले मार्क्सवादलाई हाम्रा आफ्नै अनुपम र विशिष्ट आवश्यकता र चुनौतीलाई सामना गर्ने गरी स्थानीयकरण गरेका छौँ, तदनुरूपको साँचोमा ढालेका छौँ ।

हामीले अपनाएका केही सारभूत सिद्धान्तहरू छोटकरीमा निम्नानुसार छन् ।

सर्वप्रथम, हाम्रा मूल क्रान्तिकारी भावना र आदर्शहरू ओइलाएर नजाऊन् भन्नाका खातिर हामीले समुचित बन्दोबस्त गरेका छौँ । दलीय राजनीतिमा प्राप्त सफलताले कार्यकर्तापंक्तिमाझ निम्त्याउनसक्ने आत्मतुष्टिमा रमाउने प्रवृत्ति तथा पार्टीका असली उद्देश्यबाट विचलित हुनसक्ने खतराप्रति हामी सचेत छौँ । अध्यक्ष माओले भनेझैँ शत्रुले परास्त गर्न नसकेका सहयोद्धाहरू विलास, अकर्मण्यता, भ्रष्ट आचरण तथा आत्मश्लाघाजस्ता मीठा गोलीले ढल्न सक्छन् । म विश्वस्त छु - नेपाली तथा चिनियाँ दुवै देशका समाजवादी प्रारूपले यस कुरालाई बुझेका छन् ।

हाम्रो ध्यान युवापुस्तामा केन्द्रित हुनुपर्दछ, जसको बल, ऊर्जा र सिर्जनात्मक शक्ति प्रचुर हुन्छ । तथापि, आक्रामक रूपले फैलिरहेको विश्व पूँजीवादको प्रभावले युवावर्गमा व्यक्तिवाद, उपभोक्तावाद तथा सामाजिक दायित्वबाट विमुख हुने प्रवृत्ति बढ्दो छ ।

दोस्रो, पूँजीवाद निर्देशित सामाजिक उन्नतिको कथनमार्फत पूँजीवाद र बुर्जुवा संस्कृतिबाट हाम्रो आन्दोलन पथभ्रंश हुनसक्दछ भन्ने तथ्यप्रति हामी सचेत छौँ । हामीले के देखेका छौँ भने समाजको उपल्लो तहलाई समृद्ध बनाए पनि, नवउदारवादले केही व्यक्तिको वर्ग रूपान्तरण गरे पनि, अन्ततः पूँजीवादले न्यायपूर्ण, समानतापूर्ण र जनकेन्द्रित विकाससहितको समाज स्थापना गर्न सक्दैन । जनताले अनुभूत गर्नसक्ने असली किसिमको प्रगति समाजवादमा मात्र सम्भव छ ।

तेस्रो, पार्टीका मूल सिद्धान्त, आदर्श तथा दृष्टिकोणसँग अविचलित राखिराख्न पार्टीका कार्यकर्तापंक्तिलाई निरन्तर प्रशिक्षित, अभिमुखीकरण र मार्गदर्शन गरिराख्ने काम गर्नु आवश्यक छ । हाम्रो ध्यान युवापुस्तामा केन्द्रित हुनुपर्दछ, जसको बल, ऊर्जा र सिर्जनात्मक शक्ति प्रचुर हुन्छ । तथापि, आक्रामक रूपले फैलिरहेको विश्व पूँजीवादको प्रभावले युवावर्गमा व्यक्तिवाद, उपभोक्तावाद तथा सामाजिक दायित्वबाट विमुख हुने प्रवृत्ति बढ्दो छ । तसर्थ, क्रान्तिमा परिपक्व भएका दीर्घानुभवी पुस्ता र ऊर्जाशील युवापुस्ताबीचको खाडल पुर्न हामीले विशेष ध्यान दिनुपर्दछ ।

चौथो, मार्क्सवादको रक्षा, प्रवर्द्धन तथा सिर्जनात्मक प्रयोग गर्नुपर्दछ । नवीन विचार तथा सोचप्रति हामी सदैव खुल्ला रहनुपर्दछ । नवपरिवर्तन र सिर्जनात्मकताको उन्नयन यसरी नै त हुने हो । चिनियाँ मित्रहरू अक्सर पार्टीको इतिहासका तीन प्रमुख विचारधारात्मक मोडबारे कुरा

जनतासँग आफूलाई निरन्तर रूपमा जोडिराख्ने तन्तुहरू गुमाएको कुनै पनि राजनीतिक दलले सामाजिक उन्नति धान्न वा त्यसका लागि योगदान गर्न सक्दैन । आमजनताको अटुट साथ र समर्थनले मात्र राजनीतिक दलहरूलाई सामाजिक रूपान्तरण गर्न र सुशासन प्रदान गर्न समर्थ बनाउँछ ।

गर्नुहुन्छ : प्रथम, सातौँ राष्ट्रिय कांग्रेसद्वारा माओ त्से तुङ विचारधाराको स्वीकृति, जसले चीनमा मार्क्सवादको सिर्जनात्मक र नवीन प्रयोग गर्न मार्ग प्रशस्त गऱ्यो । दोस्रो, देङ स्याओ पिङद्वारा प्रतिपादित खुलापन र आधुनिकीकरणको नीति, जसले चीनमा विकासको नयाँ युगको प्रादुर्भाव गऱ्यो । र तेस्रो, चिनियाँ विशेषतासहितको समाजवाद तथा नयाँ युगका लागि सि जिनपिङ विचारधारा ।

नेपालमा, विचारधारात्मक सिर्जनात्मकताका हाम्रा आफ्नै समान प्रकृतिका अनुभव तथा ऐतिहासिक मोडहरू छन् । चोइटै चोइटामा विभाजित तत्कालीन साम्यवादी आन्दोलनलाई पुनर्गठन र पुनर्जीवित गर्न नयाँ गोरेटो पहिल्याएको सन् १९७० को दशकको झापा विद्रोह, जननेता कमरेड मदन भण्डारीको उदय तथा जनताको बहुदलीय जनवाद नामक उहाँको नौलो सिर्जनात्मक सिद्धान्त एवम् नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको ऐतिहासिक एकता हाम्रो कम्युनिष्ट आन्दोलनका प्रमुख ऐतिहासिक मोडहरू हुन् ।

अझ महत्वपूर्ण कुरा त के भने, जनतासँग आफूलाई निरन्तर रूपमा जोडिराख्ने तन्तुहरू गुमाएको कुनै पनि राजनीतिक दलले सामाजिक उन्नति धान्न वा त्यसका लागि योगदान गर्न सक्दैन । आमजनताको अटुट साथ र समर्थनले मात्र राजनीतिक दलहरूलाई सामाजिक रूपान्तरण गर्न र सुशासन प्रदान गर्न समर्थ बनाउँछ । यो कुरा मुलुकको

प्रकाश देखाउने मसालवाहकको झैँ साम्यवादी दलको भूमिका पनि अनुपम र विशिष्ट हुने गर्दछ । यसले कैयौँ मुलुकहरूमा क्रान्तिको नेतृत्व गरी सामाजिक–आर्थिक रूपान्तरणको अगुवाइ गरेको छ । त्यसो हुँदा, समृद्धि र सुशासनका लागि कम्युनिष्ट पार्टीको भूमिका अपरिहार्य रहन्छ ।

विस्मयकारी विकास र समृद्धिमा चिनियाँ कम्युनिष्ट पार्टीले गरेको योगदान एवम् उसलाई प्राप्त सफलताले पुष्टि गर्दछ ।

हामीले संवैधानिक सर्वोच्चता, आवधिक निर्वाचन, मानवअधिकार, शक्ति पृथकीकरण, शक्ति सन्तुलन र स्वतन्त्र न्यायपालिकाजस्ता कुराहरू समाविष्ट भएको प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली अपनाएका छौँ । नेपाली समाजको विविधतायुक्त सामाजिक सांस्कृतिक जगमा आधारित विशिष्टतालाई समुचित सम्बोधन गर्न हामीले यस प्रकारको सिर्जनात्मक प्रयोग गरेका हौँ । हामी विविधता र बहुलताको सम्मान गर्दछौँ र मार्क्सवादले जोड दिने मूल आधारहरूप्रतिसमेत उत्तिकै कृतसंकल्पित छौँ ।

प्रकाश देखाउने मसालवाहकको झैँ साम्यवादी दलको भूमिका पनि अनुपम र विशिष्ट हुने गर्दछ । यसले कैयौँ मुलुकहरूमा क्रान्तिको नेतृत्व गरी सामाजिक-आर्थिक रूपान्तरणको अगुवाइ गरेको छ । त्यसो हुँदा, समृद्धि र सुशासनका लागि कम्युनिष्ट पार्टीको भूमिका अपरिहार्य रहन्छ । हामीलाई लाग्दछ - त्यस्तो भूमिका प्रतिस्पर्धात्मक प्रणालीमार्फत् गर्न सकिन्छ ।

नेपाल- चीन सम्बन्धको नयाँ युग

सन् १९५५ मा दौत्य सम्बन्ध स्थापना भए तापनि नेपाल र चीनबीच सदियौँदेखि मित्रवत् सहयोगात्मक सुसम्बन्ध कायम रहिआएको छ ।

शान्ति, प्रगति तथा समृद्धिका लागि नेपाली जनताका आकांक्षा परिपूर्ति गर्नमा सामान्य अवस्थामा होस् वा संकटका बेला, चिनियाँ सरकार र जनताले सदैव सहयोग गर्दै आएका छन् । चिनियाँ सरकार र जनताको त्यस्तो साथसमर्थन र सहयोगको हामी मुक्तकण्ठले प्रशंसा गर्दछौँ ।

समुन्नति, विकास तथा समृद्धिका लागि हिमालयपारि साहसिक यात्रा गर्ने प्राचीन कालका मान्छेहरूको कथा अहिले पनि नेपालमा प्रशस्तै सुनिन्छ । त्यस्तै फासियान, बुद्धभद्र र हुँआङ साङ तथा भृकुटी र अरनिकोका इतिहासले हाम्रा दुई देश र जनताबीच राजनीतिक र आर्थिक तहमा मात्र होइन सामाजिक र सांस्कृतिक तहमा रहिआएको ऐतिहासिक अन्तरसम्बन्धका बारेमा पनि प्रशस्त प्रकाश पार्दछ ।

तसर्थ, प्राचीन समयदेखिका त्यस्ता सुसम्बन्धले हाम्रा दुई देशबीच आपसी समझदारी र विश्वास कायम गर्न ठूलो योगदान पुऱ्याएको छ । एकअर्काका चाहना र सरोकारका विषयहरूबारेमा बुझ्न पनि सघाएको छ । शान्ति र मेलमिलाप सम्बन्धमा बुद्धका शिक्षाले हामी दुवै मुलुकका सामाजिक-सांस्कृतिक आचारलाई दिग्दर्शन गरेका छन् ।

शान्तिपूर्ण सहअस्तित्वका लागि पञ्चशीलका सिद्धान्तले हामीबीचको मेलमिलापपूर्ण र सौहार्दपूर्ण सम्बन्धलाई मार्गदर्शन गर्दछन् । मेलमिलाप तथा सहयोगात्मक सुसम्बन्धका माध्यमद्वारा शान्ति र उन्नतिको प्राप्तिका लागि यी सिद्धान्तको उपयोग गर्दा हामी गौरवान्वित छौँ ।

शान्ति, प्रगति तथा समृद्धिका लागि नेपाली जनताका आकांक्षा परिपूर्ति गर्नमा सामान्य अवस्थामा होस् वा संकटका बेला, चिनियाँ सरकार र जनताले सदैव सहयोग गर्दै आएका छन् । चिनियाँ सरकार र जनताको त्यस्तो साथसमर्थन र सहयोगको हामी मुक्तकण्ठले प्रशंसा गर्दछौँ ।

पार्टी स्कूलद्वारा सिर्जित विचार र प्रदत्त शिक्षाले समाजवादको निर्माण एवम् आमजनतासँगको सुसम्बन्ध प्रवर्द्धन गर्न धेरै नै मद्दत गरेका छन् । यहींनेर चिनियाँ कम्युनिष्ट पार्टी र मुलुकको उल्लेखनीय समुन्नति र विकासबीचको सम्बन्ध देख्न सकिन्छ ।

समाजवादी लक्ष्य र सिद्धान्तको प्रवर्द्धनमा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय पार्टी स्कूलले पुऱ्याएको महत्वपूर्ण योगदानको म प्रशंसा गर्न चाहन्छु । पार्टी स्कूलद्वारा सिर्जित विचार र प्रदत्त शिक्षाले समाजवादको निर्माण एवम् आमजनतासँगको सुसम्बन्ध प्रवर्द्धन गर्न धेरै नै मद्दत गरेका छन् । यहींनेर चिनियाँ कम्युनिष्ट पार्टी र मुलुकको उल्लेखनीय समुन्नति र विकासबीचको सम्बन्ध देख्न सकिन्छ ।

राजनीतिक दलले अनुसरण गर्नैपर्ने कुनै खास सूत्र हुँदैन । आमजनताका आकांक्षा पूर्ण गर्ने एकल उद्देश्य प्राप्तिका लागि विकास तथा सुशासनको हिमायती प्रतिनिधिका रूपमा राजनीतिक दलहरूले क्रान्तिकारी भावनालाई आत्मसात् गर्नैपर्दछ । आज विश्व परिवर्तन गर्न सक्ने विचार विगतको विश्व परिवर्तन गर्ने विचारभन्दा धेरै फरक हुँदैन । यो त रूपान्तरण, समायोजन र पुनर्समायोजनको निरन्तर प्रक्रिया हो । समाजवादका हाम्रा अनुपम र विशिष्ट प्रतिमानहरू त्यही प्रकृतिका सिर्जनात्मक परिवर्तन र समायोजनका दृष्टान्त हुन् ।

●

विकास - ज्ञान र नवप्रवर्तनमा आधारित हुनुपर्छ

प्रविधि दुईधारे तरबारजस्तै हो । यदि तपाईंले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रविधिलाई उचित तवरले प्रयोग गर्न सक्नुभयो भने यसले तपाईंहरूको जीवन सुखी र आरामदायी हुन्छ । तर यदि तपाईंको उद्देश्य स्पष्ट छैन र प्रविधिलाई नै आफ्नो उद्देश्य एवं लक्ष्य परिभाषित गर्न छाडिदिनुभयो भने यसले तपाईंले नसोचेको परिणाम ल्याउन सक्छ ।

यहाँ खुशी हुनपर्ने खास कारण छ । आज हामी मानव प्रगति तथा समृद्धिमाथि छलफल गर्न भेला भएका छौँ । हाम्रो विकासको चित्र कोर्ने खेलको गति परिवर्तन गर्नसक्ने विषयमाथि हामीले पहिलो पटक गम्भीरता देखाएका छौँ ।

नेपाली डायस्पोरा साँच्चै नै विश्वव्यापी भएको छ । विश्वभर छरिएर रहेका नेपालीहरूलाई एक बनाउन तथा

सन्दर्भ : काठमाडौँमा आयोजित गैरआवासीय नेपालीको ज्ञान सम्मेलनमा सम्बोधन (असोज २६, २०७५)

मातृभूमिको विकासका लागि श्रोत परिचालन गर्न गैरआवासीय नेपाली संघले खेलेको महत्वपूर्ण भूमिकाको म सराहना गर्न चाहन्छु । भौतिक दूरीले मातृभूमिप्रतिको सामीप्य तथा निकटतालाई कम गर्न सक्दैन भन्ने मलाई लाग्दछ । जब हामी विदेशमा बस्दछौँ यो भावना अझ बढी प्रगाढ हुन्छ ।

मातृभूमिको विकासका लागि श्रोत परिचालन गर्न गैरआवासीय नेपाली संघले खेलेको महत्वपूर्ण भूमिकाको म सराहना गर्न चाहन्छु । भौतिक दूरीले मातृभूमिप्रतिको सामीप्य तथा निकटतालाई कम गर्न सक्दैन भन्ने मलाई लाग्दछ । जब हामी विदेशमा बस्दछौँ यो भावना अझ बढी प्रगाढ हुन्छ । मातृभूमिप्रति तपाईँको माया तथा सम्मानलाई म प्रशंसा गर्न चाहन्छु । मातृभाषा, नेपाली खाना तथा जीवनपद्धतिद्वारा नेपालको अनुपम संस्कृति तथा पहिचान विस्तार गर्न गैरआवासीय नेपालीहरूले योगदान दिएका छन् । नेपाली संस्कृतिप्रतिको निकटतम सामीप्यका कारण यसलाई विश्वव्यापी बनाउन तपाईँले खेलेको सक्रिय भूमिकालाई म सराहना गर्दछु ।

मेरो विचारमा नेपाली वैभव, संस्कृति, मूल्य तथा परम्परा विश्वभर प्रवर्द्धन गर्न नेपाली डायस्पोरा अवैतनिक राजदूत हुन् । यसबाट हाम्रो एउटा खास उद्देश्य पूरा भएको छ । यस कार्यले तपाईँहरूलाई आफ्नो मुलुकको स्पष्ट पहिचानवाहकको रूपमा परिचित गराउँछ र विश्वभर नै मुलुकको छवि प्रवर्द्धन गर्न सघाउँछ । तपाईँहरूले योभन्दा पनि बढी नै गरिरहनुभएको छ । वैदेशिक रोजगारलाई सुरक्षित तथा मर्यादित बनाउन तपाईँहरूले खेलिरहनुभएको भूमिकालाई बिर्सन सकिँदैन ।

भूकम्पपश्चात्को पुनर्उत्थान तथा पुनर्निर्माणमा गैरआवासीय नेपालीको सहयोग प्रशंसनीय छ । सन् २०१५ को भूकम्पको केन्द्रबिन्दु रहेको दुर्गम लाप्राक बस्तीका घरहरू पुनर्निर्माणमा भएको उल्लेखनीय प्रगति तपाईंहरूको प्रतिबद्धता तथा तपाईंहरूबाट भएको कार्यको ज्वलन्त उदाहरण हो ।

नेपालमा लगानी ल्याउन, नेपाली वस्तु तथा सेवाका लागि बजार खोजी एवम् प्रवर्द्धन गर्न, आफू बसेको देशमा नेपाल र नेपालीको हितका लागि लबी गर्न तपाईंहरूको महत्वपूर्ण भूमिका हुन्छ भन्ने मलाई लाग्दछ ।

तपाईंहरूले विभिन्न क्षेत्रहरूमा अहम् भूमिका निर्वाह गर्दैगर्दा आफ्नै सामर्थ्य निर्माणमा ध्यान दिनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । नेपाली डायस्पोराबीचको एकता तथा ऐक्यबद्धताले मातृभूमिको विकासका लागि सहयोग पुऱ्याउन मद्दत गर्दछ । साथै तपाईंहरू बसेका मुलुकहरूमा तपाईंहरूको कद उँचो भएको छ । हामी तपाईंहरूको छवि बढेको तथा प्रभाव विस्तार भएको हेर्न चाहन्छौँ ।

नेपालमा गएको भूकम्प, बाढी तथा भूस्खलनजस्ता प्राकृतिक प्रकोपका दौरान नेपाली डायस्पोराबाट भएको अपार समर्थन र सहयोगले नेपालका दाजुभाइ तथा दिदीबहिनीहरूको मन छोएको छ । भूकम्पपश्चात्को पुनर्उत्थान तथा पुनर्निर्माणमा गैरआवासीय नेपालीको सहयोग प्रशंसनीय छ । सन् २०१५ को भूकम्पको केन्द्रबिन्दु रहेको दुर्गम लाप्राक बस्तीका घरहरू पुनर्निर्माणमा भएको उल्लेखनीय प्रगति तपाईंहरूको प्रतिबद्धता तथा तपाईंहरूबाट भएको कार्यको ज्वलन्त उदाहरण हो ।

मातृभूमिका निम्ति तपाईंहरूले गर्नुभएको योगदानको कदरस्वरूप हाम्रो संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसहितको गैरआवासीय नेपाली नागरिकतालाई प्रत्याभूत गरिएको छ । संविधानको यो प्रावधानलाई कार्यान्वयन गर्न सरकारले आवश्यक कानूनी व्यवस्था गर्दैछ ।

सम्पर्क तथा समर्पणको यस प्रकारको भावनाले आगामी दिनहरूमा नेपालको सामाजिक तथा आर्थिक विकासमा गैरआवासीय नेपालीले आफ्नो योगदान अभिवृद्धि गर्नेमा म विश्वस्त छु । मातृभूमिका निम्ति तपाईंहरूले गर्नुभएको योगदानको कदरस्वरूप हाम्रो संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसहितको गैरआवासीय नेपाली नागरिकतालाई प्रत्याभूत गरिएको छ । संविधानको यो प्रावधानलाई कार्यान्वयन गर्न सरकारले आवश्यक कानूनी व्यवस्था गर्दैछ ।

नेपाल विश्वको सर्वोच्च शिखर सगरमाथाको देश र शान्तिका अग्रदूत बुद्धको जन्मस्थलको देशको रूपमा विश्वमा परिचित छ । नेपालको प्राकृतिक सौन्दर्य अनुपम छ । हामीसँग अद्वितीय कला र संस्कृति छन् जुन अतुलनीय छ । विश्वसमुदायमा शान्तिप्रेमी, इमानदार तथा मिहिनेती जनताको रूपमा हाम्रो छुट्टै पहिचान छ । ती नेपालका वास्तविक सम्पत्ति हुन् । हामीले ती सम्पत्तिहरूको जगमा रहेर आर्थिक रूपमा समृद्ध नेपाल बनाउनु छ । साथै, सामाजिक न्याय र सहिष्णुतामा आधारित सामाजिक क्षेत्रमा एउटा नमूना मुलुक निर्माण गर्नु छ ।

यो लक्ष्य सजिलैसँग प्राप्त हुन सक्दैन । हामीले सरल तरिकाले वस्तुहरूलाई हेर्ने दृष्टिकोणबाट आफूलाई टाढा राख्नुपर्दछ । स्पष्ट दूर

नेपालको प्राकृतिक सौन्दर्य अनुपम छ । हामीसँग अद्वितीय कला र संस्कृति छन् जुन अतुलनीय छ । विश्वसमुदायमा शान्तिप्रेमी, इमानदार तथा मिहिनेती जनताको रूपमा हाम्रो छुट्टै पहिचान छ । ती नेपालका वास्तविक सम्पत्ति हुन् ।

दृष्टि, सुदृढ प्रतिबद्धता, पर्याप्त श्रोत व्यवस्था, अथक प्रयास, तीव्रतर कदम तथा ठोस परिणाममुखी कार्यहरू भएमा मात्र यो सम्भव हुन्छ ।

जब हामी विकासको कुरा गर्छौं, हामी धेरै देशहरूभन्दा ज्यादै पछाडि रहेका छौं । न त हामीलाई प्रतीक्षा गर्ने समय छ, न हामीलाई विकासको मार्गका बारेमा अनन्त बहस गर्ने फुर्सद नै छ । न त कसरी अगाडि बढ्ने भन्नेबारे हामीलाई पढाउन आउनेहरूलाई पर्खने समय छ, न अरूलाई आरोपप्रत्यारोप गर्ने तथा विगतमा भएका काम र गल्तीहरूका लागि हामीलाई पश्चात्ताप गर्ने समय नै छ ।

समय महत्वपूर्ण छ । परिवर्तनमात्र स्थायी छ । त्यसकारण हामीले अहिले अगाडि बढ्नैपर्छ र तीव्र गतिमा अगाडि बढ्नुपर्छ । जतिसुकै कठिन अवस्था भए तापनि हामी यो यात्रा तय गर्न सक्छौं भन्ने मलाई विश्वास छ ।

विसंगति तथा चुनौतीका बाबजुद कुनै पनि हालतमा लक्ष्य प्राप्त गर्न हाम्रो राजनीतिक संघर्षले हामीलाई दृढ बनाएको छ र महत्वपूर्ण पाठहरू पनि सिकाएको छ । संविधानको घोषणा र संघीय, प्रान्तीय तथा स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेपश्चात् नेपाल राजनीतिक स्थायित्वको युगमा प्रवेश गरेको छ ।

राजनीतिक उपलब्धिहरूको सुदृढीकरणपश्चात् नेपाल अहिले सामाजिक तथा आर्थिक रूपान्तरणको महत्वपूर्ण घडीमा छ । यो हाम्रो रहर होइन, बाध्यता हो । किनभने नेपाली जनता गरीबी, भोक तथा पछौटेपनसँग अब दाँजिन चाहँदैनन् ।

लोकतन्त्र, मानवअधिकार, सामाजिक न्याय तथा समावेशिताको दृष्टिकोणबाट हाम्रो संविधान उत्कृष्ट छ । यो अवस्थासम्म पुग्न हामीले ठूलो मूल्य चुकाएका छौं । नेपाली जनताले अबउप्रान्त राजनीतिक अधिकारका लागि संघर्ष गर्नुपर्ने छैन भन्नेमा म विश्वस्त छु । राजनीतिक मुद्दाहरू सम्बोधन भएका छन् । नयाँ उत्साह र विश्वासका साथ हामी एउटा प्रगतिशील राज्यको रूपमा अगाडि बढिरहेका छौं ।

राजनीतिक उपलब्धिहरूको सुदृढीकरणपश्चात् नेपाल अहिले सामाजिक तथा आर्थिक रूपान्तरणको महत्वपूर्ण घडीमा छ । यो हाम्रो रहर होइन, बाध्यता हो । किनभने नेपाली जनता गरीबी, भोक तथा पछौटेपनसँग अब दाँजिन चाहँदैनन् । विगतमा उनीहरू धेरै पीडित भए । अबउप्रान्त एउटा सम्मानित जीवनयापन गर्न चाहन्छन् ।

कुनै पनि लक्ष्य प्राप्तिका लागि हामीले पहिले सपना देख्न सक्नुपर्दछ । त्यसकारण हाम्रो सरकार "समृद्ध नेपाल - सुखी नेपाली" को दीर्घकालीन लक्ष्यबाट निर्देशित छ ।

हामीले यो लक्ष्य प्राप्त गर्न हाम्रो सक्रिय जनसंख्याका लागि उचित एवं उपयोगी रोजगारी सुनिश्चित गर्नुपर्ने छ । हामीले कृषिलाई आधुनिकीकरण र ऊर्जा क्षेत्र, खासगरी जलविद्युतलाई उपयोग गर्नुपर्ने छ । हामीले

वास्तवमा, नेपालमा लगानीको वातावरण बन्दै गइरहेको छ । व्यापार तथा लगानीको वातावरणमा सुधार ल्याउन सरकार प्रतिबद्ध छ । राजनीतिक स्थायित्वसँगै नीतिमा स्थायित्व आउँछ भन्ने तथ्यमा म जोड दिन चाहन्छु ।

पूर्वाधार, पर्यटन क्षेत्रको विकास र दक्ष मानवश्रोतको उत्पादनमा ध्यान दिनुपर्दछ ।

वास्तवमा, नेपालमा लगानीको वातावरण बन्दै गइरहेको छ । व्यापार तथा लगानीको वातावरणमा सुधार ल्याउन सरकार प्रतिबद्ध छ । राजनीतिक स्थायित्वसँगै नीतिमा स्थायित्व आउँछ भन्ने तथ्यमा म जोड दिन चाहन्छु । स्वदेशी तथा विदेशी लगानीको संरक्षणमा हामी प्रत्याभूति दिन्छौँ । नेपालमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न गैरआवासीय नेपाली समुदायले संवाहकको भूमिका खेल्न सक्दछन् । तपाईँहरूले यसमा धेरै राम्रो प्रगति गरिरहनुभएको छ, तर हामी सबै मिलेर यसमा अझ धेरै गर्न सकिन्छ ।

नेपालमा बहुराष्ट्रिय तथा संयुक्त लगानी कम्पनीहरूबाट भएको लगानीबाट उच्च प्रतिफल प्राप्त भएको छ । लगानीका धेरै क्षेत्रहरू उपलब्ध छन् । यसै घडीमा सरकार, निजी क्षेत्र तथा गैरआवासीय नेपालीले संयुक्त रूपमा प्रयास गरेर सर्वसाधारणको जनजीवनमा देखिने गरी समृद्धि ल्याउनुपर्छ भन्ने मैले महसूस गरेको छु ।

ज्ञान भनेको अनुभवहरूको सँगालो हो । यो नवप्रवर्तन तथा परीक्षणको परिणाम हो । ज्ञान अनुभवहरूको स्मृतिको रूपमा सङ्गृहीत हुन्छ । स्मरणशक्ति बैंकजस्तै हो जसले ज्ञानलाई आकार दिन्छ । ज्ञानको व्यावहारिक मूल्य हुन्छ । यसलाई खाली उक्तिहरूको संग्रहको रूपमा हेरिनुहुँदैन ।

मेरो विचारमा समृद्धि ल्याउने धेरै आवश्यक तत्वहरूमध्ये ज्ञान एउटा महत्वपूर्ण कारक हो । यदि विकास परिणाम हो भने ज्ञान त्यसको बीउ हो ।

ज्ञान भनेको अनुभवहरूको सँगालो हो । यो नवप्रवर्तन तथा परीक्षणको परिणाम हो । ज्ञान अनुभवहरूको स्मृतिको रूपमा सङ्गृहीत हुन्छ । स्मरणशक्ति बैंकजस्तै हो जसले ज्ञानलाई आकार दिन्छ । ज्ञानको व्यावहारिक मूल्य हुन्छ । यसलाई खाली उक्तिहरूको संग्रहको रूपमा हेरिनुहुँदैन । ज्ञानमा आधारित समाजको सिर्जनाबाट नै कुनै पनि मुलुकलाई प्रगतिको मार्गमा लैजाने आधारशिला तयार भएको हुन्छ ।

निरन्तर नवप्रवर्तन, अन्वेषण तथा अनुसन्धानले ज्ञान सिर्जनाको जग बसाल्छ । सम्पूर्ण मानवताको भलाइका लागि ज्ञान सिर्जना आवश्यक छ ।

हामी विद्वत् पुर्खाका सन्तान हौँ । हाम्रा पूर्वजहरूको संसार ज्ञान, नवप्रवर्तन तथा अन्वेषणले भरिपूर्ण एउटा बेग्लै संसार थियो । त्यहाँ परीक्षण नगरिएको त्यस्तो कुनै चीज नै थिएन ।

इतिहासको कालखण्डमा हाम्रा पुर्खाहरूद्वारा स्थापित गौरवपूर्ण गाथालाई हामीले गुमाएका छौँ । त्यही ज्ञानको उज्यालोमा हामी हुँदा जो

हामीले राष्ट्रिय जीवनका हरेक क्षेत्रमा नवप्रवर्तनीय दृष्टिकोणलाई उच्च प्राथमिकता दिएका छौँ । परिवर्तन तथा रूपान्तरणलाई प्रविधिले चलायमान बनाउँछ । आजको संसारमा प्रविधिको रोक्न नसक्ने शक्तिले व्यापक परिवर्तन ल्याएको हामीले देखेका छौँ ।

अन्धकारमा थिए, उनीहरूले आधुनिक समयमा हामीलाई उछिनिसके । हाम्रो गौरवमय इतिहासलाई ज्ञानको पुनरावृत्तिद्वारा पुनर्ताजगी गर्ने जिम्मेवारी अहिले हाम्रो काँधमा आएको छ । समृद्ध ज्ञानको अनवरत विरासत हामीले हाम्रो भावी सन्ततिका लागि सुनिश्चित गर्नैपर्छ ।

नवप्रवर्तन, अन्वेषण तथा अनुसन्धानले शान्ति तथा समृद्धिलाई अनन्त कालसम्म प्रवर्द्धन गर्दछ । यसैलाई मध्यनजर गरी हामीले राष्ट्रिय जीवनका हरेक क्षेत्रमा नवप्रवर्तनीय दृष्टिकोणलाई उच्च प्राथमिकता दिएका छौँ । परिवर्तन तथा रूपान्तरणलाई प्रविधिले चलायमान बनाउँछ । आजको संसारमा प्रविधिको रोक्न नसक्ने शक्तिले व्यापक परिवर्तन ल्याएको हामीले देखेका छौँ ।

तापनि, सबै मुलुकका जनताले प्राविधिक विकासबाट समान रूपमा फाइदा प्राप्त गर्न सकेका छैनन् । प्रविधिविना प्रगति हासिल गर्न सकिँदैन । विश्वव्यापीकरणबाट लाभ प्राप्त गर्न सबै मुलुकका लागि सस्तो र भरपर्दो प्रविधिमा पहुँच हुनैपर्दछ ।

जसरी प्रविधिले हार्डवेयरको काम गर्दछ त्यसरी नै मानवचरित्र सफ्टवेयरको रूपमा महत्वपूर्ण हुन्छ । प्रविधि दुईधारे तरबारजस्तै हो । यदि तपाईँले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रविधिलाई उचित तवरले

अनुसन्धान तथा नवप्रवर्तनको महत्वलाई मनन गर्दै सरकारले बौद्धिक मन्थन संस्थाका रूपमा नीति तथा अनुसन्धान प्रतिष्ठान स्थापना गरेको छ । यस प्रतिष्ठानले उपयुक्त नीति निर्माण एवं सुधारका लागि अनुसन्धानमा आधारित महत्वपूर्ण सुझावहरू सरकारलाई प्रदान गर्नेछ ।

प्रयोग गर्न सक्नुभयो भने यसले तपाईँहरूको जीवन सुखी र आरामदायी हुन्छ । तर यदि तपाईँको उद्देश्य स्पष्ट छैन र प्रविधिलाई नै आफ्नो उद्देश्य एवं लक्ष्य परिभाषित गर्न छाडिदिनुभयो भने यसले तपाईँले नसोचेको परिणाम ल्याउन सक्छ ।

अनुसन्धान तथा नवप्रवर्तनको महत्वलाई मनन गर्दै सरकारले बौद्धिक मन्थन संस्थाका रूपमा नीति तथा अनुसन्धान प्रतिष्ठान स्थापना गरेको छ । यस प्रतिष्ठानले उपयुक्त नीति निर्माण एवं सुधारका लागि अनुसन्धानमा आधारित महत्वपूर्ण सुझावहरू सरकारलाई प्रदान गर्नेछ । उपयुक्त व्यावसायिक वातावरणका लागि तपाईँहरूको संस्थाको नेतृत्ववर्ग समावेश भएको सल्लाहकार परिषद् सरकारले हालै गठन गरेको छ । गैरआवासीय नेपाली संघ नवप्रर्वतन तथा अनुसन्धानमा निरन्तर लागिरहनेछ र सरकारलाई महत्वपूर्ण सुझावहरू उपलब्ध गराइरहने छ भन्ने मलाई विश्वास छ । यस सम्बन्धमा तपाईँहरूलाई आवश्यक सहयोग गर्न नेपाल सरकार सदैव तयार छ भन्ने आश्वस्त पार्न चाहन्छु ।

गैरआवासीय नेपाली संघ नवप्रर्वतन तथा अनुसन्धानमा निरन्तर लागिरहनेछ र सरकारलाई महत्वपूर्ण सुझावहरू उपलब्ध गराइरहने छ भन्ने मलाई विश्वास छ । यस सम्बन्धमा तपाईंहरूलाई आवश्यक सहयोग गर्न नेपाल सरकार सदैव तयार छ भन्ने आश्वस्त पार्न चाहन्छु ।

मलाई आशा छ समृद्ध ज्ञान हामीभित्र आन्तरिकीकरण गर्न, उपयोग गर्न र अझ नयाँ ज्ञान सिर्जना गर्न यो सम्मेलनले योगदान दिने छ । हामी प्रतिभा पलायनको अवस्थालाई उल्ट्याउन समर्थ हुनेछौँ र हाम्रो विद्वताको मन्थनबाट ज्ञानको नौनी उत्पादन गर्न र सबैमाझ बाँड्न हामी समर्थ हुने छौँ ।

●

मार्क्सवादको सिर्जनात्मक प्रयोगले समाजवादतर्फ डोऱ्याउँछ

मार्क्सको द्वन्द्वात्मक भौतिकवादको दर्शनले चेतन र अचेतन दुवै खाले परिघटनाको संरचना, विशेषता र सूक्ष्म अन्तरविरोधबारे थाहा पाउन मार्ग प्रशस्त गरिदिएको छ, नत्र वस्तुगत ढाँचाको अभावमा यसबारे बुझ्न गाह्रो थियो । ऐतिहासिक भौतिकवादले सामाजिक वास्तविकताको विश्लेषण, बुझाइ र सम्भावनाबारे नयाँ क्षितिज खोलिदिएको छ ।

तपाईँहरूलाई मदन भण्डारी स्कूल अफ एसिया, काठमाडौंमा स्वागत छ । विश्वका विभिन्न भागबाट आउनुभएका तपाईंहरूलाई यो स्कूलमा देख्न पाउँदा खुशी लागेको छ । मलाई आशा छ, तपाईँहरूले यहाँ प्राज्ञिक विमर्शको आनन्द लिँदै यसलाई स्मरणीय र फलदायी बनाउन सक्रिय र रचनात्मक योगदान दिनुहुनेछ । तपाईँहरूको मूल्यवान योगदानले आफ्ना क्याडरहरूलाई मार्क्सवाद र लेनिनवादको वास्तविक भावनाअनुसार शिक्षित तुल्याउने

सन्दर्भ : मदन भण्डारी स्कूल अफ एसिया, काठमाडौंमा मन्तव्य (मंसिर ४, २०७५)

गत शताब्दीको अन्त्यतिर, जब अन्तर्राष्ट्रिय समाजवादी आन्दोलन ओरालो लागेको थियो, त्यसबेला मदन भण्डारीको क्रान्तिकारी कार्यक्रमले नेपालमा राजनीतिक अधिकार र स्वतन्त्रता प्राप्तिको लोकतान्त्रिक–प्रगतिशील आन्दोलनलाई सही दिशाबोध गरायो ।

र नेपालको मौलिक समाजवादी आन्दोलनका उदात्त मूल्य र समृद्ध अनुभव बाँढ्ने स्कूलको लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ ।

यो नयाँ पहलका साथ जननेता मदन भण्डारीलाई नेपालको समाजवादी आन्दोलनमा उहाँले दिनुभएको मौलिक र ऐतिहासिक योगदानका लागि सम्मानित गर्नुभएकोमा म आयोजकहरूको सराहना गर्छु । मदन भण्डारीको योगदान नेपालभित्र र बाहिर पनि राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि निकै महत्वपूर्ण र प्रासंगिक छ ।

गत शताब्दीको अन्त्यतिर, जब अन्तर्राष्ट्रिय समाजवादी आन्दोलन ओरालो लागेको थियो, त्यसबेला मदन भण्डारीको क्रान्तिकारी कार्यक्रमले नेपालमा राजनीतिक अधिकार र स्वतन्त्रता प्राप्तिको लोकतान्त्रिक-प्रगतिशील आन्दोलनलाई सही दिशाबोध गरायो । उक्त कार्यक्रमले न्याय र समानताका लागि संसारभर भइरहेका आन्दोलनलाई बाटो देखाएको छ । जनअधिकार प्राप्तिका लागि हुने आन्दोलन समयसँगै पुनः अन्वेषण र नवीकरणको प्रक्रियाबाट गुज्रिनुपर्छ साथै प्रगतिशील, समृद्ध र समतावादी समाजको जनआकांक्षा प्रतिस्पर्धी लोकतान्त्रिक पद्धतिका माध्यमबाटै पूरा गर्न सकिन्छ भन्ने मान्यता उहाँले विस्तार गर्नुभयो ।

मलाई लाग्छ, यस स्कूलको मुख्य उद्देश्य, प्राज्ञिक आदान-प्रदानबाट अन्तर्राष्ट्रियताको निर्माणका साथै उच्च विश्वास र समझदारीको प्रवर्द्धन गर्नु हो । यो उद्देश्य पूर्तिका लागि समाजवाद बारेको बुझाइ

मलाई दृढ विश्वास छ – मदन भण्डारीको योगदानबाट समृद्ध नेपाली समाजवादी आन्दोलनको मौलिक पाठ नेपालजस्ता विकासशील देशका लागि मात्रै होइन, यस्तै सामाजिक, आर्थिक विशेषता भएका अन्य देशलाई पनि विद्यमान चुनौती सामना गर्नका लागि उपयोगी हुनेछ ।

र यसप्रतिको स्वीकार्यता विस्तार गर्न विश्वका विभिन्न भागका मानिसलाई एकठाउँमा ल्याउने कार्य वास्तवमै प्रशंसनीय र वाञ्छनीय छ । मार्क्सवाद-लेनिनवादको आलोकमा सामाजिक परिघटनाहरूको विश्लेषण गर्नुका साथै आय, सम्पत्ति र अवसरको असमान वितरणबाट उत्पन्न चुनौतीसँग जुध्नका लागि कमरेडहरूलाई सशक्त बनाउन नियमित र सार्थक विचारको आदानप्रदान जरूरी छ ।

मलाई दृढ विश्वास छ - मदन भण्डारीको योगदानबाट समृद्ध नेपाली समाजवादी आन्दोलनको मौलिक पाठ नेपालजस्ता विकासशील देशका लागि मात्रै होइन, यस्तै सामाजिक, आर्थिक विशेषता भएका अन्य देशलाई पनि विद्यमान चुनौती सामना गर्नका लागि उपयोगी हुनेछ ।

अहिले स्कूलमा ब्राजिल, दक्षिण अफ्रिका, ट्यूनिसिया, फिलिपिन्स, पूर्वी टिमोर, थाइल्याण्ड, बाङ्गलादेश, पाकिस्तान, श्रीलंका र ताञ्जानियाका करिब ५० जना सहभागी हुनुहुन्छ भन्ने थाहा पाउँदा खुशी लागेको छ । त्यस्तै स्कूलको पाठ्यक्रममा सैद्धान्तिक शिक्षण र तालिमका अलावा अन्य गतिविधि र प्रयोगात्मक अभ्यासहरू समावेश गरिएको हुँदा विद्यार्थीहरूलाई सिद्धान्त र व्यवहारबीचको अन्तरविरोध कम गर्नका साथै आपसमा बन्धुत्व र साझेदारीको भावना विकासमा समेत मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु । यसबाट आज हामीले सामना गरिरहेका समस्याहरूको सामूहिक समाधान खोज्न मद्दत पुग्नेछ ।

वैज्ञानिक समाजवादको सिद्धान्तले मजदूर वर्गलाई जीतका लागि बलियो आत्मविश्वास र भविष्यका लागि स्पष्ट दिशा प्रदान गरेको छ । त्यस्तै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादले वस्तुगत यथार्थको वस्तुनिष्ठ विश्लेषणका लागि उपयुक्त दृष्टिकोण प्रदान गर्छ भन्ने हाम्रो विश्वास छ ।

मार्क्सवाद र लेनिनवाद वैज्ञानिक समाजवादका अत्यावश्यक स्तम्भ हुन् भन्ने हाम्रो दृढ मान्यता छ । मार्क्सको द्वन्द्वात्मक भौतिकवादको दर्शनले चेतन र अचेतन दुवै खाले परिघटनाको संरचना, विशेषता र सूक्ष्म अन्तरविरोधबारे थाहा पाउन मार्ग प्रशस्त गरिदिएको छ, नत्र वस्तुगत ढाँचाको अभावमा यसबारे बुझ्न गाह्रो थियो । ऐतिहासिक भौतिकवादले सामाजिक वास्तविकताको विश्लेषण, बुझाइ र सम्भावनाबारे नयाँ क्षितिज खोलिदिएको छ ।

वैज्ञानिक समाजवादको सिद्धान्तले मजदूर वर्गलाई जीतका लागि बलियो आत्मविश्वास र भविष्यका लागि स्पष्ट दिशा प्रदान गरेको छ । त्यस्तै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादले वस्तुगत यथार्थको वस्तुनिष्ठ विश्लेषणका लागि उपयुक्त दृष्टिकोण प्रदान गर्छ भन्ने हाम्रो विश्वास छ ।

मार्क्सवादी-लेनिनवादी विश्लेषणात्मक प्रारुप र राजनीतिक परिचालनका लागि सांगठनिक साधनको विकासलाई पछ्याउँदै रूसमा मजदुर वर्गले विश्व इतिहासमै पहिलोपटक २० औं शताब्दीको शुरुमा राज्यसत्ता कब्जा गऱ्यो । समाजवादी नीतिबाट प्रेरित लाभहरू मानिसका आधारभूत भौतिक आवश्यकताको परिपूर्तिका साथसाथै शिक्षा, स्वास्थ्य, खेल, मनोरञ्जन, मानव गरिमा र अधिकारका क्षेत्रमा समेत प्रशस्त देखिए ।

वास्तवमा, सफल समाजवादी आन्दोलनकै कारण कतिपय गैर–समाजवादी शासनव्यवस्था भएका मुलुक पनि मजदुर वर्गको कल्याणका लागि सुधारवादी कदमहरू उठाउन बाध्य भए । त्यसैले स्पष्ट छ, जनताको आन्दोलनको प्रभाव बहुआयामिक र दिगो हुन्छ, सधैँ नभए पनि अधिकांश अवस्थामा ।

वास्तवमा, सफल समाजवादी आन्दोलनकै कारण कतिपय गैर-समाजवादी शासनव्यवस्था भएका मुलुक पनि मजदुर वर्गको कल्याणका लागि सुधारवादी कदमहरू उठाउन बाध्य भए । त्यसैले स्पष्ट छ, जनताको आन्दोलनको प्रभाव बहुआयामिक र दिगो हुन्छ, सधैँ नभए पनि अधिकांश अवस्थामा ।

यद्यपि, मार्क्सवाद-लेनिनवाद प्रत्येक समस्याको तम्तयार समाधान होइन, न त यो हरेक अवस्था र स्थानका लागि निश्चित सूत्र नै हो । यो त समाजलाई बुझ्ने, व्याख्या गर्ने र रूपान्तरण गर्ने एउटा वैज्ञानिक पद्धति हो । प्रत्येक देशका आफ्नै विविधतापूर्ण ऐतिहासिक विकास, सामाजिक-आर्थिक संरचना, वर्ग संघर्षको स्तर र सांस्कृतिक परम्पराजस्ता मौलिक विशेषताहरू हुन्छन् । यी भिन्नताहरूले ती देशमा क्रान्ति पनि निर्माण गर्छन् र समाजवादतर्फको मार्गलाई विशेष र मौलिक बनाउँछन् । त्यस कारण, कुनै पनि देशका समाजवादीहरूको जिम्मेदारी हुन्छ -उनीहरूले सार्वभौमिक मार्क्सवादी सिद्धान्तहरूको आलोकमा सामाजिक र राष्ट्रिय सन्दर्भका विशेषताहरूको पहिचान र ती विशेषताको आधारमा क्रान्ति र समाजवादको मौलिक सिद्धान्तलाई विकसित गरून् ।

नेपालमा हाम्रा राजनीतिक उद्देश्यहरू यही व्यापक व्यावहारिक दृष्टिकोणबाट निर्देशित छन् । हामी देशमा सामाजिक-आर्थिक विकासको

वास्तवमा, संवैधानिक लोकतन्त्रका विशेषताहरू जस्तै – प्रतिस्पर्धी बहुदलीय प्रणाली, संविधानको सर्वोच्चता, विधिको शासन, आवधिक निर्वाचन, मानवअधिकार, शक्तिको पृथकीकरण र सन्तुलन, स्वतन्त्र न्यायपालिका आदि सामन्तवाद विरोधी क्रान्तिका बेला विकसित गरिए ।

आफ्नै समाजवादी मोडल अन्वेषण गर्छौं । हामी कुनै पनि क्रान्ति, आन्दोलन, परिवर्तन वा रूपान्तरण मोडलको नक्कल गर्दैनौं । त्यस्तै अरूका लागि पनि कुनै निश्चित मोडल सिफारिस गर्दैनौं । हामीले नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरेका छौं ।

वास्तवमा एक प्रगतिशील समाजवादी आन्दोलन आन्तरिक पद्धति भित्रबाट मात्र विकसित गर्न सकिन्छ जुन समाजको मौलिक सामाजिक-आर्थिक र राजनीतिक विशेषता अनुकूल हुन्छ ।

हामी सधैं प्रतिस्पर्धी र बहुलवादी राज्यव्यवस्थाभित्र जनताको संवैधानिक लोकतन्त्रका पक्षमा उभिएका छौं । वास्तवमा, संवैधानिक लोकतन्त्रका विशेषताहरू जस्तै - प्रतिस्पर्धी बहुदलीय प्रणाली, संविधानको सर्वोच्चता, विधिको शासन, आवधिक निर्वाचन, मानवअधिकार, शक्तिको पृथकीकरण र सन्तुलन, स्वतन्त्र न्यायपालिका आदि सामन्तवाद विरोधी क्रान्तिका बेला विकसित गरिए । यी मूल्यहरू अनिवार्य रूपमा पूँजीवादी प्रकृतिका होइनन्, यद्यपि, बेलाबेला त्यस्तो भ्रम उत्पन्न हुन्छ । प्रतिस्पर्धा र लोकतन्त्रका यी मूल्यहरू, वास्तवमा, नेपाली जनताले लामो समयसम्म गरेका अनेकन् राजनीतिक संघर्षका उपलब्धिहरू हुन् ।

जनकेन्द्रित राज्यका सिद्धान्त र प्रतिस्पर्धी लोकतन्त्रद्वारा निर्देशित शासन प्रणाली आपसमा जोडिएका र जनमुखी छन् किनभने यी विचारहरूले राजनीतिक उद्देश्यको केन्द्रमा जनतालाई राख्छन् र राजनीतिक दल र

हाम्रो विचारमा, संविधान र कानूनले प्रतिगामी शक्तिमाथि नियन्त्रण गर्छन् र जनताद्वारा राजनीतिक नियन्त्रणका लागि स्थापित संयन्त्रबाट समाजलाई अघि बढाउँदै जनकल्याणका लागि परिवर्तन र रूपान्तरणलाई सहयोग पुर्‍याउँछन् ।

तिनका गतिविधिलाई नवीन, सशक्त र महत्वपूर्ण बनाउन मद्दत गर्छन् । मार्क्सवादी दर्शनको स्वरुप-वस्तु र यथार्थ-रूपसम्बन्धी विरोधाभासको आलोकमा हेर्‍यौं भने यो प्रमाणित हुन्छ । यस अर्थमा पनि हामीले नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरेका छौं ।

जबसम्म समाज वर्गमा आधारित र विविधतापूर्ण रहन्छ, तबसम्म सामाजिक चरित्रसँग सामञ्जस्य राख्दै बहुदलीय व्यवस्था अस्तित्वमा रहनु प्राकृतिक हुन्छ । त्यसैले हामीले प्रतिस्पर्धाबाटै वर्चस्व स्थापित गर्ने नीति अवलम्बन गर्‍यौं । हाम्रो विचारमा, संविधान र कानूनले प्रतिगामी शक्तिमाथि नियन्त्रण गर्छन् र जनताद्वारा राजनीतिक नियन्त्रणका लागि स्थापित संयन्त्रबाट समाजलाई अघि बढाउँदै जनकल्याणका लागि परिवर्तन र रूपान्तरणलाई सहयोग पुर्‍याउँछन् ।

विश्वमा औपनिवेशीकरणका बेला शक्ति, प्रतिरोध र संघर्षको उपयोग स्वाभाविक थियो; राष्ट्रहरूमाथि थिचोमिचो थियो, जनताको अधिकार र स्वतन्त्रताको चाहना विदेशी शक्तिबाट क्रूरतापूर्वक दबाइएका थिए; र, जनतामाथि अधिनायकवादी शासनको शोषण थियो । यद्यपि, हिंसा क्रान्तिका लागि न अनिवार्य साधन हो, न त महत्वपूर्ण विचारधारा नै ।

आज, समय र सन्दर्भ दुवै आधारभूत रूपमै बदलिइसकेका छन् । यस्तो बेला हामीले सामाजिक परिघटनाहरूको बदलिँदो स्वभावलाई पहिचान गर्नु आवश्यक छ । उपनिवेशकालको अन्त्य र एकतन्त्रीय शासन व्यवस्थाको

'समृद्ध नेपाल – सुखी नेपाली' को उद्देश्य हासिल गर्न, हामीले उपयोगी र सान्दर्भिक सिद्धान्तहरू अपनाएका छौँ र हाम्रै सन्दर्भका ऐतिहासिक अनुभव उपयोग गरेका छौँ । अनावश्यक विचारधारालाई पन्छाएका छौँ, मदन भण्डारीले उल्लेख गर्नुभए जस्तै – जीवनका लागि सिद्धान्त हो, जीवन सिद्धान्तका लागि होइन ।

पतन भइसकेको छ । एक्काइसौँ शताब्दीमा शान्तिपूर्ण र लोकतान्त्रिक तवरबाटै सामाजिक रूपान्तरण सम्भव भएको छ । शान्तिपूर्ण र वैध उपायहरू हुँदाहुँदै हिंसा छनोटको विषय हुनै सक्दैन । यो एउटा मूल्यवान पाठ हो, सदियौँ पहिले हाम्रा पुर्खाको ज्ञानबाट निसृत, जसले यथार्थको प्रकृति र परिघटनाहरूलाई वस्तुगत दृष्टिकोणबाट सूक्ष्म अवलोकन गरी हामीलाई एउटा सूक्ति दिएर गए- 'अहिंसा परमो धर्मः' । म भन्नसक्छु, हाम्रो आफ्नै भूमिको प्राचीन ज्ञानलाई हृदयङ्गम गर्दै हामीले नेपालमा राजनीतिक उद्देश्यहरू प्राप्तिका लागि अहिंसाको मार्ग अपनाएका छौँ ।

'समृद्ध नेपाल - सुखी नेपाली' को उद्देश्य हासिल गर्न, हामीले उपयोगी र सान्दर्भिक सिद्धान्तहरू अपनाएका छौँ र हाम्रै सन्दर्भका ऐतिहासिक अनुभव उपयोग गरेका छौँ । अनावश्यक विचारधारालाई पन्छाएका छौँ, मदन भण्डारीले उल्लेख गर्नुभए जस्तै - जीवनका लागि सिद्धान्त हो, जीवन सिद्धान्तका लागि होइन ।

नेपालको प्रगतिशील आन्दोलनले आमजनताको चासोलाई केन्द्रमा राख्नेर उनीहरूका आंकाक्षाको प्रतिनिधित्व गर्छ । हामीले राजनीतिक लक्ष्यहरूमा मात्रै ध्यान केन्द्रित गरेका छैनौँ, बरु, उच्च नैतिक र सांस्कृतिक मूल्य-मान्यतामा आधारित समाजको स्थापनामा जोड दिएका छौँ ।

विदेश नीतिको मोर्चामा, हाम्रो नीति हाम्रा राजनेता र राजनीतिज्ञहरूको करिब अढाइ शताब्दी लामो समृद्ध अनुभव र व्यावहारिक दृष्टिकोणहरूबाट

हामी आफ्ना छिमेकी र सबै मित्रराष्ट्रहरूसँग सार्वभौम समानता, क्षेत्रीय अखण्डता, अहस्तक्षेप, पारस्परिक सम्मान र आपसी लाभका आधारमा घनिष्ठ, उत्पादक र गरिमापूर्ण सम्बन्धको नीति अनुसरण गर्छौं । वैश्विकस्तरमा हामी न्यायोचित, बराबरी र सार्वभौम समानतामा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाका पक्षमा उभिन्छौं ।

निर्देशित छ । हामी आफ्ना छिमेकी र सबै मित्रराष्ट्रहरूसँग सार्वभौम समानता, क्षेत्रीय अखण्डता, अहस्तक्षेप, पारस्परिक सम्मान र आपसी लाभका आधारमा घनिष्ठ, उत्पादक र गरिमापूर्ण सम्बन्धको नीति अनुसरण गर्छौं । वैश्विकस्तरमा हामी न्यायोचित, बराबरी र सार्वभौम समानतामा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाका पक्षमा उभिन्छौं । र, वैश्विक राजनीतिक र आर्थिक पद्धतिले विकासशील देशहरू र त्यहाँका जनताको हितलाई प्राथमिकता दिनुपर्छ भन्ने मान्यता राख्छौं । जसरी हामी आन्तरिकस्तरमा न्याय, समानता र उचित अवसरका लागि लडेका छौं, त्यसैगरी अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो लक्ष्य उचित र न्यायपूर्ण अन्तर्राष्ट्रिय राजनीतिक र आर्थिक व्यवस्थाको खोजी हो ।

यो वर्ष नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७० औं वर्ष हो । पछिल्ला सात दशकलाई फर्केर हेर्दा हामीले कैयन् यस्ता उपलब्धि हासिल गरेका छौं जसमाथि गर्व गर्न सकिन्छ । आज हामी स्पष्ट बहुमत र ठोस जनादेशसहितको सबैभन्दा ठूलो राजनीतिक दलको रूपमा छौं । हामी नेपाली लोकतान्त्रिक आन्दोलनको अगुवा र सामाजिक परिवर्तनका लागि प्रमुख शक्ति बन्न सफल भएका छौं ।

हामीले नेपाली जनताले सुम्पेका अधिकांश ऐतिहासिक राजनीतिक जिम्मेदारीहरू पूरा गरेका छौं । नेपालको शासनप्रणाली संवैधानिक रूपमै संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भएको छ । जनताका राजनीतिक, सामाजिक र आर्थिक अधिकारहरूको संविधानमा

देशको युवा आवादी ऊर्जा र साहसले भरिपूर्ण छ । उनीहरूले पुर्खाबाट विरासतमा ज्ञान, सिर्जनशीलता र बहादुरी पाएका छन् । यो सम्पत्तिको समुचित उपयोगबाट नै देशको अर्थतन्त्र बलियो बनाउन सकिन्छ ।

सुनिश्चितता गरिएको छ । तर, अझै पनि हामीले अत्यन्तै जरूरी जिम्मेवारी र वाचाहरू पूरा गर्नुपर्नेछ । सबैभन्दा जरूरी त अहिलेसम्म प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै छोटो समयमा तीव्र आर्थिक समृद्धि प्राप्त गर्ने जिम्मेवारी हामीमा छ । नेपाल प्रकृतिको अमूल्य उपहार हरूबाट समृद्ध छ । हामीसँग अतुल्य सांस्कृतिक सम्पदा छ । देशको युवा आवादी ऊर्जा र साहसले भरिपूर्ण छ । उनीहरूले पुर्खाबाट विरासतमा ज्ञान, सिर्जनशीलता र बहादुरी पाएका छन् । यो सम्पत्तिको समुचित उपयोगबाट नै देशको अर्थतन्त्र बलियो बनाउन सकिन्छ ।

आज हामी गरीबी, अभाव र पछौटेपनका विरुद्ध संघर्षरत छौँ । मलाई दृढ विश्वास छ, लोकतान्त्रिक आन्दोलनहरूमा जस्तै सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको आन्दोलनमा पनि हामीले सफलता प्राप्त गर्नेछौँ । म पूर्ण आश्वस्त छु - हामीले आगामी पुस्तालाई नेपालको प्रगतिशील आन्दोलनले समृद्ध नेपालको निर्माण गरी आफ्नो प्रासंगिकता सावित गरेको र इतिहासले हाम्रा काँधमा बोकाएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको सुनाउन सक्षम हुनेछौँ ।

आजको प्रमुख चुनौती सुशासन, विधिको शासन र तीव्र सामाजिक-आर्थिक रूपान्तरणको जनआकांक्षा पूरा गर्नु हो । जनता यी आकांक्षाको परिपूर्ति चाँडै चाहिरहेका छन् । यस सम्बन्धमा राज्यका संरचनाहरूको प्रमुख भूमिका हुन्छ । सँगै राजनीतिक दलहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ किनभने उनीहरूले लगातार जनआकांक्षाहरू एकत्रित गरिरहेका

म पूर्ण आश्वस्त छु – हामीले आगामी पुस्तालाई नेपालको प्रगतिशील आन्दोलनले समृद्ध नेपालको निर्माण गरी आफ्नो प्रासंगिकता सावित गरेको र इतिहासले हाम्रा काँधमा बोकाएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको सुनाउन सक्षम हुनेछौँ ।

हुन्छन् र ती आकांक्षाहरूको कार्यान्वयनका लागि मतदाताहरूबाट समर्थन प्राप्त गरिरहेका हुन्छन् । यसका लागि दलभित्र लोकतान्त्रिक संस्कार, मूल्य र मान्यता विकसित हुनु आवश्यक छ । गतिशील र सधैँ प्रासंगिक प्रगतिशिल आन्दोलनका लागि दलमा निरन्तर नवीकरण र सुधारको प्रयास हुनुपर्छ । त्यस्तै जनआकांक्षा पूर्तिका लागि समाजवादको नयाँ मोडललाई संश्लेषित गर्न हामीले सिकेका पाठहरूको विश्लेषण गर्नु पनि उत्तिकै जरूरी हुन्छ । यो हाम्रा काँधमा आएको महत्वपूर्ण जिम्मेवारी हो ।

●

बेल्ट एण्ड रोड
समृद्धिका लागि अद्वितीय अवसर

सम्पर्कसञ्जाल समृद्धिको आधारस्तम्भ हो । पूर्वाधारहरूको सम्पर्कसञ्जालले अर्थतन्त्रमा गुणात्मक प्रभावको उजागर गर्न सक्दछ । सम्पर्कसञ्जालले व्यापार, लगानी, पर्यटन तथा जनस्तरको सम्बन्धका लागि अवसरहरू प्रदान गर्दछ । यी क्षेत्रहरूमा सहयोगको अभिवृद्धिले जनताका लागि रोजगारीको सिर्जना, आर्थिक अवसरहरूमा गुणात्मक वृद्धि एवं समग्र अर्थतन्त्रको उत्पादकत्वलाई अभिवृद्धि गर्नेछ ।

यस "बाटो र पाटो (बेल्ट एण्ड रोड) प्रयास अन्तर्राष्ट्रिय सम्मेलन : नेपाल तथा यस क्षेत्रका लागि अवसर तथा प्रभाव" विषयक सम्मेलनमा बोल्न पाउँदा मलाई खुशी लागेको छ । यस साहसी एवम् महत्वाकांक्षी इनिसियटिभका बारेमा यस क्षेत्रका विद्वतवर्ग, कूटनीतिज्ञ, विज्ञ, विद्यार्थी तथा इच्छुक व्यक्तिहरूमाझ आज हुन गइरहेको बहस एक सामयिक प्लेटफर्म हो ।

सन्दर्भ : 'बेल्ट एण्ड रोड' प्रयास संबन्धि अन्तर्राष्ट्रिय सेमिनार, त्रिभुवन विश्वविद्यालय, काठमाडौंमा मन्तव्य (भदौ २७, २०७५)

'बेल्ट एण्ड रोड इनिसियटिभ' (बीआरआई) राष्ट्रपति सी जीनपिङले सन् २०१३ मा आरम्भ गर्नुभएको दूरदर्शी योजना हो । यस क्षेत्रमा रहेका तथा यसभन्दा परका राष्ट्रहरूबीच सम्पर्कसञ्जाल (कनेक्टीभिटी) तथा सहयोग अभिवृद्धि गर्नका लागि यो एक महत्वपूर्ण कदम हो ।

मलाई विश्वास छ - यस सम्मेलनले 'बेल्ट एण्ड रोड इनिसियटिभ'को क्षेत्र तथा यसबाट सिर्जना हुने अवसरहरूका बारेमा हाम्रो बुझाइलाई थप स्पष्ट बनाउन र यसलाई वास्तविकतामा उतार्नका लागि व्यावहारिक सुझाव प्रदान गर्न योगदान दिनेछ । मलाई आशा छ - यो कार्यक्रम अनुभवहरू बाँड्ने तथा त्यसबाट सिक्ने मञ्च साबित हुनेछ ।

ऐतिहासिक रूपले राजनीतिक रूपान्तरणको सुदृढीकरणमा सफलता प्राप्त भएसँगै नेपाल अहिले आर्थिक-सामाजिक रूपान्तरणको एक महत्वपूर्ण घडीमा आइपुगेको छ । हाम्रो अबको मुख्य एजेण्डा भनेको सामाजिक-आर्थिक विकास हो । यद्यपि नेपालका विकासका आवश्यकताहरू कैयौँ छन् जब कि हामीसँग उपयोग नभएका तथा अल्पउपयोग भएका श्रोतसाधनहरू रहेका छन् । यसबाट हाम्रो वित्तीय अपर्याप्तता स्पष्ट हुन्छ ।

मलाई विश्वास छ - भारत तथा चीनमा भइरहेको अभूतपूर्व आर्थिक परिवर्तनले नेपाललाई समेत धेरै अवसरहरू प्रदान गर्दछ । भारत तथा चीनका बीचमा रहेको नेपाल सधैँ गरीब राष्ट्र भइरहन सक्दैन । हामीले अझ तीव्र गतिमा विकासको खुट्किलो चढ्नैपर्ने हुन्छ । हाम्रा छिमेकी राष्ट्रहरूसँग आपसी लाभका आधारमा सहयोग सुनिश्चित गरी हाम्रा राष्ट्रिय प्रयासलाई परिपूर्ति गर्नु हाम्रै दायित्व हो ।

बीआरआईले नेपालजस्ता देशहरूलाई समतायुक्त लाभ सुनिश्चित गरी अझ तीव्र गतिमा विकास र समृद्धिका लागि सहयोग गर्दछ । यसले नेपालको समृद्धिको एजेण्डालाई साकार पार्न एउटा महत्वपूर्ण उत्प्रेरकको रूपमा काम गर्दछ ।

'बेल्ट एण्ड रोड इनिसियटिभ' (बीआरआई) राष्ट्रपति सी जीनपिङले सन् २०१३ मा आरम्भ गर्नुभएको दूरदर्शी योजना हो । यस क्षेत्रमा रहेका तथा यसभन्दा परका राष्ट्रहरूबीच सम्पर्कसञ्जाल (कनेक्टीभिटी) तथा सहयोग अभिवृद्धि गर्नका लागि यो एक महत्वपूर्ण कदम हो ।

बीआरआईले विश्वका करिब दुई तिहाइ जनसंख्या एवम् एक तिहाइ कूल गार्हस्थ उत्पादन तथा व्यापारको हिस्सालाई जोड्दछ । विश्वलाई रूपान्तरण गर्नसक्ने स्तर तथा क्षेत्र भएको यस इनिसियटिभले अर्थतन्त्रलाई एकीकृत गर्न, बजारलाई जोड्न तथा पूर्वाधारमा लगानी गर्न प्रचुर अवसरहरू खोलिदिएको छ ।

राष्ट्रपति सीले बताउनुभएअनुसार बीआरआईले "साझा हितको समुदाय" तथा "साझा भविष्य भएको समुदाय" निर्माणमा पारस्परिक लाभको लागि एउटा आधारभूत खाका तयार गर्दछ ।

बीआरआईले नेपालजस्ता देशहरूलाई समतायुक्त लाभ सुनिश्चित गरी अझ तीव्र गतिमा विकास र समृद्धिका लागि सहयोग गर्दछ । यसले नेपालको समृद्धिको एजेण्डालाई साकार पार्न एउटा महत्वपूर्ण उत्प्रेरकको रूपमा काम गर्दछ । लगानी प्रवर्द्धन तथा सम्पर्कसञ्जाल विस्तार गर्ने खाकाको रूपमा बीआरआई हाम्रा विकासमा रहेका बाधा अड्चनहरूलाई सम्बोधन गर्न, विकासका आवश्यकताअनुसार वित्तीय

विश्वव्यापी रूपमै साधनश्रोतहरूको कमी भइरहेको बेलामा बीआरआई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा समेत महत्वपूर्ण हुनसक्दछ । यसले सम्पूर्ण मानव जातिको हितमा विश्वव्यापी रूपमा काम गर्नेछ ।

श्रोतहरू परिचालन गर्न तथा आपसी लाभमा आधारित सहकार्य (वीन-वीन कोअरेशन) सुनिश्चित गर्नका लागि महत्वपूर्ण हुनसक्छ ।

विश्वव्यापी रूपमै साधनश्रोतहरूको कमी भइरहेको बेलामा बीआरआई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा समेत महत्वपूर्ण हुनसक्दछ । यसले सम्पूर्ण मानव जातिको हितमा विश्वव्यापी रूपमा काम गर्नेछ ।

नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीलाई क्षयीकरण गर्दै संरक्षणवादको बढ्दो प्रवृत्तिका सन्दर्भमा बीआरआई खुलापन तथा साझा लाभका लागि एक विकल्प बन्नसक्छ । आर्थिक विकासको लहर परिवर्तन भएर एसियामा सरेको बेला विश्वव्यापीकरणको नयाँ तरङ्गलाई समावेशी, न्यायोचित एवम् मानवोचित बनाउन बीआरआई एक साधन हुनसक्दछ ।

चीनको आर्थिक वृद्धि तथा विकास हाम्रो युगको एक प्रेरणादायी सफलताको कथा हो । सुधार तथा खुलापनको नीति अङ्गीकार गरेको चार दशकमा चीनले औसत वार्षिक ९% को दरले आर्थिक वृद्धि हासिल गरेको छ । यस अवधिमा विश्वअर्थतन्त्रमा चीनको हिस्सा २.७% बाट १६% मा वृद्धि भएको तथा खुद गार्हस्थ उत्पादन प्रतिव्यक्ति आय अमेरिकी डलर १००० बाट ८००० पुगेको छ ।

सुधार र खुलापनप्रतिको अभियान वास्तवमै चीनका लागि कोसेढुंगा थियो । एक अर्थमा क्षेत्रीय तथा विश्वव्यापी तहमा बीआरआईले सुधार र खुलापनको प्रक्रियालाई परिपूरण गरेको छ ।

चीनले ८० करोड जनतालाई गरीबीबाट मुक्त गरेको छ भने संसारकै दोश्रो ठूलो अर्थतन्त्रका रूपमा उदाएको छ । नवप्रवर्तन र प्रविधिको क्रान्तिमा समेत चीनले महत्वपूर्ण भूमिका खेलेको छ ।

चीनले हासिल गरेका यी सबै प्रभावशाली तथ्यांक र विकासले विश्वलाई नै आश्चर्यचकित पारेको छ ।

यो वर्ष चीनले सुधार र खुलापनको नीति अङ्गीकार गरेको ४० वर्ष पुगेको छ । यी सुधार र खुलापनका ४० वर्षहरूमा चीनले गरेको अथाह विकास महान नेता देङ सियाओ पिङको बुद्धिमताको प्रमाण हो । उहाँले भन्नुभएको थियो - 'विकास नै एकमात्र सिद्धान्त हो ।'

सुधार र खुलापनप्रतिको अभियान वास्तवमै चीनका लागि कोसेढुंगा थियो । एक अर्थमा क्षेत्रीय तथा विश्वव्यापी तहमा बीआरआईले सुधार र खुलापनको प्रक्रियालाई परिपूरण गरेको छ । बीआरआई पूर्ण रूपमा कार्यान्वयन भएमा विकासको उत्प्रेरक र नवप्रवर्तनको श्रोतका रूपमा यसले चिनियाँ इतिहासमा नयाँ कोसेढुंगा बन्ने सम्भावना बोकेको छ ।

सम्पर्कसञ्जाल समृद्धिको आधारस्तम्भ हो । पूर्वाधारहरूको सम्पर्कसञ्जालले अर्थतन्त्रमा गुणात्मक प्रभावको उजागर गर्न सक्दछ । सम्पर्कसञ्जालले व्यापार, लगानी, पर्यटन तथा जनस्तरको सम्बन्धका लागि अवसरहरू प्रदान गर्दछ । यी क्षेत्रहरूमा सहयोगको अभिवृद्धिले

ऐतिहासिक सिल्करोडमा नेपाल एक महत्वपूर्ण मार्ग थियो । चीनलाई दक्षिण एसियासँग जोड्ने एक सक्रिय व्यापारिक बिन्दु थियो । यसको भौगोलिक अवस्थिति र छिमेकीहरूसँगको सुमधुर सम्बन्धका कारण नेपाल यो क्षेत्रलाई जोड्ने केन्द्र (हब) बन्नसक्छ ।

जनताका लागि रोजगारीको सिर्जना, आर्थिक अवसरहरूमा गुणात्मक वृद्धि एवं समग्र अर्थतन्त्रको उत्पादकत्वलाई अभिवृद्धि गर्नेछ ।

यस सम्भावनालाई हृदयङ्गम गर्दै नेपाल र चीनले हिमालयवारपार बहुआयामिक सम्पर्कसञ्जालको बृहत्तर संरचनाभित्र रही रेल्वे, सडक, बन्दरगाह, हवाईमार्ग र सञ्चारजस्ता क्षेत्रमा सहयोग अगाडि बढाउने कुरामा प्रतिबद्धता व्यक्त गरेका छन् । दिगो क्षेत्रीय सहयोगका लागि यी महत्वपूर्ण अवयवहरू हुन् भन्नेमा हामीलाई विश्वास छ ।

ऐतिहासिक सिल्करोडमा नेपाल एक महत्वपूर्ण मार्ग थियो । चीनलाई दक्षिण एसियासँग जोड्ने एक सक्रिय व्यापारिक बिन्दु थियो । यसको भौगोलिक अवस्थिति र छिमेकीहरूसँगको सुमधुर सम्बन्धका कारण नेपाल यो क्षेत्रलाई जोड्ने केन्द्र (हब) बन्नसक्छ ।

गतिशील पुलका रूपमा नेपालले प्रदान गर्नसक्ने धेरै कुराहरू छन् । एउटा पुल जुन भौतिक र भौगोलिक मात्र नभई संस्कृति र सभ्यताको पुल पनि होस्, एउटा पुल जसले बजार र अर्थतन्त्रलाई मात्र जोड्दैन, मानिस र विचारहरूलाई पनि जोड्छ ।

केही दिन पहिले नेपाल र चीनले पारवहन ढुवानी सम्झौताको प्रोटोकललाई अन्तिम रूप दिएका छन् । यस सम्झौताले नेपाललाई चीनको समुद्री बन्दरगाहसम्म पहुँच प्रदान गर्दछ । नेपाललाई 'ल्याण्डलक्ड' राष्ट्रबाट

नेपाल र भारत सीमावारपार सम्पर्कसञ्जाललाई अझ तीव्रता दिन प्रतिबद्ध छन् । यसअन्तर्गत रेल्वे, हाइवे, प्रसारण लाइन र ग्यास पाइप लाइन पर्दछन् । साथै नेपालले बंगलादेशसँग पनि ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर गरिसकेको छ ।

'ल्याण्डलिंक्ड' राष्ट्रमा रूपान्तरण गर्न यो सम्झौता एक महत्वपूर्ण कोसेढुंगा हो ।

यसै वर्ष हामीले नेपाल र चीनबीच सीमावारपार प्रसारण लाइन निर्माणसम्बन्धी समझदारीपत्रमा समेत हस्ताक्षर गरेका छौँ । सीमावारपार रेल्वे नेपालको विकास यात्रामा परिवर्तनकारी हुनेछ । हामी दुई देशले रेल्वे परियोजनामा सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरिसकेका छौँ । यस सम्बन्धमा पूर्वसम्भाव्यता अध्ययनसमेत सम्पन्न भइसकेको छ ।

दुवै देशले बीआरआईसँग सम्बन्धित विभिन्न परियोजनाहरूका बारेमा छलफल शुरु गरेका छन् । मेरा दुवै भ्रमणमा चिनियाँ राष्ट्रपति सी एवं अन्य राज्यस्तरका नेताहरूसँग भएको भेटघाट र छलफलमा सम्पर्कसञ्जाललाई केन्द्रबिन्दुमा राखेको थिएँ ।

यसैगरी, नेपाल र भारत सीमावारपार सम्पर्कसञ्जाललाई अझ तीव्रता दिन प्रतिबद्ध छन् । यसअन्तर्गत रेल्वे, हाइवे, प्रसारण लाइन र ग्यास पाइप लाइन पर्दछन् । साथै नेपालले बंगलादेशसँग पनि ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर गरिसकेको छ ।

बहुआयामिक क्षेत्रीय सम्पर्कसञ्जालका लागि सार्क र बिम्स्टेकजस्ता क्षेत्रीय संगठनहरू पनि महत्वपूर्ण मञ्चहरू हुन् । हामीले यी क्षेत्रीय

प्रत्येक राष्ट्रका आआफ्नै वास्तविकता र आवश्यकताहरू हुन्छन् । विभिन्न देश र क्षेत्रका भिन्न भिन्न विकासका आवश्यकताहरूलाई एकै प्रकारको सूत्रले सम्बोधन गर्न सक्दैन । कुनै पनि राष्ट्रको विकासको पथलाई उसको धरातलीय यथार्थता र सामाजिक–आर्थिक परिवेशले निर्देशित गरेको हुन्छ ।

संगठनहरूलाई पूरै सक्रिय र परिणाममुखी बनाउनुपर्दछ । चौथो बिम्स्टेक शिखर सम्मेलनमा सम्पर्कसञ्जाल छलफलको मुख्य विषय बनेको थियो । हामीले इनर्जी ग्रिडसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका छौँ । यसले ऊर्जाजस्तो महत्वपूर्ण क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने हाम्रो उत्कट चाहनालाई प्रतिबिम्बित गर्दछ । जब हामी सम्पर्कसञ्जालको मनग्य विकास गर्छौं, तब 'ल्याण्डलिंक्ड' नेपाल अरूलाई जोड्ने भूमिसमेत बन्नेछ ।

प्रत्येक राष्ट्रका आआफ्नै वास्तविकता र आवश्यकताहरू हुन्छन् । विभिन्न देश र क्षेत्रका भिन्न भिन्न विकासका आवश्यकताहरूलाई एकै प्रकारको सूत्रले सम्बोधन गर्न सक्दैन । कुनै पनि राष्ट्रको विकासको पथलाई उसको धरातलीय यथार्थता र सामाजिक-आर्थिक परिवेशले निर्देशित गरेको हुन्छ ।

कुनै पनि द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय संयन्त्रहरूअन्तर्गत परियोजना एवं कार्यक्रमहरू छनौट वा स्वीकार गर्दा सरकार राष्ट्रिय स्वार्थबाट मात्र निर्देशित हुने प्रतिबद्धता व्यक्त गर्दै यसमा कसैको कुनै किसिमको आशंका भए त्यसबाट मुक्त हुन आग्रह गर्दछु । हामी वस्तुगत तथा वास्तविकतामा आधारित नभएका कुनै पनि विचारहरूबाट प्रभावित हुने छैनौँ ।

अल्पविकासको अमानवीय पासोबाट जनतालाई मुक्त गर्नु र गरीबीको दुष्चक्रलाई तोड्नु नेपालको प्राथमिकता हो । अकर्मण्यता र सन्देहको अस्वस्थ्य सम्मिश्रणले यस प्रकारको पासोलाई केवल निरन्तरतामात्र दिन्छ । यदि हामीले समयको मागलाई बुझ्न सकेनौँ भने यो भावी पुस्ताका विरूद्ध सबैभन्दा ठूलो अपराध हुनेछ ।

अल्पविकासको अमानवीय पासोबाट जनतालाई मुक्त गर्नु र गरीबीको दुष्चक्रलाई तोड्नु नेपालको प्राथमिकता हो । अकर्मण्यता र सन्देहको अस्वस्थ्य सम्मिश्रणले यस प्रकारको पासोलाई केवल निरन्तरतामात्र दिन्छ । यदि हामीले समयको मागलाई बुझ्न सकेनौँ भने यो भावी पुस्ताका विरूद्ध सबैभन्दा ठूलो अपराध हुनेछ । समृद्धिको एजेण्डालाई मूर्तरूप दिन हामी हाम्रो राष्ट्रिय हित र प्राथमिकताका आधारमा हाम्रा छिमेकीहरूसँग सहयोगका मार्गहरूको खोजी गर्नेछौँ ।

नेपाल र चीन नजिकका मित्र तथा असल छिमेकी हुन् । दुई देशबीच सदा हार्दिक तथा समस्यारहित ऐतिहासिक मित्रता कायम रहेको छ । शान्तिपूर्ण सहअस्तित्वका पाँचवटा सिद्धान्तहरूबाट निर्देशित हुँदै आपसी हितका लागि हाम्रो सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन हाम्रा दुई मुलुकहरू दृढ छन् । विकास एवं साझा समृद्धिका विशाल सम्भावनाहरूको खोजी तथा उपभोग गर्नका लागि बीआरआईले हाम्रा दुवै देशलाई एक अद्वितीय अवसर प्रदान गरेको छ । यस अवसरको सदुपयोग हामीले गर्नैपर्छ ।

●

Asia
Society

भाग–२

शान्ति र लोकतन्त्र



समाजवादको विकल्प पूँजीवाद हुनै सक्दैन

पूँजीवादले आफ्नो सङ्कटको अस्थायी समाधान खोज्दै केही समय आयु लम्ब्याउन सक्छ, तर यसको दिगो समाधान भने पूँजीवादसँग छैन । यही आन्तरिक सङ्कटले नै ढिलो–चाँडो पूँजीवादको विनाश निम्त्याउने छ । मानवजाति ढिलो–चाँडो समाजवादको गन्तव्यमा पुगिछाड्ने छ । यद्यपि, पूँजीवादको सङ्कट आफैंमा समाजवादको विजयको प्रत्याभूति भने होइन ।

विश्व मानवतालाई असाधारण गुन लगाउने कार्ल मार्क्सको जीवन र शिक्षाका बारेमा गम्भीर विमर्श गर्न, समाजवादबारे अविचलित प्रतिबद्धता दोहोऱ्याउन, भविष्यको बाटो सम्बन्धमा हाम्रा दृष्टिकोणबारे छलफल गर्न तथा एक-अर्काका अनुभवबाट सिक्नका लागि मार्क्सको जन्म द्वैशतवार्षिकी एकदमै उपयुक्त सन्दर्भ हो । त्यसमाथि, विश्व समाजवादी आन्दोलन विभिन्न अभ्यास, उतार-चढाव, सफलता र चुनौतीका बीचबाट गुज्रिरहेका बेला

सन्दर्भ : कार्ल मार्क्सको जन्म द्वैशतवार्षिकीका सन्दर्भमा आयोजित अन्तर्राष्ट्रिय सेमिनार, नेपाल कम्युनिष्ट पार्टी, काठमाडौंमा प्रस्तुत विचार (जेठ १६, २०७५)

मार्क्सले त्यस्तो उज्यालो अगाडि सारे – जसले श्रमजीवी वर्गलाई आफू को हो, आफ्ना दुःखका कारण के हुन् र मुक्तिका उपायहरु कुन हुन् भन्ने कुरा स्पष्ट पारिदियो । त्यसपछि आफैँमा रुमल्लिरहेको श्रमिक वर्ग र आफ्नो मुक्तिका लागि जागरुक, सङ्गठित र आन्दोलित हुने प्रयासले सही दिशा प्राप्त गरे ।

लोकप्रिय अभिमतबाट झण्डै दुई तिहाई बहुमतसहित वामपन्थीहरुको वर्चस्व कायम भएको नेपालमा यस्तो कार्यक्रम आयोजना हुनुको विशेष महत्व छ । मलाई विश्वास छ, यस कार्यक्रमले एक्काइसौँ शताब्दीको विशिष्टता सुहाउँदो समाजवादबारे थप वैचारिक स्पष्टता हासिल गर्न र समाजवादतर्फको हाम्रो अविश्रान्त यात्रालाई थप गतिशील बनाउन सहयोग पुऱ्याउने छ ।

कार्ल मार्क्स वर्तमान युगका सर्वाधिक प्रभावशाली मनीषी हुन् । मार्क्सको जीवन यस्तो पानीढलो हो, जहाँबाट नयाँ युगको आरम्भ हुन्छ । पच्चीस सय वर्षअगाडि बुद्धले भनेका थिए - संसारमा दुःख छ, दुःखका कारण छन्, दुःख निवारण (मुक्ति) सम्भव छ र दुःख निवारणका उपाय पनि छन् । हाम्रो युगको श्रमजीवी वर्ग भने लामो समयसम्म दुःखमा डुबिरह्यो, दुःखका कारण थाहा नपाएर र निवारणका उपायको पनि भेउ नपाएर । केही चिन्तकहरूले समाजवादको मीठो कल्पना गरे, तर त्यहाँसम्म पुग्ने बाटोको बारेमा कुनै वैज्ञानिक दृष्टिकोण नहुँदा त्यो सपनामा मात्र सीमित रह्यो । मार्क्सले त्यस्तो उज्यालो अगाडि सारे - जसले श्रमजीवी वर्गलाई आफू को हो, आफ्ना दुःखका कारण के हुन् र मुक्तिका उपायहरु कुन हुन् भन्ने कुरा स्पष्ट पारिदियो । त्यसपछि आफैँमा रुमल्लिरहेको श्रमिक वर्ग र आफ्नो मुक्तिका लागि जागरुक, सङ्गठित र आन्दोलित हुने प्रयासले सही दिशा प्राप्त गरे । मार्क्सले प्रतिपादन गरेको द्वन्द्वात्मक भौतिकवादी दर्शनले सही ज्ञानको अभावमा रहस्यमा जेलिएजस्तो लाग्ने

संसारको व्याख्या गर्ने मात्रै भूमिकामा सीमित रहेको दर्शन अब संसार बदल्ने साधन बन्यो । वैज्ञानिक समाजवादको सिद्धान्तले श्रमजीवी वर्गलाई भविष्यको स्पष्ट मार्गदर्शन र विजयप्रति दह्रो आत्मविश्वास प्रदान गर्‌यो ।

जगत र जीवनका यावत् संरचना र गतिहरूलाई वैज्ञानिक ढङ्गले बुझ्ने बाटो खोलिदियो । ऐतिहासिक भौतिकवादले समाजसम्बन्धी बहस, विचार र सम्भावनाका नयाँ क्षितिज उघारिदियो । संसारको व्याख्या गर्ने मात्रै भूमिकामा सीमित रहेको दर्शन अब संसार बदल्ने साधन बन्यो । वैज्ञानिक समाजवादको सिद्धान्तले श्रमजीवी वर्गलाई भविष्यको स्पष्ट मार्गदर्शन र विजयप्रति दह्रो आत्मविश्वास प्रदान गऱ्यो ।

मार्क्सका विचारहरूले उन्नाइसौँ र बीसौँ शताब्दीमा विश्वलाई असाधारण ढंगले प्रभावित गरेका छन् । मार्क्सले मूलतः दर्शन, अर्थशास्त्र र राजनीतिमा योगदान गरेका छन्, तर उनका विचारले प्रभावित नगरेको सामाजिक विज्ञानको कुनै पनि विधा बाँकी छैन । मार्क्सवादको प्रभाव विस्तारसँगै विश्वको राजनीतिक शक्ति सन्तुलन, अन्तर्राष्ट्रिय सम्बन्ध, राज्यको भूमिका र नागरिक-राज्य सम्बन्ध, सामाजिक प्रबन्धहरू लगायतका विषयहरूमा ठूला परिवर्तन आएका छन् । आर्थिक शोषण र सामाजिक उत्पीडनबाट मुक्तिको अभियान सशक्त बनेको छ । समाजको आधा हिस्साको रूपमा रहेका महिला, श्रमिक, उत्पीडित समुदाय र बालबालिका लगायतका अधिकारहरूको विषयमा उल्लेख्य उपलब्धि हासिल भएका छन् । मार्क्सवाद कुनै प्रभावशाली बौद्धिक प्रवृत्तिमा सीमित रहेको छैन, यो न्याय, समानता र स्वतन्त्रताका निम्ति मानवजातिको तथा स्वाधीनताका निम्ति उत्पीडित राष्ट्रहरूको समेत वैचारिक साधनका रूपमा स्थापित भएको छ । त्यसैले एउटा स्वतन्त्र सर्वेक्षणमा मार्क्स

आधुनिकीकरण र समाजका विभिन्न पक्षमा विकासका बाबजुद आर्थिक विषमता गहिरिँदै गएको, विश्व पूँजीवादी सङ्कट चुलिँदै गरेको र न्याय, स्वतन्त्रता, समानता र समृद्धिका लागि मानव समुदायको सङ्घर्ष अझ सघन बन्दै गरेको एक्काइसौँ शताब्दीमा मार्क्सवाद अझ बढी सान्दर्भिक बनेको छ ।

दोश्रो सहस्राब्दीलाई सर्वाधिक प्रभाव पार्ने लोकप्रिय दार्शनिकका रूपमा 'सहस्राब्दी नायक' चयन भएका छन् । आधुनिकीकरण र समाजका विभिन्न पक्षमा विकासका बाबजुद आर्थिक विषमता गहिरिँदै गएको, विश्व पूँजीवादी सङ्कट चुलिँदै गरेको र न्याय, स्वतन्त्रता, समानता र समृद्धिका लागि मानव समुदायको सङ्घर्ष अझ सघन बन्दै गरेको एक्काइसौँ शताब्दीमा मार्क्सवाद अझ बढी सान्दर्भिक बनेको छ ।

सय वर्षअगाडि सम्पन्न रूसी अक्टोबर समाजवादी क्रान्तिले मानवजातिले युगौंदेखि सँगालेको जनताको शासन स्थापनाको सपनालाई मूर्त रूप दिने प्रयास गऱ्यो । श्रमजीवी वर्गले पहिलोपल्ट राज्यसत्ता हातमा लियो । मानवका आधारभूत भौतिक आवश्यकताको परिपूर्तिका अलावा शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मानव गरिमा र अधिकारका क्षेत्रमा समाजवादले दिएका उपलब्धि अतुलनीय थिए । ती मानव मूल्यहरू कति सशक्त थिए भने नाफाबाहेक केही नसोच्ने पूँजीवादसमेत सुधारका कदम चाल्न र मानवीय भावभङ्गिमा देखाउन बाध्य भयो । अजेय जस्तो देखिने विश्व पूँजीवादमाथि विजय सम्भव छ र श्रमजीवी वर्गको पक्षमा नयाँ संसार निर्माण सम्भव छ भन्ने मान्यता स्थापित भयो । आन्तरिक कमजोरी र केही बाह्य कारणसमेतले गर्दा संसारको पहिलो समाजवादी सत्ता ७० वर्षपछि विस्थापित भयो । सत्यलाई दबाउन सकिन्छ, तर निषेध गर्न सकिँदैन । जनताका क्रान्तिहरू कहिलेकाँही परास्त हुन सक्छन्, तर तिनले छाडेका प्रभाव र तिनको पुनरोदयलाई सदाका लागि

श्रमसुरक्षा खोसिएर करोडौं श्रमजीवीहरू 'प्रिकारियट' वर्गमा धकेलिन बाध्य भएका छन् । विचारधारा र राजनीतिलाई किनारामा धकेल्ने कोशिश गर्दा त्यस रिक्तितामा अतिवाद र आतङ्कवादले शिर ठाडो गर्ने मौका पाएको छ । सामाजिक विभाजनलाई गहिरो पार्ने प्रयास जारी छ ।

रोक्न भने सकिँदैन । अक्टोबर क्रान्तिले रेखाङ्कन गरेको समाजवाद र त्यसका दूरगामी प्रभाव आज पनि उत्तिकै सान्दर्भिक छन् ।

सोभियत संघको विघटनसँगै पूँजीवादीहरू निकै उत्साहित देखिए । कतिपय पूँजीवादी थिङ्कट्याङ्कहरूले 'विचारधाराको मृत्यु' भएको, 'इतिहासको अन्त्य' भएको र मार्क्सवाद र समाजवाद 'असान्दर्भिक भएको' निष्कर्ष निकाले । तर विभिन्न मुलुकमा भएको समाजवादी आन्दोलनको सफलता तथा विगत दशकहरूबाट शुरु भएको विश्व वित्तीय पूँजीवादी सङ्कटले उनीहरूको निष्कर्ष कति सतही र मनोगत थियो भन्ने स्पष्ट पारिदियो । सङ्कटपछि सिर्जना भएको मन्दीले अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको जग नै हल्लियो । श्रमिक जनताका सुविधा खोसेर मुट्ठीभर बैङ्कर, घरजग्गा कारोबारी र सीमित कुलीनहरूको सङ्कटमोचन गर्न राज्यको ढुकुटीबाट अरबौं डलर स्वर्चिँदा पनि आज विश्व पूँजीवाद धक्काबाट ब्यूँझिन सकेको छैन । आर्थिक विषमता चरम बन्दै जाँदा १ प्रतिशतका हातमा ८० प्रतिशतभन्दा बढी आय केन्द्रीकरण भएको छ । श्रमसुरक्षा खोसिएर करोडौं श्रमजीवीहरू 'प्रिकारियट' वर्गमा धकेलिन बाध्य भएका छन् । विचारधारा र राजनीतिलाई किनारामा धकेल्ने कोशिश गर्दा त्यस रिक्तितामा अतिवाद र आतङ्कवादले शिर ठाडो गर्ने मौका पाएको छ । सामाजिक विभाजनलाई गहिरो पार्ने प्रयास जारी छ । हल्ला गरिएजस्तो खुल्ला बजार अर्थतन्त्र र नवउदारवादको अन्तिम विजय भयो भन्ने कुरा भ्रमपूर्ण रहेछ भन्ने पुष्टि भएको छ ।

आर्थिक शोषण र सामाजिक उत्पीडनका विरुद्ध सामाजिक न्याय, शान्ति, वातावरण रक्षा र अधिकार प्राप्तिका लागि विभिन्न सामाजिक आन्दोलन अगाडि बढिरहेका छन् । यसभित्र मर्यादित कामका लागि श्रमजीवी आन्दोलन र समान अधिकारका लागि महिलाहरूका आन्दोलन विशेष महत्वका छन् ।

यसबाट पनि समाजवादको अनिवार्यता भनै स्पष्ट भएको छ ।

पूँजीवादले आफ्नो सङ्कटको अस्थायी समाधान खोज्दै केही समय आयु लम्ब्याउन सक्छ, तर यसको दिगो समाधान भने पूँजीवादसँग छैन । यही आन्तरिक सङ्कटले नै ढिलो-चाँडो पूँजीवादको विनाश निम्त्याउने छ । मानवजाति ढिलो-चाँडो समाजवादको गन्तव्यमा पुगिछाड्ने छ । यद्यपि, पूँजीवादको सङ्कट आफैँमा समाजवादको विजयको प्रत्याभूति भने होइन । पूँजीवादी सङ्कटले विकल्पका लागि ढोका खोलिदिन्छ । तर समाजवादको सफलताका लागि यसका आफ्नै वैचारिक, राजनीतिक, सङ्गठनात्मक र सामाजिक-सांस्कृतिक सामर्थ्यहरू निर्णायक हुन्छन् । आज विश्वमा समाजवादी आन्दोलन विभिन्न स्वरुप र धारामा अगाडि बढिरहेको छ । चीन, भियतनाम, क्युबा, लाओसलगायत मुलुकहरू आफ्नै विशेषतासहितको समाजवादको विकास गरिरहेका छन् । हामी नेपाली कम्युनिष्टहरू लोकतान्त्रिक प्रतिस्पर्धाको शान्तिपूर्ण विधिद्वारा जनताको अभिमतसहित समाजवादको आधार तयार गरिरहेका छौँ । विभिन्न मुलुकमा कम्युनिष्ट पार्टीहरू सदन र सडक दुवै स्थानबाट समाजवादका लागि सङ्घर्षरत छन् । आर्थिक शोषण र सामाजिक उत्पीडनका विरुद्ध सामाजिक न्याय, शान्ति, वातावरण रक्षा र अधिकार प्राप्तिका लागि विभिन्न सामाजिक आन्दोलन अगाडि बढिरहेका छन् । यसभित्र मर्यादित कामका लागि श्रमजीवी आन्दोलन र समान अधिकारका

हरेक राष्ट्र र समाजको चरित्र त्यसको ऐतिहासिक विकासक्रम, सामाजिक–आर्थिक संरचना, वर्ग सङ्घर्षको स्तर र सांस्कृतिक परम्परा आदि कारणले विशेष र अरूभन्दा भिन्न हुन्छ । यिनै भिन्नताले सम्बन्धित मुलुकको क्रान्ति र समाजवाद निर्माणको बाटोलाई पनि मौलिक र विशिष्ट बनाउँछन् ।

लागि महिलाहरूका आन्दोलन विशेष महत्वका छन् । यी सबै वृहत्तर अर्थमा समाजवादी आन्दोलनकै अङ्ग हुन् ।

वैज्ञानिक समाजवाद मार्क्स र एङ्गेल्सका प्रतिभावान मस्तिष्कको मनोगत उपज थिएन । पूँजीवादी उत्पादनसम्बन्धले सिर्जना गरेका जटिल अन्तरविरोधहरूको समाधान गर्न र श्रमजीवी वर्गको मुक्तिका लागि वैज्ञानिक सिद्धान्तको आवश्यकताको जगमा यसको जन्म भएको थियो । मार्क्सवादका सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक र मार्गदर्शक छन् । तर, मार्क्सवाद हरेक समस्याको तमतयार समाधान होइन र यो प्रत्येक काल एवं स्थानमा एकै रूपमा लागू हुने सूत्र पनि होइन । यो त समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने वैज्ञानिक पद्धति हो । हरेक राष्ट्र र समाजको चरित्र त्यसको ऐतिहासिक विकासक्रम, सामाजिक-आर्थिक संरचना, वर्ग सङ्घर्षको स्तर र सांस्कृतिक परम्परा आदि कारणले विशेष र अरूभन्दा भिन्न हुन्छ । यिनै भिन्नताले सम्बन्धित मुलुकको क्रान्ति र समाजवाद निर्माणको बाटोलाई पनि मौलिक र विशिष्ट बनाउँछन् । हरेक देशका कम्युनिष्टहरूको पहिलो दायित्व हो - मार्क्सवादका सार्वभौम र सर्वकालिक सिद्धान्तका आलोकमा आफू कार्यरत देश र आफू बाँचिरहेको परिवेशका विशेषताहरूको पहिचान गर्नु, त्यसका आधारमा क्रान्ति र समाजवाद निर्माणसम्बन्धी आफ्ना मौलिक सिद्धान्तहरूको निर्माण र विकास गर्नु । यसो गर्न सकिएन भने या त जडसूत्रवाद र यान्त्रिक नक्कलमा फसिन्छ, या त व्यवहारवादको

हामी क्रान्ति, आन्दोलन, परिवर्तन वा रूपान्तरणका लागि कुनै मोडलको नक्कल गर्दैनौं र अरू कसैलाई कुनै मोडलको अनुसरण गर्न सिफारिस पनि गर्दैनौं ।

चक्करमा मार्क्सवादका आधारभूत सिद्धान्तहरूबाटै पलायन भइन्छ । दुबै अवस्था आन्दोलनका लागि हानिकारक छन् ।

कुनै बेला विश्वमा एउटै कम्युनिष्ट केन्द्र भएको मानिन्थ्यो र एउटै समाजवादी ढाँचालाई अनुकरणीय र आदर्श ठानिन्थ्यो । त्यही केन्द्रको निर्देशन पालना गरेर आफ्नो देशमा पनि त्यसैको अनुकरण गर्न खोज्दा कतिपय ठाउँमा आन्दोलनले ठूलो धक्का खाएका दृष्टान्त पनि छन् । श्रमजीवीवर्गले एक अर्काका आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्छन्, सुखदुखमा साथ दिन्छन् र एक अर्काबाट सिक्न चाहन्छन् । तर प्रगतिशील र समाजवादी आन्दोलनलाई मौलिक रूपमा मात्रै विकास गर्न सकिन्छ ।

त्यसैले हामी क्रान्ति, आन्दोलन, परिवर्तन वा रूपान्तरणका लागि कुनै मोडलको नक्कल गर्दैनौं र अरू कसैलाई कुनै मोडलको अनुसरण गर्न सिफारिस पनि गर्दैनौं ।

मार्क्स जन्मेको दुईसय बर्ष पुगेको छ र कम्युनिष्ट घोषणापत्र प्रकाशन भएको पनि १७० वर्ष नाघेको छ । यस अवधिमा श्रमको स्वरुप, श्रमसम्बन्ध, शोषणका चरित्र, पूँजीवादको संरचना, राष्ट्रहरूका सम्बन्ध, विज्ञान-प्रविधि, उत्पादन ढाँचा, व्यापार र उपभोग एवं राजनीतिलगायत क्षेत्रमा निकै ठूला परिवर्तन भएका छन् । आज समय फरक परेको छ,

असमान विकासका कारण देश–देशमा क्रान्ति र समाजवाद निर्माणको बाटोमा पनि विविधता पैदा भएका छन् । आफ्नो धरातलीय यथार्थका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरिनु पर्ने आवश्यकता सर्वत्र महसूस हुँदै गएको छ ।

परिस्थिति बदलिएको छ र स्थान विशेषका विशेषता अनुरुप तरिकाहरू पनि बदलिएका छन्, त्यसकारण आन्दोलनका सामु नयाँ नयाँ प्रश्नहरू खडा भएका छन् ।

मार्क्सवादीहरूले सिर्जनात्मक दृष्टिका साथ नयाँ प्रश्नको ठोस उत्तर दिने सामर्थ्य राख्नुपर्छ ।

विश्वव्यापीकरणका बाबजुद पूँजीको अत्यधिक केन्द्रीकरण र विज्ञान-प्रविधिका लाभहरूको असमान वितरणका कारण विश्वको संरचना झनै विषम बनेको छ । असमान विकासका कारण देश-देशमा क्रान्ति र समाजवाद निर्माणको बाटोमा पनि विविधता पैदा भएका छन् । आफ्नो धरातलीय यथार्थका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरिनु पर्ने आवश्यकता सर्वत्र महसूस हुँदै गएको छ ।

नेपाली जनताको सङ्घर्ष र आन्दोलनको लामो र गौरवपूर्ण परम्परा छ । शुरुका दिनमा जनताको आन्दोलन देशको एकीकरण र अङ्ग्रेज साम्राज्यवादी आक्रमणका विरुद्ध देशभक्तिपूर्ण सङ्घर्षका रूपमा अगाडि बढ्यो । अग्रजहरूको पौरखकै कारण नेपालसँग कहिल्यै कसैको उपनिवेश हुनु नपरेको र सधैँभरि स्वतन्त्र रहँदै आएको गौरवपूर्ण पहिचान छ । स्पष्ट राजनीतिक आकार लिनु पूर्व आन्दोलनले रुढिवाद, अन्धविश्वास र विभेदविरोधी समाज सुधार र मानवतावादी आन्दोलनको स्वरुप ग्रहण

शुरुदेखि नै सबै खाले निरङ्कुशतन्त्र विरुद्ध लोकतन्त्रको झण्डा माथि उठाउँदै आएको नेपाल कम्युनिष्ट पार्टीले सबै स्वरुप र माध्यमका तानाशाही सत्ता विरुद्ध सामग्रिक रूपमा लोकतान्त्रिक आन्दोलनको अगुवाइ गर्दै आएको छ ।

गऱ्यो । विद्रोही योगमाया, सन्त शशिधर स्वामी, जयपृथ्वीबहादुर सिंह, लखन थापा र कृष्णलाल अधिकारीलगायत यस्तो अभियानको अग्रभागमा थिए । पछिल्लो समय त्यो, निरङ्कुश राणा शासनविरोधी प्रजातान्त्रिक आन्दोलनका रूपमा क्रमशः सशक्त बन्दै गयो । गङ्गालाल, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाको शहादत यसको विशिष्ट उदाहरण थियो । आन्दोलनका यी सबै धाराको विरासत लिएर नेपालको कम्युनिष्ट आन्दोलन जन्मिएको थियो ।

नेपालले धेरै अगाडिदेखि व्यापार व्यवसाय शुरु गरेको भएतापनि पूँजीवादी उत्पादन प्रक्रिया भने सन् १९३० को दशकबाट आरम्भ भयो । पूँजीवादले एकै साथ दुई वर्ग - श्रमजीवी र पूँजीपति वर्गलाई जन्म दियो । श्रमजीवी वर्गको प्रतिनिधि पार्टीका रूपमा सन् १९४९ मा नेपाल कम्युनिष्ट पार्टी र त्यसकै हाराहारी पूँजीपति वर्गको प्रतिनिधि पार्टी नेपाली काङ्ग्रेसको जन्म भयो । यससँगै ती दुई वर्गका प्रतिनिधि विचारका रूपमा समाजवादी र पूँजीवादी लोकतान्त्रिक धार पैदा भए ।

नेपाल कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा सामन्तवादको अन्त्य र जनवादी क्रान्ति सम्पन्न गर्ने, साम्राज्यवादी-प्रभुत्ववादी हस्तक्षेपको विरोध गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने तथा समतामूलक, न्यायपूर्ण तथा समृद्ध समाजवादी समाज निर्माण गर्ने स्पष्ट लक्ष्य लिएको थियो । शुरुदेखि नै सबै खाले निरङ्कुशतन्त्र विरुद्ध

कम्युनिष्ट आन्दोलनको ७० वर्षे इतिहास आरोह–अवरोहले भरिएको छ । राणाशाही समाप्त पार्न उत्तिकै महत्वपूर्ण भूमिका खेलेको नेपाल कम्युनिष्ट पार्टीमाथि नेपाली काङ्ग्रेसको सरकारबाट शुरुमा थिचोमिचो र पछि प्रतिबन्ध लगाइयो ।

लोकतन्त्रको झण्डा माथि उठाउँदै आएको नेपाल कम्युनिष्ट पार्टीले सबै स्वरुप र माध्यमका तानाशाही सत्ता विरुद्ध सामग्रिक रूपमा लोकतान्त्रिक आन्दोलनको अगुवाइ गर्दै आएको छ । नेपाली कम्युनिष्टहरूले आफूलाई श्रमजीवी जनताका भावनाहरूको परिपूर्तिका असल साथी, सच्चा प्रतिनिधि एवं मार्गदर्शकका रूपमा प्रमाणित गर्दै आएका छन् ।

कम्युनिष्ट आन्दोलनको ७० वर्षे इतिहास आरोह-अवरोहले भरिएको छ । राणाशाही समाप्त पार्न उत्तिकै महत्वपूर्ण भूमिका खेलेको नेपाल कम्युनिष्ट पार्टीमाथि नेपाली काङ्ग्रेसको सरकारबाट शुरुमा थिचोमिचो र पछि प्रतिबन्ध लगाइयो । यी अवरोधका बाबजुद पार्टीले सन् १९५० को दशकमा सशक्त किसान आन्दोलनहरू, विदेशी हस्तक्षेपको विरोध र जनताको अधिकारका लागि लोकप्रिय सङ्घर्ष गऱ्यो । परन्तु नेपाली कम्युनिष्ट आन्दोलनमा सन् १९६० को दशकमा विभाजन र विखण्डनको पीडादायी शृङ्खला शुरु भयो । यसले गर्दा यसको प्रतिरोधी क्षमता पनि कमजोर बन्न पुग्यो । यसै पृष्ठभूमिमा, सन् १९७० को दशकको शुरुमा झापा आन्दोलन भयो, जसले जनवादी गणतन्त्रका लागि राजतन्त्र विरुद्ध साहसिक विद्रोहको शङ्खघोष गऱ्यो । नयाँ विचारका आधारमा नयाँ कम्युनिष्ट शक्ति निर्माण गर्ने र त्यसकै आधारमा, आधारभूत तहबाटै कम्युनिष्ट समूहहरूबीच एकीकरण अगाडि बढाउँदै यसले क्रान्तिकारी पार्टी पुनर्गठनको आधार निर्माण गऱ्यो । युवा पुस्तामा क्रान्तिकारी विचारधाराप्रति अभूतपूर्व जागरण ल्याउँदै त्याग, बलिदान तथा उत्सर्गका

लामो र सघन विमर्शका क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा नेपाली क्रान्तिको विशिष्ट र मौलिक बाटोको प्रतिपादन भयो, जो जनताको बहुदलीय जनवाद (जबज) का नामले स्थापित छ ।

नयाँ मूल्यहरू स्थापित गऱ्यो । सही दृष्टिकोण अपनाउन नसक्दा र अनुभवको कमीका कारणसमेत उग्रवामपन्थी गल्तीहरू पनि भए, तर निष्ठावान क्रान्तिकारीहरूले गम्भीर आत्मसमीक्षा गर्दै त्यसलाई सच्याए । सन् १९८० को दशकबाट पार्टीभित्र नेपाली इतिहासको नयाँ व्याख्या, समाजको चरित्र निरुपण, प्रधान अन्तरविरोधको निक्र्योल तथा नेपाली क्रान्तिको मौलिक कार्यक्रम तथा विशिष्ट बाटोका सम्बन्धमा गम्भीर वैचारिक बहस शुरु भयो । लामो र सघन विमर्शका क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा नेपाली क्रान्तिको विशिष्ट र मौलिक बाटोको प्रतिपादन भयो, जो जनताको बहुदलीय जनवाद (जबज) का नामले स्थापित छ ।

त्यसैगरी पहिले केन्द्रीय न्युक्लियस, त्यसपछि चौथो महाधिवेशन, मशाल र मसाल हुँदै नेकपा (एकता केन्द्र) का रूपमा कम्युनिष्ट आन्दोलनको अर्को शक्ति विकसित भयो, जसले आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्यो । यही धार पछि नेकपा (माओवादी) मा रूपान्तरित भयो ।

जबजको सिद्धान्त प्रतिपादन भइरहँदा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन ठूलो उथलपुथलबाट गुज्रिँदै थियो । एकातिर संसारको पहिलो समाजवादी सत्ता-सोभियत सङ्घको विघटन र पूर्वी युरोपका समाजवादी सरकार हरूको विस्थापनले गम्भीर निराशा पैदा गर्दै थियो भने अर्कोतिर सशस्त्र विद्रोहको बाटो हिँडिरहेका कम्युनिष्ट पार्टीहरूले ठूलो धक्का खाँदै

कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कट मार्क्सवादको कमजोरी थिएन, बरु यसका प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरी थियो । मार्क्सवादको सिर्जनात्मक प्रयोगको मान्यतामाथि आधारित भएर हामीले नेपाली समाजका विशिष्टताहरूमाथि ध्यान केन्द्रित गर्‌यौं ।

थिए । झट्ट हेर्दा अक्टोबर क्रान्तिपछि शुरु भएको श्रमजीवी वर्गको युगकै अन्त्य भएको हो कि जस्तो लाग्दथ्यो । आन्दोलनका सामु नयाँ प्रश्न र नयाँ चुनौती खडा भएका थिए ।

ती प्रश्नको जवाफ मार्क्सवादबाट पलायन र विसर्जन हुन सक्दैनथ्यो । न त शास्त्रीय रचनाहरूको जडसूत्रीय रटानले नै समस्या समाधान गर्न सक्दथ्यो । कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कट मार्क्सवादको कमजोरी थिएन, बरु यसका प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरी थियो । मार्क्सवादको सिर्जनात्मक प्रयोगको मान्यतामाथि आधारित भएर हामीले नेपाली समाजका विशिष्टताहरूमाथि ध्यान केन्द्रित गर्‌यौं । 'विसर्जनवाद र जडसूत्रवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं !' भन्ने नारा अगाडि सार्‌यौं ।

यसले नेपालमा असाधारण प्रभाव पार्‌यो । कम्युनिष्ट आन्दोलनले लोकप्रियताको शिखर चढ्दै गयो । संसार छक्क पर्‌यो । अमेरिकी म्यागाजिन 'न्युजविक'मा जननेता मदन भण्डारीसँगको 'नेपालमा कार्ल मार्क्स जीवित छन्' शीर्षकमा प्रकाशित अन्तरवार्ता, विश्वले नेपाललाई कसरी चाखपूर्वक हेरिरहेको छ भन्ने कुराको दृष्टान्त थियो । एउटा स्वतन्त्र सर्भेक्षणबाट मदन भण्डारीको चयन बीसौं शताब्दीमा नेपाली समाजलाई सर्वाधिक प्रभाव पार्ने 'शताब्दी नायक'का रूपमा भयो । १९९४/९५ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) सबैभन्दा ठूलो दलको रूपमा स्थापित

मार्क्सवादको सिर्जनात्मक विकास, कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण र शान्तिपूर्ण एवं वैधानिक माध्यमबाट समाज परिवर्तनजस्ता आज आमरुपमा स्वीकार्य भएका मान्यताहरू स्थापित गर्ने श्रेय मदन भण्डारीद्वारा अगाडि सारिएका विचारहरूलाई जान्छ ।

भयो र छोटो समय तर अत्यन्त सफल शासन सञ्चालन गऱ्यो । जनताको बहुदलीय जनवादले कम्युनिष्ट आन्दोलनलाई जनतामाझ लोकप्रिय बनाउन, यसको वैधता स्थापित गर्न एवं प्रतिकूल आन्तरिक र बाह्य परि स्थितिका बीचबाट आन्दोलनलाई अगाडि बढाउन ठूलो योगदान गरेको छ । कम्युनिष्ट पार्टी र आन्दोलनका विरुद्ध पूँजीवादीहरूका परम्परागत आरोपहरूलाई निष्प्रभावी बनाइदिएको छ । मार्क्सवादको सिर्जनात्मक विकास, कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण र शान्तिपूर्ण एवं वैधानिक माध्यमबाट समाज परिवर्तनजस्ता आज आमरुपमा स्वीकार्य भएका मान्यताहरू स्थापित गर्ने श्रेय मदन भण्डारीद्वारा अगाडि सारिएका विचारहरूलाई जान्छ ।

अर्कातिर, सन् १९९६ फेब्रुअरीबाट माओवादी सशस्त्र विद्रोह शुरु भयो । दश वर्ष लामो उक्त सङ्घर्षले उत्पीडित समुदायमा जागरण ल्याउन, सामन्तवादलाई कमजोर गर्न, संविधानसभा र गणतन्त्रलाई राष्ट्रिय एजेण्डा बनाउन तथा समावेशीकरणजस्ता विषय स्थापित गर्न महत्वपूर्ण योगदान गऱ्यो । नेकपा (एमाले) र नेकपा (माओवादी) बीच राष्ट्रिय राजनीतिका अनेकौं विषयमा गम्भीर विमर्शहरु भए र यसले सात दल र माओवादीबीच सहकार्यको आधार निर्माण गऱ्यो, जुन सन् २००६ को ऐतिहासिक परिवर्तनको मुख्य संवाहक थियो । आन्दोलनमा वामपन्थीहरूले वैचारिक र संगठनात्मक रूपमा निर्णायक भूमिका खेले । नेपालमा शान्ति प्रक्रिया प्रारम्भ भयो । दश वर्षभन्दा लामो यस प्रक्रियाको

राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको आह्वानलाई समर्थन गर्दै गत निर्वाचनमा जनताले हामीलाई सरकार सञ्चालनको जनादेश दिएका छन् । आज सरकार 'समृद्ध नेपाल र सुखी नेपाली' नारालाई सार्थक पार्न सम्पूर्ण सामथ्र्यका साथ केन्द्रित छ ।

सुखद परिणाम हाम्रा सामु छ - एकातिर हामीले सामाजिक न्याय, जनताका अधिकारसहितको समाजवाद-उन्मुख लोकतान्त्रिक संविधान जारी गरेका छौँ भने अर्कातिर भर्खरै नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच ऐतिहासिक एकीकरण सम्पन्न भएर बलियो नेपाल कम्युनिष्ट पार्टीको निर्माण गरेका छौँ । मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, कार्यक्रम बहुदलीय प्रतिस्पर्धा र लोकतान्त्रिक मूल्यमान्यतामाथि आधारित जनताको जनवाद, मुख्य कार्यभार- सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गर्दै समाजवादका आधार तयार गर्ने तथा राजनीतिक कार्यदिशा - शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट श्रेष्ठता हासिल गर्ने लगायतका विषयहरू यस पार्टीका मुख्य राजनीतिक मान्यताहरू हुन् ।

आज नेपाल कम्युनिष्ट पार्टीसँग सङ्घीय संसद, सातमध्ये छ वटा प्रदेशसभा र बहुसङ्ख्यक स्थानीय सरकारहरूमा झण्डै दुई तिहाई बहुमत तथा ५३ प्रतिशतभन्दा बढी लोकप्रिय मत छ । र, यो सशक्त जनाधारयुक्त पार्टीको रूपमा स्थापित भएको छ । राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको आह्वानलाई समर्थन गर्दै गत निर्वाचनमा जनताले हामीलाई सरकार सञ्चालनको जनादेश दिएका छन् । आज सरकार 'समृद्ध नेपाल र सुखी नेपाली' नारालाई सार्थक पार्न सम्पूर्ण सामर्थ्यका साथ केन्द्रित छ ।

हाम्रा प्राथमिकताहरू स्पष्ट छन् – राष्ट्रियताको सुदृढीकरण, लोकतन्त्रको संस्थागत विकास, सामाजिक सद्भावसहितको राष्ट्रिय एकताको सबलीकरण, सबै खाले विभेद, असमानता र उत्पीडनको अन्त्य गर्दै सामाजिक न्याय र समानता प्राप्ति तथा छोटो समयभित्रै न्यायोचित वितरणसहितको तीव्र आर्थिक विकास र समृद्धि ।

हाम्रा लक्ष्य स्पष्ट छन् - सन् २०२२ सम्म अति अल्पविकसित अवस्थाबाट स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको मुलुकमा रूपान्तरण ।

हाम्रो गन्तव्य स्पष्ट छ - नेपाली विशेषतासहितको समाजवाद निर्माण ।

हाम्रा प्राथमिकताहरू स्पष्ट छन् - राष्ट्रियताको सुदृढीकरण, लोकतन्त्रको संस्थागत विकास, सामाजिक सद्भावसहितको राष्ट्रिय एकताको सबलीकरण, सबै खाले विभेद, असमानता र उत्पीडनको अन्त्य गर्दै सामाजिक न्याय र समानता प्राप्ति तथा छोटो समयभित्रै न्यायोचित वितरणसहितको तीव्र आर्थिक विकास र समृद्धि ।

यसका लागि आर्थिक विकासको बाटो पनि स्पष्ट छ - राज्यको प्रभावकारी र नेतृत्वदायी भूमिका, निजी क्षेत्रको जीवन्त साझेदारी तथा सहकारी र सामुदायिक क्षेत्रको प्रभावकारी भूमिकासहितको आर्थिक नीति, राष्ट्रिय प्राथमिकताका क्षेत्रमा बाह्य लगानी र सार्वजनिक-निजी साझेदारीका विभिन्न ढाँचाहरू । कानूनको शासन, सबै नेपालीलाई बराबर अधिकार र अवसर, सुरक्षा र सम्मान । जनताप्रति उत्तरदायी सरकार, पारदर्शिता, मितव्ययिता र भ्रष्टाचारमुक्त सुशासनको प्रत्याभूतिमा मुख्य जोड ।

हामीसँग तीन हजार वर्षभन्दा लामो गौरवपूर्ण इतिहास छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो, जहाँ

कानुनको शासन, बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, संविधानको सर्वोच्चता, आवधिक निर्वाचन, मानवअधिकार, नियन्त्रण र सन्तुलन, शक्ति पृथकीकरण तथा स्वतन्त्र न्यायपालिका जस्ता विषयहरू सामन्तवाद विरोधी क्रान्तिका दौरान विकसित भएका हुन् ।

विविध भाषा, संस्कृति र धर्मका जनताको सद्भावयुक्त बसोबास छ । विविधता र बहुलता हाम्रो भूगोल र समाजको पहिचान हो । शान्ति, सहिष्णुता, फरक विचार तथा आस्थाको सम्मानजस्ता गुण हाम्रा वैशिष्ट्य हुन् । न्याय र लोकतन्त्र हाम्रा सामाजिक गुण हुन् । मिथिला, शाक्य, खस, किराँत र वागमतीलगायत प्राचीन सभ्यताले मौलिक 'नेपालीपन' निर्माणमा योगदान गरेका छन् ।

हाम्रा सिद्धान्तमा समाजका यी विशेषताहरू प्रतिबिम्बित भएका छन् ।

माथि नै उल्लेख भएको छ, नेपाली जनताको सङ्घर्षका विभिन्न परम्परा छन् । अग्रजहरूका यी ऐतिहासिक परम्पराको विरासतलाई नेपाली कम्युनिष्ट आन्दोलनले आत्मसात गरेको छ र यिनलाई समाजवादी अन्तरवस्तु प्रदान गरेको छ ।

कानुनको शासन, बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, संविधानको सर्वोच्चता, आवधिक निर्वाचन, मानवअधिकार, नियन्त्रण र सन्तुलन, शक्ति पृथकीकरण तथा स्वतन्त्र न्यायपालिका जस्ता विषयहरू सामन्तवाद विरोधी क्रान्तिका दौरान विकसित भएका हुन् । तर कसै-कसैले तर्क गरेजस्तो यिनीहरू आफैँमा पूँजीवादी विषय होइनन् । यी मानवजातिले आर्जन गरेका उपलब्धिहरू हुन् । पूँजीपति वर्गले आजसम्म आफ्नो सत्तालाई वैधानिक र जनताको पक्षधर देखाउन यिनीहरूलाई प्रयोग

शासन प्रणाली त त्यसको रूपपक्ष मात्रै हो । त्यसैले हामीले अवलम्बन गरेको श्रमजीवी वर्ग पक्षधर राज्य तथा लोकतान्त्रिक प्रतिस्पर्धात्मक शासन प्रणालीबीच सङ्गति छ । सार र रूप तथा अन्तर्वस्तु र आकृतिसम्बन्धी मार्क्सवादी दर्शनको आलोकमा हेर्दा यसबारे थप स्पष्ट हुन सकिन्छ ।

मात्रै गरेको हो । श्रमजीवी वर्गले ती अधिकारहरूको प्रयोग गर्दै अगाडि बढ्न थालेपछि र पूँजीवादी शोषणमा धक्का दिन थालेपछि पूँजीपति वर्ग यी लोकतान्त्रिक मूल्यमान्यताबाट पछि हट्दै गएको छ र 'जन्मसिद्ध श्रेष्ठता' जस्ता पाखण्डी मान्यतालाई समेत स्वीकार्न पुगेको छ । त्यसैले श्रमजीवी वर्गले यी लोकतान्त्रिक मूल्यहरूलाई आत्मसात गर्नु स्वाभाविक छ । राज्यसत्ताले कुन वर्गलाई प्रतिनिधित्व गर्छ र राज्यसंयन्त्र तथा अर्थतन्त्र कसको नियन्त्रणमा छ भन्ने कुराले राज्यसत्ताको सारलाई निर्धारण गर्छ । शासन प्रणाली त त्यसको रूपपक्ष मात्रै हो । त्यसैले हामीले अवलम्बन गरेको श्रमजीवी वर्ग पक्षधर राज्य तथा लोकतान्त्रिक प्रतिस्पर्धात्मक शासन प्रणालीबीच सङ्गति छ । सार र रूप तथा अन्तर्वस्तु र आकृतिसम्बन्धी मार्क्सवादी दर्शनको आलोकमा हेर्दा यसबारे थप स्पष्ट हुन सकिन्छ ।

समाजको चरित्र वर्गीय र विविधतायुक्त रहँदासम्म समाजको यस चरित्रसँग तादात्म्यता हुने गरी बहुदलीय प्रणाली कायम हुने कुरा स्वाभाविक हुन्छ भन्ने हामी ठान्दछौँ । त्यसैकारण हामीले प्रतिस्पर्धा र पहलकदमीबाट श्रेष्ठता हासिल गर्ने नीति लिएका हौँ । समाजलाई पछि फर्काउन, विभाजन र विखण्डन गर्न तथा परिवर्तनलाई उल्ट्याउन खोज्नेहरूलाई स्वयं संविधान र कानूनले नियन्त्रण गर्छ, गर्नुपर्छ ।

एक्काइसौँ शताब्दीमा आइपुग्दा समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक रूपान्तरणको बाटो सम्भव देखिएको छ । शान्तिपूर्ण र वैधानिक बाटो एवं विधिको प्रयोगको अवसर उपलब्ध भएको अवस्थामा हिंसा रोजाइको विषय हुन सक्दैन ।

कम्युनिष्टहरू जनताको हितको प्रतिनिधित्व गर्ने अगुवा हुन् । तसर्थ उनीहरूले जनताले मन नपराउने/नस्वीकार्ने अभ्यास, आचरण र शैली अपनाउनु हुँदैन ।

विश्वमा औपनिवेशिक युग छाएको, राष्ट्रहरू दबाइएको, स्वाधीनताको हक र आकाङ्क्षामाथि क्रूर विदेशी आक्रमण थोपरिएको बेला, अनि तानाशाही सत्ताले जनतामाथि पशुवत व्यवहार गर्दै अत्याचारको बुटमुनि थिचेर राखेको समयमा जनताको तर्फबाट हुने प्रतिवाद, विद्रोह र बलप्रयोग स्वाभाविक थियो । तर हिंसा क्रान्तिको अपरिहार्य साधन या सिद्धान्तको विषय होइन । अब समय र परिस्थिति फेरिएको छ । औपनिवेशिक युग समाप्त भएको छ । आम रूपमा तानाशाही प्रणालीहरू ढलेका छन् । एक्काइसौँ शताब्दीमा आइपुग्दा समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक रूपान्तरणको बाटो सम्भव देखिएको छ । शान्तिपूर्ण र वैधानिक बाटो एवं विधिको प्रयोगको अवसर उपलब्ध भएको अवस्थामा हिंसा रोजाइको विषय हुन सक्दैन । यस्तो अवस्थामा समुद्रको किनार या छिपछिपे पानीमा उभिएर क्रान्तिरूपी छालको गफ होइन, सम्बन्धित देशका जनताको गहिरो समुद्रमा पस्नु र छालहरूसँग मुकाबिला गर्दै श्रेष्ठता हासिल गर्नु जरुरी छ ।

भूगोल, जनसङ्ख्या या आर्थिक सामर्थ्यका दृष्टिले राष्ट्रहरूको आकार फरक होलान्, तर सार्वभौमसत्ता र राष्ट्रिय आत्मसम्मान भने बराबर हो । त्यसैले हस्तक्षेप, हेपाइ र साना राष्ट्रलाई अवमूल्यन गर्ने कुरा स्वीकार्य हुन सक्दैन ।

त्यसैले हामीले आफैँले निर्माण गरेको संविधानको बाटोबाट, जनताको अभिमतको शान्तिपूर्ण माध्यमबाट समाजवाद निर्माण गर्ने मौलिक बाटो पहिल्याएका छौँ ।

'समृद्ध नेपाल र सुखी नेपाली'को उद्देश्य प्राप्तिका लागि हामीले इतिहासका सान्दर्भिक र सकारात्मक मूल्यहरूलाई ग्रहण गरेको छौँ र गलत विषयहरूलाई परित्याग गरेका छौँ । मदन भण्डारीले भन्नुभएजस्तो हामीले सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्तको विकास गरेका छौँ । श्रमजीवी जनताप्रतिको वर्ग पक्षधरतालाई केन्द्रबिन्दुमा राख्दै नेपाली कम्युनिष्ट आन्दोलनले आमजनताको भावनाको प्रतिनिधित्व गरिरहेको छ । हामीले खालि राजनीतिक प्रबन्धमा मात्रै ध्यान दिएका छैनौँ, उच्च नैतिक र सांस्कृतिक मूल्ययुक्त समाज निर्माणमा जोड दिएका छौँ । सार्वभौमसत्ता, भौगोलिक अखण्डता, अहस्तक्षेप र पारस्परिक सम्मान र लाभमाथि आधारित भएर सबै छिमेकी र मित्र राष्ट्रहरूसँग घनिष्ट सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरेका छौँ । भूगोल, जनसङ्ख्या या आर्थिक सामर्थ्यका दृष्टिले राष्ट्रहरूको आकार फरक होलान्, तर सार्वभौमसत्ता र राष्ट्रिय आत्मसम्मान भने बराबर हो । त्यसैले हस्तक्षेप, हेपाइ र साना राष्ट्रलाई अवमूल्यन गर्ने कुरा स्वीकार्य हुन सक्दैन । हामी विवादहरूको शान्तिपूर्ण समाधानको पक्षमा छौँ र साना राष्ट्र एवं जनताको हितलाई प्राथमिकतामा राख्ेर

आज हामी जनताको अभिमतबाट देशको सर्वाधिक ठूलो र बहुमत प्राप्त पार्टीका रूपमा स्थापित भएका छौँ । नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी शक्ति र सामाजिक परिवर्तनको मुख्य संवाहक बन्न सफल भएका छौँ । देशभक्तिपूर्ण र राष्ट्रियताको आन्दोलनको मोर्चामा अग्रपङ्क्तिमा छौँ ।

वर्तमान विश्व आर्थिक-राजनीतिक व्यवस्थालाई परिवर्तन गर्नुपर्छ भन्ने ठान्दछौँ ।

नेपाली कम्युनिष्ट आन्दोलन यसै साल सत्तरी वर्षमा लाग्यो । गएका सात दशकलाई फर्केर हेर्दा हामीसँग गर्व गर्न लायक प्रशस्त उपलब्धिहरू छन् - आज हामी जनताको अभिमतबाट देशको सर्वाधिक ठूलो र बहुमत प्राप्त पार्टीका रूपमा स्थापित भएका छौँ । नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी शक्ति र सामाजिक परिवर्तनको मुख्य संवाहक बन्न सफल भएका छौँ । देशभक्तिपूर्ण र राष्ट्रियताको आन्दोलनको मोर्चामा अग्रपङ्क्तिमा छौँ ।

इतिहासले दिएका कतिपय महत्वपूर्ण अभिभारा हामीले पूरा गरेका छौँ । तीन-तीनवटा तानाशाही सत्ता पराजित भएका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । जनताका प्रतिनिधिको हातबाट लेखिएको लोकतान्त्रिक संविधानबाट शासन सञ्चालन हुन थालेको छ । अब हाम्रा अगाडि प्राप्त राजनीतिक उपलब्धिको जगमा छोटो समयभित्रै आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने अभिभारा छ । प्रकृतिको यो अनुपम वरदान प्राप्त देश, संस्कृतिको यो अपरिमित भण्डार भएको देश, ऊर्जावान, युवा र पौरखी पाखुरा भएका तथा स्वाभीमानी पुर्खाहरूको सन्तानको यो देश, अरू कतिपय देशको जन्म नहुँदै र कतिपय देश मध्यकालीन अन्धकारमै रुमलिइरहेको बेला विश्वलाई शान्ति,

हामीलाई विश्वास छ – लोकतन्त्र प्राप्तिको आन्दोलनमा जस्तै समृद्धि प्राप्तिको आन्दोलनमा पनि हामी 'च्याम्पियन' हुनेछौँ । अबको तीस वर्षपछि, जब नेपाली कम्युनिष्ट आन्दोलन सय वर्ष पुग्नेछ, नेपाल संसारका विकसित मुलुकहरूको हाराहारीमा पुगेको हुनेछ, भौतिक रूपमा पनि र सांस्कृतिक रूपमा पनि ।

करुणा र वौद्धिकताको सन्देश दिन तथा आजभन्दा ३/४ सय वर्षअगाडि नै भारत र चीनबीच व्यापारिक सेतु बन्न सफल यो देश आर्थिक रूपमा पछाडि पर्नुपर्ने कुनै कारण छैन । तर यथार्थ यही हो, आज हामी धेरै सूचकाङ्कमा पछाडि छौँ । अति अल्पविकसित अवस्थामा छौँ । अब यो स्थितिलाई बदल्ने दायित्व नेपाली कम्युनिष्टहरूको काँधमा आएको छ । हिजो निरङ्कुशसत्तालाई घुँडा टेकाउन आन्दोलनको अगुवाइ गर्ने हामी कम्युनिष्टहरू अहिले गरीबी, अभाव र पछ्यौटेपन विरुद्धको सङ्घर्षमा छौँ । र, हामीलाई विश्वास छ - लोकतन्त्र प्राप्तिको आन्दोलनमा जस्तै समृद्धि प्राप्तिको आन्दोलनमा पनि हामी 'च्याम्पियन' हुनेछौँ । अबको तीस वर्षपछि, जब नेपाली कम्युनिष्ट आन्दोलन सय वर्ष पुग्नेछ, नेपाल संसारका विकसित मुलुकहरूको हाराहारीमा पुगेको हुनेछ, भौतिक रूपमा पनि र सांस्कृतिक रूपमा पनि । भोलि आउने पुस्ताले गर्वसाथ भन्न पाउने छ - हाम्रा अग्रजहरूले निर्माण गरेको नेपाली कम्युनिष्ट आन्दोलनले समृद्ध नेपाल निर्माण गरेर आफ्नो औचित्यको पुष्टि गरेको छ, आफ्नो काँधमा इतिहासले बोकाइदिएको अभिभारा कुशलतापूर्वक बहन गरेको छ ।

सन् १९९४ मा कोलकतामा आयोजित विश्वका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूको विशेष कार्यक्रममा जननेता मदन भण्डारीले भन्नुभएको थियो - मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पूँजीवादीहरूले आशा गरेजस्तो पूँजीवादी व्यवस्था, समाजवादको विकल्प हुन सक्दैन ।

भोलि आउने पुस्ताले गर्वसाथ भन्न पाउने छ – हाम्रा अग्रजहरूले निर्माण गरेको नेपाली कम्युनिष्ट आन्दोलनले समृद्ध नेपाल निर्माण गरेर आफ्नो औचित्यको पुष्टि गरेको छ, आफ्नो काँधमा इतिहासले बोकाइदिएको अभिभारा कुशलतापूर्वक बहन गरेको छ ।

विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ, जसले मानवजातिको स्वाधीनता, मुक्ति र प्रगतिका निम्ति, सामाजिक शोषणको समाप्तिका निम्ति, उत्पादक शक्तिको विकासका निम्ति मार्क्सवादको कुनै विकल्प छैन भन्ने कुरा प्रमाणित गरोस् र यसको शाश्वत जीवनको प्रत्याभूति गरोस् । समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त ढंगले लागू गर्नाका लागि नयाँ चिन्तनको आवश्यकता छ ।'

आज हामी त्यही गरिरहेका छौँ । यसमा सफलताका लागि हामीलाई तपाईँहरूको वृहत्तर ऐक्यबद्धता र साथ चाहिएको छ ।

●

राष्ट्रसंघले सदस्य मुलुकको विविधता प्रतिबिम्बित गर्नुपर्छ

यस वर्ष संयुक्त राष्ट्रसंघले दशकौँपछि सशक्त सुधार अभियानको थालनी गरेको छ । संयुक्त राष्ट्रसंघको अन्तरनिकायगत पुनर्संरचनाले हामीलाई विकाससँग सम्बन्धित निकायहरूलाई मजबुत तुल्याई सेवाप्रवाह प्रभावकारी बनाउने अवसर दिएको छ । हामीलाई विश्वास छ, सुधारिएको संयुक्त राष्ट्रसंघीय विकासपद्धतिबाट दिगो विकाससम्बन्धी २०३० एजेण्डा कार्यान्वयनमा थप योगदान दिन सक्नेछ ।

नेल्सन मण्डेलाको जन्म शताब्दी मनाउँदै गर्दा म, उहाँ र उहाँले महान् उद्देश्य प्राप्तिका निम्ति लड्नुभएको लडाईंप्रति असीम श्रद्धा व्यक्त गर्न चाहन्छु । मण्डेला एक महान् एवं विशाल हृदयको व्यक्तित्व हुनुहुन्थ्यो । उहाँका शान्ति, न्याय, समानता, क्षमाशीलता र मेलमिलापजस्ता गुणहरूले हामीलाई सदैव प्रेरित गरिरहने छन् ।

सन्दर्भ : संयुक्त राष्ट्रसंघीय महासभा, न्यूयोर्कमा प्रस्तुत मन्तव्य (असोज ११, २०७५)

महाविनाशकारी भूकम्पले सिर्जना गरेको कठिनाइका बावजुद नेपालको राजनीतिक नेतृत्व एउटा साझा अठोटका साथ परिस्थितिभन्दा माथि उठेर २०७२ साल असोज ३ गते संविधान जारी गर्ने कार्यमा जुट्यो ।

यो वर्ष हामीले होनहार कूटनीतिज्ञ तथा संयुक्त राष्ट्रसंघका दूरदर्शी महासचिव कोफी अन्नानलाई गुमाएका छौँ । अन्नानले विश्वभर शान्ति, विकास र मानवअधिकार प्रवर्द्धनमा पुऱ्याउनुभएको योगदानका लागि म उहाँप्रति भावपूर्ण सम्मान प्रकट गर्न चाहन्छु ।

यस ७३ औँ महासभाको सफलताका लागि मैले बुद्धभूमि तथा सगरमाथाको देशबाट अभिवादन तथा शुभकामना लिएर आएको छु ।

मैले यस महासभामा सन् २००६ मा सम्बोधन गरेयता नेपालमा ऐतिहासिक राजनैतिक रूपान्तरण भएको छ ।

वार्ता तथा छलफल, आपसी सम्मान र समझदारीको माध्यमबाट हामीले अद्वितीय रूपमा सफल, देशभित्रैबाट नेतृत्व गरिएको र स्वामित्व लिइएको मौलिक प्रकृतिको शान्तिप्रक्रिया अगाडि बढायौँः

> यो एउटा सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण थियो ।
>
> यो समग्र राज्यको पुनर्संरचना गर्दै विविधतामा एकता कायम गर्ने अभियान थियो ।
>
> यो राज्यशक्तिको श्रोतका रूपमा नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने यात्रा थियो ।

नेपालको संविधानले संघीय संरचनामा लोकतान्त्रिक पद्धतिलाई स्थापित गरेको मात्र होइन, यसले जनताका व्यापक अधिकार तथा स्वतन्त्रतालाई समेत समेटेको छ ।

साथै, यो एउटा समग्र राजनैतिक उपलब्धिहरूलाई जननिर्वाचित संविधानसभाबाट बनाइएको लोकतान्त्रिक संविधानमार्फत संस्थागत र संवर्द्धन गर्ने अभियान थियो ।

महाविनाशकारी भूकम्पले सिर्जना गरेको कठिनाइका बावजुद नेपालको राजनीतिक नेतृत्व एउटा साझा अठोटका साथ परिस्थितिभन्दा माथि उठेर २०७२ साल असोज ३ गते संविधान जारी गर्ने कार्यमा जुट्यो । यससँगै अहिले, नेपाली जनताको आफ्नो संविधान आफैँ लेख्ने सात दशक लामो आकांक्षा पूरा भएको छ ।

नेपालको संविधानले संघीय संरचनामा लोकतान्त्रिक पद्धतिलाई स्थापित गरेको मात्र होइन, यसले जनताका व्यापक अधिकार तथा स्वतन्त्रतालाई समेत समेटेको छ । शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण, कानूनी राज, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, समावेशी तथा समानुपातिक प्रतिनिधित्व यस संविधानका आधारभूत विशेषता हुन् ।

हाम्रो आकांक्षा एक परिपूर्ण (कम्प्रिहेन्सिभ) लोकतन्त्र हो, जसले नेपाली जनतालाई सामाजिक, आर्थिक र सांस्कृतिक रूपमै बलियो बनाओस् । संविधानको कार्यान्वयन हाम्रो अगाडि अर्को सर्वोपरि कार्य थियो । हामीले यस ऐतिहासिक जिम्मेवारीलाई पनि गत वर्ष स्वतन्त्र, स्वच्छ र निष्पक्ष रूपमा सबै तह र तप्काका जनताको अभूतपूर्व सहभागिताका

द्वन्द्व रूपान्तरणमा नेपालले जुन सफलता हासिल गरेको छ त्यो विश्वका विभिन्न भूभागमा शान्तिको आकांक्षा राख्ने कैयन् जनसमुदायलाई सफलताको एक अनुकरणीय दृष्टान्त हुन सक्दछ भन्ने हाम्रो विश्वास छ ।

साथ संघीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन गरेर पूरा गरेका छौँ । अझै महत्वपूर्ण कुरा, यी निर्वाचनहरूबाट करिब ४१ प्रतिशत महिला प्रतिनिधिहरू चुनिएर आएका छन् । हामी बाँकी ९ प्रतिशतको खाडल पूरा गर्न प्रतिबद्ध छौँ ।

उक्त निर्वाचनले नेपाली जनताको लोकतान्त्रिक अधिकारलाई बृहत्तर रूपमा सुनिश्चित गरेको मात्र नभई धेरै वर्षपछि मुलुकलाई एउटा बलियो र स्थिर सरकार दिनसमेत सफल भएको छ । हाल मैले नेतृत्व गरेको संघीय सरकारलाई संसदमा तीन चौथाइभन्दा बढीको समर्थन रहेको छ । प्रादेशिक सरकारहरूलाई समेत बलियो बहुमतको समर्थन रहेको छ । यी ऐतिहासिक निर्वाचनका माध्यमबाट हामीले देशलाई अत्यावश्यक राजनीतिक स्थायित्व दिएका छौँ ।

यी ऐतिहासिक उपलब्धिसँगै हामीले सबै नागरिकलाई समान व्यवहार गरिने, सबैलाई समान संरक्षण र अवसर प्राप्त हुने समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्नका लागि आधारशिला खडा गरेका छौँ । सामाजिक न्याय हाम्रो राजनैतिक दर्शनको केन्द्रमा रहेको छ । हाम्रो शान्तिप्रक्रियामा संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त समर्थनका लागि हामी आभारी छौँ ।

लोकतान्त्रिक संक्रमणको कठिन यात्राबाट हामीले दह्रो पाठ सिकेका छौँ । यस सिकाइसँगै हामी राजनैतिक उपलब्धिहरू अक्षुण्ण राख्दै आर्थिक रूपान्तरणको बाटोमा ढुक्कसँग अघि बढ्न सक्ने सक्षम मुलुकका रूपमा खडा भएका छौँ ।

नेपालको यो सन्दर्भ, शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरणको एक अद्वितीय उदाहरण हो । यो, 'वार्ताले विमतिमाथि र मतपत्रले बन्दुकमाथि' विजय हासिल गर्दछ भन्ने सशक्त प्रमाण पनि हो ।

द्वन्द्व रूपान्तरणमा नेपालले जुन सफलता हासिल गरेको छ त्यो विश्वका विभिन्न भूभागमा शान्तिको आकांक्षा राख्ने कैयन् जनसमुदायलाई सफलताको एक अनुकरणीय दृष्टान्त हुन सक्दछ भन्ने हाम्रो विश्वास छ । हामी आफ्ना अनुभव र धारणाहरू साट्न तयार छौँ ।

लोकतान्त्रिक संक्रमणको कठिन यात्राबाट हामीले दह्रो पाठ सिकेका छौँ । यस सिकाइसँगै हामी राजनैतिक उपलब्धिहरू अक्षुण्ण राख्दै आर्थिक रूपान्तरणको बाटोमा ढुक्कसँग अघि बढ्न सक्ने सक्षम मुलुकका रूपमा खडा भएका छौँ । विकासको गतिलाई तीव्रता दिनुपर्ने अबको आवश्यकता बोध गर्दै मेरो नेतृत्वको सरकारले 'समृद्ध नेपाल - सुखी नेपाली' को परिकल्पना अघि सारेको छ ।

हामीसँग भएको प्राकृतिक श्रोतसाधनको उच्चतम उपयोग तथा मानव संसाधनको महत्तम परिचालन र व्यवस्थापनका माध्यमबाट हामीले यो परिकल्पना साकार पार्नेछौँ । हाम्रो विकास प्रयासमा अन्तर्राष्ट्रिय समुदायको निरन्तर सद्भावना, सहयोग र सहकार्यको अपेक्षा गर्दछौँ ।

आजको विश्व आशा र जोखिमको एउटा महत्वपूर्ण दोबाटोमा उभिएको छ । गरीबी, आतंकवाद, जलवायु परिवर्तन, खाद्य असुरक्षा, बलजफती विस्थापन र प्राकृतिक प्रकोपदेखि हातहतियारको होडबाजीसम्मका चुनौतीहरू आज विश्वसमुदायका अगाडि खडा भएका छन् ।

हाम्रो विदेश नीतिले 'सबैसँग मित्रता र कसैसँग पनि शत्रुता नगर्न' हामीलाई निर्देशित गर्दछ । यसले विश्वका महत्वपूर्ण मुद्दाहरूलाई तथ्यका आधारमा वस्तुगत मूल्यांकन गरी आफ्नो धारणा बनाउने हाम्रो स्वतन्त्र दृष्टिकोणलाई आकार दिएको छ । क्षेत्रीय तथा विश्वव्यापी प्रयासहरूले हाम्रो राष्ट्रिय विकासको प्रयासलाई मद्दत पुऱ्याउने छन् भन्ने हामीलाई विश्वास छ ।

क्षेत्रीय सहयोगप्रतिको हाम्रो परराष्ट्र नीतिको प्राथमिकताअनुरूप हालै हामीले काठमाडौँमा बिम्स्टेकको शिखर सम्मेलन सम्पन्न गरेका छौँ । हामी सार्कलाई एक पुनःजागृत क्षेत्रीय संगठनको रूपमा सक्रिय भएको हेर्न चाहन्छौँ ।

आजको विश्व आशा र जोखिमको एउटा महत्वपूर्ण दोबाटोमा उभिएको छ । गरीबी, आतंकवाद, जलवायु परिवर्तन, खाद्य असुरक्षा, बलजफती विस्थापन र प्राकृतिक प्रकोपदेखि हातहतियारको होडबाजीसम्मका चुनौतीहरू आज विश्वसमुदायका अगाडि खडा भएका छन् । आन्तरिक द्वन्द्वहरूले लाखौँ जनताको ज्यान लिइरहेका छन् । विश्वव्यापी भोकमरी दशकौँ लामो अन्तरालपछि पुनः वृद्धि हुने क्रममा छ ।

विश्वका विभिन्न क्षेत्रमा शान्तिले अझै आकार ग्रहण गर्न सकिरहेको छैन । देशभित्रै तथा राष्ट्र-राष्ट्रबीचको असमानता बढ्दो छ । राष्ट्रहरू दिगो उत्पादन र उपभोग पद्धति अवलम्बन गर्न विफल देखिएका छन् ।

विश्वका विभिन्न क्षेत्रमा शान्तिले अझै आकार ग्रहण गर्न सकिरहेको छैन । देशभित्रै तथा राष्ट्र–राष्ट्रबीचको असमानता बढ्दो छ । राष्ट्रहरू दिगो उत्पादन र उपभोग पद्धति अवलम्बन गर्न विफल देखिएका छन् ।

यस परिप्रेक्ष्यमा, यस वर्षको महासभामा छलफलको शीर्षक 'संयुक्त राष्ट्रसंघलाई सबैका लागि सान्दर्भिक बनाउने शान्तिपूर्ण, समतामूलक र दिगो समाज निमार्णका निम्ति विश्वव्यापी नेतृत्व र साझा उत्तरदायित्व' हाम्रो आजको आवश्यकतासँग प्रतिध्वनित भएको छ । महामहिम सभाध्यक्षाले यसै साता आफ्नो उद्घाटन मन्तव्यमा बडो सशक्त रूपले प्रस्तुत गर्नुभएका सातवटा प्राथमिकताका क्षेत्रहरूलाई नेपालले समर्थन गर्दछ ।

मलाई विश्वास छ, यस चालु सत्रमा यी प्राथमिकताका क्षेत्रउपर यथोचित गम्भीरता र अग्रताका साथ छलफल हुनेछ । हाम्रो राजनैतिक इच्छाशक्ति र संकल्प यसबाट नै देखिनेछ ।

यो प्रतिबद्धतासँगै सिरिया, यमन, प्यालेस्टाइनलगायत संसारका अन्य कैयन् क्षेत्रमा आफ्नो अधिकार, उन्मुक्ति, स्वतन्त्रता र न्यायका लागि संघर्ष गरिरहेका जनताको आवाजको सुनुवाइ र सम्बोधन हुनसक्ने अवस्था हामीले सुनिश्चित गर्न सक्नुपर्दछ ।

संयुक्त राष्ट्रसंघलाई सबैका लागि सान्दर्भिक तुल्याउने प्रयासलाई 'कसैलाई पनि पछाडि नछाड्ने' दर्शनले बलियोसँग समेटेको छ ।

दिगो विकासको २०३० एजेण्डा कार्यान्वयनको यो तेश्रो वर्षमा अघि बढ्दैगर्दा विश्वसमुदायका प्रयासहरू अत्यन्त न्यून र अपर्याप्त रहेको

विकासको पहुँचबाट टाढा रहेकाहरूसम्म विकास पुर्‍याउनु कुनै फजुल खर्च होइन । यो दान पनि होइन । यो अन्तर्राष्ट्रिय दायित्व हो । विकासबाट विमुख भएकाहरूसम्म पुग्ने र उनीहरूलाई अति कम विकसित अवस्थाबाट माथि उठाउने एक नैतिक एवम् सामाजिक उत्तरदायित्व हो ।

महसूस भएको छ । अति कम विकसित राष्ट्रहरू नै दिगो विकासको लक्ष्य प्राप्तिका रणभूमि हुन् । भन्न परोइन, २०३० विकास एजेण्डा विजयी भयो वा भएन भन्ने कुरा पनि यिनै मुलुकमा भएको प्रगतिबाट देखिने छ ।

विश्व अर्थतन्त्रले 'रेकर्ड' सफलता हासिल गर्दा पनि अति कम विकसित मुलुकहरूको विकासको स्थिति भने निराशाजनक देखिन्छ । अन्तर्राष्ट्रिय सहयोगहरूसमेत उल्लेख्य रूपले प्रभावकारी बन्न सकेका छैनन् । अति कम विकसित राष्ट्रहरूका पक्षमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन अपेक्षाभन्दा न्यून देखिएको छ । विकासको पहुँचबाट टाढा रहेकाहरूसम्म विकास पुर्‍याउनु कुनै फजुल खर्च होइन । यो दान पनि होइन । यो अन्तर्राष्ट्रिय दायित्व हो । विकासबाट विमुख भएकाहरूसम्म पुग्ने र उनीहरूलाई अति कम विकसित अवस्थाबाट माथि उठाउने एक नैतिक एवम् सामाजिक उत्तरदायित्व हो ।

विकास र समृद्धि तबमात्र हासिल गर्न सकिनेछ जब बाह्य सहायताले राष्ट्रको स्वामित्व र नेतृत्वलाई सम्मान गर्दछ, राष्ट्रिय प्राथमिकतासँग मेल खान्छ, राष्ट्रको पद्धतिमार्फत प्रवाह हुन्छ, राज्यको उत्पादन क्षमता वृद्धि गर्दछ, रोगजारी सिर्जना गर्दछ तथा मानव संसाधन विकास गर्नेतर्फ परिचालित हुन्छ ।

जब जलवायु परिवर्तनको प्रसंग आउँछ, खतराको घण्टी दिनप्रतिदिन झन् जोडतोडले बजिरहेको छ । जलवायु परिवर्तनको प्रभाव मेरो आफ्नो देश नेपालजस्ता गरीब एवम् अत्यन्त जोखिममा रहेका मुलुकहरूले बढी खेप्नुपरेको छ । जब कि यस्ता देशहरूको कार्बन उत्सर्जनमा शून्यप्रायः योगदान रहेको छ ।

अति कम विकसित एवं भूपरिवेष्ठित राष्ट्रहरूलाई 'ग्लोबल भ्यालु चेन'मा समाहित गरी विश्वबजारमा सहज पहुँच अभिवृद्धि गरेर, तिनीहरूमाथि थोपरिएका व्यापारका अवरोधहरू हटाएर, तिनीहरूको आवश्यकताअनुसार वित्त र लगानी भित्र्याएर, क्षमता अभिवृद्धि गर्दै तिनीहरूको हित हुने गरी पूँजी र प्रविधि भित्र्याएर र तिनीहरूले पूर्वाधार विकासमा भोगिरहेको कठिनाइलाई कम गरेर मात्र दिगो विकासतर्फ अग्रसर गराउन सकिन्छ ।

जब जलवायु परिवर्तनको प्रसंग आउँछ, खतराको घण्टी दिनप्रतिदिन झन् जोडतोडले बजिरहेको छ ।

जलवायु परिवर्तनको प्रभाव मेरो आफ्नो देश नेपालजस्ता गरीब एवम् अत्यन्त जोखिममा रहेका मुलुकहरूले बढी खेप्नुपरेको छ । जब कि यस्ता देशहरूको कार्बन उत्सर्जनमा शून्यप्रायः योगदान रहेको छ ।

विश्वको जलस्तम्भका रूपमा रहेका हिमश्रृंखला र हिमतालहरू दिनप्रतिदिन पग्लिँदै जाँदा अनुमान गर्न नसकिने मौसमी प्रभावका कारण तराईमा बर्सेनि बाढीपहिरो तथा डुबानका समस्या सिर्जना हुँदैगर्दा हामी मूकदर्शक बनिरहन सक्दैनौँ । तर नमीठो बिडम्बना नै भन्नुपर्छ, हामी त्यस्ता प्रकोपको शिकार हुनुपरिरहेको छ, जसमा हाम्रो कुनै भूमिका नै छैन ।

युवालाई समाज विकासमा योगदान दिनसक्ने तथा राष्ट्र निमार्णमा योगदान पुर्‍याउनसक्ने तुल्याउन गुणस्तरीय शिक्षा, रोजगारमूलक सीप र समयानुकूल नवप्रवर्तनको गुणकारी संयोजनद्वारा सक्षम बनाउनुपर्दछ ।

जलवायु परिवर्तनको असरले पहाडी एवं साना टापु-राष्ट्रहरूको अस्तित्वमाथि नै खतरा महसूस गरिएको छ । जनधनको क्षति, जैविक विविधताको विनाश एवं दिनानुदिन बढिरहेको प्रकोपका घटनाहरूका सामु निरीह बन्नुपर्ने अवस्था सिर्जना भएको छ । यसका विरुद्ध उपयुक्त र सशक्त प्रतिकारको आवश्यकता छ । हामी आफ्नो जिम्मेवारीबाट भाग्न मिल्दैन, न त हाम्रो अकर्मण्यताका लागि कुनै बहाना नै छ । जलवायु न्यायलाई सुनिश्चित गर्न हामी निर्णायक रूपले क्रियाशील हुनुपरेको छ, जसले मुलुकको क्षमताअनुसारको साझा तर फरक जिम्मेवारी वहन गर्नुपर्ने सिद्धान्तलाई सम्मान गर्दछ । यसलाई सम्भव तुल्याउन जलवायु परिवर्तनको प्रभाव अनुकूलन र न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग र साझेदारी अपरिहार्य छ । जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता पूर्ण रूपमा र असल नियतका साथ कार्यान्वयन गरिनुपर्दछ ।

युवालाई समाज विकासमा योगदान दिनसक्ने तथा राष्ट्र निमार्णमा योगदान पुर्‍याउनसक्ने तुल्याउन गुणस्तरीय शिक्षा, रोजगारमूलक सीप र समयानुकूल नवप्रवर्तनको गुणकारी संयोजनद्वारा सक्षम बनाउनुपर्दछ । हामीले उनीहरूको प्रतिभाको पूर्ण विकासमा सघाउनुपर्दछ, उनीहरूको सिर्जनशीलता र ऊर्जालाई प्रस्फुटन हुन दिनुपर्दछ । युवाहरूमा उद्यमशीलताको विकास र उनीहरूका लागि मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्न सके आर्थिक विकास र समाजको सकारात्मक रूपान्तरणमा बल पुर्‍याउन सकिन्छ ।

प्रविधि विकासको दायरा दिनानुदिन फैलिँदो छ र प्रविधि नै सामाजिक रूपान्तरणको प्रमुख वाहक बन्न पुगेको छ । तर प्रविधिको लाभ समान रूपले वितरण हुन सकेको छैन । बरु प्रविधिमा पहुँच हुने र नहुनेहरूबीचको खाडल बढ्दो छ ।

सँगसँगै हामीले उनीहरूमा नागरिक जिम्मेवारी र नैतिक मूल्य अङ्कुरण गरिदिनुपर्दछ जसबाट उनीहरू समाजमा सद्भाव र सहिष्णुताका वाहक बन्न सकुन् ।

प्रविधि विकासको दायरा दिनानुदिन फैलिँदो छ र प्रविधि नै सामाजिक रूपान्तरणको प्रमुख वाहक बन्न पुगेको छ । तर प्रविधिको लाभ समान रूपले वितरण हुन सकेको छैन । बरु प्रविधिमा पहुँच हुने र नहुनेहरूबीचको खाडल बढ्दो छ ।

प्रविधि परिवर्तन र रूपान्तरणको शक्तिशाली साधन बनेको छ । विकासशील मुलुकहरू विशेषगरी अति कम विकसित मुलुकहरू उत्पादन र उपभोगका नयाँ पद्धतिहरू सामना गर्न संघर्षरत छन् । हामीले प्रविधिको सहज र सुलभ पहुँच कायम गर्न प्रविधि हस्तान्तरणका मार्गमा देखापरेका अवरोधहरू हटाउने वातावरण सिर्जना गर्न अनिवार्य छ । यसबाट सबै मुलुकहरूलाई नयाँ प्रविधिको उपयोग गरी आर्थिक विकासलाई गतिदिने र त्यसबाट लाभ लिने समान तहको अवसर प्रदान गर्नेछ ।

यस वर्ष संयुक्त राष्ट्रसंघले दशकौँपछि सशक्त सुधार अभियानको थालनी गरेको छ । संयुक्त राष्ट्रसंघको अन्तरनिकायगत पुनर्संरचनाले हामीलाई विकाससँग सम्बन्धित निकायहरूलाई मजबुत तुल्याई सेवाप्रवाह प्रभावकारी बनाउने अवसर दिएको छ । हामीलाई विश्वास छ, सुधारिएको संयुक्त राष्ट्रसंघीय विकासपद्धतिबाट दिगो विकाससम्बन्धी २०३०

नेपालले संयुक्त राष्ट्रसंघको व्यवस्थापन, शान्ति र सुरक्षासँग सम्बन्धित सुधारका कार्यक्रमरूको समेत स्वागत गर्दछ । संयुक्त राष्ट्रसंघले यसका सदस्य राष्ट्रहरूको विविधता प्रतिबिम्बित गर्दै उच्चतम दक्षता र प्रभावकारिता हासिल गर्नुपर्दछ ।

एजेण्डा कार्यान्वयनमा थप योगदान दिन सक्नेछ । उचित विकासपद्धति सुनिश्चित गर्न नयाँ पुस्ताको राष्ट्रसंघीय आवासीय कार्यालयले नयाँ कार्यपद्धति अपनाउनु महत्वपूर्ण हुन्छ । तर त्योभन्दा बढी हालको सुधारमा जान बाध्य तुल्याउने हाम्रा पुराना बानीलाई विसर्जन गर्न सक्नु उत्तिकै महत्वपूर्ण हुन्छ । सुधारको यात्रामा कार्यसंस्कृतिको रूपान्तरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यो नयाँ संस्कृतिले उत्तरदायित्व, पारदर्शिता तथा राष्ट्रिय स्वामित्वलाई केन्द्रमा राखेको हुनुपर्दछ ।

नेपालले संयुक्त राष्ट्रसंघको व्यवस्थापन, शान्ति र सुरक्षासँग सम्बन्धित सुधारका कार्यक्रमरूको समेत स्वागत गर्दछ । संयुक्त राष्ट्रसंघले यसका सदस्य राष्ट्रहरूको विविधता प्रतिबिम्बित गर्दै उच्चतम दक्षता र प्रभावकारिता हासिल गर्नुपर्दछ ।

सुरक्षा परिषद्को सुधार गर्न ढिलो भइसकेको छ । कुनै पनि सुधारले वर्तमान विश्वको वास्तविकतालाई प्रतिबिम्बित गर्दै ऐतिहासिक रूपले न्यून-प्रतिनिधित्व भएका र विकासशील मुलुकहरूलाई समेट्न सक्नुपर्दछ ।

नेपाल सबै आम विनाशकारी हातहतियारको पूर्ण रूपमा निशस्त्रीकरण हुनुपर्दछ भन्ने आफ्नो अडान दोहोऱ्याउन चाहन्छ । यस सन्दर्भमा संयुक्त राज्य अमेरिका र दुई कोरियाबीच पछिल्लो समय विकसित

आतंकवादको त्रासदीबाट कुनै पनि क्षेत्र मुक्त छैन । जसले जुनसुकै उद्देश्यले गरेको भएपनि सबै प्रकारका आतंकवादी गतिविधिको नेपाल सशक्त भत्र्सना गर्दछ । तसर्थ मेरो देश आतंकवादविरुद्धको बृहत् महासन्धि शीघ्र टुंगोमा पुर्‍याउन आग्रह गर्दछ ।

आणविक निशस्त्रीकरण गरी कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरता कायम गर्न भएको प्रयासलाई हामी स्वागत गर्दछौँ ।

नेपाल संयुक्त राष्ट्रसंघका महासचिवले प्रस्तुत गर्नुभएको निशस्त्रीकरणसम्बन्धी एजेण्डाले यस अभियानमा नयाँ गति दिनेछ भन्ने अपेक्षाका साथ त्यसको स्वागत गर्दछ । त्यसैगरी काठमाडौँ 'प्रोसेस'अन्तर्गत एसिया प्रशान्त क्षेत्रमा विश्वासको वातावरण निमार्ण गर्नेतर्फ भएको छलफलको नेपाल सराहना गर्दछ । आतंकवादको त्रासदीबाट कुनै पनि क्षेत्र मुक्त छैन । जसले जुनसुकै उद्देश्यले गरेको भएपनि सबै प्रकारका आतंकवादी गतिविधिको नेपाल सशक्त भर्त्सना गर्दछ । तसर्थ मेरो देश आतंकवादविरुद्धको बृहत् महासन्धि शीघ्र टुंगोमा पुऱ्याउन आग्रह गर्दछ ।

मानव आप्रवासनले यसअघि कहिल्यै पनि यति बढी महत्वका साथ संयुक्त राष्ट्रसंघको एजेण्डामा प्रवेश पाएको थिएन । नेपाल आगामी डिसेम्बरमा सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनका लागि विश्वव्यापी सहमति (GCM) लाई अनुमोदन गर्नका लागि आयोजना हुने अन्तरसरकारी सम्मेलनको उत्सुकताका साथ प्रतीक्षारत छ । आप्रवासी कामदारहरूको मानवअधिकार र हकहितको सुनिश्चितता विश्वव्यापी प्राथमिकता हो । जीसीएमले हाम्रो यो साझा उद्देश्यलाई सम्बोधन गर्ने विश्वास नेपालले लिएको छ ।

शान्ति स्थापनाका लागि सेना र प्रहरी उपलब्ध गराउने देशहरूले राष्ट्रसंघ मुख्यालय र शान्ति मिसन दुवैका नेतृत्व तहमा काम गर्ने न्यायोचित अवसर पाउनुपर्दछ ।

नेपालले मानवीयताका आधारमा हजारौँ शरणार्थीलाई दशकौँदेखि शरण दिँदैआएको छ । अन्तर्राष्ट्रिय समुदायले शरणार्थीहरूको पूर्ण सुरक्षा र आत्मसम्मानपूर्वक आफ्नो मातृभूमि फर्कन पाउने अधिकारलाई उच्चतम महत्व दिनुपर्दछ ।

अन्तर्राष्ट्रिय द्वन्द्वहरूको जटिलता तथा अव्यवस्थाका कारण द्वन्द्व निवारणका हालका प्रयास अझ बढी महत्वपूर्ण बनेका छन् । न्यून उपयोग भएको तर द्वन्द्वका सबै चरणमा सान्दर्भिक हुने औजार मध्यस्थता हो ।

नेपाल र संयुक्त राष्ट्रसंघबीच शान्तिका लागि साझेदारीको साठी वर्ष पूरा भएको छ । अत्यन्त छोटो सूचनामा समेत कुनै राष्ट्रिय शर्त नराखीकन नेपालले संयुक्त राष्ट्रसंघका प्रत्येक आह्वानलाई साथ दिएको छ ।

महासचिवले प्रस्तुत गर्नुभएको 'शान्ति स्थापनाका लागि सक्रियता', अभियानको स्वागत गर्नुका साथै शान्ति स्थापनासम्बन्धी घोषणापत्रलाई नेपाल अनुमोदन गर्दछ । शान्ति स्थापनाका लागि सेना र प्रहरी उपलब्ध गराउने देशहरूले राष्ट्रसंघ मुख्यालय र शान्ति मिसन दुवैका नेतृत्व तहमा काम गर्ने न्यायोचित अवसर पाउनुपर्दछ ।

शान्ति स्थापनार्थ खटिने सुरक्षाकर्मीहरूको क्षमता अभिवृद्धि तथा उनीहरूको सुरक्षाका लागि दिगो साझेदारीबाट समग्र शान्ति स्थापनासम्बन्धी कार्य

मानवअधिकारको रक्षा र प्रवर्द्धनप्रति नेपाल पूर्ण प्रतिबद्ध छ । हामी विकास, लोकतन्त्र र मानवअधिकार एकअर्कामा अन्तरनिर्भर एवं परिपूरक छन् भन्ने विश्वास गर्दछौँ ।

प्रभावकारी बन्नसक्छ । शान्ति स्थापनार्थ खटिएका सुरक्षाकर्मीमाथि हुने कुनै पनि आक्रमणको नेपाल घोर भर्त्सना गर्दछ । त्यसैगरी यौनशोषण तथा उत्पीडनरूपी कलङ्कको पनि अन्त्य हुनै पर्दछ ।

शान्ति स्थापनासम्बन्धी मिसनहरूले मात्र द्वन्द्व निवारणका मौलिक घरेलु उपायहरू एवं द्वन्द्व समाधानका स्थानीय प्रयासहरूलाई प्रतिस्थापन गर्न सक्दैनन् । हाम्रो आफ्नै अनुभवले पनि के भन्छ भने जुन शान्ति स्थापना कार्यबाट सम्भव छैन, त्यो राजनीतिक वार्ता र समझदारीबाट सम्भव हुनसक्छ ।

मानवअधिकारको रक्षा र प्रवर्द्धनप्रति नेपाल पूर्ण प्रतिबद्ध छ । हामी विकास, लोकतन्त्र र मानवअधिकार एकअर्कामा अन्तरनिर्भर एवं परिपूरक छन् भन्ने विश्वास गर्दछौँ । मानवअधिकार परिषद्को सदस्यका रूपमा हामी परिषद्को कार्यादेश पूरा गर्न निरन्तर रचनात्मक भूमिका निर्वाह गर्नेछौँ ।

नेपालमा जारी संक्रमणकालीन न्याय प्रक्रियाले बृहत् शान्ति सम्झौता, शान्तिलाई दिगो तुल्याउनुपर्ने स्थानीय यथार्थता र द्वन्द्वपीडितको न्याय पाउने हकको सम्मान गर्दछ । हामी मानवअधिकार तथा मानवीय कानून उलंघनका गम्भीर घटनामा दण्डहीनता हुन दिनेछैनौँ ।

बहुपक्षीयताको पवित्रता र अन्तर्राष्ट्रिय कानूनप्रतिको सम्मान जोगाइराख्नु संयुक्त राष्ट्रसंघका सबै सदस्यमुलुकहरूको साझा दायित्व हो । पूर्ण विश्वास र भरोसाका साथ विश्वव्यापी सहकार्य एवं साझेदारीबाट मात्र हाम्रासामु रहेका विश्वव्यापी समस्याहरूको समाधान गर्न सम्भव हुन्छ ।

हामी एउटा अनिश्चित विश्वमा बाँचिरहेका छौं । शीतयुद्धकालीन प्रतिस्पर्धा सतहमा देखिन थालेको छ । व्यापारिक तनाव बढ्दो छ । बहुपक्षीयतामाथि नै प्रश्न उठ्न थालेको छ । शान्तिसुरक्षाको क्षेत्रमा होस् वा दिगो विकास, जलवायु परिवर्तन, आप्रवासन तथा प्रविधिका क्षेत्रमा किन नहोस्, महासचिवको उद्घाटन मन्तव्यमा विश्वको वर्तमान वास्तविकता र सदस्य राष्ट्रहरूको भावना समेटिएको छ । आज हाम्रासामु खडा भएका विश्वस्तरीय चुनौतीमाथि बहस गर्ने सबैभन्दा वैध बहुपक्षीय मञ्चका रूपमा संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिकालाई हामी महत्व दिन चाहन्छौं । बहुपक्षीयताको पवित्रता र अन्तर्राष्ट्रिय कानूनप्रतिको सम्मान जोगाइराख्नु संयुक्त राष्ट्रसंघका सबै सदस्यमुलुकहरूको साझा दायित्व हो । पूर्ण विश्वास र भरोसाका साथ विश्वव्यापी सहकार्य एवं साझेदारीबाट मात्र हाम्रासामु रहेका विश्वव्यापी समस्याहरूको समाधान गर्न सम्भव हुन्छ ।

हामीले साँचो अर्थमा समावेशी र ठूला-साना सबै देशबीच स्वच्छता, समानता र न्याय प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय प्रणाली स्थापना गर्न बाँकी नै छ ।

विश्वलाई दिशानिर्देश गर्ने गहन जिम्मेवारी हाम्रै काँधमा छ । हाम्रो सामूहिक विवेक र नेतृत्व सबैका लागि शान्ति र समृद्धिको अभिलाषा पूरा गर्नेतर्फ लक्षित हुनुपर्दछ । हामी सामूहिक प्रण गरौं, एक्काइसौं शताब्दीको इतिहास द्वन्द्व र अन्तरद्वन्द्व, अन्याय र शोषणको इतिहास

हामी सामूहिक प्रण गरौँ, एक्काइसौँ शताब्दीको इतिहास द्वन्द्व र अन्तरद्वन्द्व, अन्याय र शोषणको इतिहास हुनेछैन । यो त सहयोग र सहमति, शान्ति र समृद्धि एवं न्याय र निष्पक्षताको इतिहास हुनेछ ।

हुनेछैन । यो त सहयोग र सहमति, शान्ति र समृद्धि एवं न्याय र निष्पक्षताको इतिहास हुनेछ ।

संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित सिद्धान्त र उद्देश्यप्रति नेपालको गहिरो प्रतिबद्धता रहिआएको छ । आज पनि हामी यस प्रतिबद्धतामा त्यत्तिकै अडिग छौँ, जति हामी संयुक्त राष्ट्रसंघ प्रवेश गरेयताका त्रिसट्ठी वर्षदेखि रहँदै आएका छौँ ।

●

नेपालः शान्तिप्रक्रियाको उत्कृष्ट उदाहरण

नेपाल आफ्नै विशिष्ट तथा गौरवशाली इतिहास भएको हाम्रो क्षेत्रको सबैभन्दा पुरानो स्वतन्त्र राज्य हो । सबैसँग मित्रता गर्ने तथा कसैसँग शत्रुता नराख्ने व्यवहार नेपालको परराष्ट्र नीतिको केन्द्रमा रहेको छ । यो संयुक्त राष्ट्रसंघको वडापत्र, पञ्चशील, असंलग्नता, अन्तर्राष्ट्रिय कानून तथा विश्वशान्तिका मानक सिद्धान्तहरूबाट प्रेरित छ ।

इतिहासका विभिन्न कालखण्डमा अनेकथरी संघर्ष र रूपान्तरणलाई पार गर्दै हामी नेपाली आजको अवस्थामा आइपुगेका हौँ । हाम्रा पूर्वजहरूले आफ्नो साहस र राष्ट्रभक्तिका भरमा साम्राज्यवादी शक्तिसँग लडेर हाम्रो सम्प्रभुता तथा स्वतन्त्रतालाई जोगाएका थिए । हामीभन्दा अघिल्लो पुस्ताले आफ्नो स्वतन्त्रताका लागि सामन्तवाद तथा दमनकारी शासन व्यवस्थाको विरुद्ध लड्नुपरेको थियो । उहाँहरूको संघर्षले निरंकुश राणा शासनलाई जरैदेखि उखेलेर फालेको थियो । हाम्रो पुस्ताले स्वेच्छाचारी

सन्दर्भ : एसिया सोसाइटी, न्यूयोर्कमा प्रस्तुत मन्तव्य (असोज ९, २०७५)

Asia
Society

अहिले नेपालको इतिहासको दिशा परिवर्तन भएको छ । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरिएको छ । तर हामी यत्तिकैमा रोकिएका छैनौँ । गरीबी, अविकास र पछौटेपनका विरुद्ध फरक रूपमा हाम्रो लडाईं चलिरहेको छ ।

राजतन्त्रका विरुद्ध लड्नुपर्‍यो । र, यो नै अनुदार र अलोकतान्त्रिक शासनपद्धतिका विरुद्धको हाम्रो अन्तिम प्रहार थियो ।

अहिले नेपालको इतिहासको दिशा परिवर्तन भएको छ । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरिएको छ । तर हामी यत्तिकैमा रोकिएका छैनौँ । गरीबी, अविकास र पछौटेपनका विरुद्ध फरक रूपमा हाम्रो लडाईं चलिरहेको छ ।

हाम्रा राजनैतिक उपलब्धिहरू त्यत्तिकै आएका होइनन् । यसका लागि धेरै देशवासीहरूले दमनको शिकार हुनुपरेको थियो । कैयौँ देशवासीको रगत, राजनैतिक निर्वासन र जीवनको बलिदानमा यी उपलब्धिहरू अडिएका छन् ।

मैले पनि चार वर्षे एकान्तवाससहित १४ वर्षको जेलजीवन बिताउनुपरेको थियो । म त्यो पीडादायी समय सम्झँदा केही भावनात्मक हुन्छु । मेरो अपराध केवल निरंकुश शासन पद्धतिका विरुद्ध लड्नु थियो । तर त्यो कालकोठरीले मलाई रोक्न सकेन, बरु संघर्ष चालू राख्न थप दृढनिश्चयी बनायो ।

हाम्रो अनवरत संघर्षकै कारण २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भयो । तर पूर्ण लोकतन्त्रका लागि हाम्रो लडाइँ कायमै थियो । हामी

शान्तिप्रक्रियाको मुख्य बिन्दु नोभेम्बर, २००५ (मंसिर २०६२) को प्रसिद्ध १२ बुँदे सहमति थियो । यस प्रक्रियालाई अघि बढाउनका निम्ति आमसहमति बनाउन र विद्रोही पक्षलाई वार्ताको टेबलसम्म ल्याउन महत्वपूर्ण भूमिका खेल्नेहरूमध्ये म पनि एक थिएँ ।

हाम्रो प्रयासमा कहिल्यै पनि हच्किएनौँ । न त हामी हाम्रो प्रगतिशील लोकतान्त्रिक गणतन्त्रप्रतिको लक्ष्यमा डग्मगायौँ ।

२०५२ सालमा शुरु भएको सशस्त्र संघर्षलाई २०६३ मा शान्ति सम्झौतामार्फत समाधान गरिएको थियो । शान्तिप्रक्रियाको मुख्य बिन्दु नोभेम्बर, २००५ (मंसिर २०६२) को प्रसिद्ध १२ बुँदे सहमति थियो । यस प्रक्रियालाई अघि बढाउनका निम्ति आमसहमति बनाउन र विद्रोही पक्षलाई वार्ताको टेबलसम्म ल्याउन महत्वपूर्ण भूमिका खेल्नेहरूमध्ये म पनि एक थिएँ ।

उक्त सहमतिले असंवैधानिक तरिकाबाट जनताका अधिकार खोस्ने निरंकुश राजसंस्थाका विरुद्ध संयुक्त जनआन्दोलन गर्नका निम्ति सात राजनैतिक पार्टीको गठबन्धन तथा विद्रोही शक्तिलाई एकै ठाउँमा ल्याएको थियो ।

संयुक्त जनआन्दोलनको सफलताले राजालाई झुक्न बाध्य बनायो । सशस्त्र द्वन्द्व समाप्त भयो र शान्तिप्रक्रिया शुरु भयो । विघटित संसद पुनःस्थापित भयो । पुनर्स्थापित संसदले राजाका अधिकारहरूको कटौती तथा निलम्बन गर्यो र अन्ततः लोकतान्त्रिक रूपमा निर्वाचित संविधानसभाले राजतन्त्रलाई समाप्त पार्‍यो ।

नयाँ संविधान लागू भएसँगै देशले लामो समयदेखि खेपिरहेका राजनैतिक मुद्दाहरू सुल्झिए । यो नेपालको राजनैतिक इतिहासमा महत्वपूर्ण क्षणको रूपमा रहेको छ । अब आगामी पुस्ताले आफ्ना अधिकार र स्वतन्त्रताका लागि यस्तै प्रकारको संघर्ष गर्नुपर्ने छैन ।

हाम्रो संविधानसभा देशका सबै जात, जाति, लिङ्ग, भाषा, समूह, धार्मिक समुदाय, संस्कृति तथा भूगोलको समावेशी रूप थियो । सात वर्षको विचार-विमर्श तथा परामर्श, तर्क तथा बहस, माग तथा दबाब एवं शान्तिपूर्ण आन्दोलन तथा अभियानपश्चात् नेपालको इतिहासमा पहिलो पटक सार्वभौमसत्तासम्पन्न जनताका प्रतिनिधिद्वारा प्रगतिशील तथा लोकतान्त्रिक संविधान लेखियो । तत्कालीन दोस्रो ठूलो दलका नेताको हैसियतमा उक्त प्रक्रियालाई सफल निष्कर्षमा पुऱ्याउनका निम्ति ममा एउटा महत्वपूर्ण जिम्मेवारी थियो ।

अन्ततः ३ असोज २०७२ मा संविधानसभाले नेपालको संविधान पारित गर्न सफल भयो । नयाँ संविधान लागू भएसँगै देशले लामो समयदेखि खेपिरहेका राजनैतिक मुद्दाहरू सुल्झिए । यो नेपालको राजनैतिक इतिहासमा महत्वपूर्ण क्षणको रूपमा रहेको छ । अब आगामी पुस्ताले आफ्ना अधिकार र स्वतन्त्रताका लागि यस्तै प्रकारको संघर्ष गर्नुपर्ने छैन ।

संविधानका माध्यमबाट हामीले लोकतान्त्रिक राजनीति, गणतान्त्रिक धार, आवधिक चुनाव, विश्वव्यापी रूपमा मान्यताप्राप्त मानवअधिकारहरू, शक्ति सन्तुलन तथा पृथकीकरण, कानूनी राज, स्वतन्त्र न्यायपालिका

मैले नेतृत्व गरेको वर्तमान सरकारलाई संसदको दुई तिहाई सदस्यको समर्थन प्राप्त छ । यस सरकारका नीति तथा कार्यक्रमहरू संसदमा सर्वसम्मतिले पारित भएका थिए । यो प्रतिस्पर्धात्मक लोकतन्त्रमा विरलै देखिने अभ्यास हो ।

तथा समावेशी र समानुपातिक प्रतिनिधित्व प्रणालीलाई मजबुत पारेका छौँ ।

वर्तमान संविधानको कार्यान्वयन उति नै महत्वपूर्ण छ जति यसको घोषणा गर्नु थियो । नयाँ संविधानअनुसार प्रथम प्रधानमन्त्रीका रूपमा देशको सेवा गर्ने सौभाग्य मलाई प्राप्त भएको थियो । संविधानले दिएको मार्गनिर्देशनबमोजिम यसको कार्यान्वयनका लागि निर्णायक कदम लिन मेरो नेतृत्वको तत्कालीन सरकार अडिग थियो ।

पोहोर साल भएका संघीय, प्रान्तीय र स्थानीय तहका स्वतन्त्र तथा निष्पक्ष लोकतान्त्रिक निर्वाचनहरूपश्चात् संविधान पूर्ण रूपमा कार्यान्वयनमा आएको छ । ऐतिहासिक जनसहभागिताका साथ सम्पन्न भएका यी निर्वाचनहरूबाट संघीयताका तीनवटै तहमा लोकतान्त्रिक सरकार हरूको गठन भएको छ । साथै, महिलाको ४१ प्रतिशत प्रतिनिधित्व पनि सुनिश्चित भएको छ ।

मैले नेतृत्व गरेको वर्तमान सरकारलाई संसदको दुई तिहाई सदस्यको समर्थन प्राप्त छ । यस सरकारका नीति तथा कार्यक्रमहरू संसदमा सर्वसम्मतिले पारित भएका थिए । यो प्रतिस्पर्धात्मक लोकतन्त्रमा विरलै

राजनीतिक लाभहरूलाई दिगो बनाउन तथा विकासको लाभांश जनतामा वितरण गर्न वर्तमान सरकारले 'समृद्ध नेपाल – सुखी नेपाली' को दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ । यो लक्ष्य प्राप्त गर्न हामीले गरीबी उन्मूलन गर्नुपर्छ । असमानता र भेदभाव समाप्त पार्नुपर्छ ।

देख्विने अभ्यास हो । हाम्रो नेतृत्व र सार्वजनिक सेवा वितरण गर्ने क्षमतामा नेपाली जनताको पूर्णभरोसा रहेको छ भन्ने उत्तम प्रमाण हो यो ।

हामीले समावेशी राजनैतिक संवाद तथा विचार-विमर्श र संयोजनको भावनाका माध्यमबाट शान्तिप्रक्रियालाई सफलतापूर्वक अघि बढाएका थियौँ । हाम्रो शान्तिप्रक्रिया राष्ट्रिय नेतृत्व तथा स्वामित्व भएको स्वदेशी प्रक्रिया थियो । यस प्रक्रियामा हामीले विविधतापूर्ण जनमानसका प्रतिस्पर्धी माग र आकांक्षाहरूलाई सामञ्जस्यतापूर्वक व्यवस्थापन गरेका थियौँ । सबै सेवाग्राहीको समान सहभागिता सुनिश्चित गर्दै उनीहरूको आवाज सुनेका थियौँ । द्वन्द्व समाधान तथा शान्तिप्रक्रियामा महिलाको महत्वपूर्ण भूमिकालाई पहिचान गरेका थियौं । नेपाली समाजको बनावट प्रतिबिम्बित गर्नका निम्ति राज्यका संरचना तथा संस्थाहरूलाई रूपान्तरण गरेका थियौँ र राज्यको पुनर्संरचनाका माध्यमबाट सरकारलाई जनताको नजिक ल्याएका थियौँ ।

शान्तिप्रक्रियाको प्रमुख जोड द्वन्द्वकालका घाउहरूलाई निको पार्नुका साथै सामाजिक सामञ्जस्यतालाई बढावा दिनु रहेको छ ।

मसँग देशको विकासका लागि सुस्पष्ट दृष्टिकोण छ । म हाम्रो ताकत, चुनौती तथा सीमाहरूका बारेमा पनि अवगत छु ।

नेपाल प्राकृतिक श्रोतको धनी देश हो । तर विकासको स्तर हाम्रा सम्भावनाहरूभन्दा निकै तल छ । यो बेमेल छिटोभन्दा छिटो समाप्त पार्नु जरुरी छ । यसका लागि हामीले आर्थिक विकासका संवाहकहरू पहिल्याइसकेका छौं ।

राजनीतिक लाभहरूलाई दिगो बनाउन तथा विकासको लाभांश जनतामा वितरण गर्न वर्तमान सरकारले 'समृद्ध नेपाल - सुखी नेपाली' को दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ । यो लक्ष्य प्राप्त गर्न हामीले गरीबी उन्मूलन गर्नुपर्छ । असमानता र भेदभाव समाप्त पार्नुपर्छ । रोजगारका अवसरहरू सृजना गर्नुपर्छ । सामाजिक न्याय सुनिश्चित गर्नुपर्छ । सुशासनलाई प्रवर्द्धन गर्नुपर्छ र प्रभावकारी सार्वजनिक सेवा वितरण सुनिश्चित गर्नुपर्छ ।

हाम्रो उद्देश्य पूर्ण लोकतन्त्र प्राप्त गर्नु हो जसले सबैलाई सशक्त बनाओस् । दिगो विकासको पूर्ण प्राप्तिले नै यो सम्भव हुन्छ ।

नेपाल प्राकृतिक श्रोतको धनी देश हो । तर विकासको स्तर हाम्रा सम्भावनाहरूभन्दा निकै तल छ । यो बेमेल छिटोभन्दा छिटो समाप्त पार्नु जरुरी छ । यसका लागि हामीले आर्थिक विकासका संवाहकहरू पहिल्याइसकेका छौं । हामीले कृषि, ऊर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचनाप्रविधि, पर्यटन र शहरी विकासजस्ता महत्वपूर्ण क्षेत्रहरूमा ध्यान दिनुपर्छ ।

आर्थिक प्रगतिलाई दिगो बनाउनका निम्ति जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनीकरण र अनुकूलन तथा जैविक विविधताको संरक्षणमा

हाम्रा निकटवर्ती छिमेकी भारत र चीनसँग हाम्रो सौहार्दपूर्ण तथा मैत्रीपूर्ण सम्बन्ध रहेको छ । हाम्रा छिमेकमा भएका आर्थिक विकास र समृद्धिले हाम्रो देशको विकासका लागि पनि आशाजनक सम्भावना प्रदान गर्दछन् ।

समानान्तर रूपमा ध्यान दिइने छ । नेपाल विदेशी लगानीका निम्ति सुरक्षित छ । देशमा व्यापार तथा लगानीको वातावरणमा थप सुधार गर्न सरकार कटिबद्ध छ ।

नेपाल आफ्नै विशिष्ट तथा गौरवशाली इतिहास भएको हाम्रो क्षेत्रको सबैभन्दा पुरानो स्वतन्त्र राज्य हो । सबैसँग मित्रता गर्ने तथा कसैसँग शत्रुता नराख्ने व्यवहार नेपालको परराष्ट्र नीतिको केन्द्रमा रहेको छ । यो संयुक्त राष्ट्रसंघको वडापत्र, पञ्चशील, असंलग्नता, अन्तर्राष्ट्रिय कानून तथा विश्वशान्तिका मानक सिद्धान्तहरूबाट प्रेरित छ ।

हाम्रा निकटवर्ती छिमेकी भारत र चीनसँग हाम्रो सौहार्दपूर्ण तथा मैत्रीपूर्ण सम्बन्ध रहेको छ । हाम्रा छिमेकमा भएका आर्थिक विकास र समृद्धिले हाम्रो देशको विकासका लागि पनि आशाजनक सम्भावना प्रदान गर्दछन् ।

विश्वका शक्तिशाली राष्ट्रहरू तथा विकास साझेदारहरूसँग पनि हाम्रो सम्बन्ध सौहार्दपूर्ण र मैत्रीपूर्ण रहेको छ । हामी उनीहरूसँगको सहकार्य तथा साझेदारीलाई थप विकसित, विस्तृत र प्रभावकारी पार्न चाहन्छौँ ।

सार्क र बिम्स्टेकका माध्यमबाट क्षेत्रीय सहयोग प्रवर्द्धन गर्न नेपालले सक्रिय भूमिका खेलिरहेको छ । बहुपक्षीय क्षेत्रमा नेपालका प्रयासहरू नियममा आधारित, न्यायसंगत र न्यायोचित अन्तर्राष्ट्रिय प्रणालीलाई

लोकतन्त्र र आधारभूत स्वतन्त्रताका प्रति नेपाल दृढ रूपमा प्रतिबद्ध छ । राजनीतिक संघर्षको हाम्रो लामो यात्रा लोकतान्त्रिक संघर्षको पर्याय हो । हामी लोकतान्त्रिक मापदण्ड, मूल्य र सिद्धान्तहरूमा कुनै सम्झौता हुन दिने छैनौँ ।

प्रवर्द्धधन गर्ने दिशामा निर्देशित गरिने छ । यस प्रणालीमा सबै साना तथा ठूला राष्ट्रहरूले सद्भावका साथ आ-आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू तथा आफ्ना विकास र समृद्धिका आकांक्षाहरू पूरा गर्नका निम्ति समान अवसरहरू प्राप्त गर्नेछन् ।

लोकतन्त्र र आधारभूत स्वतन्त्रताका प्रति नेपाल दृढ रूपमा प्रतिबद्ध छ । राजनीतिक संघर्षको हाम्रो लामो यात्रा लोकतान्त्रिक संघर्षको पर्याय हो । हामी लोकतान्त्रिक मापदण्ड, मूल्य र सिद्धान्तहरूमा कुनै सम्झौता हुन दिने छैनौँ । लोकतन्त्र, विकास र मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सम्मान एकअर्काका परिपूरक हुनुका साथै एक अर्कालाई सुदृढ पनि पार्दछन् ।

●

शान्तिप्रतिको हाम्रो दृष्टिकोण एसियाली दर्शनबाट निर्देशित

शिक्षाका माध्यमबाट व्यक्तिहरू समृद्ध हुन्छन् । यस्ता व्यक्तिले परिवारलाई समृद्ध बनाउँछन् जसबाट समाज विकासमा टेवा पुग्दछ । समृद्ध समाजले राष्ट्रलाई समृद्ध बन्नमा योगदान गर्दछ । फलस्वरूप राष्ट्रहरूबीचको आपसी समझदारी समृद्ध बन्दै मानवताको हितका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य अघि बढ्दछ ।

यस विश्वविद्यालयमा उपस्थित हुन पाउनु मेरो लागि विशेष खुशी एवं गौरवको कुरो हो । कोस्टारिकाका थुप्रै राम्रा कुराहरूको बारेमा सुनेको थिएँ । यहाँ आउन पाएकोमा एकदम खुसी छु । विशेषगरी, यो सुन्दर शहरको भ्रमण गर्न पाउँदा मलाई अत्यन्त खुशी अनुभूत भइरहेको छ जुन शहरमा संयुक्त राष्ट्रसंघको वडापत्रले परिकल्पना गरेको विश्वशान्ति तथा सुरक्षासम्बन्धी लक्ष्य हासिलका निम्ति निरन्तर कार्यरत एक प्रतिष्ठित विश्वविद्यालय 'युनिभर्सिटी फर पिस' रहेको छ ।

सन्दर्भ : संयुक्त राष्ट्रसंघको शान्ति विश्वविद्यालय,कोस्टारिकाको सानहोसमा प्रस्तुत मन्तव्य (असोज १५, २०७५)

मलाई मानार्थ विद्यावारिधिबाट विभूषित गर्ने तपाईंहरूको निर्णयले मलाई धेरै प्रभावित तुल्याएको छ । यो विशेष सम्मानका लागि सविनय कृतज्ञता व्यक्त गर्दछु । मैले यस सम्मानलाई मेरो देशको सफल शान्तिप्रक्रिया र शान्तिप्रेमी नेपाली जनताको वास्ताविक कदरका रूपमा लिएको छु ।

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भएपश्चात् शान्ति तथा प्रजातन्त्रको विषयमा धारणा आदानप्रदानका लागि यो विश्वविद्यालय एउटा उपयुक्त मञ्च हुनेछ भन्ने लाग्यो । साथै, यी विषयहरूमा धारणा राख्न योभन्दा सान्दर्भिक मञ्च अरू हुन सक्दैन भन्नेमा पनि म उत्तिकै विश्वस्त छु ।

यस समारोहमा उपस्थितिका लागि निमन्त्रणा गर्नुभएकोमा म यस विश्वविद्यालयका रेक्टर एवं विश्वविद्यालय परिवारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । मलाई मानार्थ विद्यावारिधिबाट विभूषित गर्ने तपाईंहरूको निर्णयले मलाई धेरै प्रभावित तुल्याएको छ । यो विशेष सम्मानका लागि सविनय कृतज्ञता व्यक्त गर्दछु । मैले यस सम्मानलाई मेरो देशको सफल शान्तिप्रक्रिया र शान्तिप्रेमी नेपाली जनताको वास्ताविक कदरका रूपमा लिएको छु ।

साथै, मलाई यो पनि लागेको छ कि यो सम्मान त्यो देशको नागरिकलाई प्रदान गरिएको हो जुन देशले शान्तिका प्रणेता गौतम बुद्धलाई जन्म दिएको थियो ।

विश्वमा शान्ति, सहनशीलता एवं समझदारीको संस्कृति प्रवर्द्धन गर्ने कार्यमा एउटा अध्ययन तथा अनुसन्धान केन्द्रको हैसियतमा यस विश्वविद्यालयले पुऱ्याएको अद्वितीय योगदानको मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छु ।

ती विश्वका नेताहरू जहाँबाट आउनुभएको भए तापनि, जताबाट आउनुभएको भए तापनि र जुन मुलुकको प्रतिनिधित्व गर्दै आउनुभएको भए तापनि उहाँहरूले विश्वशान्ति तथा मानव मात्रको प्रगति एवं समुन्नतिको लागि एकै स्वरमा उत्तिकै जोडले आह्वान गर्नुभएको थियो ।

नेपाल यो विश्वविद्यालय स्थापना गर्नेसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्झौताको पक्षराष्ट्र बनेको कुरासमेत यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यो कुरा यहाँहरूसमक्ष राख्न पाँउदा मलाई निकै खुशी लागेको छ । यसले विश्वशान्तिप्रतिको हाम्रो गहिरो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

गत साता म संयुक्त राष्ट्रसंघीय महासभाको ७३ औँ सत्रमा सहभागी भएँ र सो सत्रलाई सम्बोधन गरेँ । सो महासभामा भेला हुनुभएका विश्वका नेताहरूले हामीले आज सामना गर्नुपरेका असंख्य चुनौतीहरूका बारेमा धारणा राख्नुभएको थियो ।

सो छलफलमा उठेका मुद्दाहरूमध्ये विशेष गरी बहुपक्षीयताप्रतिको प्रतिरोध, आतङ्कवाद तथा उग्रअतिवादका बढ्दा घटनाहरू, गहिरिँदो असमानता तथा झाँगिदो गरीबी, बढ्दो तापक्रम एवं उचालिँदो समुद्री सतह, गृहयुद्धको निरन्तरता एवं क्षेत्रगत कलहहरू तथा लगातारको खाद्य असुरक्षालगायतका मुद्दाहरू प्रमुख थिए ।

ती विश्वका नेताहरू जहाँबाट आउनुभएको भए तापनि, जताबाट आउनुभएको भए तापनि र जुन मुलुकको प्रतिनिधित्व गर्दै आउनुभएको भए तापनि उहाँहरूले विश्वशान्ति तथा मानव मात्रको प्रगति एवं समुन्नतिको लागि एकै स्वरमा उत्तिकै जोडले आह्वान गर्नुभएको थियो ।

शान्ति तथा सहनशीलताको संस्कृति विकास गर्दै नवप्रवर्तन एवं आविष्कारलाई प्रेरित गर्ने शिक्षा नै वर्तमान विश्वले भोगिरहेको द्विविधाहरूको समाधानको कडी हो । यस्तो शिक्षा नै शान्ति तथा समृद्धिको आधारस्तम्भ हो ।

माथि उल्लेख गरिएकामध्येका धेरै कठिनाइहरूविरुद्धको संघर्षमा यस विश्वविद्यालयजस्ता संस्थाहरूको भूमिका अग्रणी हुनुपर्दछ किनकि आज हामीले भोगिरहेका धेरै द्विविधाहरूको समाधान यस्ता संस्थाहरूसँग छ ।

मानव मस्तिष्कको असीमित क्षमतालाई उजागर गर्दै व्यक्तिमा सहनशीलता र दयाभावको विकास गरिदिने, विविधतालाई सम्मान गर्न सिकाउने र मतभेदहरूलाई आत्मसात् गर्न प्रेरित गर्ने खालको शिक्षा नै अहिले मानवताले भोगिरहेका समस्याहरूको समाधान हो ।

वास्तवमा शिक्षा एक जीवनपर्यन्त चल्ने प्रक्रिया हो । विद्यार्थीकालमा आर्जन गरिएको ज्ञान र तिखारिएको खुबीले नै व्यक्तिलाई पछि गएर यस संसारलाई जान्न र बुझ्न मद्दत गर्दछ ।

शिक्षाको अर्थ आफूलाई अद्यावधिक र सान्दर्भिक तुल्याउनु पनि हो । आज हामीलाई जुन कुराहरू थाहा छन् र जुन कुराहरू थाहा छैनन् ती सबै कुराहरू समयसँगै परिवर्तन हुनसक्छन् । शान्ति तथा सहनशीलताको संस्कृति विकास गर्दै नवप्रवर्तन एवं आविष्कारलाई प्रेरित गर्ने शिक्षा नै वर्तमान विश्वले भोगिरहेको द्विविधाहरूको समाधानको कडी हो । यस्तो शिक्षा नै शान्ति तथा समृद्धिको आधारस्तम्भ हो ।

अतिवादले मानव समाजमा विद्यमान विविधता तथा बहुलवादी प्रवृत्तिको सम्मान गर्दैन । यसले आफ्नो घृणित रूप प्रदर्शन गरिरहेको छ । हामीले यो कुरा आत्मसात् गर्नैपर्छ कि विविधता हाम्रो प्रकृतिमा अन्तरनिहित छ र कोही पनि यसको विरुद्धमा जान सक्दैन ।

तसर्थ, एउटा ज्ञान केन्द्रका रूपमा शान्ति प्रवर्द्धन तथा द्वन्द्व रोकथाम कार्यमा यस विश्वविद्यालयले पुऱ्याएको योगदानको म हृदयदेखि नै प्रशंसा गर्न चाहन्छु ।

समकालीन विश्व प्राप्ति र असफलता, प्रगति र जोखिम तथा आशा र निराशाको संगम हो । विश्वले गज्जबको आर्थिक वृद्धि र अभूतपूर्व प्राविधिक उन्नति त हासिल गरेको छ तर यसको लाभ समतामूलक ढंगबाट वितरण हुन सकेको छैन । निर्दयी गरीबी अझै पनि यथावत् छ । राष्ट्र एवं समाजभित्रै र एक राष्ट्र र अर्को राष्ट्र एवं एउटा समाज र अर्को समाजबीच रहेको असमानताको खाडल पनि बढ्दो छ ।

गृहयुद्ध तथा हिंसात्मक द्वन्द्वका कारण हजारौँ व्यक्तिले ज्यान गुमाएका छन् । आतंकवादको त्रास अझै घटेको छैन । आतंकवादको सञ्जालले मानवतामाथि संसारभर धावा बोलेको छ ।

अतिवादले मानव समाजमा विद्यमान विविधता तथा बहुलवादी प्रवृत्तिको सम्मान गर्दैन । यसले आफ्नो घृणित रूप प्रदर्शन गरिरहेको छ । हामीले यो कुरा आत्मसात् गर्नैपर्छ कि विविधता हाम्रो प्रकृतिमा अन्तरनिहित छ र कोही पनि यसको विरुद्धमा जान सक्दैन ।

विश्व पर्यावरणीय सन्तुलन बिग्रिएको छ । तापक्रम वृद्धि हुन थालेसँगै, हिमनदी घट्न लागेसँगै, द्रुत गतिमा हिउँ पग्लिन थालेसँगै अनि समुद्री

अहिले समस्याहरू एकअर्कासँग एकदमै बढी गाँसिएका छन् । समस्याहरू कुनै राष्ट्र तथा महादेशको सीमाभित्र मात्रै सीमित छैनन् । न त ती कुनै विशेष जाती तथा क्षेत्रको सीमाभित्र मात्रै सीमित छन् । बहुपक्षीयताको अवमूल्यन गर्ने र समस्याको विश्वव्यापी समाधानको खोजी गर्ने प्रवृत्तिले ठाउँ पाउँदै गएको छ ।

सतह बढ्न लागेसँगै जलवायु परिवर्तनमा निकै तीव्रता आएको छ । तर, मानवीय लापरबाहीबाट उत्पन्न यी भयङ्कर चुनौतीहरूको सामनाका निम्ति हाम्रा प्रयासहरू पर्याप्त छैनन् ।

दुर्भाग्य नै भन्नुपर्छ, नगण्य मात्रामा ग्रीन हाउस ग्यास उत्सर्जन गर्ने राष्ट्रहरूले चाहिँ जलवायु परिवर्तनको चर्को मूल्य चुकाउनुपरेको छ । यो अन्याय हो र यो अस्वीकार्य छ । हाम्रो भावी पुस्तालाई बस्नलायक विश्व हस्तान्तरण गर्नु हाम्रो साझा दायित्व हो । हामीले हाम्रा भावी सन्ततिप्रतिको उत्तरदायित्व निर्वाह गर्नुपर्दछ ।

लाखौँ मानिसको आवतजावतका कारणले गर्दा बसाइँसराइले आज एक बृहत् प्रवृत्तिको स्वरूप ग्रहण गरेको छ । हाम्रा प्रयासहरू मानिसहरूले बाध्यताले नभई आफ्नो छनौटका आधारमा बसाइँसराइ गर्ने वातावरण सुनिश्चित गर्नेतर्फ केन्द्रित हुनुपर्दछ । आप्रवासीहरूको मानवअधिकार सुनिश्चित गर्न तथा बसाइँसराइलाई सुरक्षित, व्यवस्थित एवं नियमित बनाउन विश्व एकजुट हुनुपर्दछ ।

अहिले समस्याहरू एकअर्कासँग एकदमै बढी गाँसिएका छन् । समस्याहरू कुनै राष्ट्र तथा महादेशको सीमाभित्र मात्रै सीमित छैनन् । न त ती कुनै विशेष जाती तथा क्षेत्रको सीमाभित्र मात्रै सीमित छन् । बहुपक्षीयताको अवमूल्यन गर्ने र समस्याको विश्वव्यापी समाधानको खोजी गर्ने प्रवृत्तिले ठाउँ पाउँदै गएको छ ।

मानव मस्तिष्कमा बीजारोपण भएका हिंसात्मक मनोवृत्तिले युद्ध तथा मानव त्रासदी पैदा गर्दछ भने केहीमा भएको अत्यधिक लोभले द्वन्द्व तथा भ्रष्टाचारलाई जन्म दिन्छ । र, केहीमा रहेको अज्ञानताको पर्दाले असहिष्णु संस्कार पैदा गर्दछ । यसकारण मानिसको मस्तिष्कमा शान्तिको जग हालिनुपर्दछ ।

जुन समयमा विश्वव्यापी समस्याहरूको समाधानका निम्ति संयुक्त एवं सामूहिक प्रयासको टड्कारो आवश्यकता देखिएको छ त्यस बेला आएका अलगावका अभिव्यक्तिहरू फगत पश्चगामी विचार हुन् ।

जुन समयमा अन्तर्राष्ट्रिय सहयोग थप मजबुत हुनुपर्ने आवश्यकता छ त्यसबेला देखिएको संरक्षणवाद र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको विश्वासको खडेरी एक निरुत्साही कदम हो । यो निकै दुर्भाग्यपूर्ण छ ।

मलाई लाग्छ बहुपक्षीयताप्रतिको विश्वास पुनः सावित गर्नु तथा समस्याको सामूहिक समाधान खोज्नु अहिलेसम्मकै सबैभन्दा जरुरी कुरा हो ।

यसैगरी, नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था पुनः खडा गर्नु तथा पुनः अन्वेषण गर्नु उत्तिकै जरुरी छ (जुन व्यवस्था समावेशी र साना-ठूला, धनी-गरीब, विकसित-विकासोन्मुख सबै राष्ट्रहरूको आवाजलाई समायोजन गर्ने किसिमको हुन्छ ।

गहिरिएर विचार गर्दा आधुनिक समयका धेरै विकृतिहरू मानव मस्तिष्कमा जडित छन् ।

मानव मस्तिष्कमा बीजारोपण भएका हिंसात्मक मनोवृत्तिले युद्ध तथा मानव त्रासदी पैदा गर्दछ भने केहीमा भएको अत्यधिक लोभले द्वन्द्व

शिक्षाको भूमिका भनेको परामर्शलगायतका उपयुक्त विधिहरूको प्रयोगद्वारा व्यक्तिमा निहित वैयक्तिक क्षमतालाई पहिचान गरी त्यसलाई विकास गर्न प्रेरित गर्नु हो ।

तथा भ्रष्टाचारलाई जन्म दिन्छ । र, केहीमा रहेको अज्ञानताको पर्दाले असहिष्णु संस्कार पैदा गर्दछ । यसकारण मानिसको मस्तिष्कमा शान्तिको जग हालिनुपर्दछ । शान्ति-संस्कारको सार पनि यही हो ।

मानव मस्तिष्क क्षमताको पूर्ण उपयोग भएको छैन । मानवीय कल्पनाशीलता, अन्वेषण तथा आविष्कारहरूले निकै ठूला सफलताहरू प्राप्त गरेको इतिहास छ । मानव मस्तिष्कको क्षमताको पूर्ण रूपमा सदुपयोग भएको छैन । लाखौँ मानिसहरू पछौटेपनमा बाँचिरहेका छन् जसलाई उपयुक्त शिक्षा तथा मौका प्राप्त भएमा प्रगतिको संवाहक बन्न सक्दछन् । हामीले जिज्ञासु मस्तिष्कहरू पहिचान गरी उनीहरूको पूर्ण विकासका लागि लगानी गर्नुपर्दछ ।

क्षमताका हिसाबले सबै मानिस समान हुँदैनन् । न त कुनै एउटा निश्चित विषयमा सबैको समान चासो नै हुन्छ । त्यसैले शिक्षाको भूमिका भनेको परामर्शलगायतका उपयुक्त विधिहरूको प्रयोगद्वारा व्यक्तिमा निहित वैयक्तिक क्षमतालाई पहिचान गरी त्यसलाई विकास गर्न प्रेरित गर्नु हो ।

स्मरण शक्ति र रचनात्मक कौशल तथा कल्पनाशीलता दुई यस्ता पक्ष हुन् जसले मानव मस्तिष्कलाई अन्यभन्दा उच्च बनाउँदछ ।

यदि मानवताको एउटा ठूलो हिस्साले आफ्नो पूर्ण क्षमताको सदुपयोग गर्ने अवसरबाट वञ्चित भई पछाडि पर्नुपरिरहेको छ भने त्यस्तो अवस्थामा

शिक्षाले मानिसलाई असल व्यक्ति बनाउनुका साथै नयाँ अवसरहरू सिर्जना गर्दछ । यसभन्दा पनि बढी शिक्षाले समाज र राष्ट्र विकासमा योगदान पुर्‍याउनु पर्दछ ।

कुनै एक स्थान विशेष वा क्षेत्र विशेषमा मात्र देखिएको प्रगति र समृद्धि दिगो हुँदैन ।

शिक्षाले मानवलाई धनी र गरीबबीच रहेको असमानताको खाडल न्यूनीकरण तथा वञ्चितीकरण एवं पछौटेपन समाप्तिका लागि प्रकृतिको अथाह सम्भावनाको सदुपयोग गर्नसक्ने गरी सक्षम तुल्याउनु पर्दछ । यसो गर्नाले सामाजिक तनाव, असमञ्जस्यता तथा द्वन्द्वलाई परास्त गर्न सहयोग पुग्दछ ।

शिक्षाको उपादेयता भनेकै मानवमा सकारात्मक दृष्टिकोण प्रदान गर्नसक्नु हो । यसैगरी शिक्षाले नैतिक मूल्यलाई बढावा दिनुपर्दछ । साथै, यसले व्यक्तिलाई सही र गलतबीचको भेद थाहा पाउन तथा संलग्न हुनुपर्ने कार्य र आफूलाई अलग राख्नुपर्ने कार्यका बारेमा समेत निर्णय लिन सहयोग प्रदान गर्दछ ।

शिक्षाले मानिसलाई असल व्यक्ति बनाउनुका साथै नयाँ अवसरहरू सिर्जना गर्दछ । यसभन्दा पनि बढी शिक्षाले समाज र राष्ट्र विकासमा योगदान पुर्‍याउनु पर्दछ ।

शिक्षाका माध्यमबाट व्यक्तिहरू समृद्ध हुन्छन् । यस्ता व्यक्तिले परिवारलाई समृद्ध बनाउँछन् जसबाट समाज विकासमा टेवा पुग्दछ । समृद्ध समाजले राष्ट्रलाई समृद्ध बन्नमा योगदान गर्दछ । फलस्वरूप राष्ट्रहरूबीचको

राजनीतिक तहमा, राजनैतिक प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा अधिकारको तर्कसंगत बाँटफाँटले शान्तिलाई दिगो बनाउन बल पुर्‍याउँछ । अधिकार तथा जिम्मेवारीको विशिष्ट मिश्रणले शान्तिलाई टेवा पुग्ने वातावरण निर्माणमा सघाउ पुग्दछ ।

आपसी समझदारी समृद्ध बन्दै मानवताको हितका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य अघि बढ्दछ ।

युद्ध नहुनुमात्र शान्ति कायम हुनु होइन । यसलाई दबाइएको शान्ति, बलपूर्वक लादिएको मौनता या नियन्त्रित सहिष्णुताका रूपमा पनि बुझिनुहुँदैन ।

यो त मानसिक अवस्था हो, जीवन जिउने तरिका हो र यसमा व्यक्तिगत, राजनीतिक, आर्थिक, सामाजिक अनि सांस्कृतिकलगायतका व्यापक आयामहरू हुन्छन् जुन एकअर्कामा अन्तरनिर्भर तथा आपसी सबलीकरणमा सहयोगी हुन्छन् ।

व्यक्तिगत तहमा, शान्तिको जग भनेको नै समाजको बृहत्तर हितका लागि जिम्मेवारीसहितको स्वतन्त्रता हो ।

राजनीतिक तहमा, राजनैतिक प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा अधिकारको तर्कसंगत बाँटफाँटले शान्तिलाई दिगो बनाउन बल पुर्‍याउँछ । अधिकार तथा जिम्मेवारीको विशिष्ट मिश्रणले शान्तिलाई टेवा पुग्ने वातावरण निर्माणमा सघाउ पुग्दछ ।

यसैगरी आर्थिक क्षेत्रमा धनी र गरीबबीचको विभेद तथा आर्थिक शोषणको अवस्थाको अन्त्य हुनुपर्दछ । बेरोजगारी अन्त्य हुनैपर्दछ ।

दिगो विकासको 'कोही नछुटुन्' भन्ने अवधारणामा म सामाजिक न्यायको तत्व देख्छु । व्यापक लोकतन्त्रको मेरो लक्ष्य सामाजिक न्यायमा आधारित छ । तसर्थ, दिगो विकासको लक्ष्य तथा मैले कुरा गरिरहेको व्यापक लोकतन्त्रको उद्देश्यबीच निकै तादात्म्य रहेको छ ।

मानवका आधारभूत तथा तर्कसंगत शारीरिक तथा जैविक आवश्यकता परिपूर्ति हुनुपर्दछ ।

सामाजिक-सांस्कृतिक तहमा, समाजमा दया र सहिष्णुता तथा अन्तरधार्मिक एवं सभ्यतागत सामञ्जस्यता र विविधतामा एकता शान्तिका लागि उत्प्रेरक हुन् ।

यस दृष्टिकोणले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूलाई अङ्गीकार गर्दै व्यक्तिगत रूपमा मानिसको सशक्तीकरणमा जोड दिने व्यापक लोकतन्त्रलाई प्रवर्द्धन गर्न आह्वान गर्दछ ।

दिगो विकासको 'कोही नछुटुन्' भन्ने अवधारणामा म सामाजिक न्यायको तत्व देख्छु । व्यापक लोकतन्त्रको मेरो लक्ष्य सामाजिक न्यायमा आधारित छ । तसर्थ, दिगो विकासको लक्ष्य तथा मैले कुरा गरिरहेको व्यापक लोकतन्त्रको उद्देश्यबीच निकै तादात्म्य रहेको छ ।

मलाई लाग्छ - यस विश्वविद्यालयका अनुसन्धान कार्यक्रमहरूले व्यापक लोकतन्त्र तथा दिगो विकासका लक्ष्यहरूबीचको अन्तरसम्बन्धलाई सूक्ष्म विश्लेषण गर्न सक्दछ । यस सन्दर्भमा, केही विद्यार्थीहरू पठाई यस विश्वविद्यालयको अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन नेपाल सरकार इच्छुक रहेको कुरा यहाँ राख्न चाहान्छु ।

शान्ति कायम तथा दिगोपनाका लागि हरेक व्यक्तिले शान्ति तथा सदाचारजन्य मान्यताहरूको जगेर्ना गर्नु तथा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले यसका नैतिक एवं कानूनी दायित्वहरू इमानदारीका साथ पूरा गर्नु आवश्यक हुन्छ ।

संयुक्त राष्ट्रसंघको वडापत्रको 'भावी पुस्तालाई युद्धको विभीषिकाबाट जोगाउन' भन्ने वाक्यांशले मानिसको विश्वशान्तिको आकांक्षालाई प्रतिनिधित्व गर्दछ । यसै आकांक्षाको प्रोत्साहन र रक्षाका निम्ति शान्ति कायम गर्ने संरचना र शान्तिलाई निरन्तर कायम राख्ने संस्कृति दुवै आवश्यक पर्दछन् ।

शान्ति संरचनाहरूमा अन्तर्राष्ट्रिय संस्थाहरू, नियमहरू, संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरू तथा मध्यस्थताहरू पर्दछन् । शान्ति कायम तथा दिगोपनाका लागि हरेक व्यक्तिले शान्ति तथा सदाचारजन्य मान्यताहरूको जगेर्ना गर्नु तथा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले यसका नैतिक एवं कानूनी दायित्वहरू इमानदारीका साथ पूरा गर्नु आवश्यक हुन्छ ।

यहीँनेर शान्तिसम्बन्धी शिक्षाको भूमिका टड्कारो रूपमा रहन्छ । यस अर्थमा यस विश्वविद्यालयको स्थापना गरेर संयुक्त राष्ट्रसंघले आफ्नो मुख्य कार्यादेश निर्वाहका सम्बन्धमा न्याय गरेको छ ।

विभिन्न क्षेत्र, मात्रा र प्रकृतिमा देखापरेका द्वन्द्वका प्रमुख कारणहरू पहिल्याइ तिनको सही सम्बोधन गर्नु नै शान्ति स्थापनाको पहिलो कदम हो ।

भनिरहन जरुरी छैन, युवा पुस्ता नै शान्तिका संरक्षक हुन । तसर्थ, प्रजातन्त्रको रक्षा तथा मानवअधिकारको मूल्य मान्यताको जगेर्ना गर्न र शान्तिलाई सशक्त बनाउन युवा पुस्ताको योगदान र दायित्व सर्वमान्य छ भन्दा अतिशयोक्ति नहोला ।

गरीबी, असमानता तथा पछौटेपनले द्वन्द्व विस्तारको वातारवरण तयार गर्दछ । यसैगरी, असहिष्णु व्यवहार, धम्की तथा कट्टरपनाले पनि द्वन्द्व बढाउँदछ ।

आत्मकेन्द्रित सङ्कीर्णता तथा दूरदृष्टिको अभावले पनि समस्या झन् विकराल बनाउँदछ । अदूरदृष्टि तथा छनौटमा आधारित विधिले पनि राम्रोभन्दा नराम्रो नै बढी गर्दछ ।

वातावरणीय तनाव, भेदभाव, सामाजिक विभेद, विश्वासको खडेरी तथा प्राकृतिक सम्पदाहरूमाथि सार्वभौम राष्ट्रहरूको अधिकारको इन्कारलगायतका कारणले पनि द्वन्द्वको आगोमा घिउ थप्ने कार्य गर्दछन् ।

द्वन्द्वका कारणहरूको अध्ययन तथा अनुसन्धानले यस्ता समस्याहरूलाई व्यापक रूपमा बुझ्न मद्दत गर्दछ जसले विश्वशान्ति कायम गर्न सघाउँदछ । शान्तिसम्बन्धी ज्ञान सिर्जना, जगेर्ना तथा विस्तार गर्न तथा द्वन्द्व समाधान गर्न यस्ता विश्वविद्यालयहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

भनिरहन जरुरी छैन, युवा पुस्ता नै शान्तिका संरक्षक हुन । तसर्थ, प्रजातन्त्रको रक्षा तथा मानवअधिकारको मूल्य मान्यताको जगेर्ना गर्न र शान्तिलाई सशक्त बनाउन युवा पुस्ताको योगदान र दायित्व सर्वमान्य छ भन्दा अतिशयोक्ति नहोला ।

प्रजातन्त्रको संघर्षमा हामी कहिल्यै थाकेनौँ । सत्तासामु झुकेनौँ । न त आफ्नो विवेक नै तिलाञ्जली दियौँ । हाम्रो अदम्य साहस तथा लगनशीलता संघर्षलाई राजनीतिक रूपान्तरणमा बदल्ने कारकतत्व सिद्ध भए ।

यसो भनिरहँदा प्रजातन्त्रका लागि अथक राजनीतिक संघर्ष गर्ने युवाका रूपमा आफूलाई स्मरण गर्दैछु । त्यतिखेर तानाशाही शासन भएको मेरो राष्ट्रमा मनपरी ढंगले कसैलाई थुनामा राख्नु तथा यातना दिनु भनेको सामान्य कुरा थियो । म आफैँ पनि चार वर्षको कठोर एकान्त कारावाससहित चौध वर्ष थुनामा राखिएँ ।

प्रजातन्त्रको संघर्षमा हामी कहिल्यै थाकेनौँ । सत्तासामु झुकेनौँ । न त आफ्नो विवेक नै तिलाञ्जली दियौँ । हाम्रो अदम्य साहस तथा लगनशीलता संघर्षलाई राजनीतिक रूपान्तरणमा बदल्ने कारकतत्व सिद्ध भए ।

मानव मूल्यका विश्वव्यापी धारणाको स्वीकारोक्तिबाट अभिप्रेरित हामीले प्रजातन्त्र र जनताको अधिकारका लागि थुप्रै संघर्ष तथा आन्दोलनहरू सञ्चालन गर्‍यौँ जसले सन् २०१५ को प्रजातान्त्रिक संविधान जारी गर्न मार्ग प्रशस्त गर्‍यो ।

शान्तिमा लैंगिक दृष्टिकोणले पनि उत्तिकै महत्व राख्दछ । महिलाले शान्ति तथा सद्भाव प्रवर्द्धनमा महत्वपूर्ण अभिकर्ताको भूमिका निर्वाह गर्दछन् ।

संयुक्त राष्ट्रसंघको वडापत्रले बुद्धका शान्तिसम्बन्धी सनातन तथा विश्वव्यापी सन्देशहरूलाई आत्मसात् गरेको छ । उहाँका शिक्षा र सन्देशहरूमा शान्तिसम्बन्धी दर्शन जाज्वल्यमान रूपमा अन्तरनिहित भएको पाउँदछौँ ।

नेपालका प्रबुद्ध सपुत गौतम बुद्धका शिक्षा तथा उपदेशहरूले शान्तिलाई प्रमुख स्थान दिएको छ । नेपालको लुम्बिनीमा जन्मेका बुद्धको शान्ति तथा अहिंसासम्बन्धी शिक्षा विश्वका लागि जहिल्यै सान्दर्भिक छन् ।

केही चीजहरूका उपादेयता तथा प्रयोजन समयको अन्तरालसँगै क्षीण बन्दै जान्छन् । तर बुद्धका सन्देश अनन्त कालसम्मका लागि अमूल्य छन् । यी सन्देशहरू अभिव्यक्त भएको समयमा जति सान्दर्भिक थिए उति नै सान्दर्भिक आज पनि छन् ।

संयुक्त राष्ट्रसंघको वडापत्रले बुद्धका शान्तिसम्बन्धी सनातन तथा विश्वव्यापी सन्देशहरूलाई आत्मसात् गरेको छ । उहाँका शिक्षा र सन्देशहरूमा शान्तिसम्बन्धी दर्शन जाज्वल्यमान रूपमा अन्तरनिहित भएको पाउँदछौँ ।

एसियाली दर्शनको सार भनेको 'वसुदैव कुटुम्बकम' हो, जसको अर्थ विश्व एक परिवार हो भन्ने रहेको छ । त्यसैगरी, दर्शनको लामो परम्पराबाट व्युत्पन्न 'सर्वे भवन्तु सुखिन' कल्याणको अवधारणाको केन्द्रको रूपमा स्थित छ जसको अर्थ समस्त मानव जगत् खुशी रहनुपर्दछ भन्ने हो । यी आदर्श वाक्यहरूको सान्दर्भिकता विश्वव्यापी छ । यस दर्शनले मानवतालाई कुनै पनि आधारमा भेदभाव गर्दैन । शान्तिको हाम्रो लक्ष्य यसै दर्शनबाट निर्देशित छ ।

पछिल्लो दशकमा नेपालमा धेरै ठूला ऐतिहासिक राजनैतिक रूपान्तरण भए । हामी एकात्मक राजतन्त्रात्मक शासनबाट संघीय लोकतान्त्रिक शासन पद्धतिमा परिवर्तित भयौँ जसलाई नयाँ संविधानले संस्थागत गरेको छ ।

दुर्भाग्यवश संसारका अन्य भागमा झैँ आर्थिक तथा सामाजिक विकासका अवसरहरूबाट वञ्चित गरेका कारण सिर्जित असन्तोषहरूबाट उत्पन्न द्वन्द्वमा नेपाल पनि रुमल्लिन पुग्यो । तथापि द्वन्द्व समाधानका लागि राजनीतिक तथा सशस्त्र समूह सक्रियताका साथ अघि बढेर शान्तिपूर्ण तवरले समस्याको निकासका लागि पहल गरे । फलस्वरूप राष्ट्रिय रूपमा अघि बढाइएको तथा नेपाली मौलिकता बोकेको शान्तिप्रक्रियामा सन् २००६ को सम्झौताले सशस्त्र द्वन्द्वको औपचारिक विसर्जन गऱ्यो । लडाकु तथा हतियार व्यवस्थापनको सफलताले राजनीतिक प्रक्रियाको मार्ग प्रशस्त गऱ्यो ।

पछिल्लो दशकमा नेपालमा धेरै ठूला ऐतिहासिक राजनैतिक रूपान्तरण भए । हामी एकात्मक राजतन्त्रात्मक शासनबाट संघीय लोकतान्त्रिक शासन पद्धतिमा परिवर्तित भयौँ जसलाई नयाँ संविधानले संस्थागत गरेको छ ।

नेपाली जनताबाट निर्वाचित संविधानसभाबाट जारी भएको संविधान अग्रगामी, प्रगतिशील तथा मानवअधिकारमा आधारित दस्तावेज हो जसको मूल ध्येय समावेशी तथा सहभागितामा आधारित प्रजातन्त्र, विकेन्द्रीकृत संघात्मक शासन पद्धति, सामाजिक-आर्थिक न्याय तथा कानूनको शासनलाई आत्मसात् गर्नु हो ।

हाम्रो शान्तिप्रक्रिया राजनीतिक इच्छाशक्ति भएमा फरक विचार र दर्शनलाई समेत सम्मानजनक स्थान प्रदान गर्दै वार्ता र छलफलका माध्यमबाट द्वन्द्व समाधान गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो ।

यो दस्तावेज जारी भएसँगै अद्वितीय रूपमा सफल शान्तिप्रक्रिया निष्कर्षमा पुगेको छ । द्वन्द्व समाधानको हाम्रो अनुभव तथा सफल शान्तिप्रक्रिया यस विश्वविद्यालयलगायतका अनुसन्धान केन्द्रहरूका लागि महत्वपूर्ण 'केस स्टडी' बन्न सक्दछन् ।

हाम्रो शान्तिप्रक्रिया राजनीतिक इच्छाशक्ति भएमा फरक विचार र दर्शनलाई समेत सम्मानजनक स्थान प्रदान गर्दै वार्ता र छलफलका माध्यमबाट द्वन्द्व समाधान गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो ।

विभिन्न समूहहरूबीच विद्यमान विभिन्नता तथा बेमेलहरूमा झन् शूल रोपेर आफ्ना निहित स्वार्थ पूर्ति गर्नका लागि द्वन्द्व बढाउनतर्फ उद्यत तत्वहरूसँग हामी सावधान रहनुपर्दछ । यस्ता तत्वहरूलाई हामीले दृढतापूर्वक परास्त गर्नुपर्दछ ।

हामीले सन् २०१७ मा संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन सम्पन्न गर्‍यौं । ती ऐतिहासिक निर्वाचनले मतदाताहरूको उच्च सहभागिता मात्र इंगित गर्दैनन्, समाजका विभिन्न समूहहरूबाट निर्वाचित हुने संख्यालाई पनि दर्शाउँदछन् ।

तीनै तहमा गरी ४१ प्रतिशतभन्दा बढी महिला प्रतिनिधिहरू निर्वाचित भएका छन् । राज्यसत्तामा महिलाहरूको न्यायोचित सहभागिताको

भारी जनादेशका साथ गठित मेरो नेतृत्वको सरकार राजनीतिक रूपान्तरणलाई थप प्रभावकारी बनाउँदै सबै नेपालीको खुशीका लागि समृद्धि तथा दिगो विकासलाई गति प्रदान गर्न प्रतिबद्ध छ ।

सुनिश्चितता र समावेशी लोकतन्त्र निर्माण गर्न महिला सशिक्तीकरणका लागि दृढ राजनीतिक इच्छाशक्ति र संवैधानिक प्रत्याभूतिको आवश्यकता पर्दछ भन्ने हाम्रो अनुभव रहेको छ ।

राजनीतिक मुद्दाहरू किनारा लगाइसकिएको अवस्थामा प्राप्त राजनीतिक उपलब्धिहरूलाई जोगाइराख्न अबको सम्पूर्ण ध्यान सामाजिक-आर्थिक रूपान्तरणतर्फ केन्द्रित गर्न इतिहासले हामीलाई थप जिम्मेवारी सुम्पिएको छ ।

भारी जनादेशका साथ गठित मेरो नेतृत्वको सरकार राजनीतिक रूपान्तरणलाई थप प्रभावकारी बनाउँदै सबै नेपालीको खुशीका लागि समृद्धि तथा दिगो विकासलाई गति प्रदान गर्न प्रतिबद्ध छ ।

हाम्रो सामाजिक-आर्थिक विकासको लक्ष्य 'समृद्ध नेपाल-सुखी नेपाली' को दीर्घकालीन उद्देश्यबाट निर्देशित छ । यो उद्देश्य प्राप्तिका लागि काम गर्ने उमेर समूहको जनसंख्याका लागि राम्रो नोकरी तथा लाभदायक रोजगारीको सुनिश्चितता, कृषिको आधुनिकीकरण, जलश्रोतको अधिकतम उपयोग, सडक तथा भौतिक पूर्वाधार विकास र पर्यटन तथा मानव संसाधन विकासमार्फत प्राप्त गर्ने प्राथमिकता रहेको छ ।

हामीले शान्ति, लोकतन्त्र तथा विकासको अन्तरसम्बन्धका विषयमा धारणा राख्दा, लोकतन्त्र तथा विकास शान्तिमा आधारित छन् । शान्ति नहुँदा विकासमा गरिएको लगानी ढल्नसक्छ र शान्तिको अभावमा लोकतन्त्रको आकांक्षा निष्प्रभावी बन्दछ भन्ने कुरा कहिल्यै भुल्नुहुँदैन ।

यस क्रममा विविध क्षेत्रमा हामीलाई लगानी आवश्यक रहेको छ । नेपालमा विदेशी लगानी सुरक्षित तथा नाफामुखी होस् भन्ने सुनिश्चितताका लागि हामी लगानीसम्बन्धी नीति तथा कानून परिमार्जन गर्दैछौं ।

यसर्थ शान्तिका साझा मुद्दामा टेवा पुऱ्याउन 'युनिभर्सिटी अफ पिस' र नेपालस्थित विश्वविद्यालयहरू, थिंकट्यांक तथा नीति निर्माणमा आबद्ध संस्थाहरूबीच सहकार्य तथा सहभागितामा बढावा दिनुपर्नेमा म जोड दिन चाहन्छु । हामीले शान्ति, लोकतन्त्र तथा विकासको अन्तरसम्बन्धका विषयमा धारणा राख्दा, लोकतन्त्र तथा विकास शान्तिमा आधारित छन् । शान्ति नहुँदा विकासमा गरिएको लगानी ढल्नसक्छ र शान्तिको अभावमा लोकतन्त्रको आकांक्षा निष्प्रभावी बन्दछ भन्ने कुरा कहिल्यै भुल्नुहुँदैन ।

●

हामी विनाशको खतराका द्रष्टा भएर रहन सक्दैनौं

हामीले हाम्रो संविधानद्वारा संस्थागत गरिएको लोकतान्त्रिक प्रारूपभित्र समृद्धि र सुखको लक्ष्य हासिल गर्ने चाहना राखेका छौं । हामी बृहत् लोकतन्त्रमा विश्वास गर्छौं, जसले व्यक्तिहरूलाई केवल राजनीतिक रूपमा नभई आर्थिक, सामाजिक र राजनीतीक रूपमा समेत सशक्त बनाउँदछ । त्यस्तै सोचबाट निर्दिष्ट रही हामीले 'समृद्ध क्षेत्र र सुखी जनता' को आकांक्षासमेत बोकेका छौं ।

सम्मानित राष्ट्रप्रमुखहरू एवं सरकारप्रमुखहरू तथा अन्य प्रतिनिधिहरूलाई सगरमाथा र बुद्धको भूमिमा, काठमाडौंमा चौथो बिम्स्टेक शिखर सम्मेलनमा स्वागत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु । छोटो समयमा यस शिखर सम्मेलनको आयोजनाका लागि प्रदान गर्नुभएको सहमति एवं आजको समारोहमा यहाँहरूको गरिमामय उपस्थितिका लागि बिम्स्टेक मुलुकका नेताहरूमा सादर धन्यवाद ज्ञापन गर्दछु ।

सन्दर्भ : चौथो बिम्स्टेक शिखर सम्मेलन, काठमाडौँमा सम्बोधन (भदौ २४, २०७५)

बिम्स्टेकको यो विशिष्ट मञ्चले हाम्रा देशहरूलाई जोड्ने मात्रै नभई दक्षिण एसियालाई दक्षिणपूर्व एसियासँग समेत जोड्दछ । यसले पर्यावरणीय अन्तरसम्बन्धलाई थप सुदृढ गर्दै हिमालहरूलाई सागरसँग जोड्दछ ।

हाम्रो सम्मेलनलाई र हामीलाई विश्वले अत्यन्त चासपूर्वक नियालिरहेको छ किनभने, यो क्षेत्रमा १ सय ६० करोड जनताको बसोबास भएको तथा विश्वको २२ प्रतिशत जनसंख्या र २८ खर्ब अमेरिकी डलरको कूल गार्हस्थ उत्पादनको हिस्सा (जीडीपी) भएको हुँदा हाम्रो सोच, प्रतिबद्धता र कार्यले अन्तर्राष्ट्रिय राजनीतिक एवं आर्थिक व्यवस्थामा प्रभाव पार्नेछ । आज हामी बंगालको खाडी क्षेत्रलाई शान्तिपूर्ण, समृद्ध एवं दिगो बनाउने पवित्र प्रतिज्ञासहित यहाँ भेला भएका छौँ ।

हाम्रा देशहरूले एकसाथमा एउटा गतिशील सम्भावना र क्षमता बोकेका छन् जुन यस क्षेत्रका जनताको सृजनात्मक कौशल एवं लगनशीलता, प्रकृतिको प्रचुरता एवं उदारता, सभ्यताहरूको सम्पन्नता एवं गहनता तथा विविधतापूर्ण संस्कृति र सम्पदाहरूको वैभवले ओतप्रोत छ ।

बिम्स्टेकको यो विशिष्ट मञ्चले हाम्रा देशहरूलाई जोड्ने मात्रै नभई दक्षिण एसियालाई दक्षिणपूर्व एसियासँग समेत जोड्दछ । यसले पर्यावरणीय अन्तरसम्बन्धलाई थप सुदृढ गर्दै हिमालहरूलाई सागरसँग जोड्दछ । यसले प्रगति, समृद्धि र दिगो विकासका लागि हाम्रा नेतृत्ववर्गमा रहेको प्रतिज्ञालाई जोड्दछ ।

बिम्स्टेक केवल यसका हिस्साहरूको योग वा यसका सदस्यराष्ट्रहरूको योग मात्र नभई योभन्दा बढी अझ केही हो ।

यो एउटा पहिचान पनि हो – त्यस्तो पहिचान जुन साझा मान्यताहरूमा आधारित सम्पन्न सभ्यतागत सम्पदाबाट निसृत छ, त्यस्तो पहिचान जुन साझा सुझबुझमा अडेको छ र त्यस्तो पहिचान जुन विविधतामा एकताको मन्त्रमा आधारित छ ।

यो एउटा विचार पनि हो - त्यस्तो विचार जसको सहकार्यपूर्ण उपयोगले हामीबीचको एकतालाई गहन बनाउन र आर्थिक गतिशीलतालाई प्रस्फुटन गरी मुलुक र जनताका विकासका आवश्यकताहरू सम्बोधन गर्न सक्छ । त्यस्तो विचार जसले सामाजिक प्रगतिको गतिलाई तीव्रता दिने र सहकार्य-साझेदारी अभिवृद्धि गर्न सक्छ ।

यो एउटा पहिचान पनि हो - त्यस्तो पहिचान जुन साझा मान्यताहरूमा आधारित सम्पन्न सभ्यतागत सम्पदाबाट निसृत छ, त्यस्तो पहिचान जुन साझा सुझबुझमा अडेको छ र त्यस्तो पहिचान जुन विविधतामा एकताको मन्त्रमा आधारित छ ।

यो एउटा प्रारब्ध पनि हो - त्यस्तो प्रारब्ध जुन उच्च हिमालहरू र गहिरा सागरहरूबीचको प्राकृतिक पर्यावरणीय अनुबन्धनले निर्दिष्ट छ, त्यस्तो प्रारब्ध जुन निकटवर्ती भूगोलका साथै जनस्तरमा मजबुत सम्बन्धको सम्भावनाले कोरिएको छ ।

सबैभन्दा माथि, यो हाम्रो प्रतिबद्धता हो - हाम्रो अर्थतन्त्र, व्यापार एवं वाणिज्यको अझ गहन एकताका लागि । त्यो प्रतिबद्धता जुन विश्वव्यापीकरण र एसियातिर सरिरहेको आर्थिक बिन्दुपथ र केन्द्रका अवसरहरूलाई ग्रहण गर्नका निम्ति एक सुझबुझपूर्ण प्रतिक्रियाका रूपमा करिब दुई दशकअघि अनुमोदन गरिएको हो ।

गरीबीको यो दुसाध खाडलबाट करोडौँ जनतालाई मुक्त नगरेसम्म हाम्रा कर्मठ जनताको क्षमताले प्रतिफल दिन सक्दैन । गरीबीको अँध्यारोलाई चिर्न नसक्ने हो भने हाम्रो समृद्धिको सपना धर्मराउँछ ।

साथै, मैले यो भन्नै पर्छ कि बिम्स्टेक एउटा संगठित क्षेत्रीय समूहको रूपमा समाज र जनताको स्तरमा समेत विस्तारित हुने संयोजित मुलुकहरूको संगठनको रूपमा विकास हुन जरुरी छ ।

प्रशस्त अवसरहरू, सम्पन्न प्राकृतिक श्रोतहरू र गतिशील एवं ऊर्जावान जनसंख्यासहितको हाम्रो समूह एकसाथ उभिँदा आशलाग्दो क्षमता बोकेको अनुभव हुन्छ । हाम्रो क्षमतालाई साकार पार्नका निम्ति सर्वप्रथम हामीले गरीबीको साङ्लोबाट हाम्रा जनतालाई मुक्त गर्न जरुरी छ - गरीबीको त्यो साङ्लो जसले हामीलाई अभावको दुष्चक्रमा घिसारिरहेको छ । अमानवीय, अन्यायपूर्ण र हानिकारक दुष्चक्र जसले हाम्रो क्षमतालाई क्षीण बनाइरहेको छ भने हाम्रा प्रयासहरू र असल नियतलाई गिज्याइरहेको छ ।

गरीबीको यो दुसाध खाडलबाट करोडौँ जनतालाई मुक्त नगरेसम्म हाम्रा कर्मठ जनताको क्षमताले प्रतिफल दिन सक्दैन । गरीबीको अँध्यारोलाई चिर्न नसक्ने हो भने हाम्रो समृद्धिको सपना धर्मराउँछ ।

बिम्स्टेक गरीबी निवारण कार्ययोजनाको पूर्ण कार्यान्वयन हुन जरुरी छ । हामीले सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनमा भएका प्रगतिमा टेक्दै रूपान्तरणकारी दिगो विकासको लक्ष्य - २०३० को एजेण्डालाई जोड्न जरुरी छ । हाम्रो क्षेत्रमा आर्थिक विकासको गतिमा तीव्रता ल्याउने क्रममा कोही पछि नछुटोस् भन्ने सुनिश्चित गर्न जरुरी छ ।

जलवायु परिवर्तनका विषम प्रतिफलहरूले हामीलाई प्रतिकूल असर पारिरहेको छ । बाढीपहिरोजस्ता विपद्हरूले धेरै क्षति निम्त्याएको छ । बिडम्बना, हामीले नगरेका भूलहरूको सजाय हामीले भोग्नु परिरहेको छ ।

प्राकृतिक प्रकोपको प्रहार हामीले भोगिरहेका छौँ । जलवायु परिवर्तनका विषम प्रतिफलहरूले हामीलाई प्रतिकूल असर पारिरहेको छ । बाढीपहिरोजस्ता विपद्हरूले धेरै क्षति निम्त्याएको छ । बिडम्बना, हामीले नगरेका भूलहरूको सजाय हामीले भोग्नु परिरहेको छ ।

यस चुनौतीको सामनाहेतु, त्यस्ता विपद्हरूको रोकथामका लागि हामीबीच सामूहिक तत्परताको आवश्यकता रहेको छ । साझा तर विशिष्टीकृत जिम्मेवारी र सम्बन्धित क्षमताको सिद्धान्तमा आधारित रही हामीले जलवायु परिवर्तनअनुरूप अनुकूलन गर्न र यसका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न आपसी सहकार्यलाई अझ घनीभूत गराउन आवश्यक छ ।

हामी एउटै हिमश्रृंखलाको काखमा रहेका छौँ । हाम्रा नदीहरू यिनै हिमालबाट सृजित हुन्छन् र बंगालको खाडीमा मिल्दछन् । बंगालको खाडीबाट शुरु हुने बादल हिमालमा ठोकिन्छ र यहाँ हिँउ र पानीको रूपमा बर्सन्छ । बंगालको खाडीमा आउने तुफानहरूको कम्पन हिमालमा महसूस हुन्छ जसले हिमपहिरो र बाढी ल्याँउछन् । उच्च हिमालहरूमा हुने हिमपहिरो र बाढीले बंगलादेश र अन्य तटीय क्षेत्रमा विभिन्न किसिमका समस्याहरू निम्त्याउँछ । प्रकृतिले हिमालय र बंगालको खाडीको सृष्टिमात्र गरेको छैन, अस्तित्वको त्यस्तो सम्बन्धसेतु निर्माण गरेको छ, जसले हामीलाई निरन्तर सहकार्य र आपसी सहयोग गर्न निर्देशित गर्दछ ।

हाम्रो भविष्य भनेका हाम्रा युवाहरू र बालबालिका हुन् । उनीहरू र भावी पुस्ताका निम्ति हामीले एकसाथ काम गर्न आवश्यक छ । युवा र बालबालिकामा गरिने लगानी हाम्रो समृद्ध भविष्यका लागि गरिने लगानी हुनेछ ।

चौथो औद्योगिक क्रान्तिको लहरसँगै नयाँ बाटाहरू उद्घटित भएका छन् । प्रौद्योगिक क्रान्ति रूपान्तरणकारी छ । उत्पादन र उपभोगका पुराना रीतिहरू तीव्र रूपमा परिवर्तित भइरहेका छन् ।

यस घटनाक्रमले चुनौतीसँगै अवसरहरूको एउटा बृहत् सूची प्रस्तुत गरेको छ । र , आत्मसन्तुष्टि त्यो सूचीमा पर्दैन । हामी केवल किनाराका साक्षी बनेर बस्न सक्दैनौँ । सूचना तथा सञ्चारप्रविधिमा हामीले धेरै लगानी गर्न आवश्यक छ । र, हामीले सुझबुझकासाथ लगानी गर्न आवश्यक छ ।

अझ बढी, हाम्रा युवाहरूमा उद्यमशीलताको अङ्कुरण गरी सृजनशीलतालाई मलजल गर्न, उनीहरूको दक्षता वृद्धिहेतु नवप्रवर्तनलाई प्रेरित गरी द्रुत प्रौद्योगिक परिवर्तनबाट लाभ उठाउन सक्ने बनाउन हामीले उनीहरूमा लगानी गर्न आवश्यक छ । यसरी उनीहरूको क्षमता र ऊर्जा प्रस्फुटित गरी निराशा हटाउन यसले योगदान दिनेछ । हामीले हाम्रा युवाहरूमा रहेको शक्तिलाई सर्वोत्कृष्ट रूपमा सदुपयोग गर्न प्रयासरत रहनुपर्छ ।

हाम्रो भविष्य भनेका हाम्रा युवाहरू र बालबालिका हुन् । उनीहरू र भावी पुस्ताका निम्ति हामीले एकसाथ काम गर्न आवश्यक छ । युवा र बालबालिकामा गरिने लगानी हाम्रो समृद्ध भविष्यका लागि गरिने लगानी हुनेछ ।

बिम्स्टेकलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि वस्तु व्यापार, सेवा व्यापार, लगानी, भन्सारसम्बन्धी विषय, विवाद समाधान र व्यापार सहजीकरणका विषयमा सम्झौताहरू शीघ्रतापूर्वक सम्पन्न गर्नु आजको आवश्यकता हो ।

हाम्रो क्षेत्र आतंकवाद, संगठित अपराध, लागू औषध ओसारपसार, मानव बेचबिखन र सम्पत्ति शुद्धीकरणलगायतका खतराहरूबाट अछुतो छैन । आतंकवाद र यसका सम्पूर्ण स्वरूप तथा प्रकारलाई पराजित गर्न हामीहरू एकताबद्ध हुन जरुरी छ । सुदृढ सहकार्य र संयोजित प्रयासहरूद्वारा हामीले अन्य अन्तरदेशीय अपराधहरूलाई परास्त गर्न आवश्यक रहेको छ । दिगो आर्थिक वृद्धि र विकासका लागि शान्ति र स्थायित्व अपरिहार्य छ । र, सामाजिक न्यायसहितको द्रुत विकास र समतामूलक वितरणसहितको तीव्र आर्थिक वृद्धि, शान्ति र स्थायित्वलाई सुनिश्चित गर्न आवश्यक छ भन्ने मेरो विश्वास रहेको छ ।

आर्थिक वृद्धिका लागि व्यापार एक संवाहक हो । यो दुर्भाग्य हो कि हाम्रो क्षेत्रभित्र निकै कम व्यापार हुने गरेको छ । बिम्स्टेकलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि वस्तु व्यापार, सेवा व्यापार, लगानी, भन्सारसम्बन्धी विषय, विवाद समाधान र व्यापार सहजीकरणका विषयमा सम्झौताहरू शीघ्रतापूर्वक सम्पन्न गर्नु आजको आवश्यकता हो । संरक्षणवादी प्रवृत्तिहरू र बढ्दा अवरोधहरू व्याप्त रहेको विश्वमा स्वतन्त्र तथा न्यायपूर्ण व्यापारप्रतिको हाम्रो प्रतिबद्धतालाई मूर्तरूप दिन हामीबीचको समझदारी अपरिहार्य तत्व हो । हामीले हस्ताक्षर गरेका सबै सम्झौताहरूको इमानदारीपूर्वक एवं सामयिक कार्यान्यवनमा नै हाम्रो सफलता निर्भर गर्नेछ । अझ कम अवरोध र अझ बढी व्यापार सहजीकरण, सहज र रोकटोकविहीन पारवहन सम्झौताहरू, वस्तु तथा

सुखको सार र मुहार केवल समृद्धि होइन । सुख बहुआयामिक हुन्छ । यसका विभिन्न पाटाहरू हुन्छन् । समृद्धि तिनीहरूमध्येको एक हो । यो लक्ष्य हासिल गर्न, अन्तर्राष्ट्रिय समुदायको सद्भाव र सहयोगको अपेक्षा हामीले गरेका छौँ ।

सेवाको व्यापारमा वृद्धि एवं लगानीको अभिवृद्धिमा हाम्रो सफलता निर्भर गर्नेछ ।

एकीकृत बजारहरू, एकीकृत अर्थतन्त्र र भूपरिवेष्ठित र अल्पविकसित देशहरूलगायत सबै सदस्यराष्ट्रहरूका निम्ति समान खेलमैदानका लागि अनुकूल वातावरण निर्माणमा हाम्रो सफलता निर्भर हुनेछ ।

नेपाल सरकारले 'समृद्ध नेपाल-सुखी नेपाली' को दीर्घकालीन लक्ष्य अङ्गीकार गरेको छ । समृद्धि र सुख र खुशीयालीको चर्चा गर्दा यो हेक्का राख्नुपर्छ कि यी दुईबीचको सम्बन्ध सोझो हुँदैन । सुखको सार र मुहार केवल समृद्धि होइन । सुख बहुआयामिक हुन्छ । यसका विभिन्न पाटाहरू हुन्छन् । समृद्धि तिनीहरूमध्येको एक हो । यो लक्ष्य हासिल गर्न, अन्तर्राष्ट्रिय समुदायको सद्भाव र सहयोगको अपेक्षा हामीले गरेका छौँ ।

हामीले हाम्रो संविधानद्वारा संस्थागत गरिएको लोकतान्त्रिक प्रारूपभित्र समृद्धि र सुखको लक्ष्य हासिल गर्ने चाहना राखेका छौँ । हामी बृहत् लोकतन्त्रमा विश्वास गर्छौँ, जसले व्यक्तिहरूलाई केवल राजनीतिक रूपमा नभई आर्थिक, सामाजिक र राजनीतीक रूपमा समेत सशक्त बनाउँदछ । त्यस्तै सोचबाट निर्दिष्ट रही हामीले 'समृद्ध क्षेत्र र सुखी जनता' को आकांक्षासमेत बोकेका छौँ ।

क्षेत्र–वारपार यातायात सञ्जालमा हाम्रो लगानी अझ सघन बनाउन आवश्यक छ । सडक, रेलमार्ग, हवाईमार्ग, जलमार्गको सुदृढ सम्पर्क सञ्जालले हाम्रो पूर्ण क्षमतालाई उजागर गर्ने छ ।

साथै, हामीले यो याद गर्न आवश्यक छ कि 'समृद्ध क्षेत्र र सुखी जनता'को सोचतर्फको यात्रामा अभावका साना वा ठूला क्षेत्रहरू, बहिष्करणका लहरहरू र नकारात्मक एवं उदासीपूर्ण मनोवृत्तिहरू अवरोधको रूपमा रहन्छन् ।

अझै गहन आर्थिक एकतामार्फत हामीले यी अवरोधहरू चिर्न सक्नेछौँ । यसका निम्ति, आर्थिक एकताका संवाहक र परिचालकहरूको पहिचान गर्न आवश्यक छ । सुदृढ भौतिक सम्पर्क सञ्जाल, बढ्दो व्यापार र सुदृढ जनस्तरको सम्बन्ध, तीमध्येका केही मूलभूत विषयहरू हुन् । यसका लागि हामीले हाम्रा प्रतिबद्धताका साथै तुलनात्मक लाभका क्षेत्रमा केन्द्रित भई स्पष्ट नीतिगत कदम लिन जरुरी छ ।

मजबुत क्षेत्रीय सहयोगका लागि सम्पर्क सञ्जाल एक प्रमुख परिचालक हो । यो त्यो आधारशिला हो जसमा आर्थिक एकताको संरचना ठडिन सक्छ ।

भौतिक एवं डिजिटल क्षेत्र, पूर्वाधारहरू र उद्योगहरू, बजार एवं विचारको सम्पर्क सञ्जालले नवप्रवर्तन, आर्थिक वृद्धि र प्रगतिलाई प्रेरित गर्ने गरी गुणात्मक प्रभाव सृजित गर्न सक्छन् ।

क्षेत्र-वारपार यातायात सञ्जालमा हाम्रो लगानी अझ सघन बनाउन आवश्यक छ । सडक, रेलमार्ग, हवाईमार्ग, जलमार्गको सुदृढ सम्पर्क

सबै बिम्स्टेक राष्ट्रहरू बुद्ध धर्मसँग कुनै न कुनै रूपमा जोडिएका छन् । सम्पर्क सञ्जाल एवं पर्यटनको प्रवर्द्धनमा बुद्ध सर्किटको विकास र सञ्चालनको महत्व हुने कुरा म बुद्धभूमिको प्रधानमन्त्रीको हैसियतमा जोड दिन चाहन्छु ।

सञ्जालले हाम्रो पूर्ण क्षमतालाई उजागर गर्ने छ । यसले व्यापार तथा लगानी, ऊर्जा, पर्यटन र प्रविधि हस्तान्तरणका क्षेत्रमा सार्थक सहयोगको प्रवर्द्धन गर्नसक्छ ।

यातायात सम्पर्क सञ्जालसम्बन्धी बिम्स्टेक गुरुयोजनाको मस्यौदामा शीघ्र सहमति एवं यातायातसम्बन्धी अन्य क्षेत्रीय सम्झौताहरूको सामयिक निष्कर्षले यो महत्वपूर्ण क्षेत्रमा हाम्रो सहयोग अभिवृद्धि गर्न मद्दत गर्नेछ । बुद्ध धर्मले यो क्षेत्रमा एक मजबुत सम्पर्कसूत्रको रूपमा काम गर्दछ । सबै बिम्स्टेक राष्ट्रहरू बुद्ध धर्मसँग कुनै न कुनै रूपमा जोडिएका छन् । सम्पर्क सञ्जाल एवं पर्यटनको प्रवर्द्धनमा बुद्ध सर्किटको विकास र सञ्चालनको महत्व हुने कुरा म बुद्धभूमिको प्रधानमन्त्रीको हैसियतमा जोड दिन चाहन्छु ।

बिम्स्टेकको सफलता यसले दिने प्रतिफलका आधारमा निक्यौंल गरिने छ । दृढ राजनीतिक इच्छाशक्ति र नीति, संस्था एवं संसाधनहरूको उचित संयोजनले नै बिम्स्टेको सफलता सुनिश्चित गर्नेछ । हाम्रो संगठनको विकाससँगै यसलाई एक मजबुत कानूनी आधार प्रदान गर्न एउटा वडापत्र पारित गर्नका लागि हामी तयार हुनुपर्दछ ।

नेपाल सार्थक क्षेत्रीय सहयोगका लागि प्रतिबद्ध छ । हामी यो विश्वास गर्छौं - सार्क र बिम्स्टेक एकअर्काका विकल्प नभई परिपूरक हुन् । हामी बीबीआइएनमार्फत् उपक्षेत्रीय सहयोगका लागि समेत प्रतिबद्ध

दृढ राजनीतिक इच्छाशक्ति र नीति, संस्था एवं संसाधनहरूको उचित संयोजनले नै बिम्स्टेको सफलता सुनिश्चित गर्नेछ । हाम्रो संगठनको विकाससँगै यसलाई एक मजबुत कानूनी आधार प्रदान गर्न एउटा वडापत्र पारित गर्नका लागि हामी तयार हुनुपर्दछ ।

छौँ । बिम्स्टेकअन्तर्गत क्षेत्रीय सहयोगको प्रक्रियाप्रतिको आफ्नो दृढ एवं अविचलित प्रतिबद्धता नेपाल दोहोऱ्याउन चाहन्छ ।

हाम्रो सहयोगको क्षेत्र, गति एवं सारले यस क्षेत्रको क्षमता तथा सम्भावनालाई प्रतिबिम्बित गर्न सक्नुपर्दछ । यसका निम्ति हामीले समयको महत्वलाई मनन गर्न आवश्यक छ । अहिलेको यो समय काम गर्न र हाम्रा प्रयासहरूलाई सघन बनाउनको निम्ति हो । अहिलेको यो समय केवल छलफलका लागि नभई केही गरेर देखाउनका लागि पनि हो । अहिलेको यो समय हाम्रा प्रतिज्ञाहरूलाई प्रतिफलमा अनुवाद गर्नको निम्ति पनि हो ।

●

२६ २८ श्रावण २०७५, काठमाण्डौ
the Co
ution
ust 2018,
andu

भाग–३

संविधान र संविधानवाद



संविधानले मुलुकको 'भिजन' लाई आत्मसात गरेको छ

हाम्रो संविधान नेपाली जनताको साझा आकांक्षा समेट्ने सिङ्गो दस्तावेज हो । जनताका इच्छा संविधानका ३५ भाग र ३ सय ८ धारामा समेटिएका छन् । खासमा भन्ने हो भने, हाम्रा दशकौँदशक लामा र विविधतापूर्ण राजनीतिक संघर्ष र क्रान्तिले चाहेको लोकतान्त्रिक, समावेशी र मानवतावादी राजनीतिक प्रणालीका सबै नवीन र प्रगतिशील चरित्रलाई हाम्रो संविधानले समेटेको छ ।

आजको पाँच हप्तामा हामी, हाम्रो संविधान जारी भएको तेस्रो वार्षिकोत्सव मनाउँदैछौँ ।

यस महत्वपूर्ण दिवसको तयारी हुँदै गर्दा अहिले म नेपाली जनताले आफू र आफ्ना भावी पुस्ताको सुन्दर भविष्यका निम्ति आशा र आकांक्षा, आदर्श र आस्था झल्किने गरी आफैंले आफ्नो संविधान लेख्नका लागि गरेका सशक्त सङ्घर्ष र त्यसक्रममा ब्यहोर्नु परेको असहनीय पीडा सम्झी रहेको छु ।

सन्दर्भ : काठमाडौँ स्कूल अफ ल तथा दक्षिण एसिया ट्रस्टद्वारा आयोजित कार्यक्रममा प्रस्तुत मन्तव्य (साउन २८, २०७५)

सम्मेलन:
नेपालको संविधान

अब नेपाली जनताले थप अत्याचार र बहानाबाजी सहने छैनन् । परिवर्तनका लागि अब धेरै धैर्य पनि गरिरहने छैनन् । जनजीवनमा अनुभूति हुने खालको परिवर्तन गरी देखिने परिणाम ल्याउन यस जननिर्वाचित सरकारले हरसम्भव प्रयत्न गर्नेछ ।

यतिखेर म, नेपाली जनताका आकांक्षा पूरा गर्न हामीले सामना गरिरहेका चुनौतीका बारेमा समेत मनन गरिरहेको छु । नेपाली जनताले हामीमाथि राखेका आशा र भरोसालाई ओइलाउन नदिन तथा संविधानद्वारा प्रत्याभूत गरिएका सबै प्रगतिशील र अग्रगामी प्रावधान लागू गरी नेपाली जनताको दैनन्दिन जीवनमा देखिने खालको परिवर्तन ल्याउन हामीले तत्काल ठोस काम गर्नु पर्नेमा म सचेत छु ।

संविधानको पालना गर्दा हामीबाट जानीजानी कुनै गलत काम हुनेछैन । मुलुकको शान्ति, सुशासन, विकास एवं समृद्धिका लागि हाम्रो इमानदार प्रयास जारी रहनेछ । अब नेपाली जनताले थप अत्याचार र बहानाबाजी सहने छैनन् । परिवर्तनका लागि अब धेरै धैर्य पनि गरिरहने छैनन् । जनजीवनमा अनुभूति हुने खालको परिवर्तन गरी देखिने परिणाम ल्याउन यस जननिर्वाचित सरकारले हरसम्भव प्रयत्न गर्नेछ । र, यो महत्वपूर्ण उद्देश्य प्राप्तिका लागि काम गर्दा संविधानले दिएको म्याण्डेट अनुरूप नै कदम चाल्नेछ ।

हाम्रो संविधान नेपाली जनताको साझा आकांक्षा समेट्ने सिङ्गो दस्तावेज हो । जनताका इच्छा संविधानका ३५ भाग र ३ सय ८ धारामा समेटिएका छन् । खासमा भन्ने हो भने, हाम्रा दशकौँदशक लामा र विविधतापूर्ण राजनीतिक संघर्ष र क्रान्तिले चाहेको लोकतान्त्रिक, समावेशी र मानवतावादी राजनीतिक प्रणालीका सबै नवीन र प्रगतिशील चरित्रलाई हाम्रो संविधानले समेटेको छ ।

मौलिक हक र राजनीतिक स्वतन्त्रता हासिल गर्न विभिन्न स्वरूपका निरंकुश सत्ताविरुद्ध हामीले लामो समयसम्म संघर्ष गर्नुपर्‌यो । वास्तवमा, नेपालको आधुनिक राजनीतिक इतिहास विविध प्रकृतिका संघर्ष र क्रान्तिको निरन्तर सिलसिला नै हो ।

हाम्रो संविधानले प्रत्येक नेपालीको महत्ता र गरिमालाई स्वीकार गर्दछ, प्रत्येक नागरिक उपर समान व्यवहार गरी विनाभेदभाव सबै नागरिकलाई मौलिक हक र स्वतन्त्रताको प्रत्याभूति गर्दछ ।

नेपालको आधुनिक इतिहासमा महत्वपूर्ण कोसेढुंगाको रूपमा रहेको देशको यस्तो आदर्श मूल कानूनप्रति हामी उच्च गौरवबोध गर्दछौँ ।

ऐतिहासिक सिंहावलोकन

मौलिक हक र राजनीतिक स्वतन्त्रता हासिल गर्न विभिन्न स्वरूपका निरंकुश सत्ताविरुद्ध हामीले लामो समयसम्म संघर्ष गर्नुपऱ्यो ।

वास्तवमा, नेपालको आधुनिक राजनीतिक इतिहास विविध प्रकृतिका संघर्ष र क्रान्तिको निरन्तर सिलसिला नै हो ।

नेपाली जनताको राजनीतिक संघर्ष र आन्दोलनको लामो गौरवशाली परम्परा रहिआएको छ । शुरुशुरुमा मुलुकको एकीकरणका लागि देशभक्तिपूर्ण आन्दोलनका रूपमा रहेको राजनीतिक संघर्ष, समयक्रममा बेलायती आक्रमण र उपनिवेशवादविरुद्धको संघर्षका रूपमा विकसित भयो । नेपाली जनताले लडेका यी लडाईँहरू उत्पीडन र दमनविरुद्ध सामाजिक र मानवतावादी संघर्षका विविध स्वरूपमा हुँदै कालान्तरमा एकतन्त्री राणाशासनका विरुद्धको प्रजातान्त्रिक आन्दोलनका रूपमा रूपान्तरण हुँदै गए ।

नेपाली जनताले आफ्नो भाग्य निर्माण गर्ने प्रयत्नमा विगत सत्तरी वर्षको अवधिमा तत्कालीन शासनसत्ताको अधिकार सीमित गर्ने गरी, सत्ताधारीलाई नियमकानूनभित्र रहनुपर्ने गरी समयसमयमा संविधान जारी गर्न बाध्य पारेकै हुन् ।

लोकतान्त्रिक राजनीतिक प्रणाली र लोकतान्त्रिक संविधान हासिल गर्ने नेपाली जनताको आकांक्षाका प्रतिबिम्बका रूपमा यी संघर्षहरू आफू पनि परिवर्तन हुँदै अरूलाई पनि परिवर्तन गराउँदै राजनीतिक स्वतन्त्रता, सामाजिक परिवर्तन र रूपान्तरणको राजनीतिक आन्दोलनका रूपमा देखापर्न थालेका हुन् ।

त्यसो हुँदा, नेपाली जनताले आफ्नो भाग्य निर्माण गर्ने प्रयत्नमा विगत सत्तरी वर्षको अवधिमा तत्कालीन शासनसत्ताको अधिकार सीमित गर्ने गरी, सत्ताधारीलाई नियमकानूनभित्र रहनुपर्ने गरी समयसमयमा संविधान जारी गर्न बाध्य पारेकै हुन् । तथापि, ती संविधानहरू अहिलेको संविधानजतिको प्रजातान्त्रिक र प्रगतिशील त थिएनन् नै ।

नेपालका संविधानहरूको इतिहास

सत्तरी वर्षअघि तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेरले 'नेपाल सरकार वैधानिक कानून १९४८' जारी गरेदेखि नेपालको संवैधानिक इतिहास शुरु हुन्छ । यो पहिलो संविधानले मुलुकको संवैधानिक इतिहासमा प्रजातान्त्रीकरणको प्रक्रिया शुरु गर्ने श्रेय पाएपनि त्यसमा आधुनिक प्रजातान्त्रिक प्रणाली एवं नियन्त्रण र सन्तुलनका आधारभूत तत्वहरू भने पर्याप्त मात्रामा थिएनन् ।

अझ दुःखको कुरो, त्यसको कार्यान्वयन हुन सकेन ।

सम्बत् २०१९ को संविधानले राजाको सत्ता विप्लवलाई संवैधानिक आवरण दिएर उनलाई नेपालको राजनीतिक सत्ताको केन्द्रमा पुर्‍यायो । दुर्भाग्यवश, नेपालको आधुनिक इतिहासमा यो एउटा अँध्यारो युगको शुरुआत थियो ।

त्यसपछि सम्बत् २००७ को परिवर्तनपश्चात जारी अन्तरिम शासन विधानले प्रधान न्यायालय खडा गर्नुका साथै नागरिकको मौलिक हक पनि सूचीकृत गर्‍यो ।

तर नेपालको संविधान २०१५ ले भने मुलुकको इतिहासमा पहिलो पटक बहुदलीय प्रतिनिधिमूलक प्रजातन्त्रको सूत्रपात गरी मुलुकको पहिलो आमनिर्वाचन नै सम्भव तुल्यायो ।

तथापि, यो प्रजातान्त्रिक प्रयोग धेरै दिन टिक्नचाहिँ सकेन । राजाले राजनीतिक दलमाथि प्रतिबन्ध लगाई वाकस्वतन्त्रताको घाँटी निमोठेर कार्यकारी अधिकार आफैँले लिए र पछि निरंकुश पञ्चायती व्यवस्था शुरु गरे ।

सम्बत् २०१९ को संविधानले राजाको सत्ता विप्लवलाई संवैधानिक आवरण दिएर उनलाई नेपालको राजनीतिक सत्ताको केन्द्रमा पुर्‍यायो ।

दुर्भाग्यवश, नेपालको आधुनिक इतिहासमा यो एउटा अँध्यारो युगको शुरुआत थियो ।

त्यसकारण जनअधिकारमाथिको यस्तो निर्मम हमलाविरुद्ध नेपाली जनता निरन्तर संघर्षरत रहिरहे । साथै, जनतालाई राज्यको सार्वभौमसत्ता र राजकीय शक्तिको श्रोतका रूपमा स्थापित गराउने आन्दोलनका लागि चरम बलिदान पनि गरे ।

ती दिन सम्झिँदा आफ्नो जीउज्यानको पर्वाह नगरी निरंकुश सत्ताका विरुद्ध संघर्षका लागि हाम्रा साथीहरूले देखाउनुभएको अतुलनीय साहस र दृढताको झल्झल्ती याद आइरहेको छ मलाई । समयक्रममा, प्रजातन्त्र एवं जनअधिकारको लडाइँमा धेरैजनाले आफ्नो जीवन उत्सर्ग पनि गरे ।

नागरिक स्वतन्त्रता कुण्ठित भएको र नाङ्गो हिंसाका माध्यमबाट जनताको जायज आवाजलाई दबाइएको राजनीतिक 'स्पेस' शून्य निष्पट्ट अन्धकारयुक्त दिनहरू थिए ती । ती दिन सम्झिँदा आफ्नो जीउज्यानको पर्वाह नगरी निरंकुश सत्ताका विरुद्ध संघर्षका लागि हाम्रा साथीहरूले देखाउनुभएको अतुलनीय साहस र दृढताको झल्झल्ती याद आइरहेको छ मलाई । समयक्रममा, प्रजातन्त्र एवं जनअधिकारको लडाइँमा धेरैजनाले आफ्नो जीवन उत्सर्ग पनि गरे ।

त्यतिखेर हामी युवाले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा होमिनु आफ्नो परम् कर्तव्य नै ठानेका थियौँ । एउटा महान उद्देश्य प्राप्तिका लागि पवित्र कर्तव्य थियो त्यो ।

आखिरमा जनताका ती संघर्षहरू सन् १९९० को जनआन्दोलनका रूपमा चरम चुलीमा पुगे । निरंकुश पञ्चायती व्यवस्था ढल्यो र नेपालको राजनीतिक प्रणालीको प्रजातान्त्रीकरणको युगको उदय भयो । सम्बत् २०४७ सालमा जारी भएको नेपाल अधिराज्यको संविधानलाई यसै पृष्ठभूमिमा हेर्नुपर्दछ ।

वास्तवमा त्यो संविधान अपुरो नै थियो । सन् २००५ मा राजाले चालेको अप्रजातान्त्रिक कदमको पृष्ठभूमिमा राजनीतिक परिवर्तन र रूपान्तरणका लागि उर्लिएर आएको जनआवाजले त्यो कुरा प्रमाणित गऱ्यो पनि । तथापि, प्रजातान्त्रिक प्रणाली पुनर्बहाली गरी संवैधानिक

पुनर्स्थापित संसदले राजतन्त्रलाई निलम्बन गर्ने र नेपाली जनतालाई इतिहासमा पहिलो पटक वास्तविक रूपमा सार्वभौम बनाउने गरी महत्वपूर्ण घोषणा जारी गर्‌यो । पछि, मे २००८ मा बसेको संविधानसभाको पहिलो बैठकले झण्डै साढे दुई सय वर्ष पुरानो राजतन्त्रलाई निर्मूल गर्ने युगान्तकारी घोषणा गर्‌यो ।

ढाँचाभित्र नागरिक स्वतन्त्रता, मौलिक हक र कानूनको शासन स्थापना गरेको श्रेय उक्त संविधानलाई दिनै पर्दछ ।

प्रत्यक्ष शासन हत्याउन राजाले सन् २००५ मा चालेको कदमले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा आधारित २०४७ सालको संविधानको जग नै मटियामेट गरिदियो । राजाको त्यो अप्रजातान्त्रिक कदमले समयक्रममा सातदलीय गठबन्धन र माओवादीलाई एकअर्काको नजिक ल्याइदिएकाले निरंकुश राजतन्त्रका विरुद्ध एउटै मोर्चामार्फत् संयुक्त संघर्ष शुरु भयो ।

फलस्वरूप विघटित संसदलाई पुनर्स्थापित गरी गैरसंवैधानिक रूपमा हडपेको राज्यशक्ति जनतालाई नै फिर्ता गर्न राजा बाध्य भए । पुनर्स्थापित संसदले राजतन्त्रलाई निलम्बन गर्ने र नेपाली जनतालाई इतिहासमा पहिलो पटक वास्तविक रूपमा सार्वभौम बनाउने गरी महत्वपूर्ण घोषणा जारी गऱ्यो । पछि, मे २००८ मा बसेको संविधानसभाको पहिलो बैठकले झण्डै साढे दुई सय वर्ष पुरानो राजतन्त्रलाई निर्मूल गर्ने युगान्तकारी घोषणा गऱ्यो ।

मूलतः सन् २००६ मा अन्त्य भएको एक दशक लामो सशस्त्र संघर्षपछि संघीय गणतन्त्रात्मक र धर्मनिरपेक्ष राजनीतिक प्रणाली स्थापनाको दिशामा मुलुकका राजनीतिक घटनाक्रम तीव्ररूपले विकसित हुँदै गए । खासगरी सन् २००६ को बृहत् शान्ति सम्झौताका प्रावधानअनुरूप

मेरो अटल विश्वास के हो भने अहिलेको हाम्रो संविधान नेपाली जनताको ऐतिहासिक उपलब्धि मात्र नभएर यो मुलुकको सर्वथा उच्च कोटिको प्रगतिशील कानून पनि हो ।

माओवादी लडाकु र तिनका हातहतियार व्यवस्थापन गर्ने चुनौतीपूर्ण काम सम्पन्न भएपछि शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउने बाटो खुल्न गयो ।

त्यसैबीच, नयाँ प्रणाली स्थापित नहुञ्ज्यालसम्मका लागि ल्याइएको हुँदा सन् २००७ को अन्तरिम संविधानको भूमिका विशिष्ट थियो भन्ने मान्नुपर्दछ । उक्त संविधानले नेपालको संवैधानिक इतिहासमा केही महत्वपूर्ण प्रावधान आत्मसात गरेर संविधानसभाद्वारा नेपालको संविधान जारी गर्न आवश्यक पर्ने तयारी शुरु गऱ्यो ।

मेरो अटल विश्वास के हो भने अहिलेको हाम्रो संविधान नेपाली जनताको ऐतिहासिक उपलब्धि मात्र नभएर यो मुलुकको सर्वथा उच्च कोटिको प्रगतिशील कानून पनि हो । विशेष गरी महिला, दलित तथा विपन्न वर्गसहित सम्पूर्ण जनताको अधिकार प्रत्याभूत गर्ने दिशामा यो संविधानले विश्वमै नयाँ मानक स्थापना गरेको छ ।

साथै, यो संविधानका माध्यमबाट हामीले संवैधानिक सर्वोच्चता, आवधिक चुनाव, मानवअधिकार, कानूनी शासन, शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन एवं स्वतन्त्र न्यायालयसहितको प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था अपनाउन पाएका छौँ ।

अझ महत्वपूर्ण कुरा त हाम्रो संविधान मुलुकको वर्तमान र भविष्यका लागि समेत सुस्पष्ट दृष्टिकोणसहितको दस्ताबेज पनि हो ।

समृद्धि र तीव्र विकासका लागि जवाफदेहिता, पारदर्शिता, सदाचारको संवर्द्धन र भ्रष्टाचारको निर्मूलीकरणजस्ता सुशासनका मुख्य तत्वहरूका बारेमा पनि यस संविधानले विशेष ध्यान दिएको छ ।

यो संविधानमा हामीले नेपालका लागि प्रस्ट प्राथमिकताहरू कोरेका छौँ - राष्ट्रियताको प्रवर्द्धन, प्रजातन्त्रको संस्थागत विकास, सामाजिक सौहार्दताको जगमा राष्ट्रियताको सबलीकरण, सबै प्रकारका भेदभाव, असमानता र दमनचक्रको अन्त्य गरी सामाजिक न्याय र समानताको प्राप्ति तथा तीव्र आर्थिक विकास र समृद्धि ।

म यो पनि भन्न चाहन्छु - यस संविधानले पुस्तौँपुस्ताबाट हस्तान्तरित तर कतै लिपिबद्ध नभएका हाम्रा सामाजिक मूल्य, मान्यता तथा परम्परालाई पनि आत्मसात् गरेको छ ।

त्यसैगरी, समृद्धि र तीव्र विकासका लागि जवाफदेहिता, पारदर्शिता, सदाचारको संवर्द्धन र भ्रष्टाचारको निर्मूलीकरणजस्ता सुशासनका मुख्य तत्वहरूका बारेमा पनि यस संविधानले विशेष ध्यान दिएको छ ।

नेपालको संविधान सन् २०१५ जारी गर्ने प्रक्रियाको छोटो समीक्षा

सन् २००६ को बृहत् शान्ति सम्झौताका प्रावधानअनुरूप नेपालको पहिलो संविधानसभा अप्रिल २००८ मा निर्वाचित भयो । तथापि पहिलो संविधानसभाले तोकिएको समयमा संविधान जारी गर्न असफल भएपछि नोभेम्बर २०१३ मा संविधानसभाका लागि पुनः चुनाव भयो । पहिलो संविधानसभाले प्राप्त गरेका उपलब्धिको जगमा टेकेर यस दोश्रो संविधानसभाले दुई वर्षभन्दा कम अवधिमै संविधान जारी गर्ने आफ्नो कार्यादेश पूर्ण गर्न सक्यो । ६ सय १ सदस्यीय यो संविधानसभा

संविधान बनाउने र मुलुकको सार्वभौमसत्ता र संवैधानिक एवं आन्तरिक मामिलाका विषयमा निर्णय लिन पाउने जनताको स्वतन्त्रताको अधिकार रक्षाका लागि हाम्रो पार्टीले त्यसबेला अग्रपंक्तिमै रहेर संघर्ष गरेको हो ।

समावेशी राजनीतिक प्रणाली अपनाउने राजनीतिक प्रतिबद्धताका साथै राष्ट्रिय विविधताको प्रकटीकरण पनि थियो । संविधानसभा साँचो अर्थमा प्रजातान्त्रिक चरित्रको थियो र संवैधानिक मुद्दाहरूलाई सम्बोधन गर्न यसले सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको थियो ।

सबै राजनीतिक दलहरू कठिन परिस्थितिमाझ एकै ठाउँमा उभिएर आफूबीच अभूतपूर्व एकता कायम गरी नेपाली जनताको पूर्ण प्रजातान्त्रिक अभ्यासलाई खण्डित गर्न भएका कोशिशलाई परास्त गरेर नै सम्बत् २०७२ सालमा नेपालको संविधान जारी हुनसकेको हो । संविधान बनाउने र मुलुकको सार्वभौमसत्ता र संवैधानिक एवं आन्तरिक मामिलाका विषयमा निर्णय लिन पाउने जनताको स्वतन्त्रताको अधिकार रक्षाका लागि हाम्रो पार्टीले त्यसबेला अग्रपंक्तिमै रहेर संघर्ष गरेको हो ।

संविधानका खास उद्देश्य प्रस्ट थिए : सार्वभौमसत्ता जनताकै हातमा राख्ने, जनतालाई समान हक र अवसर सुनिश्चित गर्ने, प्रत्येक व्यक्तिको सम्मान तथा गरिमा सुनिश्चित गर्ने तथा सबै प्रकारका भेदभाव अन्त्य गरी न्यायपूर्ण र समृद्ध समाज स्थापना गर्ने । यी उद्देश्य प्राप्तिका लागि हामीले राज्यलाई संघीय ढाँचामा पुनर्संरचित गरी सहभागितामूलक प्रजातान्त्रिक शासनव्यवस्था अपनाएका हौँ ।

हाम्रो संविधानले यस्तो समाजको परिकल्पना गरेको छ जहाँ प्रत्येक व्यक्तिले आफ्नो क्षमताको पूर्ण उपयोग गर्न सकोस् र जहाँ प्रत्येक

समानतापूर्ण समाज सिर्जना गरी समान आर्थिक अवसर प्रदान गर्ने र समृद्धि एवं सामाजिक न्याय सुनिश्चित गर्ने हाम्रो संविधानको कटिबद्धता हो । प्रजातान्त्रिक मूल्य–मान्यता अपनाएर समाजवादको विकास गर्ने संविधानको लक्ष्य हो ।

व्यक्तिको सार्थक, आनन्दमय र स्वस्थ जीवन जीउन पाउने अधिकार सुनिश्चित होस् । प्रत्येक व्यक्तिले आफ्नो पूर्ण क्षमताअनुरूप काम गर्न वर्ग, वर्ण, जात वा जातीयता, लिङ्ग, रङ, धर्म, भाषा वा विचारधारालगायत कुनै पनि किसिमको भेदभाव ब्यहोर्नु नपरोस् ।

नेपालको राजनीतिक प्रणालीका बारेमा आफ्नो भविष्यदृष्टि व्यक्त गर्दै जननेता मदन भण्डारीले भन्नुभएको थियो :

> 'संवैधानिक सर्वोच्चता, बहुदलीय खुला समाज, शक्ति पृथकीकरण, मानवअधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र संवैधानिक विपक्ष तथा कानूनको शासन नेपालको राजनीतिक प्रणालीमा नभई नहुने तत्व हुनुपर्दछ भन्ने मेरो सोच हो ।'

मलाई यो कुराले बडो सन्तुष्टि दिन्छ कि नेपालको संविधान ठ्याक्कै त्यस्तै दस्तावेजका रूपमा आएको छ । नेपाली नागरिक हुनुको गरिमा स्थापित गर्न संविधानले दिएको जोड अतुलनीय छ ।

समानतापूर्ण समाज सिर्जना गरी समान आर्थिक अवसर प्रदान गर्ने र समृद्धि एवं सामाजिक न्याय सुनिश्चित गर्ने हाम्रो संविधानको कटिबद्धता हो । प्रजातान्त्रिक मूल्य-मान्यता अपनाएर समाजवादको विकास गर्ने संविधानको लक्ष्य हो ।

राज्यका संयन्त्रहरूमा महिलाको सहभागिताका लागि महत्वपूर्ण पहलका रूपमा संविधानले संघीय संसद तथा प्रादेशिक सभामा एक तिहाइ संख्या महिला हुनैपर्ने व्यवस्था सुनिश्चित गरेको छ ।

नेपालको संविधानले पिछडिएका र वञ्चित समुदायका लागि सकारात्मक अभियानसम्बन्धी विशेष प्रावधानको व्यवस्था गरेको छ । साथै, संविधानले मुलुकलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासनव्यवस्थामा पुनर्संरचना गरेको छ ।

पहिलो हुनेले जित्ने प्रणालीलाई ६० प्रतिशत र समानुपातिक प्रतिनिधित्वलाई ४० प्रतिशत छुट्याएर संविधानले समावेशी निर्वाचन प्रणाली अपनाएको छ । चुनावमा समानुपातिक प्रतिनिधित्वका लागि हरेक राजनीतिक दलले महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारू, मुस्लिम तथा पिछडिएको क्षेत्रका लागि छुट्टाछुट्टै बन्दसूची पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

राज्यका संयन्त्रहरूमा महिलाको सहभागिताका लागि महत्वपूर्ण पहलका रूपमा संविधानले संघीय संसद तथा प्रादेशिक सभामा एक तिहाइ संख्या महिला हुनैपर्ने व्यवस्था सुनिश्चित गरेको छ । राष्ट्रपति वा उपराष्ट्रपतिमध्ये एकजना तथा सभामुख र उपसभामुखमध्ये एकजना महिला हुने कुरा सुनिश्चित गरिएको छ । स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्व महिलाबाट हुने व्यवस्था गरिएको छ । पछिल्लो चुनावमा ४१ प्रतिशत सीट महिलाले पाएका छन् । वास्तवमा यो सानोतिनो उपलब्धि त हुँदैहोइन । बाँकी ९ प्रतिशतको खाडल पनि यथासक्य चाँडै पुर्ने हाम्रो प्रतिबद्धता हो ।

विविधताभित्र एकता, सामाजिक र सांस्कृतिक एकत्व, सहिष्णुता, सामञ्जस्यता तथा शान्तिको रक्षा र प्रवर्द्धनका लागि वर्ग, जात, भौगोलिक क्षेत्र, भाषा, धर्म, लिङ्ग तथा छुवाछूतका सबै स्वरूपविरुद्धका भेदभावलाई संविधानले अन्त्य गरेको छ ।

हुन पनि हाम्रो संविधानले धेरै महत्वपूर्ण प्रस्थानबिन्दु कोरेको छ । यसले संघीय संरचना सिर्जना गरेको मात्र होइन राज्यलाई थप समावेशी बनाउन र शासनप्रणालीलाई अरू सहभागितामूलक बनाउन अनेकानेक उल्लेखनीय प्रावधान अवलम्बन गरेको छ ।

तदनुरूप राज्यले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक चरित्र र पहिचान आत्मसात् गरी विविधतापूर्ण विशिष्टतासहितका नीतिहरू अवलम्बन गरेको छ । विविधताभित्र एकता, सामाजिक र सांस्कृतिक एकत्व, सहिष्णुता, सामञ्जस्यता तथा शान्तिको रक्षा र प्रवर्द्धनका लागि वर्ग, जात, भौगोलिक क्षेत्र, भाषा, धर्म, लिङ्ग तथा छुवाछूतका सबै स्वरूपविरुद्धका भेदभावलाई संविधानले अन्त्य गरेको छ ।

यस संविधानले नेपाली जनताका लागि केही नयाँ अधिकारहरू पनि दिएको छ । तीमध्ये केही प्रमुख निम्नानुसार छन् : सामाजिक न्यायको हक, स्वच्छ वातावरणको हक, शोषणविरुद्धको हक तथा शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य तथा आवासको हक । यसरी, बालबालिकादेखि वृद्धवृद्धासम्म समाजका हरेक तह र तप्काका जनताको अधिकार सुनिश्चित गर्न संविधानले कल्याणकारी राज्यका धेरै विशेषताहरू समेटेको छ ।

तसर्थ, हाम्रो संविधानले व्यापक स्वीकृति पाएको हो । यसले नेपाली जनताका हकअधिकार पूर्णरूपेण सुनिश्चित गरी 'समृद्ध नेपाल-सुखी नेपाली' को सोचअनुरूप प्रत्येक नेपाली नागरिकको खुशी र सम्पन्नताका

जननिर्वाचित प्रधानमन्त्रीका रूपमा संविधानको भावना र अक्षरबमोजिम संवैधानिक व्यवस्था लागू गर्नु मेरो जिम्मेवारी हो । तसर्थ यस महत्तम राष्ट्रिय अभिभारा पूरा गर्न हरसम्भव सहयोगका लागि म सबै राजनीतिक नेता तथा आम नागरिकमा अपिल गर्दछु ।

लागि समाज निर्माणको ठोस मार्गचित्र कोरेकै हुनाले संविधानले नेपाली जनताको अपार साथ र समर्थन पाएको हो ।

वास्तवमा यो संविधान नेपालको राजनीतिक र संवैधानिक इतिहासको सबैभन्दा रूपान्तरणकारी उपलब्धि पनि हो ।

गतवर्ष संघ, प्रदेश र स्थानीय तहको चुनाव सफलतापूर्वक सम्पन्न भएपश्चात् संविधानको पूर्ण कार्यान्वयन भएको छ । मतदाताको उल्लेख्य सहभागिताका साथ यी निर्वाचनहरू स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न भए । ती चुनावमा नेपाल कम्युनिष्ट पार्टीलाई ठोस जनादेश दिएर नेपाली जनताले धेरै वर्षपछि एउटै शक्तिलाई मुलुक हाँक्ने गम्भीर अभिभारा पनि सुम्पिए । त्यो अभिभारा पूरा गर्ने दिशामा राजनीतिक स्थिरता र आर्थिक समृद्धि हाम्रा दुई प्रमुख लक्ष्य हुन् र यी उद्देश्य प्राप्तिका लागि हामी कटिबद्ध छौँ ।

जननिर्वाचित प्रधानमन्त्रीका रूपमा संविधानको भावना र अक्षरबमोजिम संवैधानिक व्यवस्था लागू गर्नु मेरो जिम्मेवारी हो । तसर्थ यस महत्तम राष्ट्रिय अभिभारा पूरा गर्न हरसम्भव सहयोगका लागि म सबै राजनीतिक नेता तथा आम नागरिकमा अपिल गर्दछु ।

आगामी दिनमा संविधान लागू गर्दै जाँदा केही मुख्यमुख्य कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । मेरो विचारमा तीमध्ये निम्न चारवटा विषयउपर विशेष सोचविचार गरी उपयुक्त समाधान निकाल्नुपर्ने हुन्छ ।

हामीले केन्द्र सरकार र प्रदेश सरकारबीचको अन्तरसम्बन्ध व्यवस्थापन गर्नु छ । तीनै तहका सरकारको क्षमता अभिवृद्धि गरी प्राकृतिक र आर्थिक श्रोतको समन्यायिक वितरण सुनिश्चित गर्नु छ ।

प्रथमतः संविधानमा उल्लिखित हकअधिकार उपभोग गर्नपाउने अवस्था सिर्जना गर्नका लागि संवैधानिक प्रावधानको पूर्ण कार्यान्वयन गर्नुपर्दछ ।

संविधानको पूर्ण कार्यान्वयन गर्ने व्यवस्थाका लागि आवश्यक पर्ने विधेयकलाई यथाशीघ्र अन्तिम रूप दिई संविधानले तोकेको समयसीमाभित्रै संसदबाट पारित गराउन सरकार कृतसंकल्पित छ ।

यो अति महत्वपूर्ण राष्ट्रिय दायित्व पूरा गर्नका लागि सँगसँगै मिलेर काम गर्न म सबैमा हार्दिक आग्रह गर्दछु ।

संवैधानिक हकअधिकारको उपभोगका लागि संविधानले गरेका व्यवस्था कत्ति पनि ढिलो नगरी लागू गर्नुपर्दछ भन्ने मेरो मान्यता छ । त्यसो हुन सके संवैधानिक व्यवस्थाको प्रभावकारिता र गरिमा एवं सम्मानसाथ बाँच्न पाउने आकांक्षा पूरा गर्ने दिशामा संवैधानिक प्रत्याभूतिका बारेमा जनतामा कुनै भ्रम बाँकी रहने छैन ।

दोश्रो, हामीले केन्द्र सरकार र प्रदेश सरकारबीचको अन्तरसम्बन्ध व्यवस्थापन गर्नु छ । तीनै तहका सरकारको क्षमता अभिवृद्धि गरी प्राकृतिक र आर्थिक श्रोतको समन्यायिक वितरण सुनिश्चित गर्नु छ ।

यी उद्देश्य हासिल गर्न ठूलो सोच, दरिलो नेतृत्व, गतिशील समायोजन एवं बुद्धिमत्तापूर्ण र लचिलो नीतिको आवश्यकता पर्दछ । 'ढुंगाको भर

नेपाल सरकारले सङ्कलन गर्ने राजस्व तीनै तहका सरकारबीच समन्यायिक रूपले वितरण गर्न सरकार कटिबद्ध छ । स्थानीय तहमा विकासलाई तीव्रता दिन श्रोतसाधनको कमीलाई बाधाको रूपमा रहन दिइने छैन ।

माटोलाई, माटोको भर ढुंगालाई' भनेझैं संघीय संरचनामा विभिन्न तहका सरकारहरूबीच अन्तरनिर्भरता र सरसहयोगको परम् महत्व छ ।

नेपालको संविधानअनुसार तीनै तहका सरकार एउटै शासन प्रणालीभित्र आबद्ध र समाविष्ट अन्योन्याश्रित अवयव हुन् । प्रत्येक तहका सरकारका आआफ्ना क्षेत्राधिकार र कामकर्तव्यका छुट्टाछुट्टै सूचीहरू भए तापनि कानूनी राज्य, सुशासन र सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि एकअर्कालाई साथसमर्थन र सरसहयोग गर्नु अपरिहार्य पनि छ ।

नेपाल सरकारले सङ्कलन गर्ने राजस्व तीनै तहका सरकारबीच समन्यायिक रूपले वितरण गर्न सरकार कटिबद्ध छ । स्थानीय तहमा विकासलाई तीव्रता दिन श्रोतसाधनको कमीलाई बाधाको रूपमा रहन दिइने छैन । अनुदानको समान वितरण मानव विकास सूचकांक, क्षेत्रीय सन्तुलनको अवस्था, श्रोतको वास्तविक आवश्यकता तथा सामाजिक आर्थिक विकासको अवस्थामा आधारित हुनेछ ।

साथै, प्रादेशिक र स्थानीय सरकारले पनि स्थानीय श्रोतसाधन परिचालन गरी स्थानीय तहको सामाजिक-आर्थिक विकासलाई गति दिनु जरुरी छ ।

मलाई आशा छ, प्रदेश र स्थानीय तहका नयाँ सरकारहरूले अनुभवबाट सिक्दै जानेछन् तथा स्वच्छ र पारदर्शी शासनव्यवस्था कायम गर्नेछन् ।

हामीले अपनाउने आर्थिक नीतिले आर्थिक विकासलाई बढावा दिएरमात्र पुग्नेछैन, न्याय र समानताको उद्देश्य प्राप्तिमा समेत सघाउनु पर्दछ । वास्तवमा आर्थिक वृद्धि, समानता र न्याय यी तीनै लक्ष्यको प्राप्ति नै जनताको लामो समयदेखिको एकमात्र आकांक्षा हो ।

मलाई यो पनि विश्वास छ कि - जनतासँग नजिक भएका कारण स्थानीय सरकार आफ्ना क्षेत्राधिकारभित्रका समस्या हल गर्न तथा स्थानीय विकासलाई प्रभावकारी रूपमा मलजल गरी फुलाउन-फलाउन सक्षमता र जिम्मेवारीका साथ काम गर्नेछन् ।

साथसाथै, अनुभवबाट पाठ सिक्दै स्थानीय सरकार परिपक्व पनि हुँदै जानेछन् र नयाँ हाँकहरूलाई सम्बोधन गर्दै सिर्जनात्मक कार्यक्रम लागू गरी आर्थिक विकास र सामाजिक प्रगतिको उद्देश्य परिपूर्ति गर्नेछन् ।

तेस्रो, एकातिर हामीले न्याय र आर्थिक वृद्धिबीच सही सन्तुलन कायम गर्नुपर्दछ भने अर्कातिर संघीय संरचना तथा आर्थिक दक्षताबीच पनि उचित सन्तुलन राख्न सक्नुपर्दछ । हामीले अपनाउने आर्थिक नीतिले आर्थिक विकासलाई बढावा दिएरमात्र पुग्नेछैन, न्याय र समानताको उद्देश्य प्राप्तिमा समेत सघाउनु पर्दछ । वास्तवमा आर्थिक वृद्धि, समानता र न्याय यी तीनै लक्ष्यको प्राप्ति नै जनताको लामो समयदेखिको एकमात्र आकांक्षा हो ।

मलाई लाग्दछ - कुशलतापूर्वक बनेको प्रारूपभित्र सुव्यवस्थित ढंगले सञ्चालन हुने संघीय संरचना आर्थिक वृद्धि तथा समानता र न्यायका दुवै लक्ष्य हासिल गर्न फलदायी सिद्ध हुनेछ ।

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता एवम् स्वतन्त्रता र जनतामा निहित रहेको सार्वभौमसत्ता तथा राजकीय सत्तामाथि खलल नपर्ने गरी संशोधन गर्न सकिने भएकाले नेपालको संविधान एउटा साँच्चै नै लचिलो दस्तावेज हो ।

कुन परिस्थितिमा संविधान संशोधन हुनसक्दछ भन्ने कुरा राम्रोसँग बुझ्नु जरुरी छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता एवम् स्वतन्त्रता र जनतामा निहित रहेको सार्वभौमसत्ता तथा राजकीय सत्तामाथि खलल नपर्ने गरी संशोधन गर्न सकिने भएकाले नेपालको संविधान एउटा साँच्चै नै लचिलो दस्तावेज हो ।

त्यसैले, लचिलोपन नेपालको संविधानको महत्वपूर्ण विशेषता हो । यसो हुँदा हाम्रो मूल कानूनले नेपाली जनताको फेरिँदो आकाङ्क्षालाई संविधानमा सदैव पूर्ण रूपले अभिव्यक्त हुनसक्ने कुरालाई सुनिश्चित गरिरहनेछ । सार्वभौम नेपाली जनताका प्रतिनिधिले संविधान बनाउन कैयौँ वर्ष कठिन मिहिनेत गरेका छन् । भविष्यका पुस्ताले आफ्ना जायज मागको सम्बोधनका लागि हामीले जस्तो संघर्ष गरिरहनु नपरोस् भन्ने मेरो कामना हो ।

मलाई पूर्ण विश्वास छ - हाम्रो संविधानले नेपाललाई छिमेकीसँग सामञ्जस्य र शान्तिका साथ रहने, विश्वका सबै मुलुकसँग सौहार्दपूर्ण सुसम्बन्ध कायम गर्ने, विकासका लागि साझेदारी गर्ने अनि न्यायपूर्ण, समानतामूलक र पारदर्शितापूर्ण विश्वव्यवस्था कायम गर्नका लागि सक्रिय भूमिका खेल्ने बलियो, समृद्ध र प्रतिष्ठित राष्ट्र बनाउन मद्दत गर्ने छ । हाम्रो संविधानले पहिलो पटक राष्ट्रिय हितका विषयहरू पहिचान गरेको छ । हाम्रो परराष्ट्र नीति संविधानले स्थापित गरेको ढाँचाभित्र रहेर राष्ट्रिय हितको रक्षा गर्न निर्देशित हुनेछ ।

सार्वभौम नेपाली जनताका प्रतिनिधिले संविधान बनाउन कैयौँ वर्ष कठिन मिहिनेत गरेका छन् । भविष्यका पुस्ताले आफ्ना जायज मागको सम्बोधनका लागि हामीले जस्तो संघर्ष गरिरहनु नपरोस् भन्ने मेरो कामना हो ।

मलाई लाग्दछ, मैले उल्लेखमात्र गर्न सकेको धेरै विषयवस्तुका बारेमा यस सम्मेलनका गत तीन दिनमा व्यापक रूपमा छलफल भएको हुनुपर्दछ । आशा छ, यो सम्मेलनका सुझावहरू संविधानको पूर्ण कार्यान्वयनका लागि प्रभावकारी रणनीति बनाउन सहयोगी सिद्ध हुनेछन् ।

संविधानको कार्यान्वयनप्रति सरकार कटिबद्ध छ । यस दिशामा यहाँहरूको सल्लाह तथा सुझाव हाम्रा लागि मूल्यवान साबित हुनेछन् ।

यो कार्यक्रम आयोजना गर्नुभएकोमा तथा मलाई यस अवसरमा निमन्त्रणा गरी आफ्ना भनाइ राख्ने मौका दिनुभएकामा काठमाडौं विश्वविद्यालय स्कुल अफ ल तथा दक्षिण एसिया ट्रष्टलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस सम्मेलनको सफल आयोजनामा संलग्न रहनुभएका सबै भद्रजनमा साधुवाद ।

●

समृद्धिप्रतिको प्रतिबद्धता ओठेभक्ति होइन

'समृद्धि र सुख' यो कसैको नाम होइन, र भन्नका लागि मात्रै भनिएको पनि होइन । यो तपाईं/हामीले वर्षौंदेखि अपेक्षा गरेको परिणाम हो । 'समृद्ध नेपाल–सुखी नेपाली' को हाम्रो नारापछि परेको नेपाली समाजलाई रूपान्तरण गर्न तपाईं–हामीले संयुक्त रूपमा देखेको, पूरा हुने र पूरा गर्नैपर्ने सपना हो ।

आज असोज ३ गते - संविधान जारी भएको दिन, आधुनिक नेपालको इतिहासको एउटा महत्वपूर्ण दिन । राष्ट्रिय दिवसको यस अवसरमा शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा बेपत्ता भएका, बेघरवार, शारीरिक, मानसिक एवं पारिवारिक रुपमा क्षति व्योहोरी मुलुकलाई विधिको शासनमा बाँध्न अतुलनीय योगदान गर्नुहुने सम्पूर्ण देशवासीहरूप्रति हार्दिक आदर व्यक्त गर्दछु ।

सन्दर्भ : संविधान दिवस समारोहमा सम्बोधन (असोज ३, २०७५)

नेपालको यस संविधानले शताब्दियौँ लामा आन्दोलनहरूले विकसित गरेको देशभक्ति, मानवता र लोकतन्त्रजस्ता तीन पक्षलाई मात्र आत्मसात गरेको छैन, यसले हाम्रो समाजमा पुस्तौँपुस्तादेखि व्यवहारमा प्रयोग हुँदै आएका हाम्रा मूल्य, मान्यता र अभ्यासहरूलाई समेत समेटेको छ ।

हामीले हाम्रो संविधानलाई अतुलनीय दस्तावेज भनेका छैनौं, न त कसैसँग दाँजिन आवश्यक नै ठानेका छौँ । हामी नेपालीसँग गौरवशाली आन्दोलनको लामो श्रृंखला छ । मौलिक हक र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्न, भिन्न/भिन्न प्रकृतिका तानाशाही सत्ता विरुद्धका विभिन्न रूपका संघर्ष र क्रान्तिमा हामी होमियौँ ।

वर्षौंअघि विदेशी अतिक्रमणका विरुद्ध लडिएको देशभक्तिको युद्ध होस् वा समाज सुधार र मानवताको पक्षमा चरम दमन र उत्पीडनका विरुद्ध गरिएका विभिन्न आन्दोलन, ती सबै प्रकारान्तरमा अत्याचारी सत्ता विरुद्धको लोकतान्त्रिक आन्दोलनमा रूपान्तरित भए ।

विगतको सात दशकमा हामी नेपालीले आफ्नो गन्तव्य र भविष्यलाई मूर्तता दिन कम्तीमा आधा दर्जन संविधान अनुभव गर्‍यौँ । नेपालको यस संविधानले शताब्दियौँ लामा आन्दोलनहरूले विकसित गरेको देशभक्ति, मानवता र लोकतन्त्रजस्ता तीन पक्षलाई मात्र आत्मसात गरेको छैन, यसले हाम्रो समाजमा पुस्तौँपुस्तादेखि व्यवहारमा प्रयोग हुँदै आएका हाम्रा मूल्य, मान्यता र अभ्यासहरूलाई समेत समेटेको छ । यसर्थ यो संविधान, विगतका सबै अनुभव भन्दा समृद्ध छ ।

सुदृढ लोकतन्त्रमा प्रयोगमा आएका लोकतन्त्रका विश्वव्यापी सबै अवयवहरूलाई हामीले संवैधानिक रूपमा नै यस संविधानमा संस्थागत गरेका छौँ । त्यसैले यो संविधान, हामी नेपालीलाई सार्वभौमसत्ता सम्पन्न बनाउने सबैभन्दा प्रगतिशील दस्तावेज हो ।

यस संविधानमार्फत हामीले संवैधानिक सर्वोच्चतासहितको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली स्थापना गरेका छौँ । आवधिक निर्वाचन, मानवअधिकार, कानूनी राज, नियन्त्रण र सन्तुलनसहितको शक्तिपृथकीकरण र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेका छौँ । सुदृढ लोकतन्त्रमा प्रयोगमा आएका लोकतन्त्रका विश्वव्यापी सबै अवयवहरूलाई हामीले संवैधानिक रूपमा नै यस संविधानमा संस्थागत गरेका छौँ । त्यसैले यो संविधान, हामी नेपालीलाई सार्वभौमसत्ता सम्पन्न बनाउने सबैभन्दा प्रगतिशील दस्तावेज हो ।

यस्तो दस्तावेज, जसले वर्तमान र भविष्यको हाम्रो 'भिजन'लाई आत्मसात गरेको छ । यस्तो 'भिजन', जसले लोकतान्त्रिक मूल्य-मान्यतासहितको समाजवाद स्थापना गर्ने लक्ष्य बोकेको छ । यस्तो दस्तावेज, जसले आर्थिक शोषण र सामाजिक उत्पीडनका कारण नेपाली समाजमा विस्फोट भएका सबै अन्तुष्टि र विद्रोहका स्वरहरूलाई सम्बोधन गरेको छ । हिंसात्मक द्वन्द्वकालका लडाकू र हतियारको व्यवस्थापन गर्दै नेपालको अद्वितीय एवं मौलिक शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याएको छ । त्यो शान्ति प्रक्रिया, जुन जटिल एवं चुनौतीपूर्ण थियो । र, त्यसले विश्वस्तरको मानक कायम गरेको छ ।

संविधान दिवसको यस अवसरमा, भारी जनमतद्वारा निर्वाचित नेपाली जनताको यस सरकारको प्रधानमन्त्रीको हैसियतमा म प्रतिवद्धता व्यक्त गर्छु – शान्ति, सुशासन, विकास र समृद्धिको लागि 'अक्षर तथा भावना' अनुरुप यस संविधानको कार्यान्वयनलाई मैले आफ्नो कर्तव्य ठानेको छु ।

हाम्रो संविधानले मुलुकलाई स्थानीय, प्रादेशिक र संघीय गरी तीन तहको संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरेको छ । संविधान दिवसको यस अवसरमा, भारी जनमतद्वारा निर्वाचित नेपाली जनताको यस सरकारको प्रधानमन्त्रीको हैसियतमा म प्रतिवद्धता व्यक्त गर्छु - शान्ति, सुशासन, विकास र समृद्धिको लागि 'अक्षर तथा भावना' अनुरुप यस संविधानको कार्यान्वयनलाई मैले आफ्नो कर्तव्य ठानेको छु । म स्पष्ट पार्न चाहन्छु - वर्षौंदेखिको विकास र समृद्धिको जनचाहना पूरा गर्नेबाहेक कुनै पनि बहानाबाजी नेपाली जनतालाई अब सह्य छैन भन्ने तथ्य जननिर्वाचित यो सरकारले बुझेको छ ।

'समृद्धि र सुख' यो कसैको नाम होइन, र भन्नका लागि मात्रै भनिएको पनि होइन । यो तपाईँ/हामीले वर्षौंदेखि अपेक्षा गरेको परिणाम हो । 'समृद्ध नेपाल-सुखी नेपाली' को हाम्रो नारापछि परेको नेपाली समाजलाई रूपान्तरण गर्न तपाईँ-हामीले संयुक्त रूपमा देखेको, पूरा हुने र पूरा गर्नैपर्ने सपना हो ।

समृद्धि र विकास, एक्लो प्रधानमन्त्री वा सरकार, कुनै एक दल वा व्यक्ति विशेषको निजी विषय होइन, हाम्रो राष्ट्रिय संकल्प हो । यस्तो संकल्प, जसलाई हामीले हामीसँगै प्रत्येक आन्दोलनको मोर्चामा जीवन उत्सर्ग गर्ने र रगत-पसिना बगाउने देशवासीसँगै पटक-पटक गरेका

समृद्धिको प्रश्नमा, 'कुरा धेरै भयो, काम भएन' भन्ने गुनासाहरू मैले पनि सुन्दै आएको छु । हामी अहिले 'भन्ने' चरणबाट 'गर्ने' चरणमा प्रवेश गरेका छौँ, सपना 'देखाउने' चरणबाट परिवर्तन महसूस गराउने प्रक्रियामा प्रवेश गरेका छौँ भन्नेमा म स्पष्ट छु ।

छौँ । तसर्थ, आज फेरि एकपटक म सबै राजनीतिक दलका नेताहरू र देशवासीलाई यो राष्ट्रिय दायित्व पूरा गर्न सहयोगी भावनाका साथ संलग्न हुन हार्दिक आह्वान गर्दछु ।

समृद्धिको प्रश्नमा, 'कुरा धेरै भयो, काम भएन' भन्ने गुनासाहरू मैले पनि सुन्दै आएको छु । हामी अहिले 'भन्ने' चरणबाट 'गर्ने' चरणमा प्रवेश गरेका छौँ, सपना 'देखाउने' चरणबाट परिवर्तन महसूस गराउने प्रक्रियामा प्रवेश गरेका छौँ भन्नेमा म स्पष्ट छु ।

प्रश्न गर्ने गरिएको छ - फेरि पनि सोचेको परिणाम आइरहेको छैन किन त ? दोष हामीले छानेको प्रणालीको हो या हामीले चुनेको नेतृत्वको ? अमिल्दो हाम्रो संरचना हो वा हाम्रो जनशक्ति, नयाँ संरचना अमिल्दो भएर हो ? नयाँ नेपाल निर्माणमा किन अलमल ?

आजको अलमल 'भइहाल्छ नि' भन्दै सुस्तरी चल्ने वा 'गरि हाल्लान् नि !' भन्दै चल्दै नचल्नेहरू र जनआकांक्षा अनुरुप 'शीघ्र विकासको लागि तीब्र गतिमा दौडन खोज्ने' पक्षहरू बीचको वेमेल हो भन्ने मैले ठानेको छु । सरकार बनेको ६ महीनामा 'सब ठीकठाक' हुनुपर्ने आग्रह, आग्रह त हुनसक्ला तर त्यो वस्तुपरकचाँहि हैन भन्ने मनन गर्न म विनम्र आग्रह गर्दछु ।

सुशासनका लागि आवश्यक कानूनी प्रबन्ध गर्न पचास भन्दा बढी विधेयक संघीय संसदमा प्रस्तुत गरिएको छ । विधिको शासन बसाल्न, सालाखाला प्रत्येक ५ दिनमा एउटा विधेयक निर्माण हुनु उल्लेखनीय काम हो भन्ने म ठान्दछु ।

समृद्धिको लागि जारी हाम्रो यात्रालाई गन्तव्यमा पुऱ्याउन संविधानका ३१ वटा धारामा उल्लेखित मौलिक हकलाई कार्यान्वयन गर्न आवश्यक कानूनी प्रबन्ध सरकारले गरिसकेको छ । यसको कार्यान्वयनसँगै नेपाली जनताको सम्मानित तथा मर्यादित जीवन जिउने अभिलाषा पूरा हुनेछ । सुशासनका लागि आवश्यक कानूनी प्रबन्ध गर्न पचास भन्दा बढी विधेयक संघीय संसदमा प्रस्तुत गरिएको छ । विधिको शासन बसाल्न, सालाखाला प्रत्येक ५ दिनमा एउटा विधेयक निर्माण हुनु उल्लेखनीय काम हो भन्ने म ठान्दछु ।

संघीयता कार्यान्वयन भएन, संघीयता अनपेक्षित सन्तानजस्तो भयो भन्ने अपत्यारिला चर्चा/परिचर्चा हामीहरूले सुन्दै आएका छौँ ।

यस अवधिमा भएका एकात्मक शासनअन्तर्गतका सरकारी संरचनाहरूको पुनर्संरचना र स्थानीय तह, प्रदेश र संघका कार्यक्षेत्र निर्धारणले यस्ता टिप्पणीलाई स्वतः खण्डित गरेको छ । केन्द्रसहित प्रदेश र स्थानीय तहका सरकारहरू 'एक्सन'मा छन् । केन्द्रमा रहेका १ लाख १७ हजार ८ सय ४६ कर्मचारीहरू प्रदेश र स्थानीय तहमा यथोचित विन्यास गरिएका छन् ।

हामी स्पष्ट हुनैपर्छ, संघीय प्रणाली हाम्रो लागि नयाँ प्रयोग हो । व्यवहारको कसीमा घोटिने क्रममा नै यसले पूर्णता पाउँछ । संघीयता ठीक कि बेठीक भन्ने प्रश्न अब हाम्रो सन्दर्भमा सान्दर्भिक रहेन । तर, जब राष्ट्रले निर्णय लिन्छ, नेतृत्वकर्ताले त्यसलाई दृढतापूर्वक लागू गर्छ ।

तीनै तहका सरकारहरू, साझा सूचीसँग सम्बन्धित अधिकारमा रहेको अस्पष्टतामा स्पष्ट हुँदै आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय हुनु भनेको संघीयताको जग बसाल्ने काम हुन् ।

हामी स्पष्ट हुनैपर्छ, संघीय प्रणाली हाम्रो लागि नयाँ प्रयोग हो । व्यवहारको कसीमा घोटिने क्रममा नै यसले पूर्णता पाउँछ । संघीयता ठीक कि बेठीक भन्ने प्रश्न अब हाम्रो सन्दर्भमा सान्दर्भिक रहेन । बहस र तर्क/वितर्क निर्णयमा पुग्नुअघि मात्र स्वाभाविक हुन्छ । तर, जब राष्ट्रले निर्णय लिन्छ, नेतृत्वकर्ताले त्यसलाई दृढतापूर्वक लागू गर्छ । राजकीय मामिलामा प्रतिबद्धता हुन्छ, त्यहाँ 'यसो वा उसो, किन्तु/परन्तु'लाई स्थान हुँदैन ।

संघीयता होस् वा संविधान, कतै छेउकुना नमिलेको भए, कहींकतै राँटो बाँकी रहेको भए समयक्रममा मिल्छ, मिलाइन्छ । व्यवहारको कसीमा अमिल्दा देखिएका विषयहरूको परिमार्जन र संशोधन हुन्छ ।

मैले भन्दै आएको छु - लोकतन्त्रका लागि हुने हाम्रो आन्दोलन सफलतामा टुंगिएको छ । यस्तो आन्दोलन, जसले असान्दर्भिक पक्षलाई फ्याँक्ने र नयाँ 'इनोभेटिभ' पक्ष लागू गर्ने माग गर्छ । त्यहाँ नागरिक अधिकारको पक्ष प्रमुख हुन्छ । तर अब अधिकार प्राप्तिको

शान्तिपूर्ण होस् वा सशस्त्र हिंसात्मक आन्दोलन – संविधान लागू भएसँगै यी विषयहरू 'इतिहास' बन्नुपर्छ । अधिकार प्राप्ति वा राजनीतिक प्रणालीको नाममा अब कुनै पनि प्रकृतिको जवरजस्ती र होहल्ला आवश्यक छैन ।

नाममा मुलुकलाई 'गिनी पिग' बनाउने र अवाञ्छित उद्देश्य बोकेका तत्वहरूको क्रीडास्थल बनाउने कार्य स्वीकार्य हुँदैन ।

अधिकारप्राप्तिको हाम्रो राजनीतिक अभियानमा अब प्रयोगको चरण सकिएको छ । प्रयोग गर्न बाँकी भए 'शीघ्र र तीव्र' विकासको मोडेलको मात्रै छ । बहस र तर्क बाँकी भए अब यसैमा खर्चिनु पर्छ ।

शान्तिपूर्ण होस् वा सशस्त्र हिंसात्मक आन्दोलन - संविधान लागू भएसँगै यी विषयहरू 'इतिहास' बन्नुपर्छ । अधिकार प्राप्ति वा राजनीतिक प्रणालीको नाममा अब कुनै पनि प्रकृतिको जवरजस्ती र होहल्ला आवश्यक छैन ।

तसर्थ, अबको आन्दोलन लोकतन्त्रमा गरिने आन्दोलन हो । विकास र समृद्धिको लागि हुने आन्दोलन हो । यस्तो आन्दोलन, जहाँ असल परम्पराको संरक्षणसँगै, आन्दोलनका उपलब्धिलाई संस्थागत गरिन्छ । यस्तो आन्दोलनमा नागरिकमा दायित्ववोध गराउने काम प्रमुख हुनुपर्छ ।

स्पष्ट हुन आग्रह गर्दछु - हाम्रो संघीय व्यवस्थामा 'केन्द्र-प्रदेश सम्बन्ध' लाई संविधानको अक्षर र भावनाअनुरुप नै व्यवस्थित गरिन्छ । भनिन्छ

स्पष्ट हुन आग्रह गर्दछु – हाम्रो संघीय व्यवस्थामा 'केन्द्र–प्रदेश सम्बन्ध' लाई संविधानको अक्षर र भावनाअनुरुप नै व्यवस्थित गरिन्छ । भनिन्छ नि – 'ढुंगाको भर माटोलाई, माटोको भर ढुंगालाई ।' यही भावनामा क्षमता अभिवृद्धिको लागि लगानी गरिन्छ, प्राकृतिक र वित्तीय श्रोतको न्यायोचित वितरण हुन्छ ।

नि - 'ढुंगाको भर माटोलाई, माटोको भर ढुंगालाई ।' यही भावनामा क्षमता अभिवृद्धिको लागि लगानी गरिन्छ, प्राकृतिक र वित्तीय श्रोतको न्यायोचित वितरण हुन्छ । कार्यान्वयनमा दृढता र व्यवहारमा लचकतासहितको महान 'भिजन' बोकेको नेतृत्वबाटै हाम्रो संघीय लोकतन्त्रले अपेक्षित उपलब्धि हासिल गर्छ ।

हामीले हाम्रो व्यवस्थामा - समन्वय र समग्र नीतिगत नेतृत्व केन्द्रमा, क्षेत्रीय विकासको दायित्व प्रदेशमा र सेवाप्रवाहको दायित्व स्थानीय तहमा राखेका छौँ । दुई दशकको अन्तरालपछि भिन्न भूमिकामा चुनिएको स्थानीय नेतृत्वले समयक्रममा परिपक्वता हासिल गर्ने र जनआकांक्षा अनुरुप सेवा प्रदान गर्ने छ भन्नेमा हामी धैर्यशील हुनैपर्छ ।

जनआकांक्षा आर्थिक वृद्धि, समता र सामाजिक न्यायको त्रिवेणी हो । तसर्थ, हाम्रा आर्थिक नीतिहरूले आर्थिक बृद्धिमात्रै होइन, समता र समाजिक न्यायलाई समेत बल पुऱ्याउनुपर्छ । हामीले आर्थिक वृद्धि र समता, अनि संघीय संरचना र वित्तीय प्रभावकारिताका बीच उचित सन्तुलन कायम गर्नु आवश्यक छ ।

सार्वजनिक, निजी र सहकारी तीनैवटा क्षेत्रलाई विकासका साझेदार बनाउँदै लोककल्याणकारी राज्य, समतामूलक र न्यायपूर्ण समाज तथा हरेक नागरिक सम्पन्न, सुरक्षित र सम्मानित जीवनमा रहने वास्तविक लोकतन्त्र स्थापनालाई अभियानको रूपमा अघि बढाइनेछ ।

हाम्रा सम्पूर्ण प्रयास सुशासन र आर्थिक विकासमा केन्द्रित हुनेछन् । त्यसका निम्ति शान्ति सुव्यवस्था कायम गर्ने, भ्रष्टाचार नियन्त्रण र निर्मूल गर्ने, उत्तरदायी र परिणाममुखी तरिकाले अघि बढ्दै देशलाई उन्नतिको बाटोमा अघि बढाउन हाम्रा श्रोत, साधन र सामर्थ्य केन्द्रित गर्छौं । तर, त्यतिले मात्र पर्याप्त नहुनसक्छ । त्यसैले हाम्रो तीव्र विकासको आकांक्षालाई साकार पार्न हाम्रा छिमेकी मित्र राष्ट्र र अन्य मित्रराष्ट्रहरू, सहयोगी र सहृदयी संस्थाहरू र बाह्य लगानीलाई पनि स्वागत गर्ने नीति हामीले लिएका छौं । यसो गरिरहँदा सार्वजनिक, निजी र सहकारी तीनैवटा क्षेत्रलाई विकासका साझेदार बनाउँदै लोककल्याणकारी राज्य, समतामूलक र न्यायपूर्ण समाज तथा हरेक नागरिक सम्पन्न, सुरक्षित र सम्मानित जीवनमा रहने वास्तविक लोकतन्त्र स्थापनालाई अभियानको रूपमा अघि बढाइनेछ ।

राज्य विवेकहीन हुन्न, राज्यले विधि मिच्न मिल्दैन भन्नेमा यो सरकार स्पष्ट छ । तर हामी स्पष्ट हुनु पर्छ - राष्ट्रले देखेको सपनालाई राज्यका सबै निकायहरूले एउटै लयमा समाउनु पर्छ । सरकार, संसद या न्यायालय - हाम्रो लोकतन्त्रका यी तीनै निकायहरूले नागरिकको सन्दर्भमा निर्णय लिँदा सन्तुलित र विवेकी हुनुपर्छ ।

हामी स्पष्ट हुनु पर्छ – राष्ट्रले देखेको सपनालाई राज्यका सबै निकायहरूले एउटै लयमा समाउनु पर्छ । सरकार, संसद या न्यायालय – हाम्रो लोकतन्त्रका यी तीनै निकायहरूले नागरिकको सन्दर्भमा निर्णय लिँदा सन्तुलित र विवेकी हुनुपर्छ ।

मलाई विश्वास छ - हाम्रो संविधानले नेपाललाई बलियो, समृद्ध र मर्यादित राष्ट्रमा रूपान्तरित गर्नेछ । राष्ट्रियताको रक्षा र छिमेकीसँगको सम्बन्धलाई सुमधुर बनाउनेछ । विश्वका सबै मुलुकसँग हार्दिक सम्बन्ध विस्तार गर्नेछ । नेपालले सबै मुलुकसँग विकासमा साझेदारी र अन्तर्राष्ट्रिय मामिलामा सकारात्मक तथा सिर्जनात्मक भूमिका खेल्नेछ ।

●

Civic Reception
in honour of
Minister of Nepal
Civic Reception
in honour of

2018 Nepal-China Business Foru
Hosts: China Council for the Promotion of
Embassy of Nepal, Beijing
Organizer: China Chamber of

भाग–४

परराष्ट्र सम्बन्ध



असल छिमेकीपनका लागि सामञ्जस्यपूर्ण सहअस्तित्व

छिमेकीहरूबीचको सम्बन्ध अरूसँगको भन्दा भिन्न हुन्छ । छिमेकका वास्तविकता धेरै सन्दर्भमा छुट्टै हुन्छन् र सोही अनुरूप समग्र साझेदारीका आधारहरू निर्धारण हुन्छन् । असल छिमेकीपनले सदाका लागि सामञ्जस्यपूर्ण सहअस्तित्वको माग गर्दछ । यसलाई जोड्ने प्रमुख कडी विश्वास हो । समानता, न्याय, पारस्परिक सम्मान तथा लाभका साथै अहस्तक्षेपजस्ता मूलभूत सिद्धान्तहरूको पालनाबाट नै यसले शक्ति प्राप्त गर्दछ ।

नेपालको प्रधानमन्त्रीका रूपमा दुई वर्षअघि भारतको पहिलो राजकीय भ्रमणका क्रममा म यस शहरमा आएको थिएँ । मेरो देशले त्यसबेला जननिर्वाचित संविधानसभाको लोकतान्त्रिक प्रक्रियामार्फत संविधान जारी गर्ने ऐतिहासिक कार्य भर्खरै सम्पन्न गरेको थियो ।

सन्दर्भ : इण्डिया फाउण्डेशन, नयाँ दिल्लीमा सम्बोधन (चैत २४, २०७५)

INDIA FOUNDATION
Analysis • Advocacy • Awareness

२०७४ मा सम्पन्न स्थानीय, प्रादेशिक र संघीय निर्वाचन धेरै हिसाबले ऐतिहासिक थिए । यी निर्वाचनपश्चात् करिब दुई दशकको अन्तरालपछि हामीले ७ सय ५३ वटै स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि पाएका छौँ । बिलकुलै नयाँ प्रादेशिक निर्वाचनको अनुभव गरेका छौं ।

त्यो महत्वपूर्ण क्षण थियो । हामी लामो र महँगो राजनीतिक सङ्क्रमण र अनिश्चितताको अवस्था पार गरेर स्थिर राजनीतिक पथको अपेक्षा गरिरहेका थियौँ । देशको प्रधानमन्त्रीको हैसियतले भर्खरै जारी भएको संविधान कार्यान्वयनको विशाल जिम्मेवारी मेरो काँधमा थियो । परि स्थिति कठिन थियो र चुनौती ठूलो थियो ।

नेपाली राजनीतिक नेतृत्वको बुद्धिमता, दृढता तथा छिमेकलगायत संसारभरिका मित्रहरूको समर्थन र सद्भावले गर्दा हामीले संविधान कार्यान्वयनका सबै कोसेढुंगा पार गरेका छौँ । यतिबेला संविधानअन्तर्गत सम्पन्न निर्वाचनद्वारा पहिलो निर्वाचित प्रधानमन्त्रीका रूपमा म भारत भ्रमणमा छु, देशको त्यस्तो नेताको रूपमा जसले भविष्यप्रति ठूलो आशा र प्रचुर स्वप्न साँचेको छ ।

२०७४ मा सम्पन्न स्थानीय, प्रादेशिक र संघीय निर्वाचन धेरै हिसाबले ऐतिहासिक थिए । यी निर्वाचनपश्चात् करिब दुई दशकको अन्तरालपछि हामीले ७ सय ५३ वटै स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि पाएका छौँ । बिलकुलै नयाँ प्रादेशिक निर्वाचनको अनुभव गरेका छौं ।

संविधानमा परिकल्पना गरिएको प्रमुख राजनीतिक रूपान्तरणको विषय, राज्यलाई संघीय प्रणालीमा पुनर्संरचना गर्नुथियो । हाम्रो इतिहासमै

यस राजनीतिक प्रक्रियाको समाप्तिसँगै अहिले हामी राजनीतिक स्थिरताको मार्गमा अघि बढेका छौँ । सबै प्रादेशिक सरकारसँग सम्बन्धित सभामा दुई तिहाइ बहुमत रहेको छ र केन्द्रमा रहेको सरकारलाई बलियो जनमत र भारी समर्थन प्राप्त छ ।

पहिलो पटक, अहिले हामीसँग सात प्रदेशसभा र प्रदेश सरकार छन् । हाम्रो संविधानको मर्म हो - आफ्नै 'घरदैलोमा सरकार', जुन संरचनागत रूपमै अहिले प्रत्याभूत भएको छ ।

हाम्रो निर्वाचन अत्यन्त सहभागितामूलक थियो र परिणाम समावेशी । सरदरमा ७० प्रतिशत जनता मतदानमा सहभागी भएका थिए । निर्वाचनका माध्यमबाट हामीले निर्वाचित निकायमा ४१ प्रतिशतभन्दा बढी महिला सहभागिता सुनिश्चित गर्न सकेका छौँ । कुनै हिसाबले पनि यो सानो उपलब्धि होइन । हाम्रो आकांक्षा बाँकी ९ प्रतिशतको अन्तरलाई पनि मेटाउने रहेको छ ।

यस राजनीतिक प्रक्रियाको समाप्तिसँगै अहिले हामी राजनीतिक स्थिरताको मार्गमा अघि बढेका छौँ । सबै प्रादेशिक सरकारसँग सम्बन्धित सभामा दुई तिहाइ बहुमत रहेको छ र केन्द्रमा रहेको सरकारलाई बलियो जनमत र भारी समर्थन प्राप्त छ ।

मैले यसलाई हाम्रो राष्ट्रले लामो समयदेखि प्रतीक्षा गरिरहेको सामाजिक-आर्थिक रूपान्तरणको लागि काम गर्ने जनादेशको रूपमा लिएको छु । हाम्रो सपना एउटा समृद्ध नेपालको हो, जहाँ मानिसहरूको जीवन सम्मानित हुनेछ र युवाहरूले मर्यादित काम पाउने छन्, जहाँ हाम्रा

समृद्धिको यो यात्रा हामी एक्लैले तय गर्न सक्दैनौँ भन्ने कुरामा हामी सचेत छौँ । हामी विश्वभरका मित्रहरू, खासगरी हाम्रा छिमेकीहरूको समर्थन, ऐक्यबद्धता र सद्भावको निरन्तर अपेक्षा गर्नेछौँ ।

आधारभूत संरचनाहरू झन मजबुत हुनेछन् र प्रचुरमात्रामा रहेका तर उपयोग नभएका हाम्रा श्रोतहरू आर्थिक लाभ र धनका रूपमा रूपान्तरण गरिनेछन् । यो सपना गरीबी, अल्पविकास र सामाजिक पछौटेपनको दुष्चक्रमाथि विजय प्राप्त गर्ने सपना हो ।

तथापि, समृद्धिको यो यात्रा हामी एक्लैले तय गर्न सक्दैनौँ भन्ने कुरामा हामी सचेत छौँ । हामी विश्वभरका मित्रहरू, खासगरी हाम्रा छिमेकीहरूको समर्थन, ऐक्यबद्धता र सद्भावको निरन्तर अपेक्षा गर्नेछौँ ।

म यहाँ छिमेकीहरू भन्छु किनकि उनीहरू नै भौगोलिक निकटता तथा लामो ऐतिहासिक सम्पर्कको आधारमा हामीलाई राम्ररी बुझ्दछन् र हाम्रा विकासका आवश्यकताहरूबारे जानकारी राख्छन् । उनीहरू विकासका चमत्कारिक उपलब्धिहरू हासिल गरिरहेका छन् । त्यसैले उनीहरू, हाम्रो प्रेरणा, सिकाइ र सहयोगका प्रमुख श्रोत हुन् ।

नेपाल र भारत निकट छिमेकी हुन् । हामी भूगोलका साथसाथै इतिहास, धर्म र संस्कृतिको हिसाबले समेत जोडिएका छौँ ।

हाम्रा सम्बन्धहरूले साधु-सन्तका विद्वताको आशीर्वाद पाएका छन् । भौगोलिक सम्पर्क तथा सबैजसो क्षेत्रमा हुने जनस्तरको अन्तर्क्रिया दुवैले हाम्रो मित्रतालाई अझ मजबुत तुल्याएका छन् ।

छिमेकी भएकै कारण कहिलेकाहीँ हामीले, हाम्रा सम्बन्धमा छिटपुट असहजता महसूस गरेका छौं । यो पनि वास्तविकता हो, हामीले हाम्रा सम्बन्धमा अप्ठ्यारा अवस्था समेत भोगेका छौँ । हामीले हाम्रा सम्बन्धका उतारचढाव तथा तलमाथिका चक्रहरू पार गरेका छौँ ।

हाम्रा सम्बन्धहरू इतिहास लेखिनुअघि नै शुरु भएका थिए, विश्वको यो हिस्सामा मानव सभ्यता शुरु हुँदादेखि नै शुरु भएका थिए ।आज एक्काइसौँ शताब्दीमा हाम्रा युगौँ पुराना सम्बन्धहरू अझ व्यापक तथा बहुआयामिक सम्बन्धका रूपमा विस्तारित भएका छन् ।

छिमेकी भएकै कारण कहिलेकाहीँ हामीले, हाम्रा सम्बन्धमा छिटपुट असहजता महसूस गरेका छौं । यो पनि वास्तविकता हो, हामीले हाम्रा सम्बन्धमा अप्ठ्यारा अवस्था समेत भोगेका छौँ । हामीले हाम्रा सम्बन्धका उतारचढाव तथा तलमाथिका चक्रहरू पार गरेका छौँ । म यो कुरा स्पष्ट रूपमा भनिरहेको छु किनकि खुला छलफलले आपसी विश्वास र सम्बन्धलाई सुदृढ गर्न मद्दत गर्छ, सम्बन्धको मार्ग सुधार्न मद्दत गर्दछ ।

हामी दुवैतिरका नेताहरू कुरा कहाँनिर बिग्रियो र भविष्यमा हामी कसरी थप राम्रो गर्नसक्छौँ भनी समीक्षा र आत्मविश्लेषण गर्न सक्षम छौँ । इतिहासले हामीलाई, हाम्रा सम्बन्धलाई नयाँ आकार दिन तथा आपसी हितको नयाँ उचाइमा पुऱ्याउन अवसर दिएको छ । यस अभियानमा, एउटा ठूलो छिमेकी र धेरै तवरले विश्व परिवेशमा उदीयमान राष्ट्रको हैसियत भएको भारतसँग हाम्रा निश्चित अपेक्षा रहनु स्वाभाविक हो ।

नेपालले आफ्नो भूभाग भारतको सार्वभौम हितका विरुद्ध प्रयोग हुन दिएको छैन । हामी यसलाई कायम राख्ने आफ्नो संकल्पमा दृढ छौँ । स्वाभाविक रुपमा भारतबाट पनि हामी यस्तै सुनिश्चितताको अपेक्षा राख्छौँ ।

छिमेकीहरूबीचको सम्बन्ध अरूसँगको भन्दा भिन्न हुन्छ । छिमेकका वास्तविकता धेरै सन्दर्भमा छुट्टै हुन्छन् र सोही अनुरूप समग्र साझेदारीका आधारहरू निर्धारण हुन्छन् । असल छिमेकीपनले सदाका लागि सामञ्जस्यपूर्ण सहअस्तित्वको माग गर्दछ । यसलाई जोड्ने प्रमुख कडी विश्वास हो । समानता, न्याय, पारस्परिक सम्मान तथा लाभका साथै अहस्तक्षेपजस्ता मूलभूत सिद्धान्तहरूको पालनाबाट नै यसले शक्ति प्राप्त गर्दछ ।

मित्रवत् छिमेकीका रूपमा हाम्रा दुई देशले एकअर्काका चासो तथा संवेदनशीलताप्रति सजग हुनु र सम्मान गर्नु आवश्यक छ । नेपालले आफ्नो भूभाग भारतको सार्वभौम हितका विरुद्ध प्रयोग हुन दिएको छैन । हामी यसलाई कायम राख्ने आफ्नो संकल्पमा दृढ छौँ । स्वाभाविक रुपमा भारतबाट पनि हामी यस्तै सुनिश्चितताको अपेक्षा राख्छौँ ।

मुलुकभित्र र बाहिर दुवै ठाउँमा हामी परिवर्तित सन्दर्भमा छौँ । हाम्रा घरेलु राजनीतिक यथार्थले आन्तरिक र बाह्य रूपमा हाम्रो मूल्य तथा क्रियाकलापलाई निर्देशित गर्दछन् । हामीले राष्ट्रनिर्माणका हाम्रा लक्ष्य, प्राथमिकता, रणनीति र कार्यहरू परिभाषित गरेका छौँ । त्यसैगरी, हामी बाह्य संसारसँगको हाम्रो सम्बन्धमा ताजा दृष्टिकोण लागू गर्न चाहन्छौँ ।

हाम्रा सम्बन्धलाई आपसी सन्तुष्टिको नयाँ उचाइमा पुर्‍याउनका लागि हामी भारत सरकारसँग निकट रहेर काम गर्नेछौँ, ताकि दुई देशका जनताले हाम्रो सम्बन्धको फल प्राप्त गर्न सकून् । हाम्रो सम्बन्धले हाम्रा जनताको साझा समृद्धिमा योगदान गर्न सक्ने हुनुपर्दछ ।

नेपालको परराष्ट्र नीतिको प्राथमिकता हाम्रो सिमानामा शुरु हुन्छ । एकदमै स्पष्ट छ, हामी छिमेकीहरूसँगको सम्बन्धलाई निकै महत्व दिन्छौँ । भारतको सन्दर्भमा, हाम्रो परराष्ट्र नीतिको उद्देश्य हाम्रा सम्बन्धको जगलाई मजबुत तुल्याउनु हो, कमजोर बनाउनु हैन । यसको उद्देश्य सम्बन्धको दायरा विस्तार र सुदृढीकरण गर्नु हो, सीमित गर्नु या उधार्नु हैन, र यसको उद्देश्य हाम्रा सम्बन्धलाई माथिल्लो तहमा उकाल्नु हो, पछिल्तिर धकेल्नु हैन । हाम्रो उद्देश्य स्पष्ट छ । हाम्रो मनसाय स्वच्छ छ । हाम्रो संकल्प दृढ छ । र, हाम्रा प्रयासहरू बलिया रहनेछन् ।

हाम्रा सम्बन्धलाई आपसी सन्तुष्टिको नयाँ उचाइमा पुर्‍याउनका लागि हामी भारत सरकारसँग निकट रहेर काम गर्नेछौँ, ताकि दुई देशका जनताले हाम्रो सम्बन्धको फल प्राप्त गर्न सकून् । हाम्रो सम्बन्धले हाम्रा जनताको साझा समृद्धिमा योगदान गर्न सक्ने हुनुपर्दछ । यसले विश्वास र समझदारीलाई मजबुत तुल्याउन योगदान गर्नुपर्दछ । यसले हाम्रा जनतामा विश्वास जगाई उनीहरूलाई सदैव नजिक ल्याउन योगदान गर्नुपर्दछ । मैले बिल्कुलै फरक तर पारस्पारिक लाभदायी नेपाल-भारत सम्बन्धको परिकल्पना गरेको छु, जसले कुनै पनि अन्य सार्वभौम राष्ट्रहरूबीच रहेको सम्बन्धलाई उछिन्न सकोस् ।

सूचनाप्रविधि तथा डिजिटल अर्थतन्त्रको केन्द्रका रूपमा भारतको प्रभावशाली प्रगति हाम्रा देशका युवापुस्ताका लागि पनि उत्प्रेरणा हो । हामीले भारतको अत्यधिक सकारात्मक विकास गति देखेका छौँ जुन अझै सफल हुने मलाई विश्वास छ ।

हामी भारतको प्रगति र समृद्धिको प्रशंसा गर्दछौँ । धेरै क्षेत्रहरूमा उसको उपलब्धि उल्लेखनीय छ । एक प्रमुख आर्थिक शक्तिका रूपमा भारतको उदाहरणीय यात्रा संसारभरका धेरै मानिसको लागि प्रेरणाका रूपमा रहेको छ र हाम्रो छिमेकमा त यो अझ बढी छ । सूचनाप्रविधि तथा डिजिटल अर्थतन्त्रको केन्द्रका रूपमा भारतको प्रभावशाली प्रगति हाम्रा देशका युवापुस्ताका लागि पनि उत्प्रेरणा हो । हामीले भारतको अत्यधिक सकारात्मक विकास गति देखेका छौँ जुन अझै सफल हुने मलाई विश्वास छ ।

नेपालका लागि भारत सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । तथापि, द्विपक्षीय व्यापार घाटाको समस्या बढ्दो छ । हाम्रो अर्थव्यवस्थाले भार तसँगको डरलाग्दो उच्च व्यापार असन्तुलनलाई थेग्न सक्दैन । यसको निरन्तरताले हाम्रो अर्थव्यवस्थामा गम्भीर खतरा पैदा गर्नेछ । हामीलाई पनि खुट्टा टेक्ने ठाउँ चाहिन्छ । म ढुक्कैसँग भन्न सक्छु - यदि मैले-नेपाललाई आर्थिक रूपमा बलियो बनाउँदा भारतको हितमा नै सहयोग पुग्दछ भने तपाईँहरूमध्ये धेरै मसँग सहमत हुनुहुनेछ ।

हाम्रो व्यापारको विविधीकरण गर्न र नेपालबाट भारतमा हुने निर्यातको मात्रा बढाउनमा हाम्रो ध्यान केन्द्रित हुनु आवश्यक छ । सन् १९९६ को वाणिज्य सन्धिका प्रावधानहरू नेपालको व्यापारका लागि निकै सहयोगी

नेपालका लागि भारत सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । तथापि, द्विपक्षीय व्यापार घाटाको समस्या बढ्दो छ । हाम्रो अर्थव्यवस्थाले भारतसँगको डरलाग्दो उच्च व्यापार असन्तुलनलाई थेग्न सक्दैन । यसको निरन्तरताले हाम्रो अर्थव्यवस्थामा गम्भीर खतरा पैदा गर्नेछ ।

थिए । सन्धिको प्रारम्भिक अवधि हाम्रो व्यापार सम्बन्धको स्वर्णकाल नै थियो । परिमाणात्मक बन्देज हटाउने, भन्सार कम गर्ने र मूल्य अभिवृद्धि मापदण्ड घटाउने गरी सुधार गर्ने, प्रक्रियाहरूको सरलीकरण र क्वारेन्टाइन तथा परीक्षण सुविधामा सरल पहुँच पुग्नेजस्ता उपायहरूले अहिलेको अप्ठ्यारो अवस्थालाई सहज तुल्याउन सक्दछ । सामानको प्रवाह बढाउन र व्यापार अभिवृद्धि गर्न हामीले पूर्वाधारहरूमा लगानी गर्नुका साथै प्रक्रियामा समेत सरलता ल्याउन आवश्यक छ ।

नेपालको विकास प्रयासमा लगानी गर्न भारतले उदारतापूर्वक सहयोग गरेको छ । उसले हाम्रो अर्थतन्त्रलाई विविधीकरण गर्न, पूर्वाधार निर्माण गर्न र हाम्रो औद्योगिक आधार बढाउनमा मद्दत पुऱ्याएको छ । तथापि, हाम्रो आर्थिक सहयोग बढाउन र विगतमा सहमत भएका परियोजनाहरू समयमै पूरा गर्न धेरै कार्य गर्नुपर्ने छ । आर्थिक सहयोगलाई थप घनीभूत बनाउन हामीले सफलताका कथाहरू सिर्जना गर्नैपर्छ, हाम्रा वाचाहरूलाई व्यवहारमा उतार्नै पर्छ ।

नेपाल र भारत प्राकृतिक तथा मानवीय दुवै श्रोतले सम्पन्न छन् । २१ औँ शताब्दी उपयोग नगरिएका र बेवास्ता गरिएका अन्तरनिहित क्षमता तथा श्रोतहरूको मात्र शताब्दी हुनुहुँदैन ।

नेपालको जलविद्युतको विकास द्विपक्षीय साझेदारीको लागि महत्वपूर्ण विषय हो । यसले हाम्रा दुवै देशका जनता र उद्योगधन्दालाई लाभ पुर्‍याउँदछ । हामीले पञ्चेश्वरजस्ता विगतमा सहमति गरिएका परियोजनाहरूको मर्मअनुसार इमानदारीका साथ कार्यान्वयन गरी सफलताको कथा सिर्जना गर्न आवश्यक छ ।

समृद्धिका निमित्त अन्तरनिहित क्षमताहरूको प्रस्फुटन हुनु आवश्यक छ । त्यस्ता क्षमताको प्रस्फुटनले समृद्धिलाई अघि बढाउने छ । त्यस्ता क्षमताहरूको रूपान्तरण केवल निकट साझेदारी र बलियो प्रतिबद्धताको आधारमा अगाडि बढ्न सक्छ, सँगैसँगै समृद्धि हासिल गर्ने एउटा प्रतिबद्धता ।

नेपालको जलविद्युतको विकास द्विपक्षीय साझेदारीको लागि महत्वपूर्ण विषय हो । यसले हाम्रा दुवै देशका जनता र उद्योगधन्दालाई लाभ पुर्‍याउँदछ । हामीले पञ्चेश्वरजस्ता विगतमा सहमति गरिएका परियोजनाहरूको मर्मअनुसार इमानदारीका साथ कार्यान्वयन गरी सफलताको कथा सिर्जना गर्न आवश्यक छ ।

नेपाल भारतीय पर्यटकहरूको लागि आकर्षक गन्तव्य हो । प्राकृतिक सम्पदाका साथै धार्मिक स्थलहरूद्वारा आकर्षित भई भारतीय पर्यटकहरूले नेपालको अर्थतन्त्रमा थप योगदान पुर्‍याउन सक्दछन् ।

मानिसहरूको आवत/जावत बढाउन र उद्यम तथा पर्यटनको लागि समेत हामीले हवाई सम्पर्क-सञ्जाल तथा सडक र रेल सम्पर्क थप विस्तार गर्न आवश्यक छ । विकासका सम्भावनाहरूलाई उजागर गर्न तथा वृद्धिलाई अघि बढाउन सीमापार सम्पर्क-सञ्जालको महत्व निकै छ ।

सम्पर्क–सञ्जाल हामी सबैका लागि महत्वपूर्ण भएकोले हामी क्षेत्रीय तथा उपक्षेत्रीय सम्पर्क–सञ्जाल व्यवस्थाको विकासको आवश्यकतामा जोड दिन्छौँ । हामीले द्विपक्षीय तथा क्षेत्रीय सम्पर्क–सञ्जाल एवं पारवहन व्यवस्थाविना कुनै अवरोध सदैव सञ्चालनको सुनिश्चितता गर्नुपर्दछ ।

हाम्रोजस्तो भूपरिवेष्ठित मुलुकका लागि सम्पर्क-सञ्जालको महत्व बढाइचढाइ गरिएको विषय हुँदै होइन । नेपालको अन्तर्राष्ट्रिय व्यापारका लागि भारतले सडकमार्गबाट पारवाहन सुविधा उपलब्ध गराउँदै आएको छ । जतिखेर म सम्पर्क-सञ्जालको बारेमा कुरा गर्दछु, प्रधानमन्त्री मोदीजीले अगस्त २०१४ मा आफ्नो पहिलो नेपाल भ्रमणका बखत हाम्रो व्यवस्थापिका-संसदलाई सम्बोधन गर्दा अर्थपूर्ण रूपमा व्यक्त गर्नुभएको विचार- हिट (हाइवेज, इन्फरमेशनवेज, ट्रान्समिशनवेज) लाई सम्झन पुग्छु । हामीले यस 'भिजन' लाई साकार तुल्याउनु आवश्यक छ ।

सम्पर्क-सञ्जाल हामी सबैका लागि महत्वपूर्ण भएकोले हामी क्षेत्रीय तथा उपक्षेत्रीय सम्पर्क-सञ्जाल व्यवस्थाको विकासको आवश्यकतामा जोड दिन्छौँ । हामीले द्विपक्षीय तथा क्षेत्रीय सम्पर्क-सञ्जाल एवं पारवहन व्यवस्थाविना कुनै अवरोध सदैव सञ्चालनको सुनिश्चितता गर्नुपर्दछ । आजको अन्तरसम्बन्धित विश्व तथा अन्तरसम्बन्धित छिमेकमा वस्तु, सेवा तथा मानिसहरूको आवतजावतमा अवरोधलाई कुनै स्थान दिइनुहुन्न ।

अहिले हामी विश्वमा बदलिँदो शक्तिसन्तुलन र परिवर्तित भू-राजनीतिक प्रवृत्तिको चाखलाग्दो समयमा छौँ । आजको विश्वमञ्चमा एसियाको केन्द्रीय भूमिकालाई यसको अर्थतन्त्र, जनसंख्या तथा मूल्यमान्यताको आकर्षक संयोजनले पुष्टि गरेको छ । पृथ्वीको एक तिहाइ जमीन

शताब्दियौँपूर्व जब विश्वको धेरैजसो भाग अन्धविश्वासको अँध्यारोमा रुमल्लिरहेको थियो, यस क्षेत्रले विश्वको सबैभन्दा विस्तारित ज्ञान तथा विवेकको भण्डार एवं सबैभन्दा समुन्नत दर्शनशास्त्रीय पद्धतिका रूपमा रहेको वेदान्त र शान्ति तथा अहिंसाको सबैभन्दा पवित्र मार्गदर्शक सिद्धान्तका रूपमा रहेको बौद्धदर्शनको सिर्जना गर्‌यो ।

ओगट्नुका साथै अधिकांश युवा एवं ऊर्जाशील, विश्वकै दुई तिहाइ जनसंख्या रहेको एसियाको पुनर्जागरण रोक्नै नसकिने र पछाडि मोड्नै नसकिने हुन पुगेको छ । म यसलाई पुनर्जागरण भन्दछु किनकि एसियाले सर्वोच्चता हासिल गरेको यो पहिलो घटना होइन । हामीले आज जे देखेका छौँ त्यो विश्वमञ्चमा एसियाको २ सय वर्षअघिको गौरवमय पुनरागमनमात्र हो । यो पुनरागमन त्यस समयको पुनरागमन हो, जुन बेला एसियामा विश्वको सबैभन्दा पुरानो र अत्यन्तै समृद्ध सभ्यताको केन्द्र थियो । यो पुनरागमन त्यस समयको पुनरागमन हो, जुन बेला एसियाले विश्वका सबैभन्दा राम्रा कलाकार र वास्तुविद्, सर्वोत्तम भौतिक विज्ञान र तत्वविज्ञान, अत्याधुनिक शिक्षा प्रणाली र शासन तथा शासनकलासम्बन्धी ज्ञानबर्द्धक ग्रन्थ उत्पादन गरेको थियो ।

शताब्दियौँपूर्व जब विश्वको धेरैजसो भाग अन्धविश्वासको अँध्यारोमा रुमल्लिरहेको थियो, यस क्षेत्रले विश्वको सबैभन्दा विस्तारित ज्ञान तथा विवेकको भण्डार एवं सबैभन्दा समुन्नत दर्शनशास्त्रीय पद्धतिका रूपमा रहेको वेदान्त र शान्ति तथा अहिंसाको सबैभन्दा पवित्र मार्गदर्शक सिद्धान्तका रूपमा रहेको बौद्धदर्शनको सिर्जना गऱ्यो । प्राचीनकालीन एसियाले विश्वलाई शहरी योजना तथा उच्चश्रेणीको वास्तुविद्याको परिष्कृत ज्ञान प्रदान गऱ्यो । यसले उद्योगका सिद्धान्त र व्यापारका विधिहरूसमेत प्रस्तुत गऱ्यो ।

स्वाभाविक रूपमा एसिया आफ्नो आकारअनुसार संसारकै सर्वाधिक विविधता भएको क्षेत्र हो । यहाँ मानिसहरूमा विविधता छ, र त्यसैगरी संस्कृतिमा पनि । यहाँ भूगोलमा विविधता छ, त्यस्तै विकासको स्तरमा पनि ।

विगत २ सय वर्ष एसियाको प्रभुत्वको अधोगतिका रूपमा रह्यो । कारणहरू अनेक हुन सक्दछन् तर वास्तविकता के हो भने विगत २ सय वर्षमा गरीबी र पछ्यौटेपन प्रायजसो एसियाको पहिचान भयो । आज एसिया सफलता र समृद्धिको लामो यात्रामा हिँडिसकेको छ । यो यात्रा सहज तथा अवरोधविहीन नहुनसक्छ, तर यो जारी छ ।

स्वाभाविक रूपमा एसिया आफ्नो आकारअनुसार संसारकै सर्वाधिक विविधता भएको क्षेत्र हो । यहाँ मानिसहरूमा विविधता छ, र त्यसैगरी संस्कृतिमा पनि । यहाँ भूगोलमा विविधता छ, त्यस्तै विकासको स्तरमा पनि । यस अवस्थामा एसिया क्रमिकरूपले सन्निकट, आबद्ध र थप एकीकृत समाजका रूपमा विकास हुन्छ भनेर हामी कसरी सुनिश्चित गर्दछौँ ? विकासमा पछि परेकाहरूलाई आवश्यक गतिमा अगाडि बढ्नका लागि पर्याप्त सहयोग एवं समान अवसर उपलब्ध हुने कुराको हामी कसरी सुनिश्चितता गर्दछौँ ? हामी सबै एसियाली राष्ट्रहरू, ठूला वा साना, एकसाथ सँगै अघि बढ्ने कुरालाई हामी कसरी सुनिश्चित गर्छौं ? हाम्रा असहमतिहरूलाई सुल्झाउने कुराको वा कम्तीमा त्यस्ता असहमतिहरूका कारण, हामीले अवलम्बन गर्नुपर्ने बृहत्तर हितलाई कमजोर हुन नदिने कुरालाई हामी कसरी सुनिश्चित गर्छौं ? एसियाली शताब्दीको परिकल्पना साकार पार्न हामीले शुरु गरेको महान् यात्राका सन्दर्भमा यी प्रश्नहरू महत्वपूर्ण छन् ।

एसियाली मूल्यले विकासको मूलभूत पूर्वशर्तको रूपमा सुदृढ तथा प्रभावकारी राज्य संयन्त्रमा जोड दिएको छ । आधुनिक शासन व्यवस्थामा अन्य 'कर्ता'हरू पनि महत्वपूर्ण अंगका रूपमा रहने हुँदा राज्य संयन्त्रले यथोचित सम्मान हासिल गर्नुपर्दछ र त्यसलाई अवमूल्यन गर्ने कुनै पनि दुष्प्रयासलाई निरुत्साहित गर्नैपर्दछ ।

अनुभूत गर्न सकिने विकासका सूचकहरू महत्वपूर्ण भएझैं विश्वव्यापी भ्रातृत्व, शान्तिपूर्ण सहअस्तित्व र समानताजस्ता मूलभूत एसियाली मूल्यले हामीलाई दिशानिर्देश गर्नेछन् भन्ने कुरा हामीले सुनिश्चित गर्नु आवश्यक छ, किनभने यी मूल्य विश्वशान्ति र सुरक्षा तथा यसको विकासको दिगोपना सुनिश्चित गर्ने किल्लाका रूपमा उभिएका छन् ।

एसियाली मूल्यमा, हामी एसियालीहरूलाई निकट ल्याउने मात्र होइन, विश्वकै उज्वल भविष्यका लागि समेत योगदान पुऱ्याउन सक्ने अन्तरनिहित क्षमता रहेको छ । यी मूल्य, स-साना व्यक्तिगत आत्मकेन्द्रित स्वार्थबाट माथि उठी सद्भाव, अनुशासन तथा बृहत्तर जनहितलाई प्राथमिकता दिने हाम्रो सामूहिक, सभ्यतागत मान्यताबाट उब्जिएका हुन् । एसियाली मूल्यले निजी स्वार्थको दौडमा हैन, साझेदारी, रेखदेख एवं सहअस्तित्वमा जोड दिएको छ । सामूहिक चिन्तन नै एसियाली शैली हो ।

एसियाली मूल्यले विकासको मूलभूत पूर्वशर्तको रूपमा सुदृढ तथा प्रभावकारी राज्य संयन्त्रमा जोड दिएको छ । आधुनिक शासन व्यवस्थामा अन्य 'कर्ता'हरू पनि महत्वपूर्ण अंगका रूपमा रहने हुँदा राज्य संयन्त्रले यथोचित सम्मान हासिल गर्नुपर्दछ र त्यसलाई अवमूल्यन गर्ने कुनै पनि दुष्प्रयासलाई निरुत्साहित गर्नैपर्दछ ।

आफ्नो इतिहासमा सँधै स्वतन्त्र रहेका संसारका थोरै देशहरूमध्ये नेपाल पर्दछ । इतिहासको यसै तथ्यमा आजका दुई करोड साठी लाख नेपालीको राष्ट्रिय गौरवको प्रचुर अनुभूति जरा गाडेर बसेको छ । तसर्थ, सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्त हाम्रा लागि सबैभन्दा प्रिय छन् ।

एसियाली मूल्यको यथोचित प्रवर्द्धन र संस्थागत गर्ने कार्यबाट मात्र एसियाली शताब्दीलाई साकार रूप दिनेतर्फको हाम्रो सामूहिक यात्रा सम्भव हुन सक्दछ ।

एसियाले आविष्कार गरेको पञ्चशील संयुक्त राष्ट्रसंघीय वडापत्रको मूलभूत सिद्धान्तमात्र होइन, यसले विश्वका सबै राष्ट्रहरूलाई असहमतिका बाबजुद शान्तिपूर्ण रूपमा रहने र आपसी हितका लागि सहकार्य गर्ने जीवनपद्धति प्रदान गरेको छ । पञ्चशीलको पालनामा नेपाल दृढसंकल्पित छ ।

संविधानमा उल्लेख भएबमोजिम पञ्चशील, असंलग्नता, संयुक्त राष्ट्रसंघको वडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा नेपालको बाँकी विश्वसँगको सम्बन्ध निर्धारण हुँदैआएको छ ।

आफ्नो इतिहासमा सँधै स्वतन्त्र रहेका संसारका थोरै देशहरूमध्ये नेपाल पर्दछ । इतिहासको यसै तथ्यमा आजका दुई करोड साठी लाख नेपालीको राष्ट्रिय गौरवको प्रचुर अनुभूति जरा गाडेर बसेको छ । तसर्थ, सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्त हाम्रा लागि सबैभन्दा प्रिय छन् ।

सबैसँग मित्रता कायम गर्ने र कसैसँग पनि शत्रुवत् व्यवहार नगर्ने हाम्रो परराष्ट्र नीतिको आदर्श रहिआएको छ । हामी छिमेकीहरू तथा विश्वभरिका सबै मित्रराष्ट्रहरूसँग न्याय, सार्वभौम समानता, आपसी सम्मान र हितका आधारमा सम्बन्ध विस्तार गर्न चाहन्छौँ ।

हामी स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दछौँ र हाम्रो बाह्य सम्बन्ध सन्तुलित दृष्टिकोणमा आधारित छ । राष्ट्रियतामा कसैले सम्झौता गर्दैन । हाम्रा लागि राष्ट्रियता भनेको सार्वभौमसत्ताको रक्षा, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको जगेर्ना गर्नु हो । हाम्रो राष्ट्रियताको भावनाले कसैका विरुद्ध पनि द्वेष राख्दैन । सबैसँग मित्रता कायम गर्ने र कसैसँग पनि शत्रुवत् व्यवहार नगर्ने हाम्रो परराष्ट्र नीतिको आदर्श रहिआएको छ । हामी छिमेकीहरू तथा विश्वभरिका सबै मित्रराष्ट्रहरूसँग न्याय, सार्वभौम समानता, आपसी सम्मान र हितका आधारमा सम्बन्ध विस्तार गर्न चाहन्छौँ ।

यसपटक म, एक्काइसौँ शताब्दीका यथार्थमा आधारित भई हाम्रा सम्बन्धहरूलाई नयाँ उचाइ प्रदान गर्ने उपायहरूको खोजी गर्ने उद्देश्य लिएर भारत आएको छु । हाम्रा सम्बन्धहरूलाई सधैँ सामञ्जस्यपूर्ण बनाइराख्नका लागि हामी विश्वासको बलियो धरोहर खडा गर्न चाहन्छौँ । हामी यस्तो नमूना सम्बन्ध सिर्जना गर्न चाहन्छौँ जसले हामीलाई मात्र हैन, हामी पछिका पुस्तालाई समेत हाम्रा उपलब्धिहरूमा उत्तिकै गौरव महसूस होस् । यस्तो सम्बन्ध, जुन सदैव सम्झनलायक रहोस् । यस्तो सम्बन्ध हासिल गर्नेतर्फको योगदानमा प्रत्येकको भूमिका रहेको छ ।

हामी यस्तो नमूना सम्बन्ध सिर्जना गर्न चाहन्छौँ जसले हामीलाई मात्र हैन, हामी पछिका पुस्तालाई समेत हाम्रा उपलब्धिहरूमा उत्तिकै गौरव महसूस होस् । यस्तो सम्बन्ध, जुन सदैव सम्झनलायक रहोस् । यस्तो सम्बन्ध हासिल गर्नेतर्फको योगदानमा प्रत्येकको भूमिका रहेको छ ।

यस भावनालाई आत्मसात् गर्दै हामीले नेपाल-भारत सम्बन्धलाई हाम्रा दुवै मुलुक तथा जनताका लागि लाभदायक तुल्याउने ठोस सुझावहरू पेश गर्न नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूहलाई कार्यादेश दिएका छौँ । हाम्रो नियत चोखो छ र हाम्रो सम्बन्धको सकारात्मक रूपान्तरणको आवश्यकताको बारेमा सन्देश प्रवाह गर्नु बृहत्तर भारतीय बौद्धिक जमातको पनि कर्तव्य रहेको छ ।

शान्तिपूर्ण, स्थिर, समृद्ध र लोकतान्त्रिक नेपाल भारतका साथै बृहत्तर छिमेकको हितमा रहेको छ भन्ने मेरो दृढ विश्वास छ । तपाईंहरू यस कुरामा सहमत हुनुहुनेछ भन्ने म आशा गर्दछु ।

●

नेपालले चीनविरोधी गतिविधि सहने छैन

नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहिआएको छ । आफ्नो भूमि चीनविरोधी गतिविधिका लागि प्रयोग गर्न नदिने हाम्रो सिद्धान्तनिष्ठ र अचल अडान हो । त्यो अडान हाम्रो दैनिक व्यवहारमा पूर्णरुपेण लागू गरिरहेका छौँ ।

नेपाल र चीन साझा भूगोल एवं समान संस्कृति र परम्पराद्वारा अनुप्राणित घनिष्ठ छिमेकी हुन् । सन् १९५५ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भए तापनि प्राचीनकालदेखि नै यी दुई देशबीच गहिरो सम्पर्क र सम्बन्ध रहँदै आएको छ । दुबै देशबीच राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जस्ता विविधपक्ष समेटिएको बहुआयामिक सम्बन्ध कायम रहिआएको छ ।

नेपाल र चीनबीचको राजनीतिक सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पञ्चशील सिद्धान्तमा आधारित छ । हामीबीच सदैव हार्दिकतापूर्ण, मित्रवत्, समस्यारहित र सहयोगात्मक सुसम्बन्ध कायम रहिआएको छ । समयक्रममा

सन्दर्भ : नेपाल–चीन वाणिज्य मञ्च, बेइजिङमा सम्बोधन (असार ६, २०७५)

नेपाल र चीन असल छिमेकी हुनुका साथै भरपर्दा विकास साझेदार पनि हुन् । विकासका लागि नेपाल अपार सम्भावनाको देश हो । यथेष्ट आर्थिक र प्राविधिक क्षमताको अभावमा हाम्रा प्रचुर श्रोतसाधनको समुचित उपयोग हुन नसकेको मात्र हो । हामी यो अवस्थालाई बदलेर विकासको सफल इतिहास रच्न चाहन्छौँ ।

हाम्रो द्विपक्षीय सम्बन्ध गुणात्मक र परिमाणात्मक दुवै रुपमा विकसित हुँदै आएको छ । साझा आस्था र आपसी विश्वासमा हाम्रो सम्बन्ध निर्भर रहेको छ ।

नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहिआएको छ । आफ्नो भूमि चीनविरोधी गतिविधिका लागि प्रयोग गर्न नदिने हाम्रो सिद्धान्तनिष्ठ र अचल अडान हो । त्यो अडान हाम्रो दैनिक व्यवहारमा पूर्णरुपेण लागू गरिरहेका छौँ ।

आर्थिक, व्यापारिक, सांस्कृतिक र जनस्तरको सम्बन्ध लगायत् द्विपक्षीय सम्बन्धका विविध क्षेत्रमा नेपाल र चीनबीच घनिष्ठ र अटुट सम्बन्ध रहिआएको छ । हामीबीच विशेषतः हिमालय वारपारको व्यापारिक सम्बन्धको लामो इतिहास छ । प्राचीनकालदेखिको व्यापारिक सम्बन्धले दुई देशबीचको आर्थिक सम्बन्धको आधारशिलालाई थप दरिलो बनाउन ठूलो योगदान दिएको छ ।

नेपाल र चीन असल छिमेकी हुनुका साथै भरपर्दा विकास साझेदार पनि हुन् । विकासका लागि नेपाल अपार सम्भावनाको देश हो । यथेष्ट आर्थिक र प्राविधिक क्षमताको अभावमा हाम्रा प्रचुर श्रोतसाधनको समुचित उपयोग हुन नसकेको मात्र हो । हामी यो अवस्थालाई बदलेर विकासको सफल इतिहास रच्न चाहन्छौँ । चीनको विपुल आर्थिक र प्राविधिक क्षमताको भरथेगले नेपालको विकास परिदृश्यलाई कायापलट गर्नसक्छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

आर्थिक–सामाजिक विकासका अनेक क्षेत्रमा अभूतपूर्व उपलब्धि हासिल गरेर हाम्रो मित्रराष्ट्र चीनले विश्वलाई नै चकित तुल्याएको छ । चीनको उपलब्धिमा हामी साँचो अर्थमा गौरवान्वित छौँ । विश्व रंगमञ्चमा चीनले खेल्दै आएको सकारात्मक र प्रभावशाली भूमिकाप्रति पनि सदैव हाम्रो साथ र समर्थन रहिआएको छ ।

एक्काइसौँ शताब्दीको विकास र सफलताको मार्ग वास्तवमा चीनको विकास र सफलताको मार्गले निर्धारण गर्नेछ भन्ने कुरामा धेरै मानिस विश्वास गर्दछन् । आर्थिक-सामाजिक विकासका अनेक क्षेत्रमा अभूतपूर्व उपलब्धि हासिल गरेर हाम्रो मित्रराष्ट्र चीनले विश्वलाई नै चकित तुल्याएको छ । चीनको उपलब्धिमा हामी साँचो अर्थमा गौरवान्वित छौँ । विश्व रंगमञ्चमा चीनले खेल्दै आएको सकारात्मक र प्रभावशाली भूमिकाप्रति पनि सदैव हाम्रो साथ र समर्थन रहिआएको छ ।

चीन सरकार र चिनियाँ जनताको मिहिनेतको फलस्वरुप चीनको निम्नानुसारको रूपान्तरण भएको कुरामा हामी धेरै प्रसन्न छौ :

- विश्वको दोश्रो ठूलो अर्थव्यवस्था
- औद्योगिक वस्तु उत्पादन गर्ने सबैभन्दा ठूलो देश
- वैदेशिक मुद्रा सञ्चय गर्ने विश्वको सबैभन्दा ठूलो देश
- व्यापारिक मालवस्तु निर्यात गर्ने विश्वको सबैभन्दा ठूलो देश
- वैदेशिक प्रत्यक्ष लगानी गर्ने विश्वको दोश्रो ठूलो देश
- विकासका लागि वित्त व्यवस्था गर्ने विश्वकै अगुवा मुलुक, र
- विश्वको आर्थिक वृद्धि र सम्मृद्धिमा महत्वपूर्ण योगदान गर्ने मुख्य देश

आर्थिक-सामाजिक तथा प्रविधि विकासका क्षेत्रमा चीनले अभूतपूर्व प्रगति गरेको देख्दा हामी स्वाभाविक रुपले प्रसन्न छौँ । चीनको घनिष्ठ

चीनको घनिष्ठ र नजिकको छिमेकी भएका नाताले आपसी लाभका क्षेत्रमा नेपाल चीनसँग विकास साझेदारी गर्न चाहन्छ । आपसी अन्तरनिर्भरतामा आधारित सम्बन्ध स्थापित गरी दुवै देशबीच लाभकारी सहकार्य स्थापना गर्न सकिन्छ भन्ने हाम्रो साझा निष्कर्ष हो ।

र नजिकको छिमेकी भएका नाताले आपसी लाभका क्षेत्रमा नेपाल चीनसँग विकास साझेदारी गर्न चाहन्छ । आपसी अन्तरनिर्भरतामा आधारित सम्बन्ध स्थापित गरी दुवै देशबीच लाभकारी सहकार्य स्थापना गर्न सकिन्छ भन्ने हाम्रो साझा निष्कर्ष हो ।

चीनको चमत्कारिक सफलताको प्रेरक प्रसंगसँगै नेपालले हालसालैका वर्षमा हासिल गरेको महत्वपूर्ण राजनीतिक परिवर्तन तथा उपलब्धिको सिलसिला जोड्न चाहन्छु । द्वन्द्व र अस्थिरतामा रुमल्लिएर लामो अवधि व्यतीत गरेपश्चात् नेपाल प्रगतिशील र लोकतान्त्रिक संविधान जारी गर्न सफल भएको छ । उक्त संविधानले सात दशक लामो अनवरत संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गरी नेपाली जनतालाई साँचो अर्थमा सार्वभौम नागरिकका रुपमा स्थापित गर्न सफल भएको छ ।

संघीय ढाँचामा तीन तहका चुनाव सम्पन्न भएपश्चात् सबै तहमा बलियो बहुमतसहितका सरकार गठन भएका छन् । त्यसयता हामी राजनीतिक स्थिरता, शान्ति र सम्मृद्धिको नयाँ युगमा प्रवेश गरेका छौँ ।

नेकपा 'एमाले' र नेकपा 'माओबादी केन्द्र' को एकीकरणले मुलुकमा चिरप्रतीक्षित राजनीतिक स्थिरताको वातावरण सुनिश्चित गरेको छ । राजनीतिक स्थिरताको सुनिश्चिततासँगै हामी 'सम्मृद्ध नेपाल-सुखी नेपाली'को उद्देश्य प्राप्तिका लागि विकास र सम्मृद्धिको निर्णायक यात्रामा अघि बढिसकेका पनि छौँ ।

नेपालमा लगानी गर्ने निर्णय गर्नु लाभदायक व्यावसायिक निर्णय हुनेछ भन्ने कुरामा म यहाँहरू सबैलाई आश्वस्त तुल्याउन चाहन्छु । लगानीमैत्री वातावरण कायम गर्न सरकार प्रतिबद्ध छ ।

राजनीतिक स्थिरताले नीतिगत स्थायित्व र निरन्तरता सुनिश्चित गर्दछ । वैदेशिक लगानीका लागि स्पष्ट र सुसंगत नीतिगत व्यवस्था हुनु अपरिहार्य कुरा हो । वर्तमान सरकारले नीतिगत स्थायित्व र निरन्तरताको सुनिश्चितता गरेको छ । सरकारसँग देश विकासका लागि प्रस्ट दृष्टिकोण, स्पष्ट योजना र रणनीति, दृढ प्रतिबद्धता, व्यापक जनसमर्थन र विकास योजना कार्यान्वयन गर्ने पूर्ण क्षमता छ । शान्ति, स्थिरता र सम्मृद्धिका लागि जनताको अपेक्षालाई मूर्तरुप दिन हामी कृतसंकल्पित छौँ । आर्थिक समृद्धि प्राप्त गर्ने नेपाली जनताको तिर्सना अब केवल मृगतृष्णा रहनुहुँदैन भन्ने कुरामा सरकार प्रस्ट छ । तसर्थ, सन् २०३० भित्र मध्यम आय मुलुक बनिसक्ने र शीघ्र अतिकम विकसित मुलुकको समूहबाट बाहिर निस्कने हाम्रो चाहना हो ।

आर्थिक समृद्धिको चाहना पूरा गर्नका लागि एकातिर पूर्वाधार विकासमा ठूलो लगानी गर्नुपर्ने आवश्यकता छ भने अर्कातिर विकासका क्रियाकलापलाई तीव्रता दिन उन्नत र नवीन प्रविधि भित्र्याउनु पर्ने खाँचो पनि छ । आर्थिक र प्राविधिक आवश्यकता परिपूर्ति गर्ने दिशामा चिनियाँ लगानीको महत्वपूर्ण भूमिका हुने कुरामा हामी विश्वस्त छौँ ।

नेपालमा लगानी गर्ने निर्णय गर्नु लाभदायक व्यावसायिक निर्णय हुनेछ भन्ने कुरामा म यहाँहरू सबैलाई आश्वस्त तुल्याउन चाहन्छु । लगानीमैत्री वातावरण कायम गर्न सरकार प्रतिबद्ध छ । यो मेरो मौखिक आश्वासनमात्र होइन, यो प्रतिबद्धतालाई मूर्तरुप दिइनेछ र यहाँहरू

लगानीकर्ताले सधैँ उत्पादित वस्तु तथा सेवाका लागि बजारको खोजी गर्ने गर्दछन् । नेपालमा बजारको कुनै अभाव छैन । तपाईंहरूलाई थाह नै छ, नेपाल अढाइ अर्बभन्दा बढी जनसंख्या भएका विश्वका दुई जीवन्त बजार चीन र भारतबीच अवस्थित छ ।

सबैले त्यसको अनुभूति पनि गर्न सक्नुहुनेछ । राजनीतिक संक्रमण अन्त्य हुँदै गएको र बलियो सरकार गठन भएका कारण नेपालमा कानून एवं व्यवस्थाको वातावरणमा उल्लेखनीय रूपमा सुधार हुँदै आएको छ । औद्योगिक सम्बन्धका क्षेत्रमा पनि प्रशस्त सुधार भएको अवस्था छ । तसर्थ, लगानीका लागि नेपाल प्रशस्त सम्भावना भएको देशका रूपमा रहेको छ । जलविद्युत, कृषि, पर्यटन, सेवा एवं उत्पादनशील उद्योग लगायतका क्षेत्रमा नेपालमा विपुल सम्भावनाहरू छन् । प्रत्यक्ष वैदेशिक लगानीको एक प्रमुख श्रोत तथा दोश्रो ठूलो व्यापारिक साझेदार भएकाले चीनसँग नेपालको आर्थिक सम्बन्ध विस्तार गर्ने अवसरहरू तीव्र रुपमा बढ्दै गइरहेका छन् । हिमाल-वारपार सम्पर्क सञ्जाल विकास गर्ने हाम्रो प्राथमिकताले द्विपक्षीय व्यापारको अभिवृद्धि र यातायातको विकासमा थप टेवा दिनेछ भन्ने विश्वास हामीले लिएका छौँ ।

लगानीकर्ताले सधैँ उत्पादित वस्तु तथा सेवाका लागि बजारको खोजी गर्ने गर्दछन् । नेपालमा बजारको कुनै अभाव छैन । तपाईंहरूलाई थाह नै छ, नेपाल अढाइ अर्बभन्दा बढी जनसंख्या भएका विश्वका दुई जीवन्त बजार चीन र भारतबीच अवस्थित छ । वास्तवमा उत्पादनशील क्षमता सीमित भएकाले पर्याप्त उत्पादन गर्न नसक्नु हाम्रो मूल समस्या हो ।

शून्य भन्सारदर र कोटारहित सुविधाअन्तर्गत आठ हजारभन्दा बढी नेपाली उत्पादनलाई चिनियाँ बजारमा निर्यात गर्न पाउने सुविधा प्राप्त छ । यस अतिरिक्त थप ५ सय १२ नेपाली वस्तुलाई चिनियाँ बजारमा

मुलुकको व्यावसायिक वातावरणमा थप सुधार गर्न हामी प्रतिबद्ध छौँ । व्यवसायी र लगानीकर्ताको आत्मविश्वास बढाउन, व्यावसायिक क्रियाकलापलाई सहजीकरण गर्न र लगानी सम्बन्धी शीघ्र निर्णय गर्न आवश्यक पर्ने सबै कुरा पूरा गर्न हामी तत्पर छौँ ।

प्रवेशका लागि हामीले चीन सरकारसँग अनुरोध गरिरहेका छौँ । युरोपेली बजारमा पनि विनाभन्सार शुल्कको सुविधा हामीले पाएका छौँ भने अल्पविकसित मुलुकमा उत्पादित सामानका हैसियतमा ७० भन्दा बढी नेपाली उत्पादनलाई संयुक्त राज्य अमेरिकामा पनि सौविध्यपूर्ण बजार पहुँच प्राप्त छ । तसर्थ, नेपालमा उत्पादित वस्तुका लागि बजारको अभाव हुनेछैन । यस पृष्ठभूमिमा नेपालमा वैदेशिक लगानी अभिवृद्धि गर्न आवश्यक पर्ने थप उपाय के हुनसक्छन् भन्ने बारेमा म यहाँहरूको विचार सुन्न चाहन्छु ।

मुलुकको व्यावसायिक वातावरणमा थप सुधार गर्न हामी प्रतिबद्ध छौँ । व्यवसायी र लगानीकर्ताको आत्मविश्वास बढाउन, व्यावसायिक क्रियाकलापलाई सहजीकरण गर्न र लगानी सम्बन्धी शीघ्र निर्णय गर्न आवश्यक पर्ने सबै कुरा पूरा गर्न हामी तत्पर छौँ । वैदेशिक लगानी, सार्वजनिक नीजि क्षेत्र साझेदारी, औद्योगिक प्रतिष्ठान, बैँकिंग र बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार लगायतका क्षेत्रमा हामीले कानून तथा नीति निर्माण गरिसकेका छौँ ।

उत्पादनशील उद्योग, जलविद्युत, सूचना प्रविधि, सेवा, पर्यटन, खनिज उत्खनन तथा कृषिमा आधारित उद्योग लगायत् प्रायः सबै क्षेत्र वैदेशिक लगानीका लागि खुला छन् । नकारात्मक सूची छोटो छ ।

एक लाख मेगावाट भन्दा बढी उत्पादन क्षमता भएको हुँदा नेपाल जलविद्युतका लागि एक लाभप्रद भूमि हो । तथापि, यो क्षमता हालसम्म पूर्ण रुपमा उपयोग गर्न सकिएको छैन । त्यस्तै फलाम, चुनढुंगा तथा बहुमूल्य पत्थरलगायत खनिज नेपालमा प्रचुर रुपमा पाइन्छ ।

विविधितायुक्त कृषिका लागि नेपाल आकर्षक देश हो । समुद्र सतहबाट ८० मिटरदेखि विश्वकै सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको प्रचुर जैविक विविधतायुक्त कृषियोग्य जमीन भएको मुलुक नेपाल एक विशाल भौगोलिक क्षेत्र हो । तसर्थ नेपालमा सबै प्रकारका कृषि उत्पादन गर्नसकिने दुर्लभ अवसर विद्यमान छ ।

एक लाख मेगावाट भन्दा बढी उत्पादन क्षमता भएको हुँदा नेपाल जलविद्युतका लागि एक लाभप्रद भूमि हो । तथापि, यो क्षमता हालसम्म पूर्ण रुपमा उपयोग गर्न सकिएको छैन । त्यस्तै फलाम, चुनढुंगा तथा बहुमूल्य पत्थरलगायत खनिज नेपालमा प्रचुर रुपमा पाइन्छ । यो क्षेत्रमा खासै लगानी नभइसेकाले लगानी र अन्वेषणका लागि उपयुक्त क्षेत्र हो ।

विश्वप्रसिद्ध प्राचीन सम्पदा लगायत् धेरै आकर्षणयुक्त गन्तव्य भएकाले पर्यटनका लागि नेपाल सुप्रसिद्ध छ । चुनिएका पदयात्रा मार्ग, मनोहर वन्यजन्तु तथा चित्ताकर्षक प्राकृतिक दृश्य सहित नेपालमा अनेक पर्यटकीय आकर्षण रहेका छन् । नेपाली जनता पाहुनाको स्वागत र सत्कार गर्न सदैव तत्पर रहन्छन् । यी सबै कुरा लगानीका लागि सहयोगी सिद्ध हुनेछन् भन्ने मलाई लाग्दछ ।

निजी क्षेत्र महत्वपूर्ण साझेदारका रुपमा रहने गरी उदार आर्थिक नीति जारी राखिराख्न हामी प्रतिबद्ध छौं । हाल कायम रहेका आर्थिक नीति उल्ट्याउने हाम्रो नियत होइन । विश्वमा देखिएका आर्थिक प्रवृत्ति विरुद्ध जान सम्भव छैन भन्ने कुरामा हामी प्रस्ट छौं ।

लगानी तथा पुनर्लगानीबाट प्राप्त आयश्रोत मुलुकमा फिर्ता लैजान पाउने कानूनी व्यवस्था छ । नेपालमा दर्ता भएका विदेशी कम्पनीले जग्गा खरिद गर्न, स्वामित्व ग्रहण गर्न र बिक्री गर्न पाउने सुविधा छ । स्वदेशी र विदेशी लगानीकर्ताबीच कुनै भेदभाव गर्न नपाइने कानूनी व्यवस्था छ ।

कानून संशोधन गरेर प्रधानमन्त्रीको नेतृत्वमा रहेको नेपाल लगानी बोर्डलाई थप सुदृढ बनाइनेछ । सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्दै बोर्डलाई एकद्वार प्रणालीद्वारा लगानी स्वीकृत गर्ने संस्थाका रूपमा विकास गरिनेछ । नेपालमा स्थिर र व्यवसायमैत्री वित्तीय वातावरण छ । करका तह न्यून छन् । विशेष आर्थिक क्षेत्रमा उत्पादित वस्तुको निर्यातबाट प्राप्त आयमा निश्चित अवधिसम्म आयकर छुट हुने व्यवस्था छ । निश्चित उद्योगका लागि करमुक्तिको प्रावधान छ भने निर्यात हुने वस्तुको उत्पादन गर्न प्रयोग हुने कच्चापदार्थमा लाग्ने शुल्क र कर छुट हुने व्यवस्था पनि गरिएको छ ।

लगानी तथा पुनर्लगानीबाट प्राप्त आयश्रोत मुलुकमा फिर्ता लैजान पाउने कानूनी व्यवस्था छ । नेपालमा दर्ता भएका विदेशी कम्पनीले जग्गा खरिद गर्न, स्वामित्व ग्रहण गर्न र बिक्री गर्न पाउने सुविधा छ । स्वदेशी र विदेशी लगानीकर्ताबीच कुनै भेदभाव गर्न नपाइने कानूनी व्यवस्था छ । निजी उद्योगधन्दाको राष्ट्रियकरण नगरिने नीति छ । सस्तो श्रम एवं सुधारिएको श्रम कानून र औद्योगिक सम्बन्धका कारण लगानीकर्तालाई थप प्रतिस्पर्धी बन्न मद्दत पुग्नेछ ।

आर्थिक विकासका लागि भौतिक पूर्वाधारको विकास अनिवार्य कुरा हो । नेपाल र चीनबीचको सीमा नजिकै सीमापार आर्थिक क्षेत्र निर्माण गर्न र दुई देशबीच रहेका विद्यमान सीमा नाकाको स्तरोन्नति एवं विकासका लागि काम भइरहेको छ । यस वर्षको शुरुआतमा दुवै देश औपचारिक

रेल्वे, विद्युत प्रसारण लाइन तथा नयाँ विमानस्थलमार्फत् सीमा वारपारको सम्पर्क सञ्जाल बढाउने योजना बनिरहेको छ । यी प्राथमिकता प्राप्त परियोजना सम्पन्न गर्न चिनियाँ लगानीकर्ताहरूसँगको साझेदारी उच्च महत्वको हुनेछ ।

रूपले अप्टिकल फाइबरद्वारा जोडिएका छन् । यसका साथै रेल्वे, विद्युत प्रसारण लाइन तथा नयाँ विमानस्थलमार्फत् सीमा वारपारको सम्पर्क सञ्जाल बढाउने योजना बनिरहेको छ । यी प्राथमिकता प्राप्त परियोजना सम्पन्न गर्न चिनियाँ लगानीकर्ताहरूसँगको साझेदारी उच्च महत्वको हुनेछ ।

हाम्रा दुई देशले लगानी प्रवर्द्धन तथा आर्थिक सहयोग, ऊर्जा सहयोग एवं लगानी तथा उत्पादनशील क्षमता बढाउन आपसी सहयोग अभिवृद्धि गर्नेसम्बन्धी तीन छुट्टाछुट्टै समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । यी सम्झौताबाट दुवै देशका लगानीकर्ताबीच सहयोग विस्तार गर्न र सहजीकरण गर्न मद्दत पुग्नेछ ।

चिनियाँ राष्ट्रपति सी जिनपिङद्वारा प्रवर्तित भविष्यको सोचयुक्त बेल्ट एण्ड रोड इनिसियटिभमा नेपाल सामेल भएको छ । हामी विश्वस्त छौँ - दुई देशबीचको सहयोगात्मक सम्बन्ध एवं साझेदारी विकास गर्न बीआरआईले प्रशस्त अवसरको सिर्जना गरेको छ । बीआरआईप्रति अन्तर्राष्ट्रिय समुदायको बढ्दो आकर्षणले यसलाई अन्तर्राष्ट्रिय सहयोगको विशेष र महत्वपूर्ण मञ्चका रूपमा स्थापित गर्दै गएको छ ।

अन्तर्राष्ट्रिय पर्यटन बजारका लागि चीन एक महत्वपूर्ण श्रोत मुलुक हो । नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकको संख्या केही समय यता उल्लेख्य रुपले बढ्दै गइरहेको छ । नेपालका प्राकृतिक र सांस्कृतिक सम्पदा

बीस लाख पर्यटक आकर्षित गर्ने लक्ष्यका साथ सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा घोषणा गरेको छ । निःशुल्क भिसा सुविधाको उपयोग गरी यस अवसरमा आधिकाधिक संख्यामा चिनियाँ पर्यटक नेपाल भ्रमण गर्न उत्प्रेरित हुनेछन् भन्ने मैले विश्वास लिएको छु ।

पर्यटकका लागि महत्वपूर्ण आकर्षण हुन् । घरेलु अर्थतन्त्रका लागि समेत यिनको ठूलो महत्व छ । पर्यटकको सुरक्षा गर्न सरकार प्रतिबद्ध छ । पर्वतारोही एवं पदयात्रीको सुरक्षा तथा आकस्मिक उद्धारका लागि विशेष व्यवस्था गरिँदै छ । बीस लाख पर्यटक आकर्षित गर्ने लक्ष्यका साथ सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा घोषणा गरेको छ । निःशुल्क भिसा सुविधाको उपयोग गरी यस अवसरमा आधिकाधिक संख्यामा चिनियाँ पर्यटक नेपाल भ्रमण गर्न उत्प्रेरित हुनेछन् भन्ने मैले विश्वास लिएको छु ।

दुवै देशका निजी क्षेत्रबीच घनिष्ठ सम्बन्ध विकास हुँदैगएको छ र कतिपय लगानी परियोजनामा सहयोगका लागि सहमति पनि भएको छ । आजको यस कार्यक्रमले नेपालमा लगानी परियोजना अघि बढाउन एकअर्कासँग साझेदारी गर्न दुवै देशका व्यवसायीहरूलाई अवसर जुटेको छ भन्ने मैले ठानेको छु । व्यावसायिक गतिविधिलाई सहज बनाउन आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराउन वर्तमान सरकार कृतसंकल्पित छ । दुई देशबीच कायम रहको उदाहरणीय एवं अनुपम राजनीतिक सम्बन्धको आधारशिलामा नेपाल र चीनबीचको आर्थिक सम्बन्धको आयाम थप विस्तारित हुँदै जाँदा दुवै देशका जनताको पारस्परिक हितको प्रवर्द्धनमा यथेष्ट योगदान पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

●

कसैसँग छैन शत्रुता, सबैसँग मित्रता

हाम्रो नारा 'सबैसँग मित्रता, छैन कसैसँग पनि शत्रुता' रहनेछ । हामी सबैको असल मित्र हुन चाहन्छौँ र सबैसँग असल मित्रका रूपमा व्यवहार गर्न चाहन्छौँ । हामीलाई विश्वास छ, यसले विश्वास र समझदारी बढाउँछ । हामी न्याय, सार्वभौम समानता, आपसी सम्मान र लाभका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढाउने छौँ ।

बितेको एक दशकमा नेपाल महत्वपूर्ण रूपान्तरणबाट गुज्रेको छ । रूपान्तरणको प्रभाव केवल राजनीतिक क्षेत्रमा मात्र सीमित रहेन, यो राष्ट्रिय जीवनका सबै क्षेत्रमा महसूस गरिएको छ । हाम्रो राजनीति र संवैधानिक इतिहासमा यो एउटा अभूतपूर्व परिवर्तन हो ।

२०७२ असोज ३ गते हामीले साँच्चिकै अग्रगामी र लोकतान्त्रिक संविधान जारी गरेसँगै राजनीतिक रूपान्तरणको सबैभन्दा महत्वपूर्ण चरण शुरु भएको छ । यहाँहरू सबै यसको साक्षी हुनुहुन्छ । तसर्थ यस विषयमा

सन्दर्भ : कूटनीतिक समुदायलाई काठमाडौँमा सम्बोधन (चैत १३, २०७५)

BINDER

यी निर्वाचनहरू सम्पन्न भएसँगै संघीय शासन व्यवस्था पूर्ण कार्यान्वयनमा आएको छ । संघीय संरचनाका तीनवटै तहमा सरकारहरू गठन भएका छन् र राजनीतिक स्थायित्वको नयाँ युग शुरु भएको छ । यसका लागि हामीले ठूलो मूल्य चुकाएका छौँ ।

थप व्याख्या आवश्यक छैन । यस संविधानले जनताको संघर्ष र आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिहरूलाई आत्मसात् गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई संस्थागत गरेको छ ।

अर्को महत्वपूर्ण उपलब्धि; संघीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । यहाँहरू सबैले यसलाई प्रत्यक्ष देख्नुभएको छ । मतदाताको उच्च सहभागिता रहेका यी निर्वाचनहरू स्वतन्त्र, स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न भए । यसरी संविधान कार्यान्वयनको यो ऐतिहासिक दायित्व हामीले पूरा गरेका छौँ ।

यी निर्वाचनहरू सम्पन्न भएसँगै संघीय शासन व्यवस्था पूर्ण कार्यान्वयनमा आएको छ । संघीय संरचनाका तीनवटै तहमा सरकारहरू गठन भएका छन् र राजनीतिक स्थायित्वको नयाँ युग शुरु भएको छ । यसका लागि हामीले ठूलो मूल्य चुकाएका छौँ । लोकतन्त्रका लागि गरिएको संघर्षमा प्राप्त नैतिक समर्थनका लागि म हाम्रा मित्र र शुभचिन्तकहरूको प्रशंसा गर्दछु । हामीलाई विश्वास छ - शान्त, स्थिर र समृद्ध नेपालको एकमात्र सपना बोकेका यस देशका जनताको यो ऐतिहासिक उपलब्धिलाई उहाँहरू पनि उत्तिकै माया गर्नुहुन्छ ।

संसदको तीन चौथाइभन्दा बढीको समर्थनसहित संघीय तहमा पाँच वर्षका लागि स्थिर सरकार गठन भएको छ । सबै प्रादेशिक सरकार हरूलाई पनि संसदको दुई तिहाइभन्दा बढी समर्थन प्राप्त छ । अहिले

हाम्रा लागि समयको प्रत्येक पल बहुमूल्य छ र यसलाई खेर फाल्ने विकल्प हामीसँग छैन । प्रतिफल दिन असफल भएमा हामी कुनै पनि बहानाले उम्किन पाउने छैनौँ । त्यसैले हामीसँग सफल हुने बाहेकको अरू कुनै विकल्प छैन ।

हामी प्रादेशिक सरकारहरूलाई निर्वाध रूपले कार्य गर्न आवश्यक वातावरण निर्माण गर्न सघाइरहेका छौँ ।

यी राजनीतिक उपलब्धिलाई सामाजिक तथा आर्थिक प्रगतिको माध्यमबाट मजबुत बनाउनु हाम्रो जिम्मेवारी हो । हाम्रो अगाडि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको एजेण्डालाई साकार पार्नुपर्ने आवश्यकता र ऐतिहासिक अवसर दुवै छन् ।

तसर्थ, अहिले हाम्रो प्रयास इतिहासमा एउटा नयाँ अध्याय लेख्नका लागि केन्द्रित हुनुपर्छ भन्नेमा हामी सचेत छौँ - शान्ति, स्थायित्व र सामाजिक न्यायसहितको विकासका सफल कथाहरूले भरिएको एउटा नवीन अध्याय । अकर्मण्यताको मूल्य ठूलो हुन्छ भन्ने हामीलाई थाहा छ । हाम्रा लागि समयको प्रत्येक पल बहुमूल्य छ र यसलाई खेर फाल्ने विकल्प हामीसँग छैन । प्रतिफल दिन असफल भएमा हामी कुनै पनि बहानाले उम्किन पाउने छैनौँ । त्यसैले हामीसँग सफल हुने बाहेकको अरू कुनै विकल्प छैन ।

नेपाल सरकार यस विषयमा सचेत छ र सामाजिक-आर्थिक प्रगति गर्ने वर्तमान पिँढीको चुनौती लिन सदा तत्पर छ । जनताको यो स्वभाविक आकांक्षालाई यथार्थमा रूपान्तरण गर्न हामी पूर्ण प्रतिबद्ध छौँ ।

'समृद्ध नेपाल-सुखी नेपाली' को सपनालाई साकार पार्ने हाम्रो संकल्प छ । यसका लागि हामीसँग नीति तथा कार्यक्रमका ६ वटा आधारहरू रहेका छन् :

हामीले उच्च सोचले बनाएको लोकतन्त्रको मजबुत जग भत्काउने दुस्साहस कसैले गर्न सक्ने छैन । यसलाई हामीले मुटुभित्र राखेका छौँ । लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तमा हामी कसैसँग सम्झौता गर्दैनौँ ।

पहिलो हो - देशभक्ति । म देशभक्तिलाई हाम्रो सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनताको संरक्षण र राष्ट्रिय स्वार्थ परिपूर्तिका रूपमा बुझ्छु । हामी नेपालीहरू स्वतन्त्रता र सार्वभौमिकताको लामो र गौरवशाली इतिहास भएका स्वाभिमानी मानिस हौँ । राष्ट्रिय स्वार्थ तथा भावी पुस्ताको हितका लागि हामी यो इतिहास अक्षुण्ण राख्न प्रतिबद्ध छौँ । यो हाम्रा लागि कुनैपनि हिसाबमा सम्झौता गर्न नमिल्ने प्राथमिकताको विषय हो । हाम्रा मूल्य मान्यता, यथार्थ र आकांक्षाका आधारमा हामी यस मूल आधारप्रति समर्पित छौँ ।

दोश्रो - लोकतन्त्र र स्वतन्त्रता । लोकतन्त्र र मौलिक स्वतन्त्रताप्रतिको हाम्रो प्रतिबद्धता पूर्ण र अटल छ । राजनीतिक संघर्षको हाम्रो लामो यात्रा लोकतन्त्रका लागि भएको संघर्षको पर्याय हो । हाम्रो संविधानले विश्वव्यापी रूपमा स्थापित सबै मूल्य-मान्यताहरूलाई समेटेको छ र ती सबै संविधानमा निहित अधिकारको घोषणामा स्पष्ट रूपमा अंकित गरिएका छन् । लोकतन्त्र अपरिवर्तनीय छ र यसलाई कसैले हामीबाट खोस्न सक्दैन भन्ने कुरामा हामी विश्वस्त छौँ । हामीले उच्च सोचले बनाएको लोकतन्त्रको मजबुत जग भत्काउने दुस्साहस कसैले गर्न सक्ने छैन । यसलाई हामीले मुटुभित्र राखेका छौँ । लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तमा हामी कसैसँग सम्झौता गर्दैनौँ ।

तेस्रो - सामाजिक न्याय । समानतामा आधारित सामाजिक न्यायविनाको दिगो शान्ति र समृद्धिको हामी कल्पना पनि गर्न सक्दैनौँ । हामी त्यस्तो

हाम्रो संविधानले जुनसुकै खालको भेदभाव निषेध गर्छ र आधारभूत अधिकारको रक्षा गर्नु राज्यको संवैधानिक दायित्वभित्र पर्छ । समावेशी शासन व्यवस्था हाम्रो संविधानको मूल भावना हो । हामी यसलाई इमानदारीका साथ कार्यान्वयन गर्न चाहन्छौँ ।

सामाजिक न्यायका निम्ति प्रतिबद्ध छौँ, जसले समाजका सबै पक्षका लागि समतामूलक अवसर र समान संरक्षणको सुनिश्चितता गरोस् । हाम्रो समाज विविधताले भरिपूर्ण समाज हो । विविधतामा एकता नेपाली विशेषता हो र यो हाम्रो सामर्थ्यको प्राथमिक श्रोत पनि हो । हाम्रो संविधानले जुनसुकै खालको भेदभाव निषेध गर्छ र आधारभूत अधिकारको रक्षा गर्नु राज्यको संवैधानिक दायित्वभित्र पर्छ । समावेशी शासन व्यवस्था हाम्रो संविधानको मूल भावना हो । हामी यसलाई इमानदारीका साथ कार्यान्वयन गर्न चाहन्छौँ ।

चौथो - स्थायित्व, समृद्धि र विकास । हाम्रो लागि यो, समृद्धिका सबैभन्दा महत्वपूर्ण आधारहरूमध्ये एक हो । हामी हाम्रो राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक व्यवस्थामा प्रगतिशील परिवर्तनका लागि निरन्तर लागिरहने छौँ । हामीले आफ्नै अनुभवहरूबाट पाठ सिकेका छौँ र अस्थिरताको मूल्य कति हुन्छ भन्ने हामीलाई राम्रो गरी थाहा छ । शान्ति र स्थिरतालाई कमजोर पार्ने कुनै पनि प्रयास हामीलाई सह्य हुने छैन । यदि कसैले यस प्रकारको दुष्प्रयास गर्छ भने हामी दृढताका साथ प्रतिकार गर्नेछौँ । हाम्रो समाजमा हिंसाका लागि कुनै ठाउँ छैन ।

राजनीतिक उद्देश्यको शान्तिपूर्ण खोज हाम्रो राजनीतिक संवादको केन्द्रमा रहेको छ । तथापि, राजनीतिक उपलब्धिको संरक्षण गर्नका लागि हामी हरदम सतर्क र सजग रहनै पर्दछ । विभिन्न ठाउँबाट, विभिन्न बहानामा हाम्रो सामाजिक सद्भाव र एकता बिथोल्ने प्रयत्नहरू हुन सक्छन् ।

पारदर्शिता र जवाफदेहितालाई प्रभावकारी रूपमा लागू गरिनेछ । म जोड दिन चाहन्छु – राष्ट्रिय प्रयासमा मात्र सीमित नगरी सुशासनलाई राष्ट्रियदेखि अन्तरराष्ट्रिय, सबै तहबाट अवलम्बन गर्न उत्साहित गरिनुपर्छ । हामी सबै लफ्फाजीबाट यथार्थतातिर जानुपर्छ ।

समाजमा द्वन्द्व र कलहको निरन्तरतामा विश्वास राख्ने तत्वहरू हुन सक्छन् । हाम्रा जनता कुनै अनुचित मनसायबाट शोषित भएको हामी देख्न सक्दैनौँ । हामी एकजुट भई त्यस्ता विभाजनकारी र अस्थिरता चाहने शक्तिहरूलाई हाम्रा सम्पूर्ण श्रोत र शक्तिको उपयोग गरी परास्त गर्ने छौँ र मर्यादित जीवनका हकदार हाम्रा जनताको भलाइका लागि काम गर्ने छौँ । आफ्नो जीवनमा प्रभाव पार्ने संवैधानिक, राजनीतिक तथा अन्य सबै विषयहरूमा निर्णय लिने सार्वभौम अधिकार केबल नेपाली जनतामा मात्र निहित छ ।

पाँचौँ - सुशासन । सुशासनप्रतिको हाम्रो प्रतिबद्धता बलियो छ । हामी सुशासनलाई जीवनको यथार्थ बनाउन चाहन्छौँ । यसले सरकारका नीति, कार्यक्रम तथा क्रियाकलापहरूलाई निरन्तर निर्देशित गरिरहने छ । कानूनी शासन, हाम्रो शासन व्यवस्थाको केन्द्रमा हुनेछ र यसलाई प्रभावकारी ढंगले अनुसरण गरिनेछ । भ्रष्टाचाररहित शासन व्यवस्था सुनिश्चित गर्नु हाम्रो लक्ष्य हो । हामी भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अनुसरण गर्नेछौँ । जनताले परिवर्तनको अनुभव गर्ने गरी हामी सक्षम र चुस्त सेवाप्रवाह प्रणाली अवलम्बन गर्नेछौँ । पारदर्शिता र जवाफदेहितालाई प्रभावकारी रूपमा लागू गरिनेछ । म जोड दिन चाहन्छु - राष्ट्रिय प्रयासमा मात्र सीमित नगरी सुशासनलाई राष्ट्रियदेखि अन्तर्राष्ट्रिय, सबै तहबाट अवलम्बन गर्न उत्साहित गरिनुपर्छ । हामी सबै लफ्फाजीबाट यथार्थतातिर जानुपर्छ ।

हामी गरीबी र अविकासको दुष्चक्रलाई तोड्न चाहन्छौँ । साधनश्रोतले धनी हाम्रो देश गरीब रहिरहन सक्दैन । हामीले दृढ संकल्पका साथ गरीबी, भोकमरी र पछौटेपनका विरुद्ध निर्णायक रूपमा आक्रमण गर्नैपर्दछ ।

छैटौँ - दिगो विकास । लामो राजनीतिक सङ्क्रमणको अन्त्यसँगै अब फराकिलो, समावेशी र दिगो विकासप्रतिको जनआकांक्षा पूरा गर्नेतर्फ सरकारले सम्पूर्ण ध्यान केन्द्रित गर्नेछ । हामीसँग राजनीतिक रूपान्तरणलाई स्थायित्व दिन तीव्र आर्थिक वृद्धि हासिल गर्ने दृढ संकल्प छ । हामी गरीबी र अविकासको दुष्चक्रलाई तोड्न चाहन्छौँ । साधनश्रोतले धनी हाम्रो देश गरीब रहिरहन सक्दैन । हामीले दृढ संकल्पका साथ गरीबी, भोकमरी र पछौटेपनका विरुद्ध निर्णायक रूपमा आक्रमण गर्नैपर्दछ । यिनै आधारहरूमा टेकेर सरकार, राजनीतिक दलहरू, निजी क्षेत्र र नागरिक समाजबीच राष्ट्र विकासका लागि हामी, बृहद् सहमति निर्माण गर्नेछौँ ।

हाम्रा विकासका चुनौतीहरू व्यापक र कठिन छन् । हामी अझै पनि विकासको सिँढीको पहिलो खुट्किलोमै छौँ । सरकारसँग उपलब्ध सीमित क्षमता र साधनश्रोतद्वारा मात्र यी चुनौतीहरूको सामना गर्न सम्भव छैन । तसर्थ, हामी स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई नेपालमा लगानी गर्न तथा उत्पादन र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउन आह्वान गर्दछौँ ।

व्यवसाय तथा लगानीको वातावरण मजबुत बनाउन हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ । व्यापार र लगानीमा सुधार एवं सहजीकरणका लागि करका दर घटाएका छौँ । कर प्रणालीलाई सरलीकृत गरेका छौँ । व्यापारसँग सम्बन्धित पूर्वाधारको विकास र सञ्चालनमा जोड दिएका छौँ ।

द्रुत गतिमा परिवर्तन भइरहेको संसारसँग सामञ्जस्य कायम गर्नु सबैका लागि मुख्य चुनौती हो । हाम्रो जस्तो देशका लागि त यो झनै कठिन कार्य हो । संसारकै शान्ति, विकास र लोकतन्त्रका लागि विश्व–व्यवस्थामा स्थायित्व हुनु आवश्यक छ ।

हामी अतिकम विकसित राष्ट्रहरूको समूहबाट शीघ्र स्तरोन्नतिका लागि प्रतिबद्ध छौँ । यसका लागि हामीले दोहोरो अङ्ककको आर्थिक वृद्धिदर हासिल गर्नु जरुरी छ । व्यापार र लगानीको प्रवर्द्धन गर्नु सरकारको स्वाभाविक प्राथमिकता हो । देशमा लगानीमैत्री वातावरण सिर्जना गर्न सबै राजनीतिक दलहरू एकजुट छन् । जलविद्युत, पर्यटन, कृषि, पूर्वाधार विकास र सूचना प्रविधि केही यस्ता क्षेत्रहरू हुन् जहाँ हामी व्यापक लगानी होस् भन्ने चाहन्छौँ । नेपालको विकासको परिदृश्यमा रूपान्तरण गर्ने सम्भावना यिनै क्षेत्रहरूले बोकेका छन् ।

दिगो विकासको आधारशिलाका रूपमा रहेको ज्ञानमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्ने मुख्यसूत्र उन्नत, आधुनिक र प्रभावकारी प्रविधि नै हो । विज्ञान र प्रविधिको विकासका माध्यमबाट समृद्धि हासिल गर्नु हाम्रो उद्देश्य हो । नेपालसँग व्यापक जनसांख्यिक लाभ छ । कामको सिर्जना हाम्रो मुख्य प्राथमिकता हो । हामी हाम्रा युवाहरूलाई आफ्नै मुलुकको आर्थिक क्रियाकलापमा संलग्न गराउन चाहन्छौँ ।

हामी, पूर्णतः विरोधाभासपूर्ण र अनिश्चयको संसारमा बाँचिरहेका छौँ । स्थिरता र खलल चाहने दुवै खाले शक्तिहरू साथसाथै सक्रिय छन् । द्रुत गतिमा परिवर्तन भइरहेको संसारसँग सामञ्जस्य कायम गर्नु सबैका लागि मुख्य चुनौती हो । हाम्रो जस्तो देशका लागि त यो झनै कठिन कार्य हो । संसारकै शान्ति, विकास र लोकतन्त्रका लागि विश्व-व्यवस्थामा स्थायित्व हुनु आवश्यक छ ।

कहिल्यै कुनै बाह्य शक्तिको नियन्त्रणमा नरहेको राष्ट्रको नागरिकको हैसियतले हामी अन्य कुनै पनि कुरालाई भन्दा सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्तहरूलाई प्रिय मान्छौँ । स्वतन्त्र परराष्ट्र नीति र सबैसँगको सन्तुलित व्यवहार नै हाम्रो बाह्य सम्बन्धको आधार हो ।

नेपालको संविधानले देशको राष्ट्रिय स्वार्थलाई परिभाषित गर्नुका साथै हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धको खाका स्पष्ट गरेको छ । हाम्रो कूटनीतिका दुई अन्तर्निहित लक्ष्यहरू छन् । पहिलो, नेपालको सामाजिक-आर्थिक विकासको कार्यलाई अगाडि बढाउने र दोश्रो, अन्तर्राष्ट्रियस्तरमा नेपालको छविलाई एउटा समावेशी लोकतान्त्रिक राज्यका रूपमा प्रवर्द्धन गर्ने । भविष्यमा यी लक्ष्यहरूमा दृढ रही देहायका आधारभूत मान्यताहरूबाट हामी निरन्तर निर्देशित हुने छौँ ।

सबैभन्दा प्रमुख कुरा हो - राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रतालाई अक्षुण्ण राख्दै नेपालको राष्ट्रिय हितको प्रवर्द्धन गर्ने । कहिल्यै कुनै बाह्य शक्तिको नियन्त्रणमा नरहेको राष्ट्रको नागरिकको हैसियतले हामी अन्य कुनै पनि कुरालाई भन्दा सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्तहरूलाई प्रिय मान्छौँ । स्वतन्त्र परराष्ट्र नीति र सबैसँगको सन्तुलित व्यवहार नै हाम्रो बाह्य सम्बन्धको आधार हो ।

अर्को कुरा, समग्रमा हाम्रो सम्बन्ध सदाझैँ पञ्चशील, असंलग्नता, संयुक्त राष्ट्रसंघको वडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिका मान्यताबाट निर्देशित हुनेछ । हाम्रो प्रयास न्यायोचित र समतामूलक विश्व-व्यवस्थाको प्रवर्द्धन गर्ने दिशामा केन्द्रित हुनेछ, जहाँ साना तथा ठूला सबै राष्ट्रहरू असल नियतका साथ आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न र सबै राष्ट्रहरूले आ-आफ्ना विकास र समृद्धिका आकांक्षाहरू पूरा गर्नका लागि समान अवसरहरू प्राप्त गर्नेछन् ।

विकास र समृद्धि विश्वव्यापी लक्ष्यहरू हुन् र सबै मुलुकको ती लक्ष्य हासिल गर्ने वैध चाहना रहेको हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ । त्यसैले हामीले, विकासका लागि प्रत्येकले स्थान पाउनु पर्दछ भन्ने मान्यता राख्नुपर्दछ । विकासलाई भूराजनीतिक दृष्टिबाट हेरिनु हुँदैन ।

तेश्रो कुरा, हाम्रो नारा 'सबैसँग मित्रता, छैन कसैसँग पनि शत्रुता' रहनेछ । हामी सबैको असल मित्र हुन चाहन्छौँ र सबैसँग असल मित्रका रूपमा व्यवहार गर्न चाहन्छौँ । हामीलाई विश्वास छ, यसले विश्वास र समझदारी बढाउँछ । हामी न्याय, सार्वभौम समानता, आपसी सम्मान र लाभका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढाउने छौँ ।

चौथो, देश विकासका आन्तरिक आवश्यकताहरू नै हाम्रो बाह्य कूटनीतिक सम्बन्धका मार्गदर्शक रहनेछन् । अन्तर्राष्ट्रिय जगत्मा आर्थिक विकासको एजेण्डालाई अगाडि बढाउने कुरामा ध्यान केन्द्रित गर्नु हाम्रो मुख्य प्राथमिकता रहनेछ । विकास र समृद्धि विश्वव्यापी लक्ष्यहरू हुन् र सबै मुलुकको ती लक्ष्य हासिल गर्ने वैध चाहना रहेको हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ । त्यसैले हामीले, विकासका लागि प्रत्येकले स्थान पाउनु पर्दछ भन्ने मान्यता राख्नुपर्दछ । विकासलाई भूराजनीतिक दृष्टिबाट हेरिनु हुँदैन ।

पाँचौँ, हाम्रा संस्कृति, सभ्यता र चिनारी हाम्रा पूँजी हुन् । नेपालको छवि विविधतायुक्त र अपार श्रोतको भूमिको रूपमा निर्माण गर्ने हाम्रो लक्ष्य हुनेछ ।

यिनै आधारमा हाम्रो कूटनीतिक संयन्त्र सञ्चालन गरिनेछ ।

हाम्रा नजिकका दुवै छिमेकी भारत र चीनसँग हाम्रो हार्दिक र मित्रवत् सम्बन्ध रहेको छ । आपसी विश्वास नै हाम्रो सम्बन्धको मुख्य कडी

हामी छिमेकको 'जीवन्त आर्थिक अभियान'बाट लाभ लिने उद्देश्यका साथ सम्बन्ध कायम गर्न लागिपर्ने छौँ । हामी हाम्रा छिमेकीको जायज चासोको सम्मान गर्छौँ र हाम्रो भूमिमा उनीहरू विरुद्ध हुने कुनै पनि कामलाई छुट दिने छैनौँ ।

हो । हाम्रो राष्ट्रिय आकांक्षाप्रति हाम्रा छिमेकीहरूबाट प्राप्त सद्भाव र सहयोगका लागि हामी आभारी छौँ । हामी यी सम्बन्धहरूलाई सहयोगका सबै पाटाहरूमा थप मजबुत बनाउन चाहन्छौँ । राष्ट्रिय हितको परिपूर्ति र विकास तथा समृद्धिको वैध आकांक्षा पूरा गर्ने उद्देश्यबाट हाम्रा सम्बन्धहरू निर्देशित हुनेछन् । खासगरी, हामी छिमेकको 'जीवन्त आर्थिक अभियान'बाट लाभ लिने उद्देश्यका साथ सम्बन्ध कायम गर्न लागिपर्ने छौँ । हामी हाम्रा छिमेकीको जायज चासोको सम्मान गर्छौँ र हाम्रो भूमिमा उनीहरू विरुद्ध हुने कुनै पनि कामलाई छुट दिने छैनौँ ।

हामी हाम्रो छिमेकमा रहेका सबै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई अगाडि बढाउन चाहन्छौँ । हाम्रो सम्बन्ध आपसी सम्मान र सहयोगमा आधारित हुनेछ । हामी हाम्रो सम्बन्ध विस्तारलाई खासगरी व्यापार, लगानी, पर्यटन र जनस्तरको आदानप्रदानजस्ता क्षेत्रहरूको खोजी, शुरुआत तथा विविधीकरणमा केन्द्रित गर्न चाहन्छौँ ।

मुख्य शक्तिराष्ट्रहरू तथा विकास साझेदारसँगको द्विपक्षीय सम्बन्धमा सहयोगका सारभूत पाटाहरू थप मजबुत बनाउने दिशामा हामी लाग्ने छौँ । विकास साझेदारबाट प्राप्त सहयोगको लागि हामी आभार व्यक्त गर्छौँ र उहाँहरूबाट खासगरी आर्थिक विकासका क्षेत्रमा अझ उच्चस्तरको आर्थिक सहयोगको अपेक्षा गर्दछौँ । हामी हाम्रा विकास साझेदारहरूलाई हाम्रो नेतृत्व र अपनत्वको सम्मान गर्दै त्यस्तो सहयोग सरकारी संयन्त्रमार्फत हाम्रो प्राथमिकताको अनुरूप हुने गरी प्रवाह गर्न

नेपाली आप्रवासी कामदारहरूको सुरक्षा तथा कल्याणका लागि श्रम गन्तव्य–राष्ट्रहरूसँग नजिकबाट सहकार्य गरिने छ । हामी यी राष्ट्रहरूसँग श्रम–सम्बन्धका अतिरिक्त व्यापार, लगानी र पर्यटनसमेत समेट्ने गरी सहयोगका क्षेत्रहरू विस्तार गर्न चाहन्छौँ ।

अनुरोध गर्दछौँ । हामीले विकास सहायताको सफल इतिहास रच्नु छ । कनिका छरेझैं अमूल्य श्रोतको खण्डीकरण र प्रयोगले आशा अनुरूपको प्रतिफल दिँदैन ।

नेपाली आप्रवासी कामदारहरूको सुरक्षा तथा कल्याणका लागि श्रम गन्तव्य-राष्ट्रहरूसँग नजिकबाट सहकार्य गरिने छ । हामी यी राष्ट्रहरूसँग श्रम-सम्बन्धका अतिरिक्त व्यापार, लगानी र पर्यटनसमेत समेट्ने गरी सहयोगका क्षेत्रहरू विस्तार गर्न चाहन्छौँ ।

संयुक्त राष्ट्रसंघमा समेत हाम्रो बहुपक्षीय सम्बन्धलाई थप प्रभावकारी बनाइनेछ । हामीलाई थाहा छ - एउटा विश्वसमुदायका रूपमा हाम्रा साझा चुनौतीहरू छन् । एउटा समावेशी र नियममा आधारित अन्तर्राष्ट्रिय प्रणालीद्वारा मात्र ती चुनौतीहरूको सम्बोधन गर्न सकिन्छ । शान्ति-सुरक्षा, विकास र मानवअधिकारका तीन वटै खम्बाहरूलाई समान जोड दिन तथा यो विश्वमञ्चलाई अझ सक्षम, प्रभावकारी र हाम्रो समयको आवश्यकताप्रति उत्तरदायी बनाउन चालिने संयुक्त राष्ट्रसंघको सुधारका पहलहरूको हामी समर्थन गर्छौँ । हाम्रो तर्फबाट खासगरी संयुक्त राष्ट्रसंघले सुम्पेको शान्ति स्थापनासम्बन्धी कार्यमा प्रभावकारी सहभागिताका माध्यमबाट अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम गर्न निरन्तर योगदान रहनेछ ।

हामी अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधानको पक्षमा छौँ । हामी कुनै पनि सङ्कटको समाधानमा राष्ट्रिय नेतृत्व र अपनत्व हुनुपर्ने तथा

विश्वशान्ति, सुरक्षा र विकासलाई अगाडि बढाउनका लागि नेपालको रचनात्मक संलग्नता रहिरहने छ । अतिकम विकसित राष्ट्रहरू र भूपरिवेष्ठित राष्ट्रहरूसँगको ऐक्यबद्धता तथा सहकार्य नै हाम्रा छलफलका विशेषता हुनेछन् ।

संयुक्त राष्ट्रसंघजस्ता संस्थाको गैरराजनीतिक भूमिका हुनुपर्ने पक्षमा छौँ । निःशस्त्रीकरण, खासगरी आमविनाशका हतियारको पूर्ण निःशस्त्रीकरणका पक्षमा नेपालको समर्थन निरन्तर रूपमा रहनेछ । आतङ्कवादविरुद्धको विश्व समुदायको प्रयासमा नेपालको समर्थन जारी रहनेछ । नेपाल सबै प्रकारका आतङ्कवादको निन्दा गर्दछ र आतङ्ककारी क्रियाकलापलाई कुनै पनि आधारमा उचित मान्न नसकिने कुरामा विश्वास राख्दछ ।

विश्वशान्ति, सुरक्षा र विकासलाई अगाडि बढाउनका लागि नेपालको रचनात्मक संलग्नता रहिरहने छ । अतिकम विकसित राष्ट्रहरू र भूपरिवेष्ठित राष्ट्रहरूसँगको ऐक्यबद्धता तथा सहकार्य नै हाम्रा छलफलका विशेषता हुनेछन् । विशेष परिस्थितिमा रहेका यी राष्ट्रहरूका खास विकास आवश्यकताहरूको सम्बोधनका लागि सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न हामी आह्वान गर्दछौँ ।

दिगो विकासका लक्ष्यहरूलाई हामीले आत्मसात् गरेका छौँ र हाम्रो राष्ट्रिय नीति तथा कार्यक्रममा तिनलाई समाहित गरेका छौँ । हामी ती लक्ष्यहरू समयसीमा अगावै हासिल गर्ने अपेक्षा गर्दछौँ । जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको इमानदारीपूर्वक प्रभावकारी कार्यान्वयन गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्दछौँ । जलवायु परिवर्तनसम्बन्धी कोष तथा अन्य सहयोगका साधनहरूका सम्बन्धमा निर्णय लिँदा हाम्रोजस्ता राष्ट्रहरूका जोखिम सम्बोधन गर्न विशेष ध्यान दिइनुपर्छ ।

म दोहोर्‌याउन चाहन्छु – मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनलाई आममाफी दिनुहुँदैन । यो प्रक्रिया निष्पक्ष र देशभित्र तथा बाहिरको दबाब एवं प्रभावबाट मुक्त छ भन्ने निश्चित गर्न हामी गम्भीर छौँ ।

नेपाल सन् २०१८-२०२० को अवधिका लागि मानवअधिकार परिषद्को सदस्यमा निर्वाचित भएको छ । हाम्रो उम्मेदवारीलाई समर्थन गर्ने संयुक्त राष्ट्रसंघका सम्पूर्ण सदस्य राष्ट्रहरूप्रति हामी कृतज्ञ छौँ । परिषद्ले आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याओस् भन्ने अपेक्षा बोकेका विश्वभरिका सबैको आवाजलाई परिषद्को सदस्यको हैसियतमा हामी बुलन्द पार्ने छौँ । मानवअधिकारका मुद्दामा नेपाल सदैव राजनीतिक आग्रहभन्दा माथि उठेर वस्तुगत मूल्यांकनको पक्षमा उभिने छ । आर्थिक विकासको प्राप्ति र मानव अधिकारसम्बन्धी दायित्वहरू पूरा गर्नका लागि आवश्यक श्रोतसाधनको उपलब्धताबाट सबैले मानवअधिकारको उपभोग गर्नसक्ने सबल वातावरणको सृजना गर्न सकिन्छ भन्ने हामी ठान्दछौँ ।

सङ्क्रमणकालीन न्यायका विषयहरूको सम्बोधनका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले हाल काम गरिरहेका छन् । म दोहोऱ्याउन चाहन्छु - मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनलाई आममाफी दिनुहुँदैन । यो प्रक्रिया निष्पक्ष र देशभित्र तथा बाहिरको दबाब एवं प्रभावबाट मुक्त छ भन्ने निश्चित गर्न हामी गम्भीर छौँ ।

क्षेत्रीय आर्थिक सहयोगको प्रवर्द्धन हाम्रो परराष्ट्र नीतिको प्राथमिकतामा पर्छ । क्षेत्रीय शान्ति, प्रगति र समृद्धि हासिल गर्नका निम्ति सार्क र बिम्स्टेकका सदस्यराष्ट्रहरूसँग निरन्तर सहकार्य गरिने छ । त्यस्तै, एसियाली सहयोग संवाद (एशियन कोअपरेन डाइलग) र शाङ्घाई

हामीलाई थाहा छ – स्थिरता र प्रगति सरकारको एक्लो प्रयासबाट मात्र सम्भव छैन । यो सरकार, निजी क्षेत्र, नागरिक समाज र सम्बद्धपक्षको सामूहिक जिम्मेवारी हो । यसमा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको थप सहयोग तथा समर्थन उत्तिकै महत्वपूर्ण रहन्छ ।

सहयोग संगठन (शाङ्घाई कोअपरेशन अर्गनाइजेशन) मा सक्रियता बढाइने छ ।

आर्थिक एजेण्डा हाम्रो कूटनीतिको मेरुदण्ड हो । त्यसैले हाम्रा मुख्य आर्थिक हितलाई अन्तर्राष्ट्रिय तहमा बढाउन हामी लागिपर्ने छौँ । यसका लागि अन्य कुराका अतिरिक्त हाम्रो राष्ट्रिय प्राथमिकताका क्षेत्रमा बढीभन्दा बढी वैदेशिक लगानी आकर्षण र निर्यात व्यापार विस्तार तथा पर्यटन प्रवर्द्धनमा हाम्रा क्रियाकलापहरू लक्षित हुनेछन् ।

हामी हाम्रा छिमेकी तथा अन्य सम्पूर्ण मित्रराष्ट्रहरूका उच्च पदाधिकारीहरूलाई नेपालमा स्वागत गर्न चाहन्छौँ । मलाई आशा छ हाम्रा मित्रहरूले यसलाई गम्भीरतापूर्वक लिनुहुनेछ । हामी हाम्रा मित्रहरूलाई उच्च तहमा भ्रमण आदान-प्रदानका माध्यमबाट हाम्रो अनुपम शान्तिप्रक्रिया र राजनीतिक रूपान्तरणको अनुभव र उपलब्धि बताउन चाहन्छौँ ।

हामीलाई थाहा छ - स्थिरता र प्रगति सरकारको एक्लो प्रयासबाट मात्र सम्भव छैन । यो सरकार, निजी क्षेत्र, नागरिक समाज र सम्बद्धपक्षको सामूहिक जिम्मेवारी हो । यसमा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको थप सहयोग तथा समर्थन उत्तिकै महत्वपूर्ण रहन्छ । हाम्रो लक्ष्य प्राप्तिमा यहाँहरूको योगदानको हामी खुला रूपमा स्वागत गर्छौं ।

●

पारस्परिक सहयोगबाट सार्क क्षेत्रमा समृद्धि

दक्षिण एसिया विविधताको क्षेत्र हो । यो विविधता नै हाम्रो शक्ति पनि हो । सार्क घोषणापत्रमा उल्लेख भएजस्तै हाम्रो दृष्टि शान्त, स्थिर तथा समृद्ध दक्षिण एसिया बनाउने हुनुपर्छ । हाम्रा नागरिकहरूको जीवन सुधार एवं मर्यादित जीवनका लागि एक भई उभिनुपर्ने तथा श्रोतसाधनहरूलाई एकीकृत गर्नुपर्ने समय आएको छ । हाम्रो अन्तिम लक्ष्य भनेको नै साझा समृद्धि हासिल गर्नु हो ।

सार्क क्षेत्रको समृद्धिका लागि दक्षिण एसियासँग सम्पूर्ण विशेषता तथा साधनश्रोत रहेका छन् । विगत केही वर्षदेखि यस क्षेत्रले उच्च दरको आर्थिक वृद्धिदर हासिल गरिरहेको छ । यो आर्थिक गतिशीलता कायम राख्न अन्तरक्षेत्रीय लगानी तथा व्यावसायिक क्रियाकलापहरूलाई निरन्तरता दिनु आवश्यक छ ।

सन्दर्भ : छैटौँ सार्क बिजिनेस कन्क्लेभमा उद्घाटन मन्तव्य (चैत २, २०७५)

FICCI

क्षेत्रीय एकीकरणले हामी सबैको लागि जीतको अवस्था सिर्जना गर्दछ भन्ने हामीले बुझ्न सक्नुपर्दछ । हामीले यो पनि यकिन गर्नुपर्छ कि यसमा कोही पनि विजयी र पराजित नहुन् । प्रत्येक राष्ट्रले विकसित हुने तथा समृद्धि प्राप्त गर्ने स्थान पाउनुपर्छ ।

हाम्रो उद्देश्य अन्तरक्षेत्रीय व्यापार तथा लगानीको प्रवर्द्धन गर्नु हो । हाम्रो व्यापार पूर्वाधारको सुधारको अभावमा यो सम्भव छैन । त्यस्तै जटिल लजिस्टिक्स तथा नियमनकारी व्यवधानहरूको उन्मूलनविना पनि यो प्राप्य छैन । यसका लागि व्यापारजन्य सहजीकरण तथा लगानीको वातावरणमा सुधारकै खाँचो पर्दछ ।

हामी भिन्न-भिन्न तहको सामाजिक-आर्थिक विकास भएका मुलुकहरू हौँ । क्षेत्रीय एकीकरणले हामी सबैको लागि जीतको अवस्था सिर्जना गर्दछ भन्ने हामीले बुझ्न सक्नुपर्दछ । हामीले यो पनि यकिन गर्नुपर्छ कि यसमा कोही पनि विजयी र पराजित नहुन् । प्रत्येक राष्ट्रले विकसित हुने तथा समृद्धि प्राप्त गर्ने स्थान पाउनुपर्छ ।

कुनैपनि अर्थपूर्ण क्षेत्रीय एकीकरणका लागि सम्बद्धता (कनेक्टिभिटी) केन्द्रीय भूमिकामा रहन्छ । हाम्रोजस्तो भूपरिवेष्ठित मुलुकका लागि त यो अझ महत्वपूर्ण हुन्छ । सम्बद्धताविना व्यापार, पर्यटन र लगानीको विकास हुन सक्दैन । आजको विश्वव्यापी युगमा आर्थिक वृद्धिलाई डोऱ्याउनका लागि भौतिक सम्बद्धताका साथसाथै बौद्धिक सम्बद्धताको पनि महत्व छ । निजी उद्यमशीलताबाट नै नवपरिवर्तन मौलाउँछ । परिवर्तन र रूपान्तरणको प्रमुख चालक प्रविधि नै हो । दुवै अवस्थामा निजी क्षेत्र नै चालकको स्थानमा रहन्छ ।

अन्य मुलुकहरूले विकासको फड्को मारिरहेको अवस्थामा यस क्षेत्रका कोही पनि पछाडि नछुटून् तथा कोही पनि गरीबी र भोकमरीजस्ता अमानवीय अवस्थामा रहन नपरोस् भन्ने कुरा हामीले सुनिश्चित गर्नुपर्छ ।

हाम्रो क्षेत्र सम्भावना तथा चुनौतीहरूबाट मुक्त छैन । हाम्रो बजार तथा ज्ञानलाई जोड्नका लागि सबै असमानताहरूलाई पाखा लगाउनसक्ने साहस हामीले राख्नुपर्छ । व्यापार तथा पारवाहन सहजीकरणका लागि द्विपक्षीय तथा क्षेत्रीय प्रबन्धहरूलाई एकीकृत गर्न सक्यौँ भने हाम्रा देशहरूको आर्थिक वृद्धि अघि बढाउने गरी दूरगामी प्रभाव पार्न सकिन्छ ।

व्यापारमा आफ्ना छिमेकीहरूले एकअर्कालाई प्राथमिकता दिनु स्वाभाविक नै हुन्छ । तथापि हाम्रो क्षेत्रमा यो प्राकृतिक बन्धनको अभाव देखिन्छ । हामीले आफ्नो अर्थतन्त्रलाई विश्वका वर्तमान प्रवृत्तिहरूसँग एकीकृत गर्ने उपाय एवं माध्यमहरू खोज्नुपर्छ । हामीबीच अर्थपूर्ण सहयोग विस्तार गर्न ऊर्जा, विज्ञान, प्रविधि तथा अन्वेषणलगायतका विभिन्न क्षेत्रहरू छन् । दक्षिण एसियाली विकासको परिदृश्यलाई रूपान्तरण गर्नको लागि यी क्षेत्रहरूमा सहकार्य एउटा महत्वपूर्ण परिवर्तनको कारक बन्नसक्छ । महत्वाकांक्षी सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्तिका लागि पनि यो सहयोगी हुनसक्छ । अन्य मुलुकहरूले विकासको फड्को मारिरहेको अवस्थामा यस क्षेत्रका कोही पनि पछाडि नछुटून् तथा कोही पनि गरीबी र भोकमरीजस्ता अमानवीय अवस्थामा रहन नपरोस् भन्ने कुरा हामीले सुनिश्चित गर्नुपर्छ ।

कुनै देश जतिसुकै शक्तिशाली भए तापनि यी तथा विकसित भइरहेका अन्य चुनौतीहरूलाई स्वयंले मात्र पराजित गर्न सकिँदैन । यसका लागि हाम्रो सामूहिक प्रयासको विकल्प छैन । तयारी, दृढता तथा सहकार्यको कुनै विकल्प छैन ।

हामी मौसम परिवर्तन, प्राकृतिक प्रकोप, आतंकवाद तथा अन्तर्राष्ट्रिय अपराधजस्ता विविध समस्याहरूको सामना गरिरहेका छौँ । हाम्रोजस्ता राष्ट्रहरूले पर्यावरणीय परिवर्तनका असमान प्रभावहरू वहन गरिरहेका छौँ । अन्तर्राष्ट्रिय अपराध, आतंकवाद तथा अतिवादका घटनाहरूले हाम्रो क्षेत्रको सुरक्षा तथा प्रशासनलाई चुनौती दिएका छन् । कुनै देश जतिसुकै शक्तिशाली भए तापनि यी तथा विकसित भइरहेका अन्य चुनौतीहरूलाई स्वयंले मात्र पराजित गर्न सकिँदैन । यसका लागि हाम्रो सामूहिक प्रयासको विकल्प छैन । तयारी, दृढता तथा सहकार्यको कुनै विकल्प छैन ।

युवाहरू हाम्रा भविष्य हुन् । यस क्षेत्रमा ऊर्जाशील युवाको ठूलो जमात भएकाले हामीसँग जनसांख्यिक अनुकूलता रहेको छ । नयाँ कामको थालनी, उद्यमशीलता प्रोत्साहन तथा नवपरिवर्तनका लागि युवाहरूलाई स्थान दिनु अत्यन्तै महत्वपूर्ण हुन्छ । विदेशबाट सिकेको ज्ञान, सीप तथा विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगाउनेतर्फ पनि हामीले प्राथमिकता दिनु जरुरी छ । त्यस्तै, हामी सबै कृषिमा निर्भर रहेको हुँदा कृषिक्षेत्रको व्यावसायीकरण तथा आधुनिकीकरणले पनि प्रशस्त रोजगारीका अवसर सिर्जना तथा आम्दानी वृद्धिद्वारा गरीबी निवारणमा सकारात्मक योगदान पुऱ्याउनसक्छ । यस्तो महत्वपूर्ण क्षेत्रमा हामीले ज्ञान तथा प्रविधिको आदान-प्रदान गर्नुपर्छ ।

क्षेत्रीय असहयोगको मूल्य धेरै बढी हुनेछ । सहकार्य र सहयोगको कुनै विकल्प छैन । क्षेत्रीय एकीकरणको प्रक्रियालाई अगाडि बढाउन क्षेत्रीय समझदारी तथा सहयोगको महत्वपूर्ण भूमिका रहन्छ ।

क्षेत्रीय असहयोगको मूल्य धेरै बढी हुनेछ । सहकार्य र सहयोगको कुनै विकल्प छैन । क्षेत्रीय एकीकरणको प्रक्रियालाई अगाडि बढाउन क्षेत्रीय समझदारी तथा सहयोगको महत्वपूर्ण भूमिका रहन्छ ।

दक्षिण एसिया विविधताको क्षेत्र हो । यो विविधता नै हाम्रो शक्ति पनि हो । सार्क घोषणापत्रमा उल्लेख भएजस्तै हाम्रो दृष्टि शान्त, स्थिर तथा समृद्ध दक्षिण एसिया बनाउने हुनुपर्छ । हाम्रा नागरिकहरूको जीवन सुधार एवं मर्यादित जीवनका लागि एक भई उभिनुपर्ने तथा श्रोतसाधनहरूलाई एकीकृत गर्नुपर्ने समय आएको छ । हाम्रो अन्तिम लक्ष्य भनेको नै साझा समृद्धि हासिल गर्नु हो । मलाई विश्वास छ व्यवसायी समुदायको हैसियतमा तपाईंहरूले महत्वपूर्ण भूमिका खेल्न सक्नुहुन्छ ।

काठमाडौँमा सम्पन्न १९ औँ सार्क शिखर सम्मेलनपश्चात् सार्क बिजनेस कन्क्लेभ अस्तित्वमा आएको हो । त्यसपश्चात् यो सधैँ क्रियाशील रहेकोमा मलाई खुशी लागेको छ । व्यावसायिक विचारहरू आदान-प्रदान, साझेदारी, सम्बन्ध विकास तथा व्यवसायका अवसरहरूको खोजीका लागि यो कन्क्लेभले दक्षिण एसियाका व्यापारिक नेतृत्वलाई विशेष मञ्च उपलब्ध गराएको छ ।

लामो राजनीतिक संक्रमणकालको अब अन्त्य भएको छ । देश राजनीतिक स्थिरताको नयाँ युगमा प्रवेश गरेको छ । अबको हाम्रो राष्ट्रिय प्राथमिकता भनेको नागरिकको समृद्धिका लागि देशको सामाजिक–आर्थिक रूपान्तरणको गतिलाई बढाउनु हो ।

यो बैठकले हाम्रो क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण विषयहरूमा विमर्श गर्न लागेको जानकारी पाउँदा म अत्यन्त हर्षित छु । सार्कका उद्देश्य तथा यस क्षेत्रका नागरिकहरूको आकांक्षालाई अगाडि बढाउने कार्यमा यो कन्क्लेभ सफल हुनेछ भन्ने मेरो आशा छ । म यसमा पनि आशावादी छु कि यो कन्क्लेभले विकासका नायकहरूलाई १८ औँ सार्क शिखर सम्मेलनले कल्पना गरेजस्तो शान्ति र समृद्धिका लागि सामूहिक प्रयासमा लगाउने छ ।

नयाँ संविधान जारी भएपछि र तीन तहको सरकारको निर्वाचन सम्पन्न भएपश्चात् राजनीतिक स्थिरताको दिशामा नेपालले गतिलो फड्को मारेको छ । यससँगै नेपालको संविधान पूर्ण कार्यान्वयनमा आएको छ ।

लामो राजनीतिक संक्रमणकालको अब अन्त्य भएको छ । देश राजनीतिक स्थिरताको नयाँ युगमा प्रवेश गरेको छ । अबको हाम्रो राष्ट्रिय प्राथमिकता भनेको नागरिकको समृद्धिका लागि देशको सामाजिक-आर्थिक रूपान्तरणको गतिलाई बढाउनु हो ।

वर्तमान सरकार व्यापार तथा लगानीको वातावरणलाई सुदृढ पार्ने र निजी क्षेत्रसँग नजिक रहेर काम गर्नेतर्फ पूर्ण रूपमा प्रतिबद्ध छ । छिमेकीलगायत विश्वभरबाट लगानी भित्र्याउन नेपाल तयार रहेको सन्देश

छिमेकीलगायत विश्वभरबाट लगानी भित्र्याउन नेपाल तयार रहेको सन्देश दिन नेपालका सम्पूर्ण राजनीतिक दलहरू एकजुट छन् । नेपालमा कुनै पनि क्षेत्रमा लगानी ज्यादै नै नाफामूलक छ । यसर्थ म व्यापारको क्षेत्रमा संलग्न सबै व्यक्तिहरूलाई नेपालमा लगानी गर्न आमन्त्रण गर्दछु ।

दिन नेपालका सम्पूर्ण राजनीतिक दलहरू एकजुट छन् । नेपालमा कुनै पनि क्षेत्रमा लगानी ज्यादै नै नाफामूलक छ । यसर्थ म व्यापारको क्षेत्रमा संलग्न सबै व्यक्तिहरूलाई नेपालमा लगानी गर्न आमन्त्रण गर्दछु ।

क्षेत्रीय साझेदारी हाम्रो विदेशनीतिको प्राथमिकताको रूपमा रहिरहने छ भन्ने कुरा सार्कको वर्तमान अध्यक्षराष्ट्रको हैसियतले नेपाल दोहोऱ्याउन चाहन्छ । यो क्षेत्रमा शान्ति, प्रगति तथा समृद्धि प्राप्तिका लागि सार्क प्रक्रियालाई अघि बढाउनका निम्ति अन्य सदस्यराष्ट्रहरूसँग अझ नजिकबाट सहकार्य गर्न हामी तत्पर छौँ ।

●


म प्रधानमन्त्री हुँदा
छेपी शर्मा ओलीका अुरुज सङ्घोपजन्य